# मन्तव्य

नेपालको संविधानले प्रत्येक नागरिकलाई शिक्षाको मौलिक हकको प्रत्याभूत गरेको छ । शिक्षा प्राप्त गर्न पाउनु नागरिकको मौलिक अधिकार र गुणस्तरीय शिक्षाको व्यवस्था गर्नु सरकारको दायित्व हो । समाज परिवर्तनको बाहक शक्ति शिक्षालाई समयसापेक्ष, बैज्ञानिक, व्यवसायिक, सीप र रोजगारमूलक बनाउदै समाजवाद उन्मूख राष्ट्र निर्माणको लागि बलियो आधारको रुपमा तयार गर्नुपर्ने बेला भएको छ । मुलुकले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिवद्धता "दिगो विकासको लक्ष्य, नेपालको संविधान, पन्ध्रौ योजनाको आधारपत्र, लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाको आधारपत्र, समग्र शिक्षा क्षेत्रको मार्गदर्शक विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) लाई मार्गदर्शकको रुपमा लिई यो नगर शिक्षा योजना तयार पारिएको छ ।

रोल्पा नगरपालिकालाई उत्कृष्ट "शैक्षिक हव" बनाउने चुनावी घोषणापत्रलाई कार्यरुप दिन, नगरसभाले पारित गरेका शिक्षाको नीतिका आधारमा शिक्षा क्षेत्रका सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा पाँच बार्षिय नगर शिक्षा योजना तर्जुमा गरिएको छ । विद्यालय तहका नियमित शैक्षिक कार्यक्रमका अतिरिक्त निरन्तर शिक्षा, विशेष शिक्षा, प्राविधिक शिक्षालय, कृषि क्याम्पस, शिक्षाका अन्तरसम्वन्धित मुद्दाहरू, विपद् व्यवस्थापन सँगै समग्र शिक्षाको सुशासन र व्यवस्थापनका पाटोलाई समेटेर तयार पारिएको योजनाले रोल्पा नगरपालिकाको शैक्षिक मार्गदर्शन गर्ने कुरामा म विश्वास्त छु ।

अवको शिक्षाले व्यक्तिलाई ज्ञान (Knowledge) मात्र नभएर सीप (Skill) सिकाउन सकेमा सीपयुक्त व्यक्ति श्रमवजारमा सहजै काम पाउने, रोजागारी सृजना हुने, आयआर्जन र आम्दानीको बढोत्तरी भई हामीले कल्पना गरेको समृद्ध र समुन्नत समाजको ढोका खुल्ने भएकोले विश्वव्यापी रुपमा उठाइएको जीवनोपयोगी सीपहरू (Basic Life Skill), एआई (Artificial intelligence), STEAM का अलवा रोल्पा क्षेत्रका परम्परागत, मौलिक ज्ञान, सीप, संस्कृति र सभ्यताका असल पक्षहरूलाई संरक्षण, सर्म्वद्धन गर्दै नयाँ पुस्तामा हस्तान्तरणका माध्यमले शिक्षित,

सुसंस्कृत र समृद्ध रोल्पा नगरपालिका बनाउने पवित्र सोच बोकेको यो योजना निर्माणमा खटिने साथीहरू, अमुल्य सुझाव सल्लाह र मार्गदर्शन उपलब्ध गराउने सम्माननीय व्यक्तित्वहरू प्रति धन्यवाद एवम् कृतज्ञता व्यक्त गर्दै योजनाको ठोस रुपमा कार्यन्वयमा जुट्नको लागि सबैमा अपिल गर्दछु।

**पूर्ण के.सी**
नगर प्रमुख
रोल्पा नगरपालिका
लिवाङ्ग, रोल्पा

# नगर शिक्षा समिति

| | |
|---|---|
| श्री पूर्ण के.सी | - संयोजक |
| श्री मन कुमारी घर्ती मगर | - सदस्य |
| श्री मोहन पौडेल | - सदस्य |
| श्री खिम बहादुर घर्ती | - सदस्य |
| श्री गायत्री वि. क. | - सदस्य |
| श्री मधुसुदन पोखरेल | - सदस्य |
| श्री बीना मल्ल | - सदस्य |
| श्री खलसिंह बुढामगर | - सदस्य |
| श्री दल बहादुर घर्तीमगर | - सदस्य |
| श्री महेन्द्र पराजुली | - सदस्य सचिव |
| कर्ण बहादुर पुन मगर | - आमन्त्रित सदस्य |

# विषयसूचि


| | | |
|---|---|---|
| **परिच्छेद १ : परिचय** | | **७–१०** |
| १.१ | पृष्ठभूमि | ७ |
| १.२ | विगत योजनाको समीक्षा | ८ |
| १.३ | योजना निर्माण पद्धति | ९ |
| १.४ | शिक्षाको वर्तमान अवस्थाको चित्रण | ९ |
| **परिच्छेद २ : गुणस्तरीय शिक्षा र शैक्षिक हव** | | **११–१३** |
| २.१ | परिचय | ११ |
| २.२ | सूचकहरू | १२ |
| २.३ | विद्यालय शिक्षा क्षेत्रका प्रमुख समस्याहरू | १२ |
| २.४ | विद्यमान अवसर र चुनौतिहरू | १३ |
| **परिच्छेद ३ : पञ्चबर्षिय योजना** ( २०७७ –२०८२) | | **१४–१८** |
| ३.१ | योजनाको सोच | १४ |
| ३.२ | लक्ष्य | १४ |
| ३.३ | उद्देश्य | १४ |
| ३.४ | सूचकगत रुपमा वर्तमान अवस्था र पाँच वर्षपछिको अपेक्षा | १५ |
| ३.५ | प्राथमिकता क्षेत्रहरू | १८ |
| **परिच्छेद ४ : क्षेत्रगत रणनीति तथा कार्यनीतिहरू** | | **१९–५७** |
| ४.१ | आधारभूत शिक्षा | १९ |
| ४.२ | माध्यमिक शिक्षा | २२ |
| ४.३ | निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाई | २६ |
| ४.४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | २९ |
| ४.५ | उच्च तहका (कलेज) शैक्षिक संस्थासँगको समन्वय र सहकार्य | ३२ |
| ४.६ | अन्तरसम्वन्धित मुद्दाहरू | ३२ |
| | क) शिक्षक व्यवस्थापन र पेशागत विकास | ३२ |
| | ख) विद्यालय सञ्चालन, व्यवस्थापन र शैक्षिक सुशासन | ३४ |
| | ग) संस्थागत क्षमता विकास | ३८ |

| | | |
|---|---|---|
| घ) | परीक्षा तथा सिकाई उपलब्धि प्रमाणीकरण | ४० |
| ङ) | विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको उपयोग | ४३ |
| च) | विद्यालयमा स्वास्थ्य, पोषण, बालविवाह न्यूनिकरण र अन्तरक्षेत्रगत समन्वय सहकार्य | ४५ |
| छ) | प्रारम्भिक कक्षा पढाई कार्यक्रम (**EGRP**) | ४८ |
| ज) | विपद् जोखिम न्यूनिकरण र विद्यालय सुरक्षा | ५१ |
| झ) | अनुगमन तथा मूल्याङ्कन | ५४ |

| | | |
|---|---|---|
| ६. | **वित्तिय व्यवस्थापन** | **५८–६०** |
| ७. | **वडा शिक्षा योजना खण्ड** | **६१–२६४** |
| क) | वडा शिक्षा योजना वडा नं १ | ६३ |
| ख) | वडा शिक्षा योजना वडा नं २ | ८१ |
| ग) | वडा शिक्षा योजना वडा नं ३ | १०२ |
| घ) | वडा शिक्षा योजना वडा नं ४ | ११२ |
| ङ) | वडा शिक्षा योजना वडा नं ५ | १३५ |
| च) | वडा शिक्षा योजना वडा नं ६ | १५० |
| छ) | वडा शिक्षा योजना वडा नं ७ | १८१ |
| ज) | वडा शिक्षा योजना वडा नं ८ | २०२ |
| झ) | वडा शिक्षा योजना वडा नं ९ | २२४ |
| ञ) | वडा शिक्षा योजना वडा नं १० | २५० |

## परिच्छेद १

# परिचय

### १.१ पृष्ठभूमि :

नेपालको संविधानले तीन तहको शासकिय व्यवस्था, तीनै तहका सरकारहरूका वीचमा समन्वय, सहकार्य र सहअस्तित्वका आधारमा मुलुकमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा राखेको छ। संविधानको अनुसूचि ८ मा आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय सरकारलाई तोकिएको छ। स्थानीय सरकार सञ्चाालन ऐन २०७४ ले स्थानीय तहलाई प्राप्त शिक्षा सम्वन्धी अधिकारलाई नीति निर्माण, मापदण्ड तयार, सञ्चालन, व्यवस्थापन र नियमनका क्षेत्रमा जवाफदेहि बनाउदै शैक्षिक सुशासन कायम गर्ने अभिष्ट राखेको छ। तीनै तहको निर्वाचन पछि मुलुकमा स्थिर सरकार गठन भएको छ। राजनीतिक, प्रशासनिक र वित्तिय संघीयतालाई संस्थागत गर्दै अव हाम्रो ध्यान नागरिकले अनुभूति गर्ने गरी विकास र समृद्धिको यात्रा तर्फ केन्द्रित भएको सर्न्दभमा शिक्षालाई व्यवहारिक, जीवनोपयोगी, बैज्ञानिक बनाई परिवर्तनको वाहक शक्तिको रुपमा रुपान्तरण गर्नुपर्ने हुन्छ।

विकासलाई भौतिक रुपमा मात्र शास्त्रीयरुपमा नबुझि, सामाजिक, मानवीय, आर्थिक लगायतका बहुआयमिक दृष्टिकोणले विश्लेषण गर्न थालिएको छ। नागरिकको मौलिक अधिकारको रुपमा संविधानमै व्यवस्था गरिनुले शिक्षा मागमा होइन अधिकारमा आधारित अवधारणा (Demand Based Vs Right Based Approach) मा अघि वढ्दै छ। विगतका केन्द्रिकृत सोचले तयार र कार्यान्वयन भएका शैक्षिक योजनाहरूले न त स्थानीय तहका माग र आवश्यकतालाई सम्वोधन गर्न सके न त स्थानीयको सहभागिता, अपनत्व र दिगोपना कायम रह्यो। त्यसैले विश्वव्यापी रुपमा शिक्षाको क्षेत्रमा भित्रिएको नवीनतम् सोच (Recent Trends of Education), दिगो विकासका लक्ष्य (Sustainable Development Goals), विश्व शिक्षा मञ्चको इन्चोन घोषणापत्र, (Decleration of universal

Education by 2030) पन्ध्रौ योजनाको आधारपत्र, प्रदेशको आवधिक योजना, विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) जस्ता शिक्षा क्षेत्रका रुपान्तरकारी योजना कार्यक्रमहरूलाई शैद्धान्तिक मार्गदर्शनको रुपमा नगर शिक्षा योजनाले ग्रहण गरेको छ।

"शिक्षा समग्र विकासको र दिगो विकासका लक्ष्यले अपेक्षा गरेका नतिजा हासिल गर्ने मुख्य उत्प्रेरक हो।" - UNESCO, 2015

Think Globally act Locally को सिद्धान्तलाई योजनाले आन्तरिकरण गरेको छ। रोल्पा नगरपालिकालाई उत्कृष्ट शैक्षिक गन्तव्य (Educationl Hub) बनाउनको नगर शिक्षा योजना मार्गदर्शकको रुपमा रहनेछ।

## १.२ **विगत योजनाको समीक्षा :**

विगतमा जिल्लामा ५ वर्षे जिल्ला शिक्षा योजना (DEP) र नगरमा नगर शिक्षा योजना (MEP) बन्ने प्रचलन रहेको पाइन्छ । विद्यालयहरूले आफ्नो विद्यालयको सुधार र रुपान्तरणको लागि ५ वर्षे विद्यालय सुधार योजना (School Improvement Plan) बनाउने सोहि आधारमा नगर क्षेत्रमा नगर शिक्षा योजना तयार पार्ने अभ्यास रहिआएको थियो। फल स्वरुप प्राथमिक तहको खुद भर्नादर ९७.६ प्रतिशत पुगेको, साक्षरता (९६+%) पुगी साक्षर घोषणा भईसकेको, दरवन्दीमा कार्यरत शिक्षकहरू प्रतिशत तालिम प्राप्त रहेको अवस्था छ। विद्यालय शिक्षामा समतामूलक पहुँच, टिकाउ दरमा बृद्दि, भौतिक पूर्वाधारको दृष्टिले सुधारोन्मूख, विद्यालयमा सूचना प्रवृधिको विस्तार, समावेशी र समतामुलक शिक्षा, बालमैत्री विद्यालय र विद्यालय शान्ति क्षेत्र जस्ता पक्षमा उल्लेख्य प्रगति भएको पाइन्छ। यद्बपि विद्यालयमा हुने शिक्षण सिकाइको प्रभाव विद्यार्थीहरूको सिकाई (Learning Achivement) कमजोर देखिन्छ। मुख्य विषयहरू अंग्रेजी, गणित र विज्ञान विषयमा विद्यार्थीहरूको सिकाईको स्तर ज्यादै न्यून रहेको छ। निःशुल्क र अधिकारमा आधारित शिक्षा भनेपनि विद्यालय शिक्षा पूर्णरुपमा निःशुल्क अझै बनाउन सकिएको छैन। विद्यालयमा न्यूतम विषयगत शिक्षक दरवन्दीको व्यवस्था, शिक्षण सिकाई र नतिजा प्रति जवाफदेहि संयन्त्रको विकास, भौतिक र शैक्षिक पूर्वाधार (प्रयोगशाला, कम्प्युटर, सूचना प्रविधिको उपयोग), प्रभावकारी अनुगमन मूल्याङ्कन र नतिजामा आधारित प्रोत्साहन प्रणालीलाई अवलम्वन गर्दै तीनै तहका

सरकारहरूको वीचमा सहकार्य शिक्षक, अभिभावक, विद्यार्थी र विद्यालयका वीचमा समन्वय र सुधारका लागि बलियो प्रतिवद्धता आवश्यक देखिन्छ ।

## १.३ **योजना निर्माण पद्वति :**

रोल्पा नगरपालिकाको ५ वर्षे आवधिक नगर शिक्षा योजना निर्माणको लागि Buttom up planning process अपनाइएको छ । योजनाको सुरुवाती प्रत्येक विद्यालयका अभिभावक, शिक्षाप्रेमी, समाजसेवी, बुद्धिजिवी लगायतका शिक्षासँग सरोकार राख्ने वर्गको प्रत्यक्ष सहभागितामा २ दिन विद्यालयमा आधारित कार्यशाला आयोजना गरी विद्यालय सुधार योजना निर्माण गरिएको छ । ५ वर्षे विद्यालय सुधार योजनाको आधारमा सम्वन्धित वडाले तयार गरेको वडा शिक्षा योजनाको आधारमा नगर शिक्षा योजना तर्जुमा गरिएको छ ।

पहिलो चरण : विद्यालय सुधार योजना निर्माण
दोस्रो चरण : वडा शिक्षा योजना निर्माण
तेस्रो चरण : नगर शिक्षा योजना निर्माण

## १.४ **शिक्षाको वर्तमान अवस्थाको चित्रण :**

<table>
<tr><th>सि.न</th><th>क्षेत्र</th><th colspan="5">वर्तमान अवस्था</th><th>कैफियत</th></tr>
<tr><td rowspan="2">१</td><td rowspan="2">विद्यालय संख्या</td><td colspan="2">सामुदायिक</td><td colspan="2">संस्थागत</td><td>जम्मा</td><td rowspan="2"></td></tr>
<tr><td colspan="2">६६</td><td colspan="2">७</td><td>७३</td></tr>
<tr><td rowspan="2">२</td><td rowspan="2">बालविकास संख्या</td><td colspan="2">विद्यालयमा</td><td colspan="2">समुदायमा</td><td>जम्मा</td><td rowspan="2"></td></tr>
<tr><td colspan="2">५९</td><td colspan="2">६</td><td>६५</td></tr>
<tr><td rowspan="2">३</td><td rowspan="2">शिक्षक दरवन्दी</td><td>प्रावि</td><td>निमावि</td><td>मावि</td><td>उमावि</td><td>जम्मा</td><td rowspan="2"></td></tr>
<tr><td>१६२</td><td>३४</td><td>१५</td><td>६</td><td>२१७</td></tr>
<tr><td>४</td><td>प्राविधिक शिक्षालय</td><td colspan="5">रोल्पा प्राविधिक शिक्षालय, मेवाङ्ग (वालीविज्ञान, पशुविज्ञान र सुचना प्रविधीमा डिप्लोमासम्म)</td><td></td></tr>
<tr><td>५</td><td>नमूना विद्यालय</td><td colspan="5">संघीय नमूना विद्यालय १<br>प्रदेश नमूना विद्यालय १</td><td></td></tr>
<tr><td>६</td><td>प्राविधिक धारको विद्यालय</td><td colspan="5">बालकल्याण नमूना मावि (एनेक्स कार्यक्रम)<br>डिप्लोमा तहसम्म सिभिल इन्जिनियरिङ्ग</td><td></td></tr>
</table>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | क्याम्पस | साधारण तर्फ | | प्राविधिक तर्फ | | जम्मा | |
| | | जलजला बहुमुखी क्याम्पस (शिक्षा, मानविकी र व्यवस्थापन) स्नातक तहसम्म | | प्राकृतिक स्रोत व्यवस्थापन कलेज माडिचौर (विएस्सीएजी) | | २ | |
| ८ | विद्यार्थी संख्या | दलित | जनजाति | अपाङ्ग | अन्य | जम्मा | स्रोत : IEMIS २०७७ (बालविकास देखि कक्षा १२ सम्म) |
| | | २२९७ | ५४५८ | ११८ | ३७५९ | ११६३२ | |
| ९ | सामुदायिक सिकाई केन्द्र | ६ | | | | | |
| १० | विद्यालय कर्मचारी | ९ | | | | | |
| ११ | विद्यालय सहयोगी | ६६ | | | | | |

परिच्छेद २

# गुणस्तरीय शिक्षा र शैक्षिक हव

२.१ **परिचय :**

**क) गुणस्तरीय शिक्षा :**

गुणस्तरीय शिक्षाका विषयमा बहस हुन थालेको लामो समय भएको छ। गुणस्तरीय शिक्षा के हो ? कस्तो शिक्षालाई गुणस्तरीय शिक्षा मान्ने भन्ने सन्दर्भमा शिक्षाविद्हरूका वीचमा नै फरक फरक मतहरू भेटिन्छन । युनेस्कोले गुणस्तरीय शिक्षालाई जान्नका लागि शिक्षा (Learning to Know), हुनका लागि शिक्षा (Learning to Be), गर्नका लागि शिक्षा (Learning to Do ), सँगै बाच्नका लागि शिक्षा (Learning to live Together) लाई गुणस्तरीय शिक्षाका चार स्तम्भ (Plllors) को रुपमा अर्थाएको पाइन्छ।

शैक्षिक गुणस्तर सापेक्षतामा व्याख्या र विश्लेषण हुने विश्वव्यापी प्रचलनमा हाम्रो सन्दर्भमा गुणस्तरीय शिक्षा अन्तर्गत देहायका पक्षहरूलाई समेटिएको छ।



**ख) शैक्षिक हव :**

नगरक्षेत्रका शैक्षिक संस्थाहरूलाई गुणस्तरीय शिक्षा प्रदायक Center of excellent का रुपमा विकास गरी नगर क्षेत्र तथा बाहिरका विद्यार्थी र आम अभिभावकहरूको पहिलो रोजाईको केन्द्र बनाउनेसँग शैक्षिक हवलाई परिभाषित गरिएको छ । मुलुकको समृद्धि र समुन्नतीका लागि आवश्यक पर्ने सबै प्रकारको दक्ष जनशक्ति उत्पादन गर्ने सस्थाहरूको सञ्चालन र व्यवस्थापनमा शैक्षिक सुशासन कायम भएको हुनेछ । साधरण शिक्षा, प्राविधिक शिक्षा र सीपमुलक तालिमलाई एकीकृत र समन्वयत्मक ढंगले अघि वढाउदै रोल्पा नगरपालिका शिक्षाको लागि सबैको आर्कषणको केन्द्र बनाउने तर्फ शैक्षिक हव केन्द्रित रहनेछ ।

२.२ **सूचकहरू :**

| शैक्षिक गुणस्तर (Quality Educatio) | शैक्षिक हव (Educational Hub) |
|---|---|
| क) विद्यार्थीहरूको सिकाई उपलव्धि<br>ख) बालमैत्री र प्रविधिजन्य शिक्षण सिकाई<br>ग) विद्यालयहरूको स्रोत साधनको सम्पन्नता<br>घ) शिक्षकको योग्यता र कार्यदक्षता<br>ङ) उत्पादित जनशक्तिको श्रम बजार प्रवेश<br>च) अभिभावक र विद्यार्थीहरूको सन्तुष्टि र खुसी | क) बालबालिकाहरूको विद्यालयमा भर्ना र टिकाउदर<br>ख) गुणस्तरीय शिक्षा प्रदायक शैक्षिक संस्थाहरू<br>ग) गुणस्तरीय शिक्षा<br>घ) अभिभावक र विद्यार्थीहरूको शैक्षिक आर्कषण |

२.३ **विद्यालय शिक्षा क्षेत्रका प्रमुख समस्याहरू :**

गुणस्तरीय शिक्षा प्रदायकको आधारशिलाको रुपमा मानिने सामुदायिक विद्यालयहरू न्यूनतम विषयगत शिक्षक दरवन्दीको अभाव (प्रावि २०७, निमावि ९२, मावि ४९ उमावि तहमा ३ दरवन्दी आवश्यक रहेको स्रोत शिक्षा तथा मानव स्रोत विकास केन्द्र, दरवन्दी मिलान कार्यदलको प्रतिबेदन २०७६) कमजोर भौतिक

संरचना, सूचना सञ्चार प्रविधिलाई विद्यालय शिक्षामा भित्राउन नसक्नु, न्यून विद्यार्थी सिकाई उपलब्धि, संस्थागत विद्यालयहरूको कमजोर नियमन र सेवामूलक बनाउन नसक्नु, स्रोतविनाको बढ्दो वित्तिय व्यायभार, बालमैत्री र सिकाईमैत्री वातवरणको कमी, विद्यालय तहमै कम उमेरमा हुने बालविवाह (२० वर्ष अगावै विवाह गर्ने किशोरी ३०.१४%, स्रोत बाल विवाह न्यूनीकरण सम्वन्धी पञ्चवर्षीय रणनीतिक योजना २०७५/२०७६ (२०७९/०८०), परम्परागत शिक्षण विधि र मूल्याङ्कन पद्धति, फितलो अनुगमन मूल्याङ्कन प्रणालीका कारण अभिभावक, स्वयम् शिक्षक र विद्यार्थीहरूको विश्वास आर्जन गर्न नसक्नु विद्यालय शिक्षाका प्रमुख समस्याहरू रहेका छन ।

## २.४ **विद्यमान चुनौति र अवसरहरू :**

विद्यार्थी संख्या घट्दै गएका विद्यालयहरूलाई शैक्षिक नक्सांकन गरी पुर्नवितरण गर्नु, विषयगत रुपमा आवश्यकता आंकलन बमोजिम विषयगत शिक्षकहरूको प्रबन्ध मिलाउनु, विद्यालयको न्यूनतम भौतिक पूर्वाधार (Minimum Enabling Condition) सुनिश्चित गर्नु, २१ औं सताब्दिका विद्यार्थीहरूलाई विश्वप्रतिस्पर्धी बनाउन कक्षाकोठामा सूचना सञ्चार प्राविधि (Digital learning) भित्र्याउनु, बालबालिकाहरूको अंग्रेजी, गणित र विज्ञान जस्ता मुख्य विषयहरूको उपलब्धि बढोत्तरी गर्नु, शैक्षिक संस्थाहरूको दिगो वित्तिय स्रोतको व्यवस्थापन गरी शैक्षिक सुशासन कायम गर्ने यस क्षेत्रका प्रमुख चुनौतिहरू रहेका छन ।

देश संघीय संरचनामा प्रवेशसँगै माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको कार्यक्षेत्रमा रहनु, स्थानीय सरकारको प्राथमिकता प्राप्त क्षेत्रमा शिक्षा अग्रस्थानमा रहनु, प्रदेश तथा संघीय सरकारको समन्वय र सहयोगको क्षेत्र कायमै रहनु, विद्यालय भर्नादर, साक्षरता, लैङ्गिक समता सूचक, शिक्षामा समावेशीकरण जस्ता पक्षहरूमा उत्साहजनक सुधार हुनका साथै सामुदायिक विद्यालय सुधार प्रतिको चासो र जनअपेक्षा बढ्दै जानु यस क्षेत्रको सुधारको दिशातर्फ देखिने अवसरहरू हुन ।

परिच्छेद ३

# प्रथम पञ्च वर्षीय योजना (२०७७/२०८१)

३.१ **योजनाको सोच :**

"रोल्पा नगरपालिकालाई गुणस्तरीय शिक्षाको हवको रुपमा विकास गर्ने ।"

३.२ **लक्ष्य :**

"गुणस्तरीय शिक्षाका माध्यमले दक्ष, प्रतिस्पर्धी, श्रम र उत्पादनप्रति सकरात्मक उन्नत सोच बोकेका नैतिकवान, नवपर्वतनशील (Innovative) आफु रोल्पा नगरवासी भएकोमा गर्व गर्ने सक्षम जनशक्तिको विकास गर्ने ।"

३.३ **उद्देश्य :**

क) विद्यालय शिक्षामा सबै बालबालिकाहरूलाई समावेशी, समतामूलक गुणस्तरीय शिक्षाको प्रत्याभूत गर्ने,

ख) प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासमा सबैको समतामूलक पहुँच उपलव्ध गराउने,

ग) फरक किसिमले सक्षम, युवा र प्रौढहरूका लागि समय सापेक्ष सान्दर्भिक र जीवनपर्यान्त निरन्तर शिक्षाको अवसरहरूको सुनिश्चितता गर्ने,

घ) शिक्षा प्रणालीलाई मौलिकपनको सरंक्षण गर्दै प्रतिस्पर्धी, सृजनशील, मानव मुल्यमा आधारित बनाउदै लैजाने,

ङ) शिक्षा क्षेत्रको सञ्चालन र व्यवस्थापनका समग्र पक्षहरूमा सुशासन कायम गर्ने ।

### ३.४ सूचकगत रुपमा वर्तमान अवस्था र पाँच वर्षपछिको अपेक्षा :

| सि. नं. | सूचक | वर्तमान अवस्था | | | नगरको लक्ष्य | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | प्रदेश | नगर | तेस्रो वर्षमा | अन्तिम वर्षमा | |
| १ | खुद भर्नादर (GER) आधारभूत तह कक्षा (१–५) | ९७.१ | ९६.५ | ९७.६ | ९८.० | १०० | |
| २ | बालविकास कक्षाको अनुभवसहित कक्षा १ मा भर्ना हुने विद्यार्थीहरूको प्रतिशत | ७०.२ | ७५.२४ | ८२.१ | ८५.० | ९०.० | |
| २ | खुद भर्नादर (GER) आधारभूत तह कक्षा (६–८) | ८९.७ | ९०.५ | ८६.५ | ८८.० | ९०.० | |
| ३ | खुद भर्नादर (GER) माध्यमिक तह कक्षा (९–१२) | ४७.६ | ४४.८ | ३७.४ | ४०.० | ४५.० | |
| ४ | कक्षागत सिकाई उपलव्धि विवरण | कक्षा ३ | ५८.७ | | ६३.० | ६५.० | |
| | | कक्षा ५ | ५४.१ | | ६०.० | ६५.० | |
| | | कक्षा ८ | ३८.३ | | ४४.० | ५०.० | |
| ५ | मुख्य विषयहरूको सिकाई उपलव्धिको अवस्था | | | | | | |
| क) | कक्षा ३ | | | | | | |
| | अंग्रेजी | ५२.१ | | | ५५.५ | ६०.०० | |
| | गणित | ४४.८ | | | ५२.० | ६०.० | |
| | विज्ञान | ४७.९ | | | ५४.० | ६०.० | |
| ख) | कक्षा ५ | | | | | | |

| सि. नं. | सूचक | वर्तमान अवस्था | | | नगरको लक्ष्य | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | प्रदेश | नगर | तेस्रो वर्षमा | अन्तिम वर्षमा | |
| | अंग्रेजी | ४९.७ | | | ५४.० | ६०.० | |
| | गणित | ४५.६ | | | ५०.० | ५५.० | |
| | विज्ञान | ४२.१ | | | ५०.० | ५६.० | |
| ग) | कक्षा ८ | | | | | | |
| | अंग्रेजी | ४८.२ | | | ५२.० | ६०.० | |
| | गणित | ४१.१ | | | ४५.० | ५०.० | |
| | विज्ञान | ४४.२ | | | ५०.० | ५५.० | |
| घ) | एस.इ.इ. परीक्षामा उच्च जीपीए (३.२-४.२ ) हासिल गर्ने विद्यार्थी प्रतिशत | ३.८ | - | | ० | १.० | |
| ६ | कक्षा दोहोराउने दर (१–५) | ७.६ | ८.७ | ११.१ | ६.५ | ५.० | |
| ७ | कक्षा छाड्ने दर (१–५) | ४.३ | ४.२ | ५.४ | ४.५ | ३.० | |
| ८ | विद्यालय बाहिर रहेका उमेर समूहका बालवालिका | २.९ | ६.७ | २.७ | २.० | ० | |
| ९ | अध्ययनका लागि अन्यत्र जाने विद्यार्थी (मा.वि. कक्षा ११ र १२ सहित) | ६.४३ | | | | ५.० | |
| १० | अन्य पालिकाबाट अध्ययनको लागि नगरपालिकामा आउने | १३.८२ | | | | १५.० | |

| सि. नं. | सूचक | वर्तमान अवस्था | | | नगरको लक्ष्य | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | प्रदेश | नगर | तेस्रो वर्षमा | अन्तिम वर्षमा | |
| ११ | शिक्षक विद्यार्थी अनुपात STR आधारभूत तह | २४ | २८ | ४१.२८ | ४१.० | ४०.० | |
| १२ | लैगिंक अनुपात आधारभूत | | १.०४ | ०.९८ | ०.९९ | १.० | |
| १३ | कम्प्युटर र स्माट बोर्डको माध्यमले सिकाई सुविधा प्राप्त विद्यार्थी प्रतिशत | १२.४१ | - | २१.२३ | ३०.० | ४०.० | |
| १४ | इन्टरनेट सुविधा पुगेका विद्यालय | २८.२७ | १७.३ | १५.०६ | २२.० | २५.० | |
| १५ | साक्षरता (१५–२४) वर्ष | ८८.६ | ७६.४ | ९६+ | ९६+ | ९६+ | |
| १६ | शिक्षा क्षेत्रको बजेट | ११.७ | | २४.२ | २५.७ | २८ | |

स्रोत : आर्थिक सर्वेक्षण २०७६ अर्थ मन्त्रालय, प्रदेश ५ को वस्तुस्थिति विवरण र शिक्षाको स्थिति प्रतिबेदन रोल्पा नगरपालिका २०७६

आगामी कार्यक्रमहरूलाई योजना अनुरुप तालमेल गरिनेछ । तेस्रो वर्षमा मध्यकालिन समीक्षा गरी उद्देश्य पूरागर्न आवश्यक समीक्षा र आवश्यकता अनुसार रणनीतिहरू अघि सारिनेछ।

### ३.५ प्राथमिकता क्षेत्रहरू :

क) प्रारम्भिक बालविकास तथा आधारभूत शिक्षा

ख) गुणस्तरीय माध्यमिक शिक्षा (साधारण र प्राविधिक)

ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

घ) निरन्तर शिक्षा र जीवनप्रर्यन्त सिकाई

ङ) अन्तर सम्वन्धित मुद्दाहरू

- अ) शिक्षक व्यवस्थापन र पेशागत विकास
- आ) विद्यालय सञ्चालन, व्यवस्थापन र शैक्षिक सुशासन
- इ) संस्थागत क्षमता विकास
- ई) परीक्षा तथा सीकाई उपलव्धि प्रमाणीकरण
- उ) विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको उपयोग
- ऊ) विद्यालयमा स्वास्थ्य, पोषण, बालविवाह न्यूनिकरण र अन्तरक्षेत्रगत समन्वय सहकार्य
- ज) प्रारम्भिक कक्षा पढाई कार्यक्रम (**EGRP**)
- ए) विपद् जोखिम न्यूनिकरण र विद्यालय सुरक्षा
- ऐ) अनुगमन तथा मूल्याङ्कन

# परिच्छेद ४

# क्षेत्रगत रणनीति तथा कार्यनीतिहरु

## ४.१ आधारभूत शिक्षा :

**क)** **परिचय :**

विद्यालय शिक्षाको सुरुवाती र माध्यमिक शिक्षाको जगको रुपमा आधार भूत तहको शिक्षालाई लिने गरिन्छ। उमेर समूहका हिसावले ४ देखि १२ वर्षका बालबालिकाहरूलाई समेटछ। शिक्षा ऐन २०२८ को आठौं संशोधन पछि प्रारम्भिक बालविकासलाई समेत विद्यालय तहको औपचारिक संरचनामा समावेश गरेको छ। आधारभूत तह विद्यालय शिक्षाको जग भएकोले यसको गुणस्तर अभिवृद्धिका लागि शिक्षक, शिक्षण सिकाईका लागि स्रोत सामग्री, र अनुकुल सिकाई वातावरणमा जोड दिनुपर्ने हुन्छ।

**ख)** **वर्तमान अवस्था :**

नगरपालिकामा यो उमेर समूहका बालबालिकाहरू ३१८४ रहेका छन। हाल ६५ बालविकास केन्द्र (५९ विद्यालयमा आधारित ६ समुदायमा आधारित) सञ्चालनमा छन। आधारभूत तहमा कुल विद्यार्थी संख्या ८६५७ र विद्यालय विद्यार्थी अनुपात १२१ रहेको पाइन्छ। बालविकास केन्द्र नभएका ७ वटा विद्यालयहरूमा शैक्षिक सत्र २०७६ देखि नगरपालिकाको अनुदानमा स्वयम् सेवक शिक्षकहरूको व्यवस्थापन गरिएको छ।

**ग)** **प्रमुख समस्याहरू :**

- विद्यार्थीहरूको सिकाई उपलब्धि न्यून र कक्षागत रुपमा घट्दो क्रममा देखिन्छ,

- बालविकास शिक्षकहरूको कमजोर सेवा सर्तका कारण टिकाइरहन ग्राह्रो अवस्था,
- शिक्षकहरूको संख्या न्यूनतम विषयगत रुपमा अपर्याप्त छ,
- विद्यार्थी संख्या घटदै गएका विद्यालयहरूको व्यवस्थापन,
- सूचना, सञ्चार प्रविधिलाई कक्षाकोठामा प्रवेश गराउन सकिएको छैन,
- आधारभूत तहको चक्र पूरा नगरी छाड्ने बालबालिकाहरूको संख्या उच्च छ,
- आधारभूत शिक्षा निःशुल्क र अनिवार्य घोषणा भएपनि पूर्ण रुपमा निःशुल्क गर्न स्रोतको कमी,

## घ. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| क) सिकाई उपलब्धि बृद्धि | क) विषयगत रुपमा मौजुदा अवस्थाका आधारमा प्रत्येक वर्षकम्तिमा ५ प्रतिशत बृद्धि हुने गरी REP र TEP तयार गरिने,<br>ख) शिक्षकहरूको कक्षा प्रवेश पूर्वको योजना तयारी र सामग्री प्रयोग अनिवार्य गर्दै Teacher time and Task अभिवृद्धि गर्ने<br>ग) स्थानीय पाठ्यक्रमको माध्यमले परम्परागत ज्ञान, सीप र संस्कृतिको संरक्षण, सर्वद्धन गर्दै, प्रारम्भिक शिक्षा मातृभाषामा, आधारभूत शिक्षामा राष्ट्रभाषा र माध्यमिक शिक्षामा (STEAM) मा जोड दिइनेछ,<br>घ) स्तरीकृत परीक्षा प्रणालीको सुरुवाती गरिनेछ । NASA Assessment Tools को उपयोग गर्दै, परीक्षालाई सिकाइका लागि मूल्याङ्कनको रुपमा उपयोग परीक्षाफलको विश्लेषण र Core competency को विकासमा केन्द्रित गरिनेछ,<br>ङ) नतिजाप्रति शिक्षकलाई जिम्मेवार बनाई कार्यसम्पादन र प्राप्त नतिजाका आधारमा प्रोत्साहन अनुदानको व्यवस्था ,<br>च) एकीकृत पाठ्यक्रमको कार्यान्वयन र प्रारम्भिक कक्षा पढाई कार्यक्रमलाई आन्तरिकण गरी बालबालिकाहरूमा भाषिक सीपको विकास गर्ने । |

| | |
|---|---|
| ख) विद्यालय सञ्चालन र व्यवस्थापनमा सुधार | क) विद्यालयहरूको हालको अवस्था सर्वेक्षण गरी न्यूनतम पूर्वाधार (MEC) नपुगेका विद्यालयहरूलाई प्राथमिकता दिदै सवै विद्यालयहरूको भौतिक पूर्वाधार स्तरउन्नती, समावेशी र बालमैत्री वनाउने,<br>ख) सबै विद्यालयहरूमा पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर ल्यावको प्रवन्ध गरी उपलव्ध स्रोत साधनलाई विद्यार्थीमैत्री बनाउदै लैजाने,<br>ग) प्रधानाध्यापकसँग नतिजामा आधारित कार्यसम्पादन (Performance Based Contract) करार गर्ने, निर्धारित लक्ष्य हासिल गर्न व्यवस्थापनमा स्वयत्तता दिदै अनुगमनलाई नतिजामूलक बनाउदै लैजाने,<br>घ) प्रत्येक वडामा एक एक वटा विद्यालयहरूलाई नमूना विद्यालय (Model school)को रुपमा विकास गरिनेछ।<br>ड) विद्यार्थी संख्या घटदै गएका विद्यालयहरूको पुर्नमिलान गर्दै विद्यार्थी संख्याका आधारमा शिक्षक दरवन्दी पुर्नवितरण गर्ने, हालको अपुग शिक्षक दरवन्दीलाई स्वयम् सेवक शिक्षक परिचालन मार्फत सम्वोधन गर्ने,<br>च) विपद्का वेला समेत उपयोगी हुने गरी नियमित विद्यालय सञ्चालनका अतिरिक्त बैकल्पिक सिकाईका उपयहरू (रेडियो, इन्टरनेट...) को समेत प्रयोग गर्न सक्ने गरी स्रोतसाधन र क्षमता विकास गर्ने। |
| ग) अनिवार्य र निःशुल्क आधा भूत शिक्षाको प्रत्याभूति | क) अनिवार्य र निःशुल्क शिक्षाको कानुन तर्जुमा गर्ने,<br>ख) गरिव, विपन्न, विशेष आवश्यकता भएका बालबालिकाहरूको आधारभूत शिक्षाको सुनिश्चितताका लागि नगर प्रमुख विद्यार्थी कल्याणकारी कोषको व्यवस्था गर्ने,<br>ग) संस्थागत विद्यालयहरूको वर्गिकरण, शुल्क निर्धारण, छात्रवृत्ति वितरणका आधारहरूलाई पारदर्शी बनाउदै प्रभावकारी नियमनका माध्यमले सेवामूलक बनाउदै लैजाने,<br>घ) विभिन्न सघं संस्था, अभिभावक, चन्दादाताहरूको सहयोगमा विद्यालयस्तरमा विद्यालय विकास कोषको स्थापना र व्यवस्थापन गर्ने। |

**ङ. अपेक्षित उपलब्धि :**

यस योजना कार्यान्वयनको अन्त्यमा ७२ जना स्वयम् सेवक शिक्षकहरूको परिचालन मार्फत न्यून शिक्षक आपुर्ती व्यवस्था मिलाइएको हुनेछ। विद्यार्थीहरूको सिकाई उपलब्धि ६० प्रतिसत भन्दा माथि पुगेको हुनेछ । सवै आधारभूत विद्यालयहरू सूचना प्रविधिको माध्यमले शिक्षण सिकाई गर्न सक्षम हुनेछन। योजना अवधिभरमा विद्यार्थी संख्या कमि भएका ९ विद्यालयहरूको कक्षा घटाउने तथा मर्ज भएका हुनेछन्। आवश्यकताको आधारमा संस्थागत विद्यालयहरूसमेत सामुदायिक विद्यालयमा गाभिनेछन् । अभिभावक सहयोग शुल्क बाहेका विद्यार्थीहरूबाट कुनै प्रकारको शुल्क लिइने छैन। विद्यालय विकास कोषको माध्यमले निःशुल्क अनिवार्य शिक्षाको प्रत्याभूत गराइने छ।

## ४.२ माध्यमिक शिक्षा :

**क) परिचय :**

श्रमप्रति सकारात्मक भावना भएका सीपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधरण, व्यावसायिकर संस्कृत गरी तीन धारमा बाढिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन सँगै कक्षा (९-१२) प्राविधिक तथा व्यावसायिकधारको सुरुवाती गरिएको छ । पछिल्ला वर्षहरूमा माध्यमिक तहमा भर्ना दर, लैङ्गिक समतादर, पढाई चक्र पूरा गर्ने दरमा सकारात्मक संकेतहरू देखापरेका छन । सन् १९९५ मा १७.३ प्रतिशत खुद भर्नादर राष्ट्रिय रुपमा हाल ४७.६ प्रतिशत माथि पुगेको छ। माध्यमिक तह कक्षा १० को अन्त्यमा लिईने एसइइ परीक्षा कक्षा ११ र १२ को अन्तिममा राष्ट्रिय परीक्षा बोर्डबाट लिइने बाह्य परीक्षाका कारण शिक्षक तथा विद्यार्थीहरूको मुख्य जोड ज्ञान तथा तथ्यहरूको स्मरण र सोको पुनरावृत्तिमा केन्द्रित रहेको पाइन्छ। मुख्य विषयहरूमा ५० प्रतिशतभन्दा कम सिकाई उपलब्धि रहेको यस तहमा पाठ्यपुस्तक केन्द्रित ज्ञान भन्दा पनि समालोचनात्मक सीप, तर्क क्षमता, विश्लेषण, सिर्जनात्मक सीप, खोज र Innovation मा जोड दिनु जरुरी देखिन्छ।

**ख) वर्तमान अवस्था :**

नगरपालिकामा यो उमेर समूहका बालबालिकाहरू ६२१४ जना रहेका छन।

हाल माध्यमिक तह कक्षा (९-१०) ३ संस्थागत सहित १२ र ३ वटा विद्यालयहरूमा कक्षा (११-१२) सञ्चालनमा रहेका छन । साविकको उमावि तर्फ मानविकी, व्यवस्थापन, शिक्षाशास्त्र र विज्ञान संकाय चलेका छन। कुल विद्यार्थी संख्या १९८२ र विद्यालय विद्यार्थी अनुपात १६६ रहेको पाइन्छ। नमूना माविमा बाहेक अन्यत्र योग्यता पुगेको प्रधानाध्यापकको अभावमा निमित्तको भरमा विद्यालय सञ्चालान भएका छन। सुन्य दरवन्दी भएका ५ वटा विद्यालयहरूमा शैक्षिक सत्र २०७६ देखि नगरपालिकाको अनुदानमा स्वयम् सेवक शिक्षकहरूको व्यवस्थापन गरिएको छ। कक्षा १० को अन्त्यमा लिइने एसइई परीक्षाको नतिजा कमजोर रहेको छ। अधिकांस विद्यार्थीहरू तल्लो जिपिए (१.६-२.५) रहने गरेका छन। योजना निर्माणको आधार वर्षमा उच्च जिपिए श्रेणी हासिल गर्ने विद्यार्थी संख्या ज्यादै न्यून रहेको छ।

**ग) प्रमुख समस्याहरू :**

- विद्यार्थीहरूको सिकाई उपलव्धि न्यून-(अंग्रेजी, गणित र विज्ञानमा)
- प्रस्तावित माध्यमिक विद्यालयहरूको कमजोर भौतिक र शैक्षिक संरचना,
- योग्यता पुगेको प्रधानाध्यापक र विषयगत शिक्षकहरूकको अभाव
- सूचना, सञ्चार प्रविधिको न्यून उपयोग,
- माध्यमिक तहको चक्र पूरा नगरी छाड्ने दर उच्च छ,
- दिगो वित्तिय स्रोतको अभावमा माध्यमिक शिक्षा पूर्ण रुपमा निःशुल्क गर्न नसकिएको ।

## घ. रणनीति तथा कार्यनीति

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| क) माध्यमिक शिक्षामा समतामूलक पहुँच (Equitable Access) कायम गर्ने, | क) माध्यमिक तहको शिक्षा पूरा गर्न विशेष सहायताको आवश्यकता पर्ने (Hard Core Group) विद्यार्थीहरूको लागि नगर प्रमुख विद्यार्थी कल्याणकारी कोषको उपयोग गरिनेछ, |

| | |
|---|---|
| | ख) उम्दा र क्षमतावान विद्यार्थीहरूका लागि नगरपलिका र बालकल्याण माविको साझेदारीमा निःशुल्क आवासिय सुविधा सहित अध्ययनको व्यवस्था हुनेछ ,<br>ग) एसइइ परीक्षामा A+ श्रेणी हासिल गरेका, उच्च तहमा प्राविधिक विषय, विज्ञान संकाय पढ्न खोज्ने मेघावी विद्यार्थीहरूलाई निःशुल्क अध्ययानको प्रवन्ध मिलाउनुको साथै हालको प्राविधिक छात्रवृत्तिको व्यवस्थालाई मागमा आधारित बनाउदै लगिनेछ , |
| ख) विद्यालय सञ्चालन र व्यवस्थापनमा सुधार | क) विद्यालयहरूको हालको अवस्था सर्वेक्षण गरी न्यूनतम पूर्वाधार (MEC) नपुगेका विद्यालयहरूलाई प्राथमिकता दिदै सवै विद्यालयहरूको भौतिक पूर्वाधार स्तरउन्नती, समावेशी र बालमैत्री वनाउने,<br>ख) हाल सञ्चालित माविहरू भौगोलिक दुरी, विद्यालयका कार्यक्रम, अध्ययान हुने विषय लगायतका आधारमा पुर्नमिलान भएको अवस्थामा नगरपालिकाले प्रोत्साहन एकमुष्ठ अनुदान, भौतिक सुविधा, सवारी साधन,..) का लागि Start up fund उपलब्ध गराउने छ। |
| | ग) प्रधानाध्यापकसँग नतिजामा आधारित कार्यसम्पादन (Performance Based Contract) करार गर्ने, निर्धारित लक्ष्य हासिल गर्न व्यवस्थापनमा स्वयत्तता दिदै अनुगमनलाई नतिजामूलक बनाउदै लैजाने,<br>घ) उच्च विद्यार्थी चाप भएका विद्यालयहरूमा आधारभूत तह (प्राथमिक) को अलग्गै व्यवस्थापन गर्ने, |

| | |
|---|---|
| | ङ) प्रधानाध्यापकको नेतृत्व क्षमता विकास, विद्यालय व्यवस्थापन समिति, शिक्षकहरूको क्षमता विकास (शिक्षक नगरपालिका साझेदारी कार्यक्रम) गर्दै समग्र विद्यालय सञ्चालनमा सुशासन वहाली गरिनेछ |
| ग) गुणस्तर (Quality) अभिवृद्धि | क) विषयगत रुपमा मौजुदा अवस्थाका आधारमा प्रत्येक वर्षकम्तिमा ५ प्रतिशत बृद्धि हुने गरी राष्ट्रिय औषत दरमा पुराउन REP र TEP तयार र कार्यान्वयन गर्ने,<br>ख) माध्यमिक तहका विद्यालयहरूले आफ्ना फिडर विद्यालयहरूलाई (Leader to Feeder Approach ) का आधारमा साझेदारी र शैक्षिक सहायता उपलव्ध गराउने, विषयगत समिति गठन र राष्ट्रिय रुपमा कहलिएका विद्यालयहरूको अध्ययन अवलोकनका माध्यमले असल अभ्यासको सिकाई,<br>ग) शिक्षकहरूको कक्षा प्रवेश पूर्वको योजना तयारी र सामग्री प्रयोग अनिवार्य गर्दै Teacher time and Task अभिवृद्धि गर्ने, प्राविधिक धारतर्फको On the job training लाई व्यवहारिक र कार्यमूलक बनाइनेछ ।<br>घ) आधारभूत तहदेखि नै APPLIED MATH / SCIENCE को अतिरिक्त पाठ्यसामग्री विकास र उपयोग,<br>ङ) सबै विद्यालयहरूमा इन्टरनेट, पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर ल्यावको प्रबन्ध गरी उपलव्ध स्रोत साधनलाई विद्यार्थीमैत्री बनाउदै लैजाने, डिजिटल र भर्चुअल सिकाइको लागि विद्यालयहरूलाई प्रोत्साहन गरिनेछ, |

| | |
|---|---|
| | च) विद्यार्थी मूल्याङ्कन पद्धतिलाई सिकाईको सुधारसँग आवद्ध गर्दै विद्यमान प्रयोगात्मक अंकन प्रणालीलाई कार्यविधिको माध्यमले व्यवस्थित बनाइनेछ ।<br>छ) नतिजाप्रति शिक्षकलाई जिम्मेवार बनाई कार्यसम्पादन र प्राप्त नतिजाका आधारमा प्रोत्साहन अनुदानको व्यवस्था । उत्कृष्ट नतिजा हासिल गराउने शिक्षक र विद्यालयहरूलाई सम्मान, हालको अपुग शिक्षक दरवन्दीलाई स्वयम् सेवक शिक्षक परिचालन मार्फत सम्वोधन । |

**ङ. अपेक्षित उपलव्धि :**

यस योजना कार्यान्वयनको अन्त्यमा स्यमंसेवक र अनुदान शिक्षकहरूको परिचालन मार्फत न्यून शिक्षक आपुर्ती व्यवस्था मिलाइएको हुनेछ। मुख्य विषयहरूमा विद्यार्थीहरूको सिकाई उपलव्धि ६० प्रतिसत भन्दा माथि पुगेको हुनेछ। प्राविधिक शिक्षा र विज्ञान संकायमा अध्ययन गर्ने विद्यार्थीहरूको संख्या उल्लेख्य बृद्धि भएको हुनेछ। सबै विद्यालयहरूमा पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटरको प्रवन्ध मिलाइएको हुनेछ। स्माट बोर्डको माध्यमले डिजीटल र भर्चुअल लर्निङ्ग पद्धतिलाई अवलम्वन गरिनेछ। नगर प्रमुख विद्यार्थी कल्याणकारी कोष र विद्यालय विकास कोषको स्थापना भएको हुनेछ।

## ४.३ निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाई :

**क) परिचय :**

सवैका लागि गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाई अवसर दिगो विकासको मुल मर्म रहेकोले विगतको साक्षरताका कार्यक्रमबाट साक्षर बनेका नवसाक्षरहरूका लागि मागमा आधारित निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाई अवसर उपलव्ध गराउनुपर्नेछ। विशेष गरी शिक्षाको औपचारिक संरचना बाहिर ठूलो संख्यामा रहेका युवा, महिला र प्रौढहरूका लागि कार्यमुलक साक्षरता, आयआर्जन, समूह साझेदारी म्भिष्तर्बा ष्तिभचबअथ लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ। सामुदायिक

सिकाई केन्द्रको स्तरोन्ती गरी यिनकै अगुवाईमा अवका कार्यक्रमहरू सञ्चालन हुनेछन । औपचारिक र अनौपचारिक शिक्षाका वीचमा ऋचयकक खभलतर्षबितयच को व्यवस्था गरी शिक्षा प्राप्तिलाई लचकदार र व्यक्तिको आवश्यकता र अनुकुलतामा आधारित बनाउदै लैजानुपर्नेछ ।

**ख) वर्तमान अवस्था :**

रोल्पा जिल्ला वि.स २०७३ मा नेपालकै एक्काइसऔ साक्षर जिल्ला घोषणा भईसकेको छ । घरधुरी सर्वेक्षण २०७६ बमोजिम नगरक्षेत्रमा ६८०१ घरधुरीमा ३५००३ जनसंख्यामध्ये अझै १३४७ निरक्षरहरूको पहिचान भएको छ । ६ वटा सामुदायिक सिकाई केन्द्रहरू सञ्चालनमा रहेका छन । सिकाई केन्द्रमार्फत ४१ वटा आयआर्जन समूह गठन हुनको साथै झण्डै ३० लाख बचत तथा ऋण परिचालन भएको छ । नवसाक्षरहरूलाई साक्षर तुल्याउदै औपचारिक र अनौपचारिक शिक्षाको सहकार्यको रुपमा शैक्षिक सत्र २०७६ देखि विद्यालयमा आधारित अभिभावक शिक्षा (Parential Education) कार्यक्रमको माध्यमले अभिभावक सचेतनाका कार्यहरू सिकाई केन्द्रले गर्दै आइरहेका छन ।

**ग) प्रमुख समस्याहरू :**

- साक्षर जिल्ला घोषणा भएपनि गाउँघरमा अझै निरक्षरहरूको संख्या उल्लेख्य,
- नवसाक्षरहरूलाई निरन्तर शिक्षाका अवसरहरूको माध्यमले आयआर्जन र आत्मनिर्भर बनाउन सकिएन,
- सिकाई केन्द्रहरूको कमजोर भौतिक, आर्थिक र मानवीय क्षमताका कारण अनौपचारिक शिक्षाका कार्यक्रमहरूमा अगुवाई गर्न सकेनन,
- औपचारिक शिक्षा र अनौपचारिक शिक्षाका विचमा सह सम्वन्ध कायम गर्न सकिएन,
- युवा तथा प्रौढहरूमा कार्यमूलक साक्षरता र पढ्ने बानीको कमी
- अनौपचारिक शिक्षा ऐच्छिक जस्तो बन्यो, सहभागि र सरकार दुवैको ध्यान कम पुग्यो ।

## घ. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| क) साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमहरूको विस्तार | क) नवसाक्षरहरूलाई मागमा आधारित (Demand Based) समुदाय स्तरमा निरन्तर शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने,<br>ख) साविकका समूहहरूलाई महिलाहरूको क्षमता विकास, आयआर्जन, सीपविकास र उद्यमशीलता विकासका कार्यहरू सञ्चालन गर्ने ।<br>ग) नगरक्षेत्रका महिलाहरूलाई समूह संजालीकरणमा आवद्ध गर्दै महिला विकास, सीपविकास, उद्धमशीलता र समुदाय सचेचीकरण जस्ता कार्यहरूको सिकाई केन्द्रमार्फत अगुवाई गर्ने, |
| ख) सामुदायिक सिकाई केन्द्रहरूलाई सूचना केन्द्रको रुपमा विकास | क) सामुदायिक सिकाई केन्द्रलाई अगुवा विद्यालयको क्षेत्र, वडा कार्यालय वा सर्वसाधरण नागरिकहरूको उपस्थिति हुने केन्द्रहरूमा पुनवितरण गर्ने,<br>ख) सामुदायिक सिकाई केन्द्रलाई स्रोत साधनले सम्पन्न बनाउने (इन्टरनेट, कम्प्युटर,पुस्तकालय, पत्रपत्रिका....)<br>ग) परिचारिकाहरूको क्षमता विकास गर्ने<br>घ) Digital Literacy / Demand Based Training का Course तयार र कार्यान्वयन गर्ने । |
| ग) औपचारिक र अनौपचारिक शिक्षाको सहकार्य र साझेदारी | क) औपचारिक शिक्षा र अनौपचारिक शिक्षाका कार्यक्रमहरूलाई परिपूरकको रुपमा सञ्चालन गरिने,<br>ख) सामुदायिक सिकाई केन्द्रको अगुवाईमा अभिभावक शिक्षा (Parental Education), किशोरी शिक्षा जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने,<br>ग) विद्यार्थी परिचालन मार्फत पहिचान भएका निरक्षरहरूलाई (Each one Teach one ) पद्वतिका माध्यमले साक्षर तुल्याउने । |

**ङ. अपेक्षित उपलव्धि :**

यस योजना अन्त्यसम्ममा सामुदायिक सिकाई केन्द्रहरूको सुदृढिकरण भई निरन्तर र जीवनपर्यन्त शिक्षाका कार्यक्रमहरूको अगुवाई गरेका हुनेछन । युवा, महिला तथा प्रौढहरूका क्षमता विकास, सीपमूलक तालिम र आयआर्जनका कार्यहरू एकीकृत रुपमा सामुदायिक सिकाई केन्द्रमार्फत सञ्चालन, व्यवस्थापन र नियमन भएका हुनेछन् । नगर क्षेत्रका महिला समूहहरूको सञ्जालीकरण गरिएको हुनेछ। सामुदायिक केन्द्रहरू सूचना केन्द्रको रुपमा विकसित हुनेछन।

## ४.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम :

**क) परिचय :**

विकासका लागि साधरण र प्राविधिक जनशक्तिकाबीच सन्तुलनको आवश्यकता पर्दछ । सुरुवातीका दिनहरूमा साधरण शिक्षातर्फ जोड दिइएता पनि नगरपालिकाको स्थापन पछि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका क्षेत्रमा उल्लेख्य लगानी भएको छ। कृषि, भेटनरी, सव ओभरसियर, इन्जिनियरिङ, चिकित्सा विज्ञान, कम्प्युटर लगायतका क्षेत्रमा दक्ष जनशक्तिको माग उच्च रहेको छ। प्राविधिक तथा व्यावसायिकशिक्षाका अवसरहरूमा सबै लिंग, अपांगता, गरिवी, सीमान्तकृत आर्थिक सामाजिक रुपले पछि परेको समुदाय लगायतका सवै बर्गको समतामूलक पहुँच, सहभागिता र सिकाई उपलव्धिमा सुधार गर्दै श्रम बजारसँग आवद्ध गनुपर्नेछ।

**ख) वर्तमान अवस्था :**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत सञ्चालित बालकल्याण नमूना माविमा सव ओभरसियर १८ महिने र ३ वर्षे डिप्लोमा विषयमा र रोल्पा प्राविधिक शिक्षालयमा बालीविज्ञान, पशुविज्ञान र सुचना प्रविधी तर्फ १६० जना विद्यार्थीहरू अध्ययनरत रहेका छन। नगरपालिकाले वार्षिक १०० जना विद्यार्थीहरूलाई निःशुल्क प्राविधिक शिक्षाको छात्रवृत्ति उपलव्ध गराउदै आइरहेको छ। छात्रवृत्ति कार्यक्रममा योजना तर्जुमाको वर्ष ५१ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन । आ.व २०७७।०७८ का लागि नगरपालिकाले प्राविधिक शिक्षा

निःशुल्क कार्यक्रमका लागि रु ३० लाख विनियोजन गरेको अवस्था छ । छोटा अवधिका व्यावसायिकर सीपमूलक तालिमहरू (डाइभिड, सेकुरेटि गार्ड, कुक ) नगरपालिकाकै अगुवाईमा सञ्चालन हुने गरेका छन । यसै वर्षदेखि नगरपालिकाको वडा नं ६ माडिचौरमा कृषि तर्फ (प्राकृतिक स्रोत व्यवस्थापन) विएस्सीएजीको सञ्चालन भैरहेकोछ ।

**ग)** **प्रमुख समस्याहरू :**

- कार्यक्रमको लक्षित कोटा अनुसारका विद्यार्थीहरूको उपलब्धता नहुनु,
- प्राविधिक शिक्षा तर्फ दक्ष प्रशिक्षक र जनशक्तिलाई टिकाइराख्न नसकिनु,
- उत्पादित जनशक्ति र श्रम बजारको मागवीचको तालमेल नमिल्नु,
- प्रयोगात्मक कक्षा र ओजेटिलाई व्यहारिक रुपले कार्यमूलक बनाउन नसकिनु ।
- छोटा अवधिका तालिम प्रदायक संस्थाहरूको व्यवस्थापन र नियमनको कमी

**घ)** **रणनीति तथा कार्यनीतिहरू :**

| रणनीति | कार्यनीति |
|---|---|
| क) प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षाका कार्यक्रमहरूमा समतामूलक पहुँच (Equitable Access)अभिवृद्धि | क) हालसम्मको उत्पादित जनशक्ति, श्रमवजारको माग र आवश्यकता आकलन गरी प्राविधिक शिक्षा तर्फ थप विषय र कार्यक्रमहरूको विस्तार गर्ने,<br>ख) एसइइ र कक्षा १२ मा उत्कृष्ट नतिजा ल्याउने मेधावी विद्यार्थीहरूलाई प्राविधिक शिक्षामा आर्कषण गर्न छात्रवृत्ति व्यवस्था गर्ने,<br>ग) आधारभूत तह देखि नै SOFT SKILL कार्यक्रम सुरुवाती गर्ने,<br>घ) प्राविधिक शिक्षालय र विद्यालयहरूकोवीचमा समन्वय र साझेदारीको विकास गर्ने,<br>घ) आर्थिक सामाजिक रुपले विपन्नलाई निः शुल्क प्राविधिक शिक्षाको व्यवस्था, |

| | |
|---|---|
| ख) उत्पादित जनशक्तिको प्रतिस्पर्धी क्षमता विकास र श्रम बजारसँग आवद्धता | क) बैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सीपलाई खोजी, प्रमाणिकरणमा सहजीकरण र उपयोग,<br>ख) प्राविधिक शिक्षालयबाट आर्जन गरेको ज्ञान, सीपलाई व्यवहारिक, प्रतिस्पर्धी बनाउदै श्रम बजारसँग आवद्ध गर्ने,<br>ग) क्षेत्रगत रुपमा प्राविधिक जनशक्तिको अडिट गरी र Skill Bank तयार गर्ने,<br>घ) युवाहरूलाई खोज, र नवपर्वतन (Innovation) का लागि प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने,<br>ङ) प्राविधिक शिक्षा पढेका युवाहरूलाई उद्यमशिलता विकासको लागि Start up fund र Soft loan को व्यवस्था गर्ने, |
| ग) निजी क्षेत्रबाट सञ्चालित तालिम प्रदायकहरूको नियमन र व्यवस्थापन | क) निजी क्षेत्रबाट सञ्चालित तालिम प्रदायकहरूको नियमन र व्यवस्थापनको लागि कार्यविधि र संहिता निर्माण,<br>ख) छोटो अवधिको तालिम र सीप विकासका लागि समन्वय, सहकार्य ।<br>ग) गुणस्तर सुनिश्चितता मापदण्डको विकास र कार्यान्वयन । |

**ङ) प्रमुख उपलव्धिहरू :**

पञ्चवर्षिय योजनाको अन्त्यसम्ममा प्राविधिक शिक्षालयहरूको संस्थागत क्षमता बृद्धि भएको हुनेछ । विद्यालय, प्राविधिक शिक्षालय र प्राविधिक क्याम्पसको सहकार्यमा प्राविधिक शिक्षाका नविनतम क्षेत्रहरूको पहिचान भएको हुनेछ । कक्षा ११ र १२ मा विज्ञान विषय पढ्ने विद्यार्थीहरूले प्रोत्साहन सुविधा र MBBS, BSC, Staff Nurse लगायतका जनशक्तिको अत्याधिक माग हुने विषयहरूमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरूले प्रोत्साहन सुविधा प्राप्त गरेका हुनेछन ।

## ४.५ क्याम्पस, प्राविधिक शिक्षालय र विद्यालयको वीचमा समन्वय, सहकार्य

**क)** **परिचय :**

नगरपालिकालाई उत्कृष्ट शैक्षिक हवको रुपमा विकास गर्न विद्यालय, प्राविधिक शिक्षालय, छोटो अवधिका तालिम प्रदायक संस्थाहरू, प्राविधिक क्याम्पसका वीचमा सहकार्य र समन्वयको आवश्यकता अपरिहार्य रहन्छ । श्रमवजारको माग अनुरुपको दक्ष जनशक्ति प्राविधिक शिक्षालय र क्याम्पसले उत्पादन गर्नेछन । विद्यालय तहको शिक्षालाई गणित, विज्ञान, अंग्रेजी जस्ता मुख्य विषयमा जोड दिदै गुणस्तर अभिवृद्धि गरिनेछ । प्राविधिक शिक्षामा समतामूलक पहुँचका लागि स्थानीय सरकारले छात्रवृत्ति र प्रोत्साहनका कार्यक्रमहरू बृद्धि गर्दै लैजानेछ । कलेज तहको शिक्षा अध्यायन, अनुसन्धानमा आधारित हुनेछ ।

## ४.६ अन्तर सम्बन्धित मुद्दाहरू

**क)** **शिक्षक व्यवस्थापन र पेशागत विकास :**

**अ)** **परिचय:**

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । प्राथमिक तहमा विद्यार्थी संख्याको आधारमा र निमावि तथा माध्यमिक तहमा विषयगत रुपमा विद्यमान मापदण्ड १ : ४० शिक्षक विद्यार्थी अनुपात मापदण्ड कायम गरिएको छ । शिक्षा ऐन तथा नियमावलीले आधारभूत तहमा कम्तिमा ७ दरवन्दी र माध्यमिक तहमा १२ दरवन्दी हुनुपर्ने व्यवस्था गरेको छ । शिक्षक पेशागत विकास कार्यक्रम (TPD) सम्म दरवन्दीका ९८.२ प्रतिशत शिक्षकहरूले प्रमाणिकृत तालिम प्राप्त गरेका छन ।

**आ)** **वर्तमान अवस्था :**

नगरपालिकामा शिक्षक विद्यार्थी हाल शिक्षक विद्यार्थी अनुपात ४१.२८ रहेको छ जुन प्रदेश स्तरमा २८.० र राष्ट्रिय रुपमा २४.० रहेको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको पछिल्लो आँकलन अनुसार प्राथमिक तहमा २०७ निमवि तहमा ९२ र माध्यमिक तहमा ४९ दरवन्दीको अभाव रहेको छ । साविक उमावि तर्फ ३ अनुदान दरवन्दी रहेका छन । यो वर्षनगरपलिकाले सुन्य दरवन्दी

भएका ४ माध्यमिक तह १३ आधारभूत तह, १४ प्रावि र ७ वटा बालविकास तहमा गरी ३८ स्वयम् सेवक शिक्षकहरूको परिचालन गरी शिक्षक न्यूनतालाई सम्वोधन गर्ने प्रयास गरिएको छ। विद्यालयमा कार्यरत सबै प्रकारका जनशक्तिहरूको लागि निरन्तर पेशागत विकास र उन्नयनका लागि क्षमता विकासका कार्यक्रमहरू सञ्चालन हुदै आएका छन। शिक्षकहरूलाई सूचना प्रविधि, विद्यालयमा गरिने लेखा व्यवस्थापन, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन लगायतका विषयहरूमा थप क्षमता विकासको आवश्यकता आकलन गरिएको छ।

**इ) प्रमुख समस्या**

- आवश्यकता अनुसार शिक्षक दरवन्दीको कमी,
- शिक्षकहरूको कक्षा प्रवेश पूर्वको कमजोर योजना तयारी,
- तालिमका विषयवस्तुलाई कक्षा कोठासम्म पुऱ्याउन नसक्नु,
- न्यून बेतनका कारण शिक्षकहरूमा कार्यचाख र उत्प्रेरणाको कमी,
- उपलव्ध दरवन्दीलाई विद्यार्थी संख्याका आधारमा पुर्नवितरण गर्न नसक्नु,

**ई) रणनीति र कार्यनीति :**

| रणनीति | कार्यनीति |
|---|---|
| क) शिक्षक दरवन्दी व्यवस्थापन | क) सघंले पहिचान गरेका आवश्यक दरवन्दीको लागि सघींय तथा प्रदेश सरकारसँग समन्वय, सहकार्य गर्ने,<br>ख) नगरक्षेत्रका उपलव्ध दरवन्दीलाई हरेक वर्षविद्यार्थी संख्याका आधारमा न्यूनतम कायम राखी पुर्नवितरण गर्ने,<br>ग) विद्यालयमा शिक्षक भर्ना गर्दा अंग्रेजी, गणित, विज्ञान र सूचना प्रविधिबारे जानकारलाई प्राथमिकतामा राख्ने,<br>घ) विद्यालयले राख्ने निजी शिक्षकहरूको मापदण्ड र सेवा सर्त र पारिश्रमिकलाई एकरुपता कायम गर्ने,<br>ङ) न्यून शिक्षक दरवन्दी तत्कालका लागि परिपूर्ती गर्न हालको स्वयम् सेवक शिक्षक परिचालनलाई वृद्धि गर्दै लैजाने, |

| | |
|---|---|
| ख) क्षमता विकास र उत्प्रेरणा बृद्धि | क) शिक्षकहरूको अभिप्रेरणा र मनोवललाई उच्च राख्न कार्यसम्पादन र प्राप्त नतिजाका आधारमा पुरस्कार र सम्मान गर्ने कार्यको थालनी गर्ने<br>ख) Teacher Time and Task को परिपालन र कक्षा प्रवेश पूर्वको तयारी र योजनामा जोड दिइने,<br>ग) मागमा आधारित तालिम, स्वअध्ययान र कार्यमूलक अनुसन्धानमा विषेश जोड दिइनेछ,<br>घ) शिक्षकहरूलाई प्रविधिमैत्री बनाउन "एक शिक्षक एक ल्यापटप" कार्यक्रममा नगरपालिका, विद्यालय र शिक्षकवीच वित्तिय साझेदारी गरिनेछ,<br>ङ) प्रत्येक विद्यालयमा कम्तिमा एकजना शिक्षकलाई सूचना प्रविधिको आधारभूत सीपको विकास गरिनेछ ,<br>च) वर्षको कम्तिमा ७ दिन सकरात्मक सोच विकास, पेशागत सीप विकास र उन्नयनमा लगाउने गरी अवलोकन भ्रमण, क्षमता विकासका लागि विद्यालय तहदेखि कार्यक्रमको सुरुवाती गरिनेछ। |

**उ) अपेक्षित उपलव्धि :**

संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साझेदारी र समन्वयमा न्यूनतम विषयगत शिक्षकहरूको व्यवस्थापन भएको हुनेछ। स्वयमूसेवक शिक्षकहरू परिचालन कार्यलाई नीतिगत रुपमा संस्थागत गरिनेछ । शिक्षकहरू प्रविधिमैत्री, पेशाप्रति सर्मपित हुनेछन। कार्यसम्पादन र प्राप्त नतिजाका आधारमा शिक्षकहरूलाई उत्प्रेरणाका कार्यहरू सञ्चालन गरिनेछ। शिक्षक (Time and Task) को परिपालन भएको हुनेछ।

## ख) विद्यालय सञ्चालन, व्यवस्थापन र शैक्षिक सुशासन

**अ) परिचयः**

मुलुक सघींयतामा प्रवेश गरेसँगै तीन तहको सरकारको साझा कार्यसूचिमा शिक्षा, खेलकुद र पत्रपत्रिका रहेका छन। आधारभूत तथा माध्यमिक शिक्षासम्वन्धी

२३ वटा अधिकारहरू स्थानीय सरकारको एकल अधिकारमा सूचिकृत गरिएको छ। विद्यालयको सु सञ्चालनको लागि नगर शिक्षा नियमावली २०७५ बमोजिम विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सघंको गठन गरिने प्रावधान रहेको छ। विद्यालयहरूलाई आफुले सेवा प्रदान गर्ने समुदायप्रति उत्तरदायी बनाउन यस्ता समितिहरूको भूमिका र सक्रियतालाई बढाई पारदर्शिता, जवाफदेहिता कायम गर्दै शैक्षिक सुशासन अभिवृद्धि कायम गरिनेछ। सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गरी आम अभिभावकहरूको विश्वास बहाली गर्ने र संस्थागत विद्यालयहरूलाई नियमन गरी सेवामूलक बनाउदै सबैका लागि गुणस्तरीय शिक्षाको प्रत्याभूतिका लागि स्थानीय सरकारले अगुवाई गर्नेछ।

**आ) वर्तमान अवस्था**

संस्थागत ७ सामुदायिक ६६ गरी आधारभूत तहका गरी ६५ विद्यालयहरू सञ्चालनमा रहेका छन। पाठ्यक्रमले निर्दिष्ट गरेबमोजिम विद्यालय न्यूनतम २२० दिन खुल्नुका साथै कम्तिमा १९२ दिन पठनपाठनको सुनिश्चितताको लागि शैक्षिक क्यालेन्डरको व्यवस्था गरिएको छ। अगुवा विद्यालयहरूलाई आफ्ना फिडर विद्यालयहरूको समन्वय र पेशागत सहायताका लागि जिम्मेवार बनाइएको छ। दशै वटा वडामा वडा शिक्षा समितिको अगुवाईमा शिक्षा सम्वन्धी पञ्चवर्षीय योजना तर्जुमा भएका छन। समग्र नगरपालिकाको शिक्षासम्वन्धी नीति, योजना र कार्यक्रमको समन्वय र व्यवस्थापनको लागि नगर प्रमुखको संयोजकत्वमा नगर शिक्षा समिति गठन भई क्रियाशिल रहेको अवस्था छ। शिक्षाको व्यवस्थापनको लागि नगर शिक्षा ऐन र नियमावली २०७५ कार्यान्वयनमा रहेको छन।

**इ) प्रमुख समस्या :**

- विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार र जवाफदेहि बनाउन नसकिनु,
- विद्यालयमा दिगो वित्तिय स्रोत व्यवस्थापनको कमी,
- व्यवस्थापकीय तहमा कार्य गर्ने समितिहरूको क्षमता विकासको कमी,
- शैक्षिक संस्थाहरूको उत्तरदायित्व र जवाफदेहिताको संस्कारमा कमी।

### ई) रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| क) शैक्षिक कार्ययोजना निर्माण र कार्यान्वयन | क) नगरको शिक्षा क्षेत्रको पञ्चवर्षिय योजनाको निर्माण र प्रवोधिकरण,<br>ख) नगर शिक्षा नियमावलीको कार्यान्वयन,<br>ग) वार्षिक शैक्षिक योजना निर्माण र परिपालना,<br>घ) विद्यालय तहमा तयार गरिने योजना निर्माणमा क्षमता विकास र कार्यान्वयनमा सहजीकरण |
| ख) विद्यालयको नक्सांकन, स्तरमिलान र पूर्नवितरण | क) विद्यालयहरूको जीपीएस (GPS)प्रणालीमा नक्सांकन र जनसंख्याको अवस्था, विद्यार्थी संख्या र भौगोलिक आधारमा स्तरमिलान र पूर्नवितरण,<br>ख) मिलान हुने विद्यालयहरूलाई प्रोत्साहन (भवन, शिक्षक, शैक्षिक सामग्री अनुदान )<br>ग) सामुदायिक विद्यालयहरूको स्तरीकरण र वार्षिक रुपमा प्रगति समीक्षा, संस्थागत विद्यालयहरूको बर्गीकरण र निर्धारण । |
| ग) विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूको जिम्मेवारी किटान | क) विद्यालय व्यवस्थापन समितिको जिम्मेवारी ः<br>■ विद्यालयको व्यवस्थापकीय पक्ष<br>■ विद्यालय तहका योजना तर्जुमा र कार्यान्वयन<br>■ शैक्षिक गुणस्तर अभिवृद्धि<br>ख) शिक्षक अभिभावक सघंः<br>■ वित्तिय पारदर्शिता र जवाफदेहिता कायम<br>■ अभिभावक तथा अन्य सघं सस्थाहरूसँग समन्वय र साझेदारी<br>ग) प्रधानाध्यापक ः<br>■ दैनिक प्रशासन सञ्चालन<br>■ शिक्षक कार्यसम्पादन मूल्याकन<br>■ शिक्षक (Teacher Time and Task) को अनुगमन |

| | |
|---|---|
| | घ) वडा शिक्षा समिति :<br>■ वडा शिक्षा योजना निर्माण कार्यान्वयन,<br>■ वडाभित्र रहेका शैक्षिक संस्थाहरू र कार्यक्रमको समन्वय,<br>■ शैक्षिक गुणस्तर अभिवृद्धि र सुशासन कायम गर्न पहल गर्ने ।<br>ड) नगरपालिका :<br>■ नगरक्षेत्रको समग्र शिक्षा क्षेत्रका योजना, कार्यक्रम निर्माण कार्यान्वयन, समन्वय र सहजीकरण,<br>■ समग्र विद्यालयहरूको (Watch Dog) सम्वन्धी कार्य |
| घ) विद्यालयमा शैक्षिक र वित्तिय सुशासन कायम | क) विद्यार्थी तथा अभिभावकहरूको गुनासो सुनुवाईको व्यवस्था गर्ने,<br>ख) सामाजिक लेखापरीक्षण र प्रतिवेदनलाई सार्वजनिक गर्ने<br>ग) विद्यालयहरूमा सेवा वडापत्रको सुरुवाती गर्ने,<br>घ) लेखा, खरिद र जिन्सी व्यस्थापनमा आधुनिक पद्धतिको प्रयोग र क्षमता विकासका माध्यमले वित्तिय सुशासन कायम गर्ने । |

**उ) अपेक्षित उपलब्धि :**

नगर शिक्षा योजना तर्जुमा भई सोहि आधारमा आगामी नीति, कार्यक्रमहरू कार्यन्वयमा आउनेछन । विद्यालय व्यवस्थापन समितिको व्यवस्थापकीय क्षमता अभिवृद्धि भएको हुनेछ । व्यवस्थापन समितिका वीचमा नगरस्तरीय अन्तरसंजाल स्थापना गरी असल अभ्यासहरूको आदन प्रदानको थालनी भएको हुनेछ । विद्यालयको वित्तिय पारदर्शीता र जवाफदेहिताका लागि बैंक मार्फत विद्युतिय कारोवार र लेखाप्रणाली व्यवस्थापनको लागि सफ्टवेयरको प्रयोग गरिएको हुनेछ ।

## ग) संस्थागत क्षमता विकास

### अ) परिचयः

गुणस्तरीय शिक्षा प्रदान गर्नको लागि विद्यालयहरूको कमजोर संस्थागत क्षमतालाई समय सापेक्ष सुधार जरुरी देखिन्छ । विद्यालयको शैक्षिक नेतृत्व गर्ने प्रधानाध्यापकहरूलाई व्यवस्थापकीय कैशलता अभिवृद्धि गर्ने, विद्यालयमा सूचना सञ्चार प्रविधिको प्रयोगबाट डिजीटल र भर्चुअल लर्निङ्ग गर्ने, विद्यालय सुधार योजना बमोजिम मानवीय, वित्तिय, प्रविधिजन्य र भौतिक पक्षहरूको सुधार जस्ता पक्षहरू संस्थागत क्षमता विकासका आयमहरू रहेका छन । अझैपनि अधिकांश विद्यालयहरूमा MEC को अभाव रहेको छ । सबै विद्यालयहरूमा पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला स्थापना मार्फत विद्यार्थीहरूको सिकाई उपलव्धि वढोत्तरी गर्नुपर्ने अवस्था छ ।

### आ) वर्तमान अवस्था :

माध्यमिक तहका विद्यालयहरूको भौतिक अवस्था सुद्रधो क्रममा रहेको छ । आधारभूत तहका विद्यालयहरूको भवन मर्मत, घेरावार र जीर्ण भवनहरूलाई पुर्ननिर्माण गनुपर्ने अवस्था रहेको छ । विद्यालयहरूमा प्रयोगशाला स्थापना भएतापनि प्रयोग न्यून अवस्थामा भेटिन्छ । कक्षाकोठामा बुक कर्नरको सुरुवाती गरिएको छ । शिक्षकहरू प्रविधिमैत्री बन्दै गएका छन । विद्यालयको दिगो वित्तिय व्यवस्थाका लागि विद्यालय विकास कोषको सुरुवाती भएको छ । प्रधानाध्यापकलाई विद्यालयको नतिजा सुधारको लागि कार्यसम्पादन करारको व्यवस्था गरिएको छ ।

### इ) प्रमुख समस्या :

- योग्यता पुगेका स्थायी प्रधानाध्यापकहरूको अभाव,
- उपलव्ध स्रोत साधनको अधिकतम उपयोग गर्न सकिएको अवस्था छैन,
- असल अभ्यासहरूको साझेदारी र आदन प्रदानको अभ्यास कम छ,
- शैक्षिक पक्षहरूको सुधारभन्दा भौतिक पक्षमा बढी ध्यान दिने गरिएको छ,
- विद्यालयहरूलाई प्रविधिमैत्री बनाउन सकिएको छैन ।

- विशेष शिक्षाका कार्यक्रमहरूलाई एकीकृत रुपमा सञ्चालन गर्न सकिएको छैन ।

ई) **रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| क) विद्यालयहरूको क्षमता विकास र सुधार | क) विद्यालयहरूमा न्यूनतम रुपमा पनि (कक्षाकोठा, शौचालय, पुस्तकालय, पिउने पानी, शिक्षक, सूचना प्रविधिको प्रयोगलाई अनिवार्य गरिनेछ, |
| ख) असल शैक्षिक नेतृत्व विकास र साझेदारी | क) उपलब्ध भएसम्म माथिल्लो तह र योग्यता पुगेको शिक्षकहरूलाई प्रधानाध्यापक नियुक्तिका लागि प्रोत्साहन गरिनेछ,<br>ख) प्रधानाध्यापकहरूलाई शैक्षिक र प्राज्ञिक नेतृत्व विकासका लागि सरकारी तथा नीजि क्षेत्रसँग सहकार्य र क्षमता विकास गरिनेछ,<br>ग) नगर क्षेत्रभित्रका उत्कृष्ट शिक्षक र प्रधानाध्यापकहरूलाई अन्य विद्यालयहरूको शैक्षिक सुधार, असल साझेदारी विकासका लागि परिचालन गरिनेछ । |
| ग) शिक्षक क्षमता विकास र उपयोग | क) शिक्षकहरूको क्षमता विकासका लागि बहुवर्षिय प्रशिक्षणलयको स्थापना गरिनेछ,<br>ख) सूचना प्रविधिमा अध्यावधिक गर्न एक शिक्षक एक ल्यापटप कार्यक्रममा साझेदारी विकास गरिनेछ,<br>ग) नवप्रवेशी शिक्षकहरूका लागि सेवाप्रवेश, सेवारत शिक्षकहरूका लागि सेवाकालिन र ५० वर्षउमेर पार भएका शिक्षकहरूलाई विशेष तालिमको व्यवस्था मिलाइनेछ,<br>घ) तालिमलाई कक्षाकोठाको शिक्षण सिकाईसँग आवद्ध गरी विद्यार्थीहरूको सिकाई उपलव्धि बृद्धि गर्ने औजारको रुपमा विकास गरिनेछ |

| | |
|---|---|
| | ङ) विद्यालयमा कार्यरत कर्मचारीहरूलाई मागमा आधारित क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| घ) बालमैत्री विद्यालय र विद्यार्थीहरूको परिचालन | क) विद्यालय तथा घर परिवारलाई बालमैत्री बनाउन शिक्षक, अभिभावकहरूलाई बालमैत्री विद्यालयका सूचक र मापदण्डहरूवारे अभिमूखिकरण गरिनेछ,<br>ख) प्राथमिक तहमा सवै बालबालिकाहरूलाई स्वस्थ्य दिवा खाजा, र सवै छात्राहरूको लागि निःशुल्क स्यानेटरी प्याडको व्यवस्था मिलाइनेछ,<br>ग) सवै विद्यालयहरूमा बालकलव, स्काउट, जुनियर रेडक्रश जस्ता स्यमंसेवी संगठनहरूको गठन र क्रियाशिलता वढाइनेछ,<br>घ) नगरपालिकाका सवै विद्यालयहरूलाई बालमैत्री विद्यालय घोषणा गरिएको हुनेछ। |

**उ) अपेक्षित उपलव्धि**

योजनाको अन्त्यसम्ममा माध्यमिक विद्यालयहरूमा भर्चुअल र डिजीटल लर्निङ्ग र आधारभूत तहका विद्यालयमा प्रविधिमैत्री सिकाईको अभ्यास भएको हुनेछ। नगरपालिकाको शैक्षिक एप्स तयार भएको हुनेछ। स्थानीय पाठ्यक्रमको तयार भई कार्यन्वयमा आएको हुनेछ। विद्यालयको स्तरीकरण र वर्गीकरण गरी विद्यालयको आवश्यकताका आधारमा नगरपालिकाले विद्यालयहरूलाई न्यूनतम मापदण्ड (MEC) हासिल गर्न विशेष व्यवस्था गरेको हुनेछ।

## घ) परीक्षा तथा सिकाई उपलव्धि प्रमाणीकरणः

**अ) परिचयः**

परीक्षा विद्यार्थीहरूले सिकेका ज्ञान, सीपहरूको मापन गर्ने साधन हो। हामी अझैपनि परम्परागत रुपमा चलिआएको Paper Pencil Test को माध्यमले विद्यार्थीहरूको सिकाई उपलव्धि परीक्षण गर्दै आइरहेको अवस्था छ। परीक्षणका

साधनहरूमा जती विविधता अपनाउन सक्यो मूल्याङ्कन त्यती नै विश्वासनिय र वैध हुन्छ। कक्षा १– ३ सम्म लिखित परीक्षा सञ्चालन नगर्ने, ४ र ५ मा ६० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ४० प्रतिशत आवधिक परीक्षा, कक्षा ६ र ७ मा ४० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन ४० प्रतिशत आवधिक परीक्षाका माध्यमले मूल्याङ्कन गर्ने व्यवस्था पाठ्यक्रमले गरेको छ । निरन्तर विद्यार्थी मूल्याङ्कनमा हाजिरी, कक्षा कार्य, परियोजना कार्य, कक्षा सहभागिता, विद्यार्थीको रचनात्मक र सृजनात्मक कार्यजस्ता पक्षहरूलाई आधार मान्ने गरिएको छ। आधारभूत तहको परीक्षा सञ्चालन र व्यवस्थापनको अधिकार स्थानीय तहको कार्यक्षेत्रभित्र रहेको छ। परीक्षा व्यवस्थापनका समग्र पक्षहरूमा विश्वासनियता र बैधता कायम गर्दै सिकाईको मूल्याङ्कनबाट सिकाईका लागि मूल्याङ्कन तर्फको सुरुवाती गर्नु आवश्यकता छ।

**आ) वर्तमान अवस्था :**

नगरस्तरीय परीक्षाको लागि परीक्षा समितिको कानुनी व्यवस्था रहेको छ। अन्य विद्यालय तहका परीक्षा सञ्चालन र व्यवस्थापनको लागि स्थापित लुज फोरम मार्फत एकरुपता ल्याउने प्रयास गरिएको छ। विद्यालय तहका सम्पूर्ण परीक्षाहरू निःशुल्क गरिएको छ । नतिजा विश्लेषण र पृष्ठपोषणको अभ्यास ज्यादै न्यून भेटिन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगको अवस्था कमजोर छ । शिक्षण, सिकाई र परीक्षालाई सगँसगै परिपुरकको रुपमा लैजान सकिएको छैन । कमजोर अभिलेख व्यवस्थापन पद्धति र सीकाई उपलव्धिको प्रमाणीकरणमा एकरुपता कायम गर्न सकिएकको छैन।

**इ) प्रमुख समस्या**

- परीक्षालाई विद्यार्थीको सिकाई उपलव्धि वढाउने प्रक्रियाको रुपमा स्थापित गर्न नसक्नु,
- कमजोर अभिलेख प्रणाली र निरन्तर विद्यार्थी मुल्यांकनको मर्म अनुरुप प्रयोग नहुनु,
- सिकाई उपलव्धि प्रमाणीकरण र नतिजा विश्लेषणमा एकरुपता कायम गर्न नसक्नु,
- प्रश्न निर्माण, नतिजा विश्लेषण र विद्यार्थी पृष्ठपोषण सीप र अभ्यासको कमी

## ई) रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| क) परीक्षा प्रणाली सुदृढीकरण | क) नगरस्तरीय परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधिको निर्माण र कार्यान्वयन<br>ख) विद्यालय तहका परीक्षाहरूमा एकरुपता र सुद्धता कायम गर्न वार्षिक परीक्षा नगरस्तरीय रुपमा सञ्चालन गर्ने,<br>ग) प्रयोगात्मक परीक्षा प्रणालीलाई व्यवस्थित गराउने<br>घ) स्तरीकृत परीक्षाको लागि प्रश्न बैंक (Item Bank) निर्माण र प्रश्नपत्र विश्लेषण<br>ङ) विशेष क्षमता भएका (फरक किसिमले सक्षम ) बालवालिकाहरूको क्षमता मूल्याङ्कनका लागि विविध प्रकारका परीक्षाका सामग्रीहरूको उपयोग |
| ख) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयन | क) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीबारे शिक्षकहरूलाई अभिमूखीकरण र क्षमता विकास<br>ख) विद्यार्थीहरूको पोर्टफोलियो व्यवस्थापन<br>ग) कक्षाकार्य, परियोजना कार्य, सृजनात्मक क्षमता र रचनात्मक कार्यमा जोड दिने,<br>घ) पाठ्यक्रम, पाठ्यपुस्तक र परीक्षावीच सहसम्वन्ध कायम गरी परीक्षालाई सिकाईको सुधारका साधनको रुपमा विकास गर्ने, |
| ग) परीक्षणका सामग्रीमा विविधता र अभिलेख व्यवस्थापनमा सुधार | क) वार्षिक रुपमा कक्षा ५ र ८ को नासा टुलमा आधारित उपलब्धि परीक्षण,<br>ख) परीक्षाको नतिजा विश्लेषण र अभिलेखिकरणको लागि सफ्टवेयरको उपयोग<br>ग) कमजोर विद्यार्थीहरूको पहिचान गरी विशेष सहायता, उपचारात्मक शिक्षणको व्यवस्था गर्ने<br>घ) विद्यालय तहका सबै परीक्षाहरूको अक्षरांकन प्रणालीमा प्रमाणिकरण |

**उ) अपेक्षित उपलब्धि :**

नगरस्तरीय परीक्षा व्यवस्थापन तथा सञ्चालनका लागि कार्यविधि तयार भएको हुनेछ । विद्यालय तहका परीक्षाहरू मर्यादित र विश्वासनिय बन्दै गएका हुनेछन । कक्षा ५ र ८ मा नासा टुलमा आधारित विद्यार्थीको उपलब्धि परीक्षण भएको हुनेछ । विद्यालयहरूमा नतिजा विश्लेषण र ग्रेडसिटको लागि एकीकृत सफ्टवेयरको प्रयोग भएको हुनेछ । निरन्तर विद्यार्थी मूल्याङ्कनको मर्मअनुरुप कार्यन्वयमा आएको हुनेछ । विद्यार्थीहरूको सिकाई उपलब्धिको प्रमाणीककरण अक्षराङ्कन पद्धतिमा गरिएको हुनेछ ।

**ङ) विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको उपयोगः**

**अ) परिचयः**

सबै नागरिकहरूमा देश विकासका लागि आवश्यक ज्ञान तथा सीप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आवद्ध गराउनु शिक्षाको दीर्घकालिन उद्धेश्य रहेको छ । विश्व प्रतिस्पर्धी, श्रमवजारको माग अनुरुपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ । विशेष गरी शिक्षण सिकाई क्रियाकलापमा सुधार गर्न, सिकाई सामग्रीको प्रयोगमा पहुँच वढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन सूचना तथा सञ्चार प्रविधिको वढवा गर्नु अपरिहार्य रहेको छ ।

**आ) वर्तमान अवस्था :**

संस्थागत विद्यालयहरूले तल्लो तहदेखि नै प्रविधिमैत्री सिकाईमा जोड दिएतापनि, सामुदायिक विद्यालयहरूमा आधारभूत तह कक्षा ६ देखि ऐच्छिक विषयको रुपमा कम्प्युटर विषयको पठनपाठनको सुरुवाती गरिएको छ । माध्यमिक तहका विद्यालयहरूमा प्रोजेक्टर र स्मार्ट वोर्डको माध्यमले शिक्षण सिकाईमा प्रयोगको सुरुवाती गरिएको छ । अन्य विद्यालयहरूमा समेत कम्प्युटर ल्यावको स्थापनमा जोड दिइएको छ । विद्युत सुविधा पुगेका सवै माविहरूमा इन्टरनेट सुविधाका लागि अनुदानको व्यवस्था गरिएको छ । वालकल्याण नमूना माविले “एक शिक्षक एक ल्यापटप” कार्यक्रमको सुरुवाती गरेको छ । आ.व २०७७/२०७८ देखि माध्यमिक

तथा आधारभूत तहका शिक्षकहरूका लागि सूचना प्रविधि साझेदारी कार्यक्रम लागू गरिएको छ ।

### इ) **प्रमुख समस्या :**

अझैपनि नगरक्षेत्रका ४० विद्यालयहरूमा विद्युतिय सुविधा उपयोगबाट बञ्चित रहेका छन । मावि तहमा कम्प्युटर ल्यावको व्यवस्था गरिए पनि सबै विद्यार्थीलाई पुग्ने क्षमतामा विकास गर्न सकिएको छैन । आधारभूत तहका विद्यालयहरूमा प्रविधिसँग सात्क्षात्कार गर्न सक्ने जनशक्ति र इच्छाशक्तिको अभाव खड्किएको पाइन्छ । विद्यालयमा उपलव्ध स्रोत साधनहरूको पनि अधिकतम प्रयोग गर्न नसकिरहेको अवस्था भेटिन्छ ।

### ई) **रणनीति र कार्यनीति :**

| रणनीति | कार्यनीति |
|---|---|
| क) विद्यालयमा सूचना प्रविधिको पहुँच बृद्धि | क) विद्यालयहरूमा कम्प्युटर, प्रोजेक्टर र इन्टरनेटको व्यवस्था र उपयोग<br>ख) माध्यमिक विद्यालयहरूमा स्मार्ट बोर्ड र भर्चुअल लर्निङ्गको व्यवस्था<br>ग) सूचना प्रविधिलाई देहायका कार्यमा वढाउदै लैजाने<br>■ शिक्षण सिकाईमा क्रियाकलापमा सुधार,<br>■ सिकाई सामग्रीमा पहुँच बढाउने,<br>■ शैक्षिक प्रशासन र व्यवस्थापनलाई प्रभावकारी र सक्षम बनाउने |
| ख) विद्यालयमा कार्यरत जनशक्तिको क्षमता विकास | क) शिक्षकहरूलाई शिक्षण सिकाईको क्रममा सूचना तथा सञ्चार प्रविधिको उपयोगको लागि प्रशिक्षित गर्ने<br>ख) “एक शिक्षक एक ल्यापटप” कार्यक्रममा नगरपालिकाले साझेदारी कार्यक्रम गर्ने, |

| | |
|---|---|
| ग) शैक्षिक व्यवस्थापन प्रणाली सुदृढिकरण | क) माध्यमिक विद्यालयहरूमा वेभसाइट, पोर्टल र विद्युतिय पुस्तकालय (Digital Library)स्थापना गर्ने ।<br>ख) IEMIS प्रणालीको सुदृढिकरण र उपयोग (छात्रवृत्ति, नतिजा, सिकाई उपलव्धि) गर्ने,<br>ग) बालबालिकाहरूको सिकाईलाई पर्वद्धन गर्न मोवाइल एप्स (Mobile Apps) तयार गर्ने । |

**उ) अपेक्षित उपलव्धि :**

सबै माविमा अनिवार्य कम्प्युटर ल्याव, आधारभूत विद्यालयहरूमा प्रोजेक्टरको माध्यमले शिक्षण सिकाई र प्राथमिक तहका विद्यालयहरूमा समेत कम्प्युटर र सो सम्वन्धी जानकार जनशक्तिको व्यवस्थापन भएको हुनेछ। माध्यमिक विद्यालयहरूको वेभसाइट, प्रोटल र विद्युतिय पुस्तकालय (Digital Library) को व्यवस्था गरिएको हुनेछ। विद्युत सुविधा पुगेका आधारभूत विद्यालयहरूमा इन्टरनेट सुविधा उपलव्ध भएको हुनेछ।

## च) विद्यालयमा स्वास्थ्य, पोषण, बालविवाह न्यूनिकरण र अन्तरक्षेत्रगत समन्वय सहकार्य :

**अ) परिचयः**

बालबालिकाहरूको स्वास्थ्य र पोषणको स्थितीले गुणस्तरीय सिकाईमा प्रत्यक्ष रुपले प्रभाव पारेको हुन्छ। प्राथमिक तहका सबै बालबालिकाहरूलाई दिवा खाजाको व्यवस्था गरिएको छ । विद्यालयमा जुकाको औषधि खुवाउने र वर्षमा कम्तिमा २ पटक बालबालिकाहरूको स्वास्थ्य परीक्षण ( उमेर अनुसारको तौल, उचाई र दृश्य क्षमता) को परीक्षणको सुरुवाती गरिएको छ। विद्यार्थी स्वास्थ्य सूचिसहितको हाजीरी रजिष्टरको प्रयोग अनिवार्य गरिएको छ । किशोर किशोरीहरूालाई सघन यौनिकता शिक्षा र महिनावारीको समयमा परामर्श र निःशुल्क सेनेटरी प्याड वितरणको सुरुवाती गरिएको छ। शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका शाखा लगायतका सरकारी तथा अन्य शिक्षाक्षेत्रमा कार्यगर्ने गैर सरकारी सघं सस्थाहरूको समन्वय र सहकार्यलाई अघि वढाईएको छ । विद्यालयहरूमा स्वच्छ पिउने पानी,

सरसफाई र स्वास्थ्य शिक्षा कार्यक्रमले विद्यार्थीहरूको स्वास्थ्य अवस्थामा सुधार, सिकाईमा अभिवृद्धि, लैगिंक समानताको निर्वाह तथा किशोरीहरूको विद्यालय छाड्ने दरमा कमी आउनुका साथै परिवार र समुदायकै परिवर्तनको संवाहकको रुपमा भूमिका निर्वाह गर्नसक्छन । विद्यालय तहमा विकास गरिएका ज्ञान, सीप र अभिवृत्तिले बालवालिकाहरूलाई विद्यालयबाट वास्तविक जीवनमा प्रवेश गरेपछि पनि लामो समयसम्म स्वस्थ, र सुरक्षित जीवनयापन गर्न मद्धत मिल्छ ।

**आ) वर्तमान अवस्था :**

किशोर किशोरीहरूमा उच्च दरमा विद्यालय छाड्ने दर व्याप्त रहको देखिन्छ। नगरपालिका क्षेत्रमै २८ प्रतिशत बालविवाह हुने गरी तथ्यांक रहेको छ। विद्यालय र घरमा पोषणको बारेमा पर्याप्त जानकारी गराउन सकिएको छैन। सबै विद्यालयहरूमा प्राथमिक उपचारका सामग्रीहरूको व्यवस्था भएपनि आकस्मिक कक्षको व्यवस्थापन गर्न सकिएको छैन । यौन, प्रजनन, किशोर र यौवन अवस्थाका परीवर्तन र तिनका प्रभाव व्यवस्थापनका बारेमा उचित परामर्शको कमी रहेको पाइन्छ ।

**इ) प्रमुख समस्या :**

- उच्च बालविवाह दर
- खाद्य सुरक्षा र पोषण बारेको अल्पज्ञान
- विद्यालयमा स्वास्थ्य, शिक्षा र किशोर किशोरीहरूका मुद्दालाई एकीकृत रुपमा लैजान नसक्नु,
- अभिभावकहरूको चेतनाको कमी

**ई) रणनीति र कार्यनीति :**

| रणनीति | कार्यनीति |
|---|---|
| क) बालविवाह न्यूनीकरण | क) बालविवाह न्यूनिकरणका लागि तयार पारिएको कार्ययोजना कानुनी व्यवस्थाहरूको बारेमा अभिमूखिकरण, प्रचार प्रसार, सचेतनामूलक कार्यहरूमा जोड दिने, |

| | |
|---|---|
| | ख) किशोर किशोरीहरूका लागि विद्यालयमा आधारित किशोरी शिक्षा कार्यक्रम सञ्चालन<br>ग) अभिभावकहरूका लागि सामुदायिक सिकाई केन्द्रहरूमार्फत अभिभावक शिक्षा (Parential Education)कार्यक्रम सञ्चालन<br>घ) सवै छात्राहरूका लागि निःशुल्क स्यानेटरी प्याड, सोको प्रयोग र विर्षजनका बारेमा प्रशिक्षणको व्यवस्था मिलाउने, |
| ख) खाद्य तथा पोषण स्थितीमा सुधार | क) सामुदायिक विद्यालयहरूको प्राथमिक तहका सवै बालवालिकाहरूलाई पोषणयुक्त स्वास्थ्यकर दिवा खाजाको व्यवस्था,<br>ख) दिवा खाजा कार्यक्रममा सहयोग गर्ने सहयोगीहरूका लागि खाद्य तथा पोषण, स्वास्थ्य र सरसफाई सम्वन्धमा क्षमता विकास गर्दै सवै विद्यालयहरूमा जंक फुडको निषेध हुनेछ।<br>ग) विद्यार्थीहरूलाई खाद्य तथा पोषण बारेमा क्षमता विकास गराई घरमा गरिने खानेवानी (हरेक बार खाना चार), पोषण चिन्ने र जोगाउने विषयमा पोषण शिक्षा कार्यक्रम सुरुवाती गर्ने,<br>घ) सवै बालवालिकाहरूको वर्षमा कम्तिमा २ पटक स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउने |
| ग) विद्यालयमा गरिने कार्यक्रमहरूमा समन्वय र सहकार्य | क) विद्यालयहरूमा सरकारी तथा गैरसरकारी सघं सस्थाहरूद्वारा सञ्चालन हुने कार्यक्रमहरूलाई दोहोरो नपर्ने गरी समन्वयत्मक रुपमा सञ्चालन गर्ने र सोको अगुवाई शिक्षा शाखाले गर्ने,<br>ख) गैरसरकारी सघं सस्थाहरूले नगरको वार्षिक कार्यक्रममा आफ्नो बजेट तथा कार्यक्रम समावेश गनुपर्ने र “एक सस्था एक कार्यक्षेत्र” का आधारमा कार्यक्षेत्र छनौट र कार्यक्रम कार्यान्वयन गर्ने। |

उ)   **अपेक्षित उपलव्धि :**

योजनाको अन्त्य सम्ममा सबै बालवालिकाहरूले पोषणयुक्त दिवा खाजाको व्यवस्थापन भएको हुनेछ। भेन्डिग मेसीनमार्फत निशुल्क सेनेटरी प्याडको उपलव्धता गराइनेछ। सबै बालबालिकाहरूको स्वास्थ्य परीक्षणको प्रवन्ध मिलाइएको हुनेछ। अभिभावक शिक्षा कार्यक्रम सञ्चालनमा आएको हुनेछ । सबै कार्यक्रमहरूको एकीकृत कार्यान्वयन पछि विद्यालय छाड्ने दरमा कमी आई बालविवाह दर न्यून भएको हुनेछ। सामुदायिक विद्यालय विद्यार्थी र अभिभावकको रोजाई बनेका हुनेछन।

## छ) प्रारम्भिक कक्षा पढाई कार्यक्रम (EGRP) :

अ) **परिचय :**

विद्यार्थीको सिकाइमा केन्द्रित भई शिक्षाको गुणस्तर सुधार गर्ने प्रमुख उद्धेश्यका साथ विद्यालय क्षेत्र सुधार कार्यक्रमले "प्रारम्भिक कक्षा पढाइ कार्यक्रम" लाई सामुदायिक विद्यालयको सक्षमता र गुणस्तर सुधार गर्ने कडिका रुपमा लिएको पाइन्छ । यसले प्रारम्भिक तहका कक्षा १ देखि ३ सम्मका बाल बालिकाको पढाइ सिपको विकासमा जोड दिन्छ। नगरपालिका क्षेत्रमा अधिकांश जनजातिको बाहुल्यता रहेको र नेपाली भाषा दोस्रो भाषाको रुपमा सिक्नेहरुको लागि भाषिक सीप कमजोर भएकै कारण बालवालिकाहरुको सिकाइ उपलव्धिमा समेत प्रभाव परेको पाइन्छ।

आ) **वर्तमान अवस्था :**

रोल्पा नगरपालिका जनजाति विशेष गरी मगरहरुको बाहुल्यता भएको पालिका हो । विद्यालयमा भर्ना भएका विद्यार्थीहरु मध्ये झण्डै आधा ४६ प्रतिशतभन्दा वढि बालवालिकाहरुको मातृभाषा नेपाली भन्दा अलग्गै रहेको छ। घरपरीवारमा सिकेको आफ्नो मौलिक भाषा, विद्यालयमा प्रवेशपछि अध्ययन गर्ने नेपाली भाषा र ऐच्छिक विषयको रुपमा सिकाइने अग्रेजी भाषाका कारण कलिलो उमेरका बालवालिकाहरुमा भाषाको विकास कमजोर भएकै कारण उच्च तहसम्म सिकाई उपलव्धि घट्दो देखिन्छ। कक्षा ५ र ८ मा समेत नेपाली विषयको शैक्षिक उपलव्धि ५० प्रतिशत भन्दा तल रहेको छ । तल्ला कक्षाहरुमा नै पढाई सीप Reading Skill को विकासका लागि यसै आर्थिक बर्षदेखि "प्रारम्भिक कक्षा पढाइ कार्यक्रम" को सुरुवाती गरिएको छ।

इ) **प्रमुख समस्याहरुः**

- त्रैभाषिक बाध्यताका कारण बालवालिकाहरुको कमजोर भाषिक विकास,
- अग्रेजी विषयमा बढि जोड र अभिभावकहरुको मोह,
- सवै विद्यालयहरुमा पुस्तकालय र सिकाइ कुनाको प्रवन्ध गर्न नसकिनु,
- बालवालिकाहरुमा पढाई संस्कार च्भबमष्लन ऋबतिगचभ को कमी,
- बालवालिकाहरुको सिकाईमा अभिभावकको चासो र सहभागिताको कमी,
- शिक्षकहरुको क्षमता विकास र  असल अभ्यासको आदन प्रदानको अभ्यास नहुनु,
- पढाई सीपको मूल्यांकन गर्ने परीपाटीको सुरुवाती नहुनु ।

ई) **रणनीति र कार्यनीति** :

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| क) प्रारम्भिक कक्षा पढाइ सेवा प्रणाली सुधार र सबलीकरण | क) प्रारम्भिक कक्षा पढाइ कार्यक्रम सम्वन्धि इजीआर शिक्षक प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता विकास र अभिमूखिकरण कार्यक्रम सञ्चालन गरिनेछ,<br>ख) विद्यालय र सरोकारवालाहरुबीच त्रैमासिक समिक्षात्मक बैठक गरिनेछ,<br>ग) एकीकृत शैक्षिक व्यवस्थापन र सुचना प्रणाली (**IEMIS**) अद्यावधिक, विश्लेषण र छलफल गरिनेछ,<br>घ) नगर क्षेत्रका उत्कृष्ट विद्यालयहरुमा अध्ययन भ्रमण र सिकाइ आदन प्रदानको सुरुवाती गरिनेछ । |
| ख) शैक्षिक सामग्री विकास र उपयोग | क) प्रत्येक विद्यालयमा पुस्तकालय र कक्षामा कम्तिमा ५० थान पुरक सामग्री सहितको बुक कर्नर स्थापना गरिनेछ,<br>ख) कक्षाकोठालाई छापामय सिकाइ थलोको रुपमा विकास गरिनेछ,<br>ग) शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीको प्रभावकारी प्रयोगको सुनिश्चितताको लागि, शिक्षकलाई शिक्षण माध्यममा सहयोग गर्न क्षमता विकास गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ग) अभिभावक र समुदायको सहयोगरसंलग्नता अभिवृद्धि | क) प्रारम्भिक कक्षा प्रवर्धनको लागि अभिभावक र समुदायका व्यक्तिहरुको सहभागितामा विद्यालयमा बार्षिक रुपमा पढाइ मेला ()आयोजना गरिनेछ,<br>ख) घरमा समेत बालवालिकाहरुको पढाईमा अभिभावकहरुको निगरानी र सहयोगको वातवरण सृजना गर्न अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ,<br>ग) विद्यार्थी मूल्यांकनका आधारमा अभिभावकहरुको प्रतिक्रियालाई समेत आधार लिइनेछ,<br>घ) स्थानीय स्तरमा परम्परागत लोककथाहरु संकलन र वाचन गरी मौलिक ज्ञानलाई संस्थागत गरिनेछ ,<br>घ) स्थानीय एफ एम तथा रेडियोमा आधारित पठनसस्कृति प्रवर्धनमुखी सन्देशमूलक कार्यक्रमको प्रशारण गरिनेछ। |
| ४.अनुगमन, मुल्यांकन र पेशागत सहायता | क) नगरपालिकास्तरीय अनुगमन र मुल्यांकन संयन्त्र र मूल्यांकनका आधारहरु तयार पारी कार्यान्वयन गरिनेछ,<br>ख) National Assessment of Reading and Numeracy -NARN), कक्षाकोठामा आधारीत प्रारम्भिक कक्षा पढाइ परिक्षण (CB–EGRA) जस्ता परिक्षणका नविनतम साधनहरुको उपयोग गरिनेछ,<br>ग) रोष्टर शिक्षक निर्माण र शिक्षक पेसागत सहयोग प्रणालीको विकास गरिनेछ। |

**उ) अपेक्षित उपलव्धि :**

योजनाको अन्यसम्ममा ६६ विद्यालयका कक्षा (१ (३) मा अध्यापन गराउने १०८ जना इजीआर शिक्षक, प्रधानाध्यापकहरुको क्षमता विकास भएको हुनेछ।

विषयगतरुपमा रोष्टर शिक्षकहरुको विकास र पेशागत सहायता प्रदान भएको हुनेछ । प्रत्येक कक्षामा कम्तिमा ५० सेट पुरक सामग्री सहितको बुक कर्नरको स्थापना भएको हुनेछ । योजना अवधिभरमा प्रारम्भिक कक्षा पढाइ परिक्षण (CB–EGRA) गरिएको हुनेछ ।

## ज) विपद् जोखिम न्यूनिकरण र विद्यालय सुरक्षा

### अ) परिचयः

२०७२ सालको विनासकारी भुकम्प पश्चात् विपद् जोखिम न्यूनिकरणलाई योजनाको अभिन्न अङ्गको रुपमा लिन थालिएको छ । सुरक्षित विद्यालयको अवधारणाले समग्र विद्यालय सुरक्षाका तीनवटा खम्वाहरूलाई समेटेको पाइन्छ । पहिलो सुरक्षीत संरचना दोस्रो सुदृढ विपद् जोखिम न्यूनिकरण व्यवस्थापन र तेस्रो समुदाय र सरोकारवालाका वीच सुदृढ उत्थानशीलता । भुकम्प, बाढी, पहिरो, हावाहुरी, आगलागी, चट्ट्याङ जस्ता प्राकृतिक र गैर प्राकृतिजन्य प्रकोपबाट विद्यालयहरूलाई जोखिममुक्त राख्नुपर्ने छ । बालबालिकाहरूलाई विपतपूर्वको सावधानी, विपद्को समयमा गरिने प्रतिकार्य र अभ्यास तथा विपद् पश्चात्को पूनर्लाभको अवस्थाका बारेमा पर्याप्त जानकारी दिन सकेमा यसको सकारात्मक प्रभाव घर तथा समुदायमा समेत पर्ने हुन्छ । विपद् जोखिमको नक्सांकन गरी विद्यालयहरूको विपद् प्रतिकार्य र समग्र विद्यालय सुरक्षा योजना निर्माण र अद्यावधिक गर्नुपर्ने हुन्छ । पछिल्लो समय कोभिड १९ जस्ता विपद्का कारण शिक्षाक्षेत्रमा परेको क्षतिलाई न्यूनिकरण गर्न बैकल्पिक सिकाईका उपायहरूको विकास गरी सिकाईलाई निरन्तरता दिनुपर्ने देखिन्छ ।

### आ) वर्तमान अवस्था :

विद्यालयहरू शान्तिक्षेत्र घोषणा भएपनि पूर्ण रुपमा बालमैत्री बन्न सकेका छैनन । बालवालिकाहरू प्रतिको दुर्व्यावहारका घटनाहरू बेलाबेलामा सुनिने गरेका छन । विद्यालयहरूले विपद् सम्वन्धी कार्ययोजनालाई विद्यालय सुधार योजनाको अभिन्न अगंको रुपमा समावेश गरेका छन । नगरपालिकास्तरीय शैक्षिक संस्थाहरूको विपद् प्रतिकार्य तथा पूर्वतयारी योजना निर्माणको क्रममा रहेको छ । आपतकालीन कार्यसञ्चालन केन्द्र र कोषको स्थापना गर्न कानुनी व्यवस्थाको पहल भईरहेको

अवस्था छ । हाल निर्माणाधिन संरचनाहरू भवन संहिता बमोजिम विपद् प्रतिरोधी बनेका छन ।

इ) **प्रमुख समस्या** :

- शैक्षिक संस्थाहरूको विपद् जोखिम नक्सांकन नभएको,
- एकीकृत विपद् जोखिम न्यूनिकरण कार्ययोजनाको निर्माण गर्न नसकिएको,
- विपद् जोखिम न्यूनिकरण तर्फ सचेतना र पूर्व सूचना प्रणालीको कमी रहेको,
- विपद्का बेला तत्काल आवश्यक पर्ने प्रतिकार्य र पुर्नलाभका सामग्रीहरूको अभाव,
- विद्यालयहरु पूर्णरुपमा लैङ्गिक हिंसामुक्त हुन नसकेका,
- विपद्का समयमा शैक्षिक कार्यक्रमहरूलाई सुचारु गने बैकल्पिक उपायहरूको अभाव,

ई) **रणनीति र कार्यनीति** :

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| क) विपद् जोखिम नक्सांकन र योजना निर्माण | क) सबै विद्यालयहरूको अवस्था अध्ययान गरी सम्भाव्य विपद् आकलन र न्यूनिकरणका लागि जोखिम नक्सांकन र योजना तयार गरिनेछ,<br>ख) निर्माणधिन संरचनाहरूलाई विपद् प्रतिरोधी बनाउदै लैजाने, पुराना र जीर्ण संरचनाहरूको पुर्ननिर्माण गरिनेछ । |
| ख)लैगिंक सवेंदनशिलता कायम गर्ने, | क) विद्यालयमा लैङ्गिकमैत्री वातावरण तयार गरिनेछ,<br>ख) गुनासो पेटिका र उजुरी सुन्ने सयन्त्र तयार र क्षमता विकास गरिनेछ,<br>ग) विद्यालय तथा कक्षाकोठामा हुने हिंसा, दुर्व्यहार, बुलिङ्गलाई निरुस्साहित गर्दै प्रभावकारी सुनुवाही गरिनेछ,<br>घ) शिक्षक पदस्थापन तथा विभिन्न समितिहरूमा लैगिंक पक्षलाई ध्यान राखी समावेशी बनाइनेछ । |

| | |
|---|---|
| ग) विपद्का बारेमा विद्यार्थी, घर परिवार र समुदायको समन्वय र सहकार्यको लागि क्षमता विकास | क) विद्यालयमा घट्न सक्ने संभावित विपद्का बारेमा - विपद्पूर्व, विपद्का समयमा र विपद् पश्चात्) विद्यार्थी, अभिभावक र नजिकको समुदायलाई योजनाका बारेमा अभिमुखिकरण, समन्वय र सहकार्यका लागि प्रशिक्षण गर्ने ।<br>ख) सवै विद्यालयहरूमा प्राथमिक उपचार कक्ष, विपद् प्रतिकार्यका लागि न्यूनतम सामग्री र विपद् व्यवस्थापन कोषको स्थापना,<br>ग) विपद्का समयमा विद्यालयमा शैक्षिक गतिविधिहरूलाई निरन्तरता प्रदान गर्न बैकल्पिक सिकाई कार्यक्रमको विकास गर्ने,<br>घ) विद्यालयका माध्यमले घरपरिवार र समुदायमा हुनसक्ने संभाव्य जोखिमहरूको प्रतिकार्यका लागि क्षमता विकास गर्ने, |
| घ) विपद् प्रतिकार्य टोली निर्माण | क) माध्यमिक विद्यालयहरूमा विपद् प्रतिकार्य टोलीको गठन,<br>क्षमता विकासका लागि सुरक्षा निकायहरूसँगको समन्वय, सहकार्य र समय समयमा ड्रिल अभ्यास गर्ने । |
| ङ) बैकल्पिक सिकाइ कार्यक्रमको सुरुवाती | क) प्राकृतिक तथा मानवीय विपद्का कारण विद्यालय शिक्षा क्षेत्रमा पर्न सक्ने असहजता र कार्यसञ्चालन निरन्तरतालाई मध्यनजर गर्दै Business continuity paln तयार गरिनेछ,<br>ख) बैकल्पिक सिकाइ कार्यक्रमको लागि शिक्षकहरूको क्षमता विकास, सिकाई सामग्रीहरूको विकास गरिनेछ,<br>ग) रेडियो शिक्षा कार्यक्रम र इन्टरनेट सुविधा पुगेका विद्यालयहरूमा इ-लर्निङ्गको सुरुवाती गरिनेछ। |

**उ) अपेक्षित उपलब्धि :**

योजनाको अन्त्यसम्ममा सबै शैक्षिक संस्थाहरूको विपद् जोखिम नक्सांकन र योजना निर्माण भएको हुनेछ। निर्माणाधिन संरचनाहरू प्रकोप प्रतिरोधी र भवन संहिता बमोजिम निर्माण हुनेछन । सबै विद्यालयहरूमा गुनासो पेटिका व्यवस्था गरिएको हुनेछ। विद्यालयमा लैङ्गिक सम्पर्क शिक्षक तोकिएको हुनेछ। विद्यार्थीहरूलाई घर परिवार तथा समुदायमा घट्न सक्ने सम्भावित प्रकोपहरूको बारेमा सचेतीकरणको लागि परिचालन गरिएको हुनेछ। माध्यमिक विद्यालयहरूमा विपद् प्रतिकार्यमा जुटन सक्ने टोली तयार र प्रशिक्षण गरिएको हुनेछ। बृहत विद्यालय सुरक्षा अवधारणा अनुरुप सबै बालवालिकाहरूको लागि अनुकूल र सुरक्षित सिकाई वातवरणको सुनिश्चित भएको हुनेछ।

**झ) अनुगमन तथा मूल्यांकन :**

**अ) परिचयः**

शैक्षिक गुणस्तर अभिवृद्धिको लागि अनुगमन, मूल्याङ्कन र पेशागत सहायता महत्त्वपूर्ण पाटोको रुपमा लिइन्छ । सीमित स्रोध साधन र जनशक्तिको कमीले गर्दा अपेक्षाकृत रुपमा पेशागत सहायता प्रदान गर्न सकिएको अवस्था देखिदैन । नियमित, मागमा आधारित र आकास्मिक अनुगमन र मूल्याङ्कनको माध्यमले शिक्षकहरूको पेशागत विकास गर्दै शैक्षिक सुधार अपरिहार्य छ । प्रधानाध्यापक, अगुवा विद्यालय, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सघं, वडा शिक्षा समिति र नगर शिक्षा समितिले समन्वयत्मक रुपले अनुगमन र मूल्याङ्कनको भूमिका निर्वाह गर्नेछन । नतिजा केन्द्रित र वस्तुगत सुचकहरूमा आधारित बनाई विद्यालयको शैक्षिक सुधार र सिकाई उपलब्धि बृद्धितर्फ अवको अनुगमन मूल्याङ्कन र पेशागत सहायतालाई केन्द्रित गरिनेछ।

**आ) वर्तमान अवस्था :**

शिक्षा संरचनाको सेती परियोजना देखिको अभ्यास स्रोतकेन्द्र र स्रोतव्यक्ति खारेजी भएको अवस्था छ । विद्यालय निरीक्षणको मुख्य जिम्मेववार विद्यालय निरीक्षकहरूलाई टेवल वर्कर बनाइएको अवस्था छ । हाल विद्यालय अनुगमन र मूल्याङ्कनको जिम्मेवारी कानुनत स्थानीय सरकारकै कार्यक्षेत्रमा रहेतापनि जनशक्ति र स्रोत साधनको अभावले प्राथमिकतामा पर्न सकेको देखिदैन । विषयगत रुपमा

समूह सुपरीवेक्षण, अगुवा विद्यालयहरूले फिडर विद्यालयहरूलाई शैक्षिक सहायता प्रदान र मागमा आधारित सुपरीवेक्षण जस्ता कार्यहरू मार्फत विद्यालय अनुगमनको सुरुवाती गरिएको छ ।

इ) **प्रमुख समस्या :**

- स्रोतकेन्द्र र स्रोतव्यक्तिको खारेजी,
- जनशक्ति र स्रोत साधनको कमी,
- नतिजा मूलक वस्तुनिष्ट सूचक र क्षमता विकासको कमी
- अनुगमन मूल्याङ्कनलाई कक्षाकोठा केन्द्रित र सिकाई क्षमता बढोत्तरी तर्फ केन्द्रित गर्न नसकिएको
- अनुगमन, पेशागत सहायता,नियमित पृष्ठपोषण, सीकाई उपलब्धिको सुधारवीचमा तालमेल नभएको,

ई) **रणनीति र कार्यनीति :**

| रणनीति | कार्यनीति |
|---|---|
| क) नतिजामूलक अनुगमन प्रणालीको स्थापना | क) अनुगमन प्रणालीलाई शिक्षक सहायता र पेशागत क्षमता अभिवृद्धि तर्फ केन्द्रित गरिनेछ,<br>ख) अनुगमन कर्ताको मुख्य भूमिका र बस्तुगत सूचकहरूको पहिचान र विकास गरिनेछ,<br>ग) विद्यालय अनुगमन कार्यको समीक्षा र सुधारको लागि पृष्ठपोषण प्रणालीको स्थापना गरिनेछ, |
| | घ) अनुगमन कर्ताको क्षमता विकास, स्रोत साधन उपलव्धता र आवश्यकता अनुसार विषयतग, समूह सुपरीवेक्षण र मागमा आधारित सुपरीवेक्षणमा जोड दिइनेछ,<br>ङ) अगुवा विद्यालय मार्फत (Leader to feeder Approach) का आधारमा अन्य विद्यालयहरूको विषयगत शिक्षक समूह, व्यवस्थापनको क्षमता विकास र सहायताका कार्यहरू गरिनेछ, |

| | |
|---|---|
| ख) अनुगमनकर्ताको भूमिका पहिचान र समन्वय | क) विद्यालयहरूको लागि नियमित अनुगमन कार्यको समन्वय शिक्षा शाखाले गर्नेछ, अनुगमनकर्ताको मुख्य भूमिका देहायवमोजिम हुनेछ।<br>अ) विद्यालय व्यवस्थापन समितिको जिम्मेवारी :<br>▪ विद्यालयको व्यवस्थापकीय पक्ष (भौतिक, मानवीय, आर्थिक, शैक्षिक) को प्रवन्ध र उपयोगको अवस्था,<br>▪ विद्यालय तहका योजना कार्यान्वयनको अवस्था,<br>▪ शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयले गरेका कार्यहरू र प्रगतिको अवस्था<br>आ) शिक्षक अभिभावक सघंः<br>▪ वित्तिय पारदर्शिता र जवाफदेहिता कायम भए नभएको,<br>▪ विद्यालयमा सञ्चालित कार्यक्रमहरूको प्रभावकारिता,<br>▪ अभिभावकहरूको विद्यालयप्रतिको गुनासो र समस्या<br><br>इ) प्रधानाध्यापक :<br>▪ दैनिक प्रशासन सञ्चालनको अवस्था,<br>▪ शिक्षक कार्यसम्पादन र तत्काल सुधारका लागि सुझाव,<br>▪ शिक्षक (Teacher Time and Task) को अनुगमन<br>ई) वडा शिक्षा समिति :<br>▪ वडा शिक्षा योजना कार्यान्वयन,<br>▪ वडाभित्र रहेका शैक्षिक संस्थाहरू र कार्यक्रमको कार्यान्वयनको अवस्था,<br>▪ शैक्षिक गुणस्तर अभिवृद्धि र सुशासन कायम गर्ने कार्यसँग सम्वन्धित अन्य पक्षहरू<br>उ) नगर शिक्षा समिति :<br>▪ नगरपालिकाको समग्र शिक्षा क्षेत्रका योजना, कार्यक्रम कार्यान्वयनको अवस्थाको अनुगमन, मूल्याङ्कन,समन्वय र सहजीकरण। |

| | |
|---|---|
| ग) अनुगमनलाई शैक्षिक प्रणालीको अभिन्न अगंको रुपमा स्थापना र विकास | क) अनुगमन, सुपरीवेक्षण प्रणालीलाई क्रमश मागमा आधारित (Demand Driven)बनाउदै लगिनेछ,<br>ख) अनुगमन र यस्को प्रतिवेदनका बारेमा नगर शिक्षा समितिमा छलफल समीक्षा गरिनेछ,<br>ग) अनुगमन कार्यको आधारमा शिक्षक तथा विद्यालयहरूलाई पृष्ठपोषण, उत्प्रेरणा र प्रोत्साहन उपलव्ध गराउने प्रणालीको विकास गरिनेछ। |

**उ) अपेक्षित उपलव्धि :**

योजनाको अन्त्यसम्ममा शैक्षिक क्रियाकलापको अभिन्न पाटोका रुपमा अनुगमन मूल्याकन प्रणालीलाई स्थापित गरिएको हुनेछ। अनुगमनलाई वस्तुनिष्ट सूचकहरूका आधारमा नतिजासँग आवद्ध गरिएको हुनेछ। मागमा आधारित र प्रविधिजन्य अनुगमन मूल्याङ्कन प्रणालीलाई बढवा दिइएको हुनेछ। अनुगमन मूल्याङ्कनका आधारमा शिक्षक तथा विद्यालयहरूलाई उत्प्रेरणा र प्रोत्साहन उपलव्ध गराउने प्रणाली विकास गरिएको हुनेछ।

## परिच्छेद ५

# वित्तिय व्यवस्थापन

**क) परिचय :**

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य माध्यमिक तह निःशुल्क उपलब्ध गराउने संबैधानिक प्रावधान रहेको छ । आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ। आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाई केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका टिउसन, कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलब्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्येही, नियमित, प्रभावकारी र पारदर्शी ढँगले व्यवस्थापन गर्नुपर्नेछ।

वित्तिय व्यवस्थापन अन्तर्गत दुइवटा पक्षहरूलाई समेटिएको छ। एकातर्फ योजना कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तिय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा संघीय सरकारबाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुऱ्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र शैक्षिक सुशासन कायम गर्दै अघि बढ्नुपर्ने हुन्छ ।

**ख) वर्तमान अवस्था :**

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको

कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ। (२०७७/०७८ मा ११.६% ) नगरपालिका क्षेत्रमा योजना तर्जुमाको आधार वर्षमा संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाको गरी १९,९०,५२,००० शिक्षा क्षेत्रमा विनियोजन भएको अवस्था रहेको छ। सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ। गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन। विद्यार्थी संख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावको प्रत्यक्ष लागनीका अतिरिक्त नगरपालिका क्षेत्रमा अध्यायनरत विद्यार्थीको प्रतिविद्यार्थी लागत १७०६० रहेको छ। नगरपालिकाले छात्रवृत्तिमा उल्लेख लगानी गरेको अवस्था छ। विद्यालयहरूले वार्षिक रुपमा झण्डै २ करोड ७६ लाख निजी शिक्षकहरूको तलव भत्तामा जुटाउनै पर्ने दयनिय अवस्था रहेको छ। तिहारको भैलो देखि अभिभावकको सहयोग विद्यालयका आम्दानीका प्रमुख स्रोतहरू बनेका छन। यो वर्षदेखि विद्यालय विकास कोषको सुरुवाती गरिएको छ।

ग) **नगर शिक्षा योजना कार्यान्वयनको लागि वित्तिय व्यवस्थापन** :

अ) **परिचय** :

पञ्चबर्षीय नगर शिक्षा योजना कार्यान्वयनको वित्तिय व्यवस्थापनका मुख्य स्रोत संघीय, प्रदेश र स्थानीय सरकार रहनेछन। अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ। शिक्षा क्षेत्रमा कार्य गर्ने संघ सस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ। समग्र वित्तिय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि पर्याप्त वित्तिय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तिय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन। नतिजामा आधारित स्रोत विनियोजन पद्धति

मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ।

आ) ५ वर्षे प्रस्तावित खर्चको ढाँचा : (अनुसूचिमा राखिएको छ)

इ) स्रोत अनुमान (थैली) को आकलन :

| **सि. न** | **वित्तिय स्रोत व्यवस्थापन** | **कुल बजेट रु** | **जम्मा हिस्साको प्रतिशत** | **कैफियत** |
|---|---|---|---|---|
| १ | संघीय सरकार | १,११,४५,००,०६४ | ७३.६० | |
| २ | प्रदेश सरकार | १७,२८,००,००० | ११.४० | |
| ३ | नगरपालिका | ९,७५,००,००० | ६.४० | |
| ४ | अभिभावक /समुदाय/ शैक्षिक दाता | ९,५०,००,००० | ६.३० | |
| ५ | अन्य सघं/सस्था | ३६,००,००० | ०.२० | |
| ६ | स्थानीय दाता, Trust लगायतका स्रोतहरूको खोजी र परिचालन | ४२,००,००० | ०.३० | |
| ७ | अपुग रकम रु | २,७५,००,००० | १.८० | |
| जम्मा | | १,५१,५१,००,०६४ | १००% | |

## अनुसूचि १

## पञ्चवर्षीय योजना अवधि (२०७७ – २०८१)

| सि.न | शिर्षक | कुल बजेट | २०७७/२०७८ | २०७८/२०७९ | २०७९/२०८० | २०८०/२०८१ | २०८१/२०८२ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| क) | शिक्षक तलव भत्ता तर्फ | १०१५६७००० | १११७२३७०० | १२२८९६०७० | १३५१८५६७७ | १४८७०४२४५ | १७१००९८८१ | ६८९५१९५७३ |
| १. | आधारभूत शिक्षक तलव भत्ता | ८९३५१००० | ९८२८६१०० | १०८११४७१० | ११८९२६१८१ | १३०८१८७९९ | १५०४४१६१९ | ६०६५८७४०९ |
| २. | माध्यमिक शिक्षक तलव भत्ता | १२२१६००० | १३४३७६०० | १४७८१३६० | १६२५९४९६ | १७८८५४४६ | २०५६८२६२ | ८२९३२१६४ |
| **ख)** | **विद्यालय क्षेत्र विकास कार्यक्रम तर्फ** | ७६७८३००० | ७९२५९१४० | ८१८७८८५०.८ | ८४६५४४०८.६१६ | ८७५९९२७६ | ९१५८८८१६ | ४२४९८०४९१ |
| १. | बालविकास शिक्षक, विद्यालय कर्मचारी र सहयोगीहरूका लागि तलव भत्ता, पोशाक समेत | ११७५६००० | १२९३१६०० | १४२२४७६० | १५६४७२३६ | १७२११९६० | १९७९३७५४ | ७९८०९३०९ |
| २. | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सामग्री व्यवस्थापन (कक्षा ८ को परीक्षा व्यवस्थापन समेत) | २७२४००० | २७७८४८० | २८३४०५० | २८९०७३१ | २९४८५४५ | ३००७५१६ | १४४५९३२२ |
| ३. | दिवा खाजा कार्यक्रम | १९९३४००० | २०३३२६८० | २०७३९३३४ | २११५४१२० | २१५७७२०३ | २२००८७४७ | १०५८१२०८३ |
| ४. | विद्यालय भौतिक पूर्वाधार निर्माण | २९८०००००० | ३०३९६००० | ३१००३९२० | ३१६२३९९८ | ३२२५६४७८ | ३२९०१६०८ | १५८१८२००५ |
| ५. | विद्यालय सञ्चालन तथा व्यवस्थापन | ३३२६००० | ३३९२५२० | ३४६०३७० | ३५२९५७८ | ३६००१६९ | ३६७२१७३ | १७६५४८१० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६. | शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन | ५२८४००० | ५३८९६८० | ५४९७४७४ | ५६०७४२३ | ५७१९५७२ | ५८३३९६३ | २८०४८१११ |
| ७. | अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम | २१५२००० | २१९५०४० | २२३८९४१ | २२८३७२० | २३२९३९४ | २३७५९८२ | ११४२३०७६ |
| ८. | निःशुल्क पाठ्यपुस्तक कार्यक्रम | ३५७३००० | ३६४४४६० | ३७१७३४९ | ३७९१६९६ | ३८६७५३० | ३९४४८८१ | १८९६५९१६ |
| ९. | छात्रवृत्ति (आवासिय र गैरआवासिय दुवै) | ३७१२००० | ३७८६२४० | ३८६१९६५ | ३९३९२०४ | ४०१७९८८ | ४०९८३४८ | १९७०३७४५ |
| १०. | स्यानेटरी प्याड व्यवस्थापन | २०९८००० | २१३९९६० | २१८२७५९ | २२२६४१४ | २२७०९४३ | २३१६३६२ | १११३६४३८ |
| ११. | संघीय सरकार (विशेष र गुणस्तर सुधार अनुदान) | १०००००००० | १०००००००० | १०२००००० | १०४०४००० | १०६१२०८० | १०८२४३२२ | ५२०४०४०२ |
| **ग)** | **प्रदेश सरकारबाट प्राप्त कार्यक्रम** | ७२०२००० | ७२५०००० | ७३००००० | ७३५०००० | ७५४०००००० | ७५५०००००० | १७२८००००० |
| १. | भौतिक पूर्वाधार विकास तर्फ (विशेष अनुदान) | ७०००००० | ७०००००० | ७०००००० | ७०००००० | ७५०००००० | ७५०००००० | १७१०००००० |
| २. | शैक्षिक गुणस्तर सुधार तर्फ | २०२००० | २५०००० | ३००००० | ३५०००० | ४००००० | ५००००० | १८००००० |
| **घ)** | **नगरपालिका तर्फको कार्यक्रम** | १३५०००००० | १५५०००००० | १७५०००००० | १९०००००० | २१५०००००० | २४०००००० | ९७५०००००० |
| १. | विद्यालय शिक्षा विकास तर्फ | १०००००००० | १२०००००० | १३५०००००० | १५०००००० | १७५०००००० | २०००००००० | ७८०००००० |
| २. | छात्रवृत्ति तर्फ | ३५००००० | ३५००००० | ४०००००० | ४०००००० | ४०००००० | ४०००००० | १९५००००० |
| | **जम्मा रु** | ११९०५२००० | २१३७३२८४० | २२१५७४१२०.८ | २४६११००८५.६१६ | ३३३२०३५२० | ३६२०९८६१७ | १३८४८०००६४.११९ |

# रोल्पा नगरपालिका

## १ नं वडाको वडा शिक्षा योजना

**वडा शिक्षा समितिका पदाधिकारीहरूको नामावली**

| | | |
|---|---|---|
| १. | श्री राजन कवर | - अध्यक्ष |
| २. | श्री गायत्री वि.क. | - सदस्य |
| ३. | श्री गञ्ज बहादुर कवर | - सदस्य |
| ४. | श्री ओविलाल महरा | - सदस्य |
| ५. | श्री शेर बहादुर कवर | - सदस्य सचिव |

# हाम्रो भनाई

शिक्षाको सुनौलो भविष्यको सुन्दर गोरेटाहरू कोर्नको निमित्त सचेतना, संज्ञान तथा उत्प्रेरणा दिने पहिलो संस्था शिक्षा नै हो । विद्या ज्ञान र चेतनाको पवित्र मानिने सामुदायिक विद्यालय जस्तो स्वार्थ रहित सामाजिक संस्थाले कलिला बालबालिका तथा बाल मष्तिस्कहरूलाई ओझपूर्ण तरिकाले संज्ञानात्मक पक्षहरूबाट भरिपूर्ण गराई सुनौलो भविष्यको दक्ष योग्य र कर्मठ नागरिक उत्पादन गर्ने ध्यय राख्दछु । शिक्षा भनेको सिकाइ र व्यवहारका तालमेल पनि हो ।जसमा शिक्षा पक्ष प्रधान भएर आँउछ । शिक्षा विनाको जीवन अन्धो हुन्छ । यसर्थ पनि जीवनको पहिलो आँखा नै हो ।

वडा शिक्षा योजना निर्माण गर्ने क्रममा छलफल तथा अन्तरक्रियामा औपचारीक तथा अनौपचारिक रुपले सहयोग पुऱ्याउनुहुने बुद्धिजीवी तथा समाजसेवीहरूप्रति विशेष आभार प्रकट गर्दछु ।

योजना निर्माणको क्रममा अहोरात्र खट्नुहुने वडाशिक्षा समिति सदस्यहरू र विषयगत शिक्षकहरूप्रति आभारी छु ।योजना निर्माणको निम्ति छोटो समयमा पूर्णता दिन अहोरात्र खट्नुहुने जवाफदेहि हुनुहुने प्र.अ.हरू ओविलाल महरा ,कुलमान घर्ती, भूपबहादुर के.सी.भर्जित रावत, थामबहादुर कवर, शोभा कवर र वडा शिक्षा सदस्य सचिव श्री शेर बहादुर कवरलाई धन्यवाद दिन चाहन्छु । कम्प्युटर टाइपिङ तथा सेटिङमा सहयोग गर्दै आवश्यक सल्लाह सुझाब प्रदान गर्नुहुने वडा शिक्षा समिति सदस्य श्री गञ्ज बहादुर कवर, शिक्षक उदयसिं गिरी र शिक्षक निर्मला गिरीप्रति कृतज्ञता व्यक्त गर्दछु । अन्त्यमा यो वडा शिक्षा योजनामा क्रियाशिल सवैलाई एकमुष्ट रुपमा धन्यवाद दिन चाहन्छु । परिश्रमको फल मिठो हुन्छ, हाम्रो सपना र लक्ष्य अवश्य पूरा हुनेछ भन्ने आशा र विश्वास गर्दछु । धन्यवाद

**राजन कवर**
वडाध्यक्ष १ नं वडा कार्यालय रोल्पा

खण्ड एक

# परिचय

## क) वडाको सामान्य परिचय

रोल्पा जिल्लाको रोल्पा नगरपालिका वडानं १ प्रदेश नं. ५ अन्तर्गत सुनिल स्मृति गाउँपालिकासँग सीमाना जोडिएको छ । देश राज्य पुनसंरचना पछि रोल्पा जिल्ला १० स्थानीय तह र ७२ वडामा रुपान्तरण भएको छ। ती वडाहरू मध्येको पूर्वमा सुनिल स्मृति गाउँपालिका वडा नं. ५, पश्चिममा रोल्पा नगरपालिका वडा नं ४, उत्तरमा पनि रोल्पा नगरपालिका वडानं ४,दक्षिणमा सुनिल स्मृती गाउँपालिका कै वडा नं २ पर्दछ । रोल्पा नगरपालिका १० वटा वडा मध्ये रोल्पा जिल्लाको सदरमुकाम लिवाङ्गबाट करिब ५ कि.मी. पूर्व वडा कार्यालय अवस्थित छ।

भौगोलिक स्थितिको आधारमा सदरमुकाम देखि करिब १३०० मिटर उचाइमा अवस्थीत यस वडाकोल केन्द्र बामरुक हो । यस वडामा जम्मा ८ वटा सामुदायिक विद्यालय जसमा माध्यमिक २, आधारभूत २ र प्रा.वि. २ रहेका अवस्था छ। यस वडा रोल्पा जिल्लाकै गौरबको रुपमा प्रविधिक शिक्षालय अन्तर्गत १ रोल्पा पोलिटेक्निक इष्टिच्यूट रहेको छ । यहाँ बाली विज्ञान र पशु विज्ञान डिप्लोमा तहको पठनपाठन सञ्चालन रहेको छ । रोल्पा नगरपालिका वडा नं १ मा रहेको सामुदायिक विद्यालयमा करिब १२०० जना विद्यार्थीहरू अध्ययनरत छन् । कुनै पनि समुदायलाई अग्रगमन तिर लैजान यो सामुदायको भूमिकामा निर्भर रहन्छ । मानव जातिको सृष्टिसँगै समयानुकुल मानवीय आवश्यकता पूरा गर्न समयानुकुल शिक्षा र चेतनाको विकास हुँदै आएको छ । कुनै दिन धार्मिक ग्रन्थका आधारमा शिक्षा दिइन्थ्यो। शिक्षा ऋषिमुनीको कुटीमा मात्र सिमित थियो। राणाकालमा पनि शिक्षा दरबारमा मात्र सिमित थियो । चेतनशिल जनताको आफ्नै स्तरबाट अनौपचारिक रुपमा शिक्षा आर्जन गरेका थिए। जसरी देशको राजनैतिक बातावरणले एक पछि अर्को जनपक्षीय हुदै गयो, शिक्षामा पनि व्यापकता र औपचारिक शिक्षाको विकास पनि हुँदै आएको छ। वर्तमान समयमा शिक्षामा गुणस्तरीयता वैज्ञानिक व्यवहारिक

र सृजनशिल हुनुपर्छ भनी प्रतिस्पर्धात्मक तरिकाले शिक्षा दिने र लिने काम भै रहेका छ। जिल्लाको सदरमुकामसँग जोडिएको वस्ती शिक्षा सञ्चार र प्रविधिले विश्वलाई भूमण्डलीकरण गरिसकेकोले स्तर उठाउनु आवश्यक छ।

**ख) भौगोलिक अवस्था**

जनसंख्या - ३२२४ (महिला १७२० पुरुष १५०४)
घरधुरी संख्या - ७३९
हावापानी - समशितोष्ण
उचाई - करिब १३०० मीटर

**नदि खोला–**

माडी खोला लहरीखोला, धमखोला, गुना खोला(धारापानी), ओखरेनीखोला( पाहाना), खोल्चावाङ खोला (पेदिखोला), खजुरी खोला(सल्लीबोट), प्युरीखोला( लिपुवाङ), छहरेखोला, सेटो छहरा (खेवासे), घण्टी खोला,करेगाँउखोला, पधेरी खोला, मुलखोला।

**धार्मिक स्थल तथा पर्यटकीय खनिज :–**

भदौरे मन्दिर (बामरुक) बराह मन्दिर (बारीचौर), ठुटेपोखरी निरवंशी,काफ्ले कटारी मस्त बराह मन्दिर(कालापानी), सिद्धबराह मन्दिर(खेवासे), सारकुपा मन्दिर (सल्लिवोट), स्लेट ढुंगाखानी (पाहाना)बाह्रभाई बराह(लिपुवाङ)

**व्यापारीक स्थल :–**

बारीचौर,सल्लिबोट,पाखेधारा,हरिगातिना नौधारा सानोलिवाङ

**विद्यालय कलेज :–**

६ वटा सामुदायिक विद्यालय - तारा मा.वि.बामरुक, इन्द्रेश्वरी मा.वि. खेवासे, बागेश्वरी आधारभूत विद्यालय सल्लिबोट, डिल्लेश्वरी आधारभूत विद्यालय हरिगातिना, दिपेन्द्र प्रा.वि. लिपुवाङ र कृष्ण प्रा.वि.धारापानी तथा रोल्पा पोलिटेक्निक ईष्टिच्यूट मेवाङ।

**स्वास्थ्य इकाई :–**

३ वटा शहरी स्वास्थ्य क्लिनिक हरिगातिना शहरी स्वास्थ्य क्लिनिक खेवासे, शहरी स्वास्थ्य क्लिनिक लिपुवाङ

१. **सामाजिक अवस्था**

रोल्पा जिल्लाको केन्द्रविन्दुमा रहेको रोल्पा नगरपालिका वडा नं १ बामरुकको आफ्नै ऐतिहासिक भौगोलिक सामाजिक धार्मिक साँस्कृतिक महत्त्व र विशेषताले भरिपर्ण रहेको छ। यहाँ जनशक्ति क्षेत्री र दलितको बाहुल्यता रहेको छ भने छिटफुटरुपमा अन्य जातिको पनि बसोवास छ। यस वडामा हिन्दु धर्माबलम्बीहरूको बाहुल्यता रहेका पाइन्छ। भालुबाङ लिवाङ पक्की बाटोमापनि भौगोलिक विकतताले केहि बस्तीहरू यातायातको दृष्टिले वर्षामा मुस्किलले चल्ने गर्दछ। कृषिमा भन्दा ज्याला मजदुरी नोकरी तथा वैदेशिक रोजगारीमा वढि आकर्षित भएको अवस्था छ। केहि भूमी कृषि योग्य भएपनि सिँचाइ तथा अन्य सुविधाको कारण पर्याप्त खेती गर्न सकिएको छैन। सामान्यतया आफ्नै परम्परा तथा संस्कृति अनुसार विवाह जन्म मृत्यु लगायतका संस्कारहरू मनाउने चलन छ। १ नं. वडाको भू भाग अधिकांश पाखा पखेरा डाँडाहरू छन् । प्राकृतिक श्रोतका साथ पूर्वाधारका तुलनामा शिक्षा स्वास्थ्य यातायात विद्युत सञ्चार खानेपानी तथा सरसफाइ सन्तोषजनक रहेको छ। ढुंगा खानी जडिवुटी फलफूल खेती आदीमा प्रख्यात छ।

३. **आर्थिक अवस्था**

रोल्पा नगरपालिका वडा नं. १ को आर्थिक श्रोत अन्तर्गत ज्याला, मजदुरी, कृषि, पशुपालन, तरकारी, फलफूल खेती, बैदेशिक रोजगार, नोकरी आदि रहेका छन् । आर्थिक क्रियाकलापका आन्तरिक दिगो स्रोत साधनहरूको कमी नै रहेको छ। पक्की सड्क भन्दा अन्य स्थानहरूमा व्यपारीक गतिविधिहरू परम्परागत ढँगका नै रहेका छन।

४. **प्रशासनिक अवस्था**

रोल्पा नगरपालिका वडा नं. १ वडा कार्यालय जनतालाई दैनिक प्रशासनको अनुभूति प्रदान गर्न तथा प्रशासनिक कार्यलाई जनमुखी बनाउनको लागी सक्रिय रहेको छ। यस वडा अन्तर्गत २ स्वास्थ्य चौकी ,२ माध्यमिक विद्यालयसमेत ६ वटा विद्यालय र १ वटा डिप्लोमा तहको प्राविधिक शिक्षा तथा व्यावसायिकतालिम परिषद् रहेको छ। नगरपालिका केन्द्रसँग जोडिएको वडा भएको हुनाले सदरमुकाम तथा नगरमुकामबाट अन्य प्रशासनिक गतिविधिहरू सञ्चालनमा भने सहजता रहेको छ।

## खण्ड ख

# वडा शिक्षा योजनाको परिचय

**क) वडा शिक्षा योजनाको परिचय :**

विकेन्द्रित योजना निर्माणको अभ्याससँगै हरेक विद्यालयहरूले ५ वर्षे विद्यालय सुधार योजना निर्माण गर्ने कार्यको थालनी भएको छ। वडाभित्र रहेका विद्यालयहरूको शैक्षिक, भौतिक, आर्थिक, मानवीय पक्षहरूको सुधार र रुपान्तरण गर्दै शिक्षा प्रदायक यस्ता निकायहरूको प्रभावकारी नियमन गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्ने निकायको रुपमा वदल्नुपर्नेछ। जननिर्वाचित प्रतिनिधिहरूको पहिलो कार्यकालको शैक्षिक हवको रुपामा रोल्पा नगरपालिकालाई विकास गर्ने प्रतिवद्धतालाई व्यवहारिक रुपमा रुपान्तर गरी गुणस्तरीय शिक्षाको योजनावद्ध विकास, वडाभित्रका विद्यालयहरूमा सञ्चालन हुने शैक्षिक क्रियाकलाप, गतिविधिहरूमा एकरुपता र पारदर्शिता कायम गरी अभिभावकहरूको रोजाईका केन्द्र सामुदायिक विद्यालयहरू बनाउन यो योजना तर्जुमा गरिएको छ।

**ख) वडा शिक्षाको योजनाको औचित्य**

- विद्यालयको शैक्षिक भौतिक र अर्थिक अवस्था सुधार गर्न ,
- शैक्षिक गुणस्तर अभिवृद्धि गरि प्रतिस्पर्धी जनशक्ति तयार गर्न ,
- विपन्न असहाय र अपाङ्ग जोखिममा परेका वालवालिकालाई मूल धारमा ल्याउन,
- वालश्रम वालविवाहका कारण विद्यालय छाडेकालाइ शिक्षाको पहुँचमा ल्याउन
- योजना लगानी प्रक्रिया र प्रतिफलको कार्यान्वयन गर्न ,
- शैक्षिक लक्ष्य तथा कार्यक्रम निर्धारण गर्न ,
- शैक्षिक समस्या पहिचान गरि आवश्यकता प्राथमिकरण श्रोत आँकलन गरि पहिचान र विश्लेषण गर्न ,
- सूचक क्रियाकलापको आधारमा बजेट योजना बनाउन,
- प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरी शैक्षिक गुणस्तर कायम गर्न।

**ग)  योजनाका मार्गदर्शन र निर्माण प्रक्रिया :**

विद्यालय शिक्षा क्षेत्रमा हाल कार्यन्वयमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम, प्रन्ध्रौ योजना, नेपालको संविधान र दिगो विकासका लक्ष्य जस्ता राष्ट्रिय एवंम् अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता रोल्पा नगरपालिकालाई शैक्षिक हव बनाउने चुनावी घोषणापत्र र शिक्षा पाउने नागरिकको मौलिक हक जस्ता पक्षहरूलाई हाम्रो सापेक्षतामा स्थानीयकरण गर्न प्रयास गरिएको छ। विद्यालयहरूले तयार गरेको ५ वर्षे विद्यालय सुधार योजनाको आधारमा वडाभेला, प्रधानाध्यापकहरूको बैठक वसी प्राप्त सुझाव र सल्लाहलाई समेटी योजना निर्माण कार्यदल गठन गरी योजना बनाइएको छ। योजना वडा समितिले स्वीकृत गरेपछि कार्यन्वयमा आउनेछ।

**६.  योजनाको समयावधि**

विकेन्द्रित स्वरुपको यो योजना शिक्षा क्षेत्रको सूक्ष्म योजनाको अभ्यास अन्तर्गत पर्नेछ। नतिजामा आधारित यो योजनाका क्रियाकलापहरू आगामी ५ वर्षसम्ममा हासिल हुने गरी तयार गरिएकोछ। यस योजनामा प्रस्तुत क्रियाकलापहरू आ.व.२०७६/०७७ देखि २०८०/०८१ सम्ममा पूरा हुने अपेक्षाका साथ योजना तर्जुमा गरिएकोछ।

# विद्यालयहरूको वर्तमान अवस्था र सिकाई उपलब्धि

## १. विद्यार्थी विवरण

| क्र. स. | विद्यालय | बालविकास | | | कक्षा १ | | | कक्षा २ | | | कक्षा ३ | | | कक्षा ४ | | | कक्षा ५ | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | श्री कृष्ण प्रा.वि.धारापानी | १६ | ९ | २५ | ८ | १८ | २६ | ८ | १० | १८ | ८ | १२ | २० | ११ | १० | २१ | ३ | ८ | ११ | ५४ | ६७ | १२१ |
| २ | दिपेन्द्र प्रा.वि. लिपुवाङ | ८ | ७ | १५ | ११ | ५ | १६ | ३ | ४ | ७ | ४ | ६ | १० | ६ | ५ | ११ | ४ | ५ | ९ | ३६ | ३२ | ६८ |
| ३ | डिल्लेश्वरीआधारभूत विद्यालय हरिगातिना | ५ | १२ | १७ | ८ | १० | १७ | १० | ३ | १३ | २ | ७ | ९ | ७ | ९ | १६ | १० | ४ | ९ | ४२ | ४५ | ८७ |
| ४ | बागेश्वरी आधारभूत विद्यालय सल्लीवोट | २ | ७ | ९ | ७ | ५ | १२ | ३ | ४ | ७ | ११ | ९ | २० | ३ | ८ | ११ | ३ | ७ | १० | २९ | ४० | ६९ |
| ५ | इन्द्रेश्वरी मा.वि. खेवासे | ८ | १८ | २६ | १२ | १२ | २४ | १३ | १३ | २६ | १२ | १३ | २५ | ५ | १२ | १७ | १९ | ११ | ३० | ६९ | ७९ | १४८ |
| ६ | तारा मा.वि. बामरुक | ७ | ९ | १६ | २३ | १८ | ४१ | १२ | १२ | २४ | ८ | ११ | १९ | ५ | १४ | १९ | ९ | ५ | १४ | ६४ | ६९ | १३३ |

| क्र. स. | विद्यालय | कक्षा ६ | | | कक्षा ७ | | | कक्षा ८ | | | कक्षा ९ | | | कक्षा १० | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | कुल जम्मा |
| १ | श्री डिल्लेश्वरी आधारभूत विद्यालय हरिगतिना | ८ | १४ | २२ | | | | | | | | | | | | | ८ | १४ | २२ |
| २ | बागेश्वरी आधारभूत विद्यालय सल्लीवोट | ७ | ७ | १४ | १६ | १३ | २९ | १६ | ७ | २३ | | | | | | | ३९ | २७ | ६६ |
| ३ | इन्द्रेश्वरी मा.वि. खेवासे | १२ | १५ | २९ | १४ | २२ | ३६ | ९ | १३ | २२ | २२ | १२ | ३४ | ७ | ४ | ११ | ६४ | ६६ | १३० |
| ४ | तारा मा.वि. बामरुक | ३६ | २५ | ६१ | ३४ | २६ | ६० | ३१ | २५ | ५६ | ४० | ३४ | ७४ | २१ | १५ | ३६ | १६२ | १२५ | २८७ |

## २. विद्यार्थीहरूको सिकाई उपलब्धी विवरण

| क्र. सं. | विद्यालयको नाम | प्राथमिक तह (१–५) | आधारभूत तह (६–८) | माध्यमिक तह (९–१०) |
|---|---|---|---|---|
| १ | श्री कृष्ण प्रा.वि.धारापानी | ५२.५२ | | |
| २ | श्री दिपेन्द्र प्रा.वि.लिपुवाङ | ४८.६१ | | |
| ३ | श्री डिल्लेश्वरी आ.वि. हरिगातिना | ५८.२० | | |
| ४ | श्री वागेश्वरी आ.वि. सल्लिवोट | ५८.०० | ४८ | |
| ५ | श्री इन्द्रेश्वरी मा.वि. खेवासे | ४३.३२ | ४८.२६ | ४५.७० |
| ६ | श्री तारा मा.वि. बामरुक | ६३.८८ | ५४ | ५३ |

## खण्ड घ

# प्रमुख समस्याहरूको पहिचान, कारण र समस्या समाधानको उपायहरू

### १. शैक्षिक समस्या पहिचान

| क्र.सं. | सूचक | मुख्य समस्या | समस्याको कारण | समाधानका उपाय |
|---|---|---|---|---|
| १ | सिकाई उपलब्धी न्यून भएको अवस्था | अंग्रेजी, गणित, विज्ञानमा नतिजा कमजोरी देखिनु | योग्य र तालिम प्राप्त जनशक्तिको अभाव र पेशाप्रति वफादार नहुनु | योग्य तथा तालिम प्राप्त जनशक्तिको व्यवस्थापन गर्ने । |
| २ | वालमैत्री पूर्वाधार | कक्षाकोठा भवन शौचालय खानेपानी बालमैत्री नभएको | योजना निर्माण बजेट विनियोजनमा समस्या | भौतिक पूर्वाधार बालमैत्री पूर्वाधारको योजना निर्माण तथा बजेट विनियोजन गर्ने । |
| ३ | शिक्षक दरबन्दी | प्रस्तावित विद्यालय सञ्चालन गर्दा आवश्यक दरवन्दीको अभाव | दुरदृष्टि, योजना निर्माण नगरी विद्यालय अनुमति दिने र सञ्चालन गर्ने | सम्वन्धित निकायमा योजना निर्माण गरि शिक्षक दरवन्दी प्रबन्ध गर्ने । |
| ४ | भौतिक पूर्वाधार | प्रविधि मैत्री भौतिक पूर्वाधारको अभाव | भौगोलिक विकतताको कारण दक्ष कालिगढको अभाव | भौगोलिक अवस्थाको पहिचान गरि समताको आधारमा वजेट विनियोजन |
| ५ | आर्थिक अवस्था | विद्यालयको आन्तरिक श्रोत नहुदा निःशुल्क तथा अनिवार्य शिक्षा लागू नभएको | आर्थिक ऐन नियम बाधक बन्नु | आर्थिक ऐन नियममा संशोधन गरि कार्यान्वयन गर्ने क |

## २.शैक्षिक सुचकगत लक्ष्य निर्धारण :

| क्र. सं. | क्षेत्र | सूचकहरू | वर्षगत लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | वर्तमान अवस्था | प्रथम वर्ष | दोश्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
| १ | आन्तरिक सक्षमताको अवस्था | कुल भर्नादर | १२० | ११५ | ११२ | ११० | १०५ | १०० |
| | | खुद भर्नादर | ९५ | ९५ | ९६ | ९७ | ९८ | ९९ |
| | | विद्यालय छोड्ने दर | १८ | १५ | १२ | १० | ९ | ५ |
| | | कक्षा दाहोऱ्याउने दर | ११ | १० | ८ | ६ | ५ | ३ |
| | | उत्तीर्ण दर | ७४ | ७५ | ७८ | ८० | ८२ | ८५ |
| २ | विद्यार्थी सिकाई उपलब्धी विवरण | १-५ को औसत प्राप्ताङ्क | ५३ | ५५ | ५६ | ५८ | ६० | ६२ |
| | | १-८को औसत प्राप्ताङ्क | ५० | ५२ | ५४ | ५६ | ५८ | ६० |
| | | ९-१०को औसत प्राप्ताङ्क | ४९ | ५१ | ५३ | ५५ | ५७ | ५९ |
| ३ | विद्यालय संञ्चालन अवस्था | शै.स.मा विद्यालय खुल्ने दिन | २२० | २२० | २२० | २२० | २२० | २२० |
| | | पढाई हुने दिन | १९२ | १९२ | १९२ | १९२ | १९२ | १९२ |
| | | शिक्षक उपस्थिति प्रतिशत | ९० | ९३ | ९५ | ९७ | ९९ | १०० |
| | | विद्यार्थीको उपस्थिति प्रतिशत | ८५ | ८७ | ९० | ९७ | ९९ | १०० |
| ४ | कक्षाकोठा व्यवस्थापन | | ३१ | १० | १० | १० | १० | ४ |
| ५ | सुरक्षित विद्यालय भवन | | १३ | २ | २ | ३ | ३ | २ |
| ६ | सफा खानेपानीको व्यवस्था | | ५ | १ | १ | १ | १ | १ |
| ७ | छात्रामैत्री शौचालयको अवस्था | | १ | २ | ३ | २ | २ | २ |

| क्र. सं. | क्षेत्र | सूचकहरू | वर्षगत लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | वर्तमान अवस्था | प्रथम वर्ष | दोश्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
| ८ | शौचालय | | १२ | १ | १ | १ | १ | १ |
| ९ | खेलमैदान घेरावार | | ३ | १ | २ | १ | १ | १ |
| १० | आइ.सी.टि.युक्त कक्षाकोठा | | १ | १ | १ | १ | १ | १ |

## ३. प्रमुख समस्या र समाधानका कारणहरू

| क्र.सं. | सूचक | प्रमुख समस्याहरू | समस्याको कारण |
|---|---|---|---|
| १ | वालमैत्री पूर्वाधार | ▪ वालवालिकाको पँहुचमा खानेपानीको धारा नहुनु<br>▪ शौचालयमा वालमैत्री चुकुल,प्याड डिस्पोजल पिट र पर्याप्त पानी नहुनु<br>▪ कक्षाकोठामा वालवालिको स्तर ,उमेर र संख्याअनुसार वसाइ व्यवस्थापन नहुनु<br>▪ बालबालिकाको स्तरअनुसार बुक कर्नर ,पुस्तकालय, शैक्षिक र खेल सामग्रीको पँहुच नहुनु । | ▪ बजेट अभाव<br>▪ सचेतनाको कमी<br>▪ भौगोलिक विकटता<br>▪ सरोकारवालाको बेवास्ता |

| क्र.सं. | सूचक | प्रमुख समस्याहरू | समस्याको कारण |
|---|---|---|---|
| २ | सिकाई उपलब्धी वृद्धि | ■ विद्यालयमा शिक्षक विद्यार्थीको नियमिततामा कमी<br>■ शिक्षकको पुर्व तयारी नहुनु<br>■ शैक्षिक सामग्रीको निर्माण र प्रयोग नगर्नु<br>■ बालवालिकाको पढाईप्रति अभिभावकको वेवास्ता<br>■ न्यूनतम मापदण्डअनुसार सिकाइ उपलब्धी हासिल नहुनु ।<br>■ प्रविधिको दुरुपयोग हुनु<br>■ विद्यार्थीमा पठन संस्कृतिको कमी<br>■ शिक्षकहरूमा अनुभव तथा सिकाइ आदानप्रदान गर्ने प्रवृत्तिको कमी<br>■ उदार कक्षोन्नति प्रणालीको उचित बुझाइ नहुनु<br>■ फितलो अनुगमन प्रणाली | ■ पर्याप्त शिक्षक दरबन्दीको अभाब<br>■ भौगोलिक विकटता<br>■ सामाजिक संस्कार<br>■ शिक्षक आफ्नो पेशाप्रति उत्तरदायी नहुनु<br>■ कक्षागत अभिभावक भेला नहुनु<br>■ बालमैत्री शिक्षणमा कमी |
| ३ | शिक्षक विद्यार्थी विवरण | ■ अपेक्षित सिकाइ उपलब्धि हासिल नहुनु | ■ शिक्षक विद्यार्थीको वितरणको अनुपात नमिल्नु |
| ४ | आन्तरिक सक्षमताको अवस्था | ■ तल्लो कक्षामा कक्षा दाहोऱ्याउने दर बढी र माथिल्लो कक्षामा कक्षा छोड्ने दर बढी हुनु | ■ कमजोर आर्थिक अवस्था हुने बालबालिका अभिभावकसँगै रोजगारको सिलसिलामा बाहिर जानु<br>■ बालविवाह<br>■ शिक्षाप्रतिको सकारात्मक भावना नहुनु<br>■ रोजगारीको संभावना नहुनु |

| क्र.सं. | सूचक | प्रमुख समस्याहरू | समस्याको कारण |
|---|---|---|---|
| ५ | विद्यालयको आम्दानी खर्चको विवरण | ▪ विद्यालयको आन्तरिक श्रोत नहुनु | ▪ विद्यालयको आन्तरिक श्रोत संकलन र व्यवस्थापनमा कमी |
| ६ | विद्यालय सुशासनको अवस्था | ▪ समयमा गठन हुन नसक्नु<br>▪ नियमित बैठकमा कमी<br>▪ भेला बैठकमा अर्थपूर्ण सहभागिताको कमी<br>▪ वि.सु.यो.अध्यावधिक र कार्यान्वयनमा कमी<br>▪ सामाजिक परीक्षण मर्म र भावना अनुरुप नहुनु<br>▪ विद्यालयको हरेक गतिविधिमा वालवालिकाको सक्रिय सहभागितामा कमी | ▪ अभिभावकको विद्यालयप्रतिको चासोमा कमी<br>▪ चेतनाका अभाव<br>▪ विषयवस्तुप्रति खासै जानकारी नहुनु<br>▪ विद्यालय प्राथमिकतामा नपर्नु<br>▪ बालक्लवको सक्रियतामा कमी |

**४.समस्या समाधानका उपायहरू**

| क्र. सं. | सूचक | मुख्य समस्या | समाधानका उपाय |
|---|---|---|---|
| १ | वालमैत्री पूर्वाधार | ▪ वालवालिकाको पँहुचमा खानेपानीको धारा नहुनु<br>▪ शौचालयमा वालमैत्री चुकुल,प्याड डिस्पोजल पिट र पर्याप्त पानी नहुनु<br>▪ कक्षाकोठामा वालवालिकाको स्तर, उमेर र संख्या अनुसार वसाइँ व्यवस्थापन नहुनु<br>▪ बालबालिकाको स्तर अनुसार बुक कर्नर ,पुस्तकालय, शैक्षिक र खेल सामग्रीको पँहुच नहुनु । | ▪ विद्यालय सुधार योजनामा पहिलो प्राथमिकतामा राख्ने<br>▪ बालमैत्री पूर्वाधार निर्माण गर्ने<br>▪ छात्रामैत्री शौचालय निर्माण र पानीको सुनिश्चितता गर्ने<br>▪ बालमैत्री बसाइ व्यवस्थापन गर्ने<br>▪ पर्याप्त खेल सामग्रीको व्यवस्थापन |

| क्र. सं. | सूचक | मुख्य समस्या | समाधानका उपाय |
|---|---|---|---|
| २ | सिकाई उपलब्धी वृद्धि | ▪ विद्यालयमा शिक्षक विद्यार्थीको नियमिततामा कमी<br>▪ शिक्षकको पुर्व तयारी नहुनु<br>▪ शैक्षिक सामग्रीको निर्माण र प्रयोग नगर्नु<br>▪ बालवालिकाको पढाईप्रति अभिभावकको वेवास्ता<br>▪ न्यूनतम मापदण्ड अनुसार सिकाइ उपलब्धी हासिल नहुनु ।<br>▪ प्रविधिको दुरुपयोग हुनु<br>▪ विद्यार्थीमा पठन संस्कृतिको कमी<br>▪ शिक्षकहरूमा अनुभव तथा सिकाइ आदानप्रदान गर्ने प्रवृत्तिको कमी<br>▪ उदार कक्षोन्नति प्रणालीको उचित बुझाइ नहुनु<br>▪ फितलो अनुगमन प्रणाली | ▪ सहभागितामूलक हाजिरी परीक्षा प्रणालीको प्रभावकारी प्रयोग गर्ने<br>▪ लगबुकको प्रभावकारी प्रयोग कार्यान्वयन<br>▪ कक्षा शिक्षकलाई कक्षा इञ्चार्ज बनाउने व्यवस्था<br>▪ वि.व्य.स., अभिभावक र अन्य सरोकारवालाहरूको प्रभावकारी विद्यालय अनुगमन र पृष्ठपोषण<br>▪ शिक्षक कार्यसम्पादन सम्झौताको प्रभावकारी कार्यान्वयन<br>▪ उत्तरदायित्व र जबाफदेहिता कायम गर्ने<br>▪ उपलब्ध सामग्रीको अनिवार्य प्रयोग<br>▪ कक्षागत रुपममा मासिक अभिभावक भेला<br>▪ गा.पा.स्तरीय विषयगत शिक्षकहरूको बैठक<br>▪ प्रविधिलाई सिकाइसँग जोड्ने वातावरण तयार गर्ने<br>▪ मर्म र भावनाअनुसार विद्यार्थीलाई कक्षोन्नती गर्ने<br>▪ बुक कर्नरलाई व्यवस्थित रुपमा लैजाने । |
| ३ | शिक्षक विद्यार्थी विवरण | ▪ अपेक्षित सिकाई उपलब्धि हासिल नहुनु | ▪ शिक्षक दरवन्दी मिलान |

| क्र. सं. | सूचक | मुख्य समस्या | समाधानका उपाय |
|---|---|---|---|
| ४ | आन्तरिक सक्षमताको अवस्था | ■ तल्लो कक्षामा कक्षा दाहोऱ्याउने दर बढी र माथिल्लो कक्षामा कक्षा छोड्ने दर बढी हुनु | ■ बालकक्षालाई थप व्यवस्थित गर्ने<br>■ तल्लो कक्षामा उपचारात्मक कक्षा सञ्चालन गर्ने<br>■ माथिल्लो कक्षामा बालविवाह वालश्रम सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने<br>■ |
| ५ | विद्यालयको आम्दानी खर्चको विवरण | ■ विद्यालयको आन्तरिक श्रोत नहुनु | ■ विद्यालयको आम्दानीकोश्रोतहरू सबै सरोकारवालाहरूको सहभागितामा पहिचान गर्ने र उपलब्ध श्रोतहरूको व्यवस्थित ढंगले परिचालन गर्ने |
| ६ | विद्यालय सुशासनको अवस्था | ■ समयमा गठन हुन नसक्नु<br>■ नियमित बैठकमा कमी<br>■ भेला बैठकमा अर्थपूर्ण सहभागिताको कमी<br>■ वि.सु.यो.अध्यावधिक र कार्यान्वयनमा कमी<br>■ सामाजिक परीक्षण मर्म र भावना अनुरुप नहुनु<br>■ विद्यालयको हरेक गतिविधिमा वालवालिकाको सक्रिय सहभागितामा कमी | ■ विद्यालयले गर्ने सवै समितिहरू नियमानुसार गठन गर्ने<br>■ बैठकमा उपस्थिति अनिवार्य हुने नियम बनाउने<br>■ अर्थपूर्ण सहभागिताको लागी सचेत गर्ने<br>■ विद्यालय र सरोकारवालाहरूको बीचको दुरी घटाउने<br>■ सरोकारवालाहरूको सहभागितामा वि.सु.यो. अध्यावधिक र कार्यान्वयनमा जोड दिने<br>■ सामाजिक परीक्षण मर्म र भावनाअनुसार गर्नुपर्ने<br>■ विद्यालयको हरेक गतिविधिमा वालवालिकाको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने<br>■ बालक्लवलाइ सक्रिय बनाउने |

## ४. सुधारका कार्यक्रम र विस्तृत क्रियाकलापहरू

| क्र.स. | सुधार कार्यक्रम सुचक | विस्तृत क्रियाकलापहरू |
|---|---|---|
| १ | आन्तरिक सक्षमताको अवस्था | ▪ विद्यार्थीको हाजिरी विश्लेषण र विद्यार्थी नियमिततामा सुधार<br>▪ सहभागीतामुलक हाजिरी परीक्षण प्रणालीको प्रभावकारी प्रयोग<br>▪ शिक्षक नियमितता र मासिक बैठक<br>▪ स्थानीय शैक्षिक सामग्रीको तयारी र प्रयोग<br>▪ शैक्षणिक योजना निर्माण र प्रयोग (वार्षिक, दैनिक)<br>▪ उत्कृष्ट शिक्षक, अभिभावक सम्मान<br>▪ उपचारात्मक कक्षा सञ्चालन |
| २ | सिकाई उपलब्धी | ▪ कक्षा १ देखि ३ सम्म ९० मिनेट नेपाली विषय सञ्चालनलाई निरन्तरता दिने र आवश्यकता अनुसार अरु विषयलाई पनि समय थप गरी शिक्षण गर्ने व्यवस्था गर्ने<br>▪ विद्यालयको व्यवस्थापनमा ४ वटा परीक्षा सञ्चालन गर्ने<br>▪ मासिक परीक्षा गराई श्रेणी अनुसार रोल नं. कायम गर्ने<br>▪ पढाई सम्बन्धी प्रअहरूको वडास्तरीय छलफल बैठक<br>▪ वडास्तरीय विषयगत शिक्षक समिति गठन गरी त्रैमासिक बैठक गर्ने<br>▪ हप्तामा कम्तीमा प्रत्येक कक्षामा स्वास्थ्य, पोषण र विपद जोखिम न्यूनिकरण सम्बन्धी क्रियाकलाप तथा छलफल सञ्चालन गर्ने<br>▪ एक घर एक स्थानीय शैक्षिक सामग्री निर्माण तथा संकलन<br>▪ विद्यालयमा तयारी खाजालाई पूर्ण रुपमा निषेध गरी घरायसी खाजामा प्रोत्साहन गर्ने<br>▪ पढाई मेला आयोजना<br>▪ शिक्षक कार्यसम्पादन सम्झौताको आधारमा शिक्षकलाई पुरस्कृत गर्ने<br>▪ निरन्तर विद्यार्थी मुल्यांकन प्रणालीको अवलम्बन<br>▪ विद्यार्थी भर्ना कार्यक्रम<br>▪ बालविकास केन्द्रमा ६ सिकाइ कुना सामग्रीको व्यवस्थापन र प्रयोग |
| ३ | औषत सिकाई उपलब्धी वृद्धि गर्ने | ▪ बालकेन्द्रित शिक्षणमा बढावा<br>▪ दैनिक पाठयोजनासहित शिक्षण गर्ने<br>▪ आकर्षक शैक्षिक सामग्रीहरूको खरिद निर्माण र व्यवहारिक प्रयोग<br>▪ बालमैत्री शिक्षणम सिकाई क्रियाकलाप र व्यवहार<br>▪ शिक्षण विधिमा विद्यार्थी केन्द्रित र नवीनतम प्रविधिको प्रयोग |

| क्र.स. | सुधार कार्यक्रम सुचक | विस्तृत क्रियाकलापहरू |
|---|---|---|
| ४ | विद्यालयको भौतिक अवस्थामा सुधार | ■ भवन निर्माण गर्दा भूकम्प प्रतिरोधी बनाउने<br>■ बालमैत्री भौतिक संरचना निर्माण गर्ने<br>■ विद्यालयमा एक पुस्तकालय र बुक कर्नरको व्यवस्था<br>■ पर्याप्त सुरक्षित सफा खेल मैदानमा साथै न्यूनतम खेल सामग्रीको व्यवस्था<br>■ मर्मत संभार योजना बनाउने |
| ५ | शिक्षक विद्यार्थी नियमितामा वृद्धि | ■ बालमैत्री शिक्षण सिकाई क्रियाकलाप र व्यवहार<br>■ बालमैत्री बसाई व्यवस्थापन<br>■ आचारसंहिताको निर्माण र प्रभावकारी कार्यान्वयन<br>■ नियमित अभिभावक भेला<br>■ सहभागितामूलक परीक्षण प्रणालीको प्रभावकारी प्रयोग<br>■ दण्ड र पुरस्कारको प्रभावकारी कार्यान्वयन<br>■ शत प्रतिशत विद्यार्थी भर्ना गर्ने |
| ६ | आन्तरिक सक्षमता | ■ कक्षा दोहोऱ्याउने दर घटाउने<br>■ कक्षा छोड्ने दर बढाउने<br>■ उत्तीर्ण दर बढाउने<br>■ टिकाउ दर बढाउने<br>■ शैक्षिक गुणस्तर उल्लेख्य रुपमा बढाउने<br>■ विद्यालय खुल्ने दिनमा वृद्धि गर्ने |
| ७ | विद्यालय सञ्चालनको अवस्था | ■ पठन पाठन हुने दिनमा वृद्धि गर्ने<br>■ विद्यार्थी तथा शिक्षकको औषत उपस्थिति दिन बढाउने<br>■ सिकाई समयलाई सुधार गर्ने<br>■ सरसफाई र राम्रो बसाई व्यवस्थापन भएको |
| | विद्यालयको व्यवस्थापकीय प्रबन्ध | ■ विद्यालय सुधार योजनामा प्राथमिकतामा राख्ने<br>■ वि.व्य.स. को सक्रियतामा स्थानीय निकाय गाउँपालिका, वडाकार्यालय, गैरसरकारी निकाय तथा सम्वन्धित निकायमा माग पेश गर्ने |
| ९ | पारदर्शिता तथा सुशासन | ■ छात्रवृत्ति वितरण<br>■ लेखापरीक्षण, सामाजिक लेखापरीक्षण र सार्वजनिक सुनुवाई<br>■ शिक्षक तालिम<br>■ वि.व्य.स. तथा शि.अ.सं. पदाधिकारीको क्षमता अभिवृद्धि तालिम<br>■ बालक्वल पदाधिकारीहरूलाई तालिम<br>■ अभिभावक शिक्षा |

# अनुसूचि १
## विद्यालयको आवश्यकता र कार्यक्रमको प्राथमिकरण

| क्र.सं. | विद्यालयको नाम | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाचौं वर्ष |
|---|---|---|---|---|---|---|
| १ | डिल्लेश्वरी आ. वि.हरिगाटिना | ३ कोठे ब्लक निर्माण | खेलकुद मैदान मर्मत | फर्निचर निर्माण | पुस्तकालय र विज्ञान प्रयोगशाला स्थापना | शिक्षक व्यवस्थापन गर्ने |
| २ | दिपेन्द्र प्रा.वि. लिपुवाङ्ग | भवन निर्माण | फिल्ड निर्माण | पर्खाल निर्माण | बालविकास भवन निर्माण | खानेपानी निर्माण |
| ३ | बागेश्वरी आ. वि. सल्लीवोट | गणित विषयमा सिकाई उपलब्धी वृद्धि | पुस्तकालय स्थापना | खेल मैदान निर्माण | जनशक्ति व्यवस्थापन | कक्षा स्तर उन्नति |
| ४ | कृष्ण प्रा.वि. धारापानी | भवन मर्मत | शैचालय मर्मत | खानेपानी मर्मत | शैक्षिक सामग्री खरिद | पुस्तकालय र वुक कर्नर |
| ५ | ईन्द्रेश्वरी मा.वि.खेवासे | कम्प्यूटर ल्याप स्थापना | घेरा वार गर्ने फिल्ड मर्मत | ८ कोठे भवन निर्माण | वीज्ञान तथा गणित प्रयोगशाला स्थापना | शैक्षिक सक्षमता सुधार गर्ने |
| ६ | तारा मा.वि. बामरुक | कम्प्यूटर ल्याप तथा विज्ञान प्रयोगशाला स्थापना, आई.सी.टी.को प्रयोग र डिजिटल हाजिरी | फिल्ड मर्मत, तारजाली, बगैचा फुलवारी व्यवस्थित | छात्रवास तथा चमेना गृह निर्माण सि.सि.टि.भि. प्रयोग | सिकाई उपलब्धी राष्ट्रिय मापदण्डमा पुर्‍याउने | सबै भवन आर सि सि भवनमा राखि पठनपाठन १०+२ कक्षा सञ्चालन |

# रोल्पा नगरपालिका

## २ नं वडाको वडा शिक्षा योजना

**वडा शिक्षा समितिका पदाधिकारीहरूको नामावली**

| | | |
|---|---|---|
| १. | श्री खिम वहादुर घर्ती | - अध्यक्ष |
| २. | श्री मुक्त बहादुर शाही | - सदस्य |
| ३. | श्री कुल बहादुर डांगी | - सदस्य |
| ४. | श्री मधुसुदन पोख्रेल | - सदस्य |
| ५. | श्री लीला आचार्य | - सदस्य |
| ६. | श्री नानुमायाँ विश्वकर्मा | - सदस्य |
| ७. | श्री बिमला पुन मगर | - सदस्य |
| ८. | श्री निम बहादुर केसी | - सदस्य |
| ९. | श्री बिमला पुन मगर | - सदस्य सचिव |

खण्ड - क

# परिचय

## १. पृष्ठभुमि

एक्काईसौ शताब्दीको यो विश्व नविनतम खोज अनुसन्धान र त्यसको प्रतिफल स्वरुप चमत्कारी विकास र अग्रगामि परिर्वतनको सम्वाहकको रुपमा मानिने मानवीय चेतनाको विकास, पहुँच र क्रियासिलता प्रमुख आधारहरू हुन । पृथ्वीलाई अवको युगमा नयाँ ग्रह वनाईदै गर्दा त्यसको अनिवार्य सर्तको रुपमा शैक्षिक विकास, चेतना विस्तार र हस्तान्तरण प्रमुख मुद्दाहरू हुन यीनै सवालहरूलाई पूरा गर्नको निम्ती संसार तिव्र प्रतिस्पर्धाको होडवाजिमा रहिरहेको वेला हाम्रो नगर हाम्रो गाँऊ र बस्तीहरू यथास्थिती मै रहनु पक्कै पनि गतिशिल मानव र समुदायको निम्ती सन्तोषको विषय हुन सक्दैन । संसार अघिअघि लम्किरहदा हामी पनि तिव्र महत्त्वकाङ्क्षा, दृढ अठोट र गन्तब्य निर्धारण गरेर उठ्ने अनि दैडने प्रयास गरेनौ भने धर्तिमा मानव अस्थित्व लिएर जन्मनुको सार्थकता ह्दैन । तसर्थ प्रशस्त सम्भावना बोकेर आधुनिक समाजको निम्ती हामी जुट्नु पर्छ । ती सवै सवालहरूलाई सम्वोधन गर्ने एकमात्र र अनिवार्य माध्यम भनेको शैक्षिक विकास हो ।

शैक्षिक विकासको सन्दर्भ उठिरहदा, त्यसको नेतृत्वगर्ने अङ्ग भनेका हाम्रा शैक्षिक संस्थाहरू हुन ।सक्षम, दक्ष र योग्य मानव तथा शैक्षिक जनशक्तिको माध्यमबाट शैक्षिक विकासको सपना पूरा हुन सक्छ । जसका लागि (Better School, Better Learning and Better Teaching) आधारभुत सर्तहरू हुन । अहिलेको नयाँ युगमा युगमैत्री शिक्षाको प्रत्यानुभुत गर्न पनि यी अवधारणा अनिवार्य छन । युगमैत्री शिक्षा भन्नाले सिप सहितको शिक्षा, ज्ञान सहितको शिक्षा तथा जवन सहितको शिक्षालाई जनाउँछ । हातमा सीप, काँधमा रोजगार र मस्तिष्कमा

विवेक युक्त शिक्षा नै आजको वास्तविक युगमैत्री शिक्षा हो । यो अभिभारा पूरा गर्न हाम्रा शिक्षण संस्था सवल र सक्षम हुन जरुरी छ। विद्यालय तहको शिक्षाको सम्पूर्ण जिम्मेवारी र जवाफदेहिता स्थानीय तहमा आयसंगै हाम्रो जिम्मेवारी निकै गहन भएको छ। विद्यालय तहको शिक्षा सुधार गर्नको लागि समन्वय र लगानी आजको प्रमुख कार्यभार हो ।

## २. भौगोलिक अवस्था

भौगोलिक रुपमा दुर्गम मानिने रोल्पा जिल्ला अन्तर्गत रोल्पा नगरपालिका वार्ड नं. २ समुन्द्रि सतहबाट औषत १२४५ मिटर उचाईमा अवस्थित छ।। समशितोष्ण हावापानी पाईने यस ठाँऊमा मानव सभ्यताको विकास आदिम कालदेखि नै भएको तथ्य भेटिन्छ ।

## ३. शैक्षिक तथा सामाजिक अवस्था

भौगोलिक रुपले पिछडिएको र शैक्षिकरुपले अल्पविकासमा रहेको रोल्पा जिल्लाको मध्य भागमा अवस्थित रोल्पा न.पा. र यस अन्तर्गत वार्ड नं. २, रोल्पाको सन्दर्भमा शैक्षिक विकासको नेतृत्व र पहलकदमी लिनसक्ने क्षेत्रको रुपमा लिन सकिन्छ। हामीले संसार जित्ने अभिलाषा लिनुपर्छ भन्दै गर्दा हाम्रै नेपाली समाजको वस्तुगत धरातलमा टेकेर हाम्रो औषत सामाजिक अवस्थालाई परिवर्तन गराउन पहलकदमी लिन पनि कन्जुस्याँई गर्‍यौं भने त्यसले जन्म सार्थक हुन सक्दैन । तसर्थ पनि हाम्रो वडा शैक्षिक, सामाजिक, स्वास्थ्य सरसफाई आदि सवै पक्षबाट हेर्दा अव्वल छ भन्न सकिन्छ । किनभने यी दाविहरूका पछाडि ठोस आधारहरू छन् । रोल्पा नगरपालिकाले आफनो नीतिमा यस नगरलाई रोल्पाकै शैक्षिक हवको रुपमा विकास र पहिचान दिलाउने भन्ने अवधारणा लिईरहदा उक्त अवधारणालाई सार्थक तुल्याउन र कार्यान्वयन गर्ने सन्दर्भको केन्द्र भागमा यो वडा रहेको छ। किनभने यो वडामा राष्ट्रकै अग्रणी नमूना विद्यालय वन्ने होडमा रहेको वालकल्याण माध्यमिक विद्यालय रहेको छ । केहि पछिल्ला वर्षहरूमा यस विद्यालयले भैतिक, शैक्षिक र ब्यवस्थापकीय क्षेत्रमा मार्दै गरेको विकासको फड्को अनुकरणीय छ । त्यसैगरि म.प. विश्वविद्यालयको दश आँगिक क्याम्पसहरू मध्येको एक आँगिक क्याम्पस, जलजला बहुमुखी क्याम्पस हाम्रो वडामा छ। ब्यवस्थापन र शैक्षिक पक्षमा केहि

सुधार गर्न सकियो भने समग्र मध्यपश्चिम क्षेत्रको लागि उच्च शिक्षाको हव वन्न सक्ने सामर्थ्य यस क्याम्पसले राख्छ। साथै टोलटोलमा रहेका आधारभुत विद्यालयहरूको स्तर सुधार र पूर्ण साक्षर अभियानले यो वडा शैक्षिक हवको पनि केन्द्र वन्न सक्छ।

सामुदायिक स्वास्थ्य क्षेत्रको कुरा गर्ने हो भने हाम्रो वडा यस्तो भाग्यमानी वडा हो, जहाँ रोल्पा जिल्ला कै सबैभन्दा ठुलो र सेवा क्षेत्र ओगटेको रोल्पा अस्पताल छ। पछिल्ला दिनहरूमा हुँदै गएको रोल्पा अस्पतालको भौतिक, प्राविधिक तथा जनशक्ति विस्तारले समग्र रोल्पामा स्वास्थ्य सेवा उपलब्ध गराउने ल्याकत राख्दछ। साथै यातायत तथा पूर्वाधार क्षेत्रमा पनि यो वडा सुगम छ। शहिद मार्गको निर्माणाधिन लिङ्क रोड र प्रस्तावित वसपार्कको विकासले यो वडालाई यातायात क्षेत्रमा पनि सुगम वनाएको छ।

## ४. प्रशासनिक अवस्थिति

रोल्पा न.पा. वार्ड नं. २, जिल्ला सदरमुकाम संगै जोडिएकोले जिल्लाबाट सेवा प्रवाह हुने सम्पूर्ण प्रशासनिक कार्यहरूमा कुनै दुर्गमता छैन। वडा कार्यालय सदरमुकामबाट ४ कि.मी.को दुरिमा कालोपत्रे सडकसंग जोडिएको र रोल्पा अस्पताल वगलमा अवस्थित छ।

## ५. योजनाको औचित्य

यस योजनाको मुल औचित्य भनेको रोल्पा न.पा. वार्ड नं. २ को विद्यालय तहको शैक्षिक बृत्ति विकास गरि सिकाई उललब्धि बृद्धि गर्नु नै हो। जसले हाम्रा नानीहरूलाई जिवनोपयोगी शिक्षाको भरपुर प्रत्यानुभुत गर्न मद्दत गरोस।

## ६. योजना अवधि

योजनामा प्रस्तावित कार्यकलापहरू आ.व. २०७६/०७७ देखि सुरु भै आ.व. २०८०/०८१ मा पूरा हुनेछन्।

खण्ड - ख

# वडाको वर्तमान अवस्था

१. **जनसांख्यिक अवस्था**

रोल्पा नगरपालिका वार्ड नं. २ को सामुदायिक वनोट मिश्रित खालको छ। मगर वाहुल्य जातिगत विवरण रहेको यो वडामा क्षेत्री, ब्राह्मण, दलित, नेवार समुदायको उल्लेख्य उपस्थिति छ।

२. **साक्षरता अवस्था**

साक्षरताको दृष्टिकोणले यो वडा रोल्पा नगरपालिका तथा समग्र रोल्पा जिल्लाकै अग्रणी स्थानमा आउँछ। बाल कल्याण नमूना माध्यमिक विद्यालय र जलजला बहुमुखी क्याम्पस यहाँको शैक्षिक विकासका मेरुदण्ड हुन्। यो वडा पूर्ण साक्षर घोषणा भैसकेकोले निरक्षर जनसमुह रहेको छैन।

३. **कक्षागत विद्यार्थी विवरण**

यस वडाका सम्पूर्ण विद्यालयहरूको शैक्षिक सत्र २०७६ को विद्यार्थी भर्ना अभिलेख अनुसार जम्मा २७२७ जना विद्यार्थीहरू विद्यालय तहमा भर्ना भएका छन्।

४. **शिक्षक विद्यार्थी अनुपात**

यस वडाका सम्पूर्ण विद्यालयहरूको विद्यमान शिक्षक विद्यार्थी अवस्थालाई अध्ययन गर्दा शिक्षक विद्यार्थी अनुपात १:४४ रहेको छ तर केहि विद्यालयमा विद्यार्थी संख्या अत्यन्त न्यून र केहिमा अत्याधिक चाप रहेकोले विद्यालय पिच्छे यो अनुपात असमान रहेको छ।

खण्ड - ग

# प्रमुख शैक्षिक समस्या समस्याको कारण र समाधानको उपायहरूको खोजी

१. **समस्याको पहिचान**

यस वडाको शैक्षिक, भौतिक तथा ब्यवस्थापकीय पक्षहरूमा विद्यमान मुख्य समस्या, कारण र समाधानका उपायहरू यस प्रकार रहेकाछन् ।

| क्र.स | सुचक | मुख्य समस्या | समस्याको कारण | समाधानको उपाय |
|---|---|---|---|---|
| १ | कक्षगत विद्यार्थी विवरण | ▪ विद्यालय पिच्छे विद्यार्थी संख्या असमान हुनु | ▪ ब्यवस्थापनमा एकरुपता नहुनु<br>▪ सेवा क्षेत्रको जनघनत्व असमान हुनु | ▪ शैक्षिक तथा ब्यवस्थापकीय साझेदारि<br>▪ विद्यालय मर्ज तथा दरवन्दी मिलान |
| २ | शैक्षिक जनशक्ति विवरण | ▪ विद्यालय पिच्छे शिक्षक - विद्यार्थी अनुपात असमान हुनु | ▪ दरवन्दी थप, मिलान तथा अध्यावधिक नहुनु | ▪ विद्यालय मर्ज, दरवन्दी थप तथा मिलान |
| ३ | आन्तरिक सक्षमताको अवस्था | ▪ सिकाई उपलब्धि कमि<br>▪ Action Research को अभाव | ▪ शिक्षणमा शैक्षिक सामग्री तथा ICT को प्रयोगमा कमि हुनु<br>▪ अनुसन्धनात्मक पद्धती नअपनाईनु | ▪ शैक्षिक सामग्री निर्माण कार्यशाला सञ्चालन गर्ने<br>▪ ICT तालिम र ICT सामग्री उपलब्ध गराउने<br>▪ कार्यमुलक अनुसन्धानमा जोड दिने |

| क्र.स | सुचक | मुख्य समस्या | समस्याको कारण | समाधानको उपाय |
|---|---|---|---|---|
| ४ | विद्यालय सञ्चालन अवस्था | ▪ विद्यालय खुल्ने र खुद पढाईहुने दिनको कमि | ▪ वार्षिक विदा वढि हुनु<br>▪ आकस्मिक वन्द हडतालको प्रभाव | ▪ वार्षिक विदालाई कटौति गरि विद्यालय सञ्चालन गर्ने<br>▪ अतिरिक्त समया पठनपाठनको व्यवस्था मिलाउने |
| ५ | भौतिक सुविधाको अवस्था | ▪ भौतिक संरचनाको अपर्याप्तता<br>▪ खुला खेल मैदानको कमि र संरक्षणको अभाव | ▪ संरचना निर्माणको लागी जग्गा र स्रोतको अभाव | ▪ स्रोतको ब्यवस्थापन गर्ने |
| ६ | ICT प्रयोगको अवस्था | ▪ क्पर्षी को अभाव<br>▪ ICT सामग्रीको अभाव | ▪ ICT मैत्री शैक्षिक जनशक्ति नहुनु | ▪ Skill Devlopement तालिम<br>▪ ICT सामग्रीको खरिद |
| ७ | विद्यालय सुशासन | ▪ सरोकारवाला र विद्यालयविच समन्वयको कमि | ▪ सामुदायिक चेतनाको कमि<br>▪ अन्तरक्रियामा कमि | ▪ सामुदायिक सचेतना तथा आवधिक अन्तरक्रिया कार्यक्रममा जोड दिने |
| ८ | शैक्षिक सामग्रीको अवस्था | ▪ स्थानीय शै. सा. निर्माण र प्रयोगमा कमि | ▪ शैक्षिक सामग्री निर्माण नहुनु<br>▪ सबै विषय अनुकुल शै.सा. उपलब्ध नहुनु | ▪ स्थानीय शै.सा. निर्माण र प्रयोगमा अनिवार्य गर्ने |
| ९ | आम्दानी र खर्चको विवरण | ▪ दोहोरो लेखा प्रणालिमा लेखा राख्न समस्या<br>▪ सफ्टवयेरको अभाव | ▪ क्पर्षी अभाव | ▪ Skill Devlopement तालिम |

## २. आवश्यकताको प्राथमिकीकरण

उद्देश्यलाई प्राप्त गरी लक्ष्य हासिल गर्नका लागि सरोकारवाला सबै पक्षहरूसँग विभिन्न छलफल परामर्श तथा कार्यशाला सञ्चालन गरी वडालाई अझ राम्रो बनाउन के-के गर्नुपर्ला ? यस कार्यमा आउने प्रमुख समस्या तथा चुनौती के-कस्ता छन् ? भन्ने आदि विषयमा आधारभूत समस्याको पहिचान र निराकरणका उपायहरू संश्लेषण गरी आगामी पाँच वर्षे रणनीति निर्धारण गरेर लक्ष्य प्राप्तिका निम्ति गर्नुपर्ने शैक्षिक, भौतिक तथा व्यवस्थापकीय पक्षका आवश्यकता पहिचान गरेर त्यसलाई प्राथमिकीकरणका आधारमा प्रस्तुत गरिएको छ ।

**प्राथमिकता प्राप्त कार्यहरूको सूची**

| क्षेत्र | | प्राथमिकताका आधारमा गर्न सकिने कार्यहरू |
|---|---|---|
| शैक्षिक | i. | सिकाई उपलब्धिलाई वृद्धि गर्न कार्यमुलक अनुसन्धानमा विशेष जोड, तुलनात्मक रुपले कमजोर र औषत विद्यार्थीका लागि विशिष्ट कक्षाको व्यवस्था, मूल्याङ्कन परिपाटीमा आधुनिकीकरण गर्न निदानात्मक तथा निर्माणात्मक मूल्याङ्कनको व्यवस्था, विद्यार्थी अभिलेखको विश्लेषण, समस्याको पहिचान गरी उपयुक्त पृष्ठपोषणमा जोड |
| | ii. | शैक्षिक सामग्रीको निर्माण र यथेष्ट प्रयोग |
| | iii. | सिकाइमा ICT को प्रयोग, प्रविधिमैत्री सिकाई |
| | iv. | सिकाइको लागि विद्यार्थीहरूमा स्व-जागरण, स्वतःस्फूर्त आकाङ्क्षा तथा जिज्ञासु आचरणको निर्माण |
| | v. | विद्यार्थी नियमिततामा वृद्धि गर्न डिजिटल हाजिरीको व्यवस्था गर्दै विद्यालयमा बालबालिका वा विद्यार्थीहरू करले होइन रहरले आउन खोज्ने वातावरणको निर्माण । |
| | vi. | केही सीमित विषयहरू बाहेक प्रायः सबै विषयहरूको शैक्षणिक परिपाटीलाई परिवर्तन गरी पाठ्यक्रमले प्रयोगात्मक बनाउन खोजेकै छ । यसर्थ, पाठ्यक्रमको मुल मर्म अनुरुप प्रयोगात्मक पद्धतिलाई विशेष जोड । |

| क्षेत्र | प्राथमिकताका आधारमा गर्न सकिने कार्यहरू |
|---|---|
| | vii. पढेर-घोकेर होइन, रमाई रमाई खेलेर सिक्ने बालमैत्री शिक्षणको व्यवस्था ।<br>viii. व्यावसायिक तथा प्राविधिक धारका विषय र क्षेत्रहरूमा जोडबल ।<br>ix. विद्यार्थीको शैक्षिक ज्ञानको अभिवृद्धि गर्न, शिक्षक-विद्यार्थीहरूको अन्तरविद्यालय भ्रमण, स्थलगत अवलोकन भ्रमण तथा शैक्षिक भ्रमणको व्यवस्था गर्ने ।<br>x. पुनर्ताजकी तथा ब्यवस्थापकीय कैशल अभिबृद्धि तालिमको ब्यवस्था<br>xi. ICT सामग्री, खेल तथा सङ्गीत सामग्री र विषयगत शैक्षिक सामग्रीको ब्यवस्था |
| भौतिक | i. सुरक्षित भूकम्प प्रतिरोधी तथा अपाङ्गमैत्री भवन तथा पूर्वाधार निर्माण ।<br>ii. हरित पर्खाल तथा आकर्षक बाल उद्यान (फूलबारी) निर्माण ।<br>iii. खेल मैदान निर्माण, तारवारको ब्यवस्था<br>iv. छाना तथा पर्खाल मर्मत<br>v. लाइब्रेरीको व्यवस्था<br>vi. विज्ञान, कम्प्युटर तथा ICT का प्रयोशालाहरूको व्यवस्था<br>vii. बालमैत्री सिकाई फर्निचरको व्यवस्थापन<br>viii. Wash Facilities सहितको छात्रामैत्री शौचालयको निर्माण<br>ix. स्वास्थ्य परामर्श तथा प्राथमिक उपचार कक्षको ब्यवस्था<br>x. यथेष्ट  मात्रामा स्वच्छ पिउने पानीको लागी ट्यांकि तथा धारा निर्माण<br>xi. बालस्वास्थ्यको ख्याल राख्दै रसायनरहित स्वस्थ चमेनागृह<br>xii. टाढा-टाढाबाट विद्यालयसम्म सिकाईको लागि आउने नानीहरूको सहज र सुरक्षित यात्राको लागि वडा पालिकाको संयोजनमा शैक्षिक यातायातको ब्यवस्था गर्न सार्वजनिक बस सञ्चालन<br>xiii. विद्यालयमा वैकल्पिक तथा नवीकरणीय उर्जाको व्यवस्था<br>xiv. सिकाईलाई कला र सङ्गीतसँग जोड्न सङ्गीतालयको ब्यवस्था |

| क्षेत्र | प्राथमिकताका आधारमा गर्न सकिने कार्यहरू |
|---|---|
| व्यवस्थापकीय | i. चुस्त शैक्षिक प्रशासन<br>ii. सवल, पारदर्शीता र जवाफदेहिता<br>iii. विद्यालय, विज्ञ, समुदाय तथा सरोकारवाला निकायहरूबिचको अन्तरक्रिया र आपसी समन्वयलाई ग्राह्यता<br>iv. वार्षिक कार्ययोजना तथा कार्यतालिका निर्माण गरी सिकाई सहजिकरणमा सक्रियता बढाई सम्वन्धित तथा निर्धारित तह हरूमा आ - आफ्नो विषयगत सिकाई उपलब्धि वृद्धि गर्ने शिक्षकहरूको प्रोत्साहनको लागि प्रोत्साहन भत्ताको व्यवस्था, सिकाई उपलब्धि यथावत राख्ने शिक्षकलाई सजक गराउने।<br>v. शिक्षक विद्यार्थी अनुपात मिलान गर्न दरवन्दी मिलान तथा विद्यालय मर्जको ब्यवस्था<br>vi. सम्पूर्ण शिक्षक-कर्मचारी तथा सरोकारवाला पक्षहरूमा 'विद्यालय मेरो होइन, हाम्रो हो' भन्ने सामुहिक भावनाको विकास।<br>vii. सबै शैक्षिक जनशक्तिहरूमा सवलीकरण तथा नेतृत्व क्षमताको विकास गराउने।<br>viii. शिक्षकको पेशागत विकासमा अभिवृद्धि गर्न नवीनतम कार्यक्रम तथा पुनःर्ताजगी तालिम सञ्चालन गर्ने।<br>ix. नवीनतम प्रविधिमार्फत शिक्षण सिकाईमा सहजिकरण गरी शैक्षिक उपलब्धी हासिल गर्नका निम्ति राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा ख्याती प्राप्त स्थानीय तहसँग सम्पर्क सञ्जालको स्थापना गर्ने।<br>x. वडाको ऐतिहासिकतालाई दर्साउँदै, शैक्षिक तथा व्यवस्थापकीय विकास गर्न टेवा पुऱ्याउने उद्देश्यले समाजका पूर्व कर्मचारी, समाजसेवी तथा पूर्व शिक्षकहरूको पुनर्मिलन कार्यक्रम आयोजना गरी शैक्षिक वृत्ति विकासमा अनुभव आदान प्रदान गर्ने। |

## १४. स्रोतको अनुमान र विश्लेषण

माथी उल्लेखित प्राथमिकता प्राप्त कार्यहरू कार्यान्वयनकालागी स्थानीय सरकार तथा वडा पालिकाको लगानी रहनेगरि तपसिल वमोजिमको स्रोत तथा वजेट अनुमान गरिएको छ। नोटः वडा पालिकाबाट शिक्षा क्षेत्रमा लगानी गर्ने वजेट सिलिङको विवरण प्राप्त भएपछि यस वडामा सञ्चालन गरिने शैक्षिक, भौतिक र ब्यवस्थापकीय पक्षमा सञ्चालन गरिने विभिन्न कार्यकलापहरू र तिनको विवरण माथिको सारांश तालिकामा प्रस्तुत गरिने छ।

## खण्ड - घ

# शैक्षिक सूचकहरूको वर्तमान अवस्था तथा आगामि प्रक्षेपण

### १५. लक्ष्य तथा कार्यक्रम निर्धारण

यस वडाको शैक्षिक सत्र २०७६ देखि २०८० सम्मको पाँच वर्षे शैक्षिक, भौतिक र ब्यवस्थापकीय पक्षको लक्ष्य तथा कार्यक्रम यस प्रकार रहेको छ।

| क्र. सं. | प्राथमिकता प्राप्त कार्यकलाप ( सुचक) | इकाइ | वर्तमान अवस्था | लक्ष्य | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | खुद भर्ना दर (आधारभूत तह) | प्रतिशत | ९४ | ९९ | ९५ | ९६ | ९७ | ९८ | ९९ |
| २ | कुल भर्ना दर | प्रतिशत | १३० | ११० | १२७ | १२३ | ११८ | ११४ | ११० |
| ३ | विद्यार्थीको सिकाइ उपलब्धि (प्रा.वि. तह) | प्रतिशत | ५४.४१ | ७०.०० | ५८.०० | ६१.०० | ६४.०० | ६७.०० | ८०.०० |
| ४ | सिकाई उपलब्धि (नि. मा. वि. तह) | प्रतिशत | ५७.१५ | ७०.०० | ६४.०० | ६६.०० | ६८.०० | ७०.०० | ७०.०० |
| ५ | सिकाई उपलब्धि (मा. वि. तह) | जी.पी.ए | २.६२ | २.८४ | २.६८ | २.७२ | २.७६ | २.८० | २.८४ |
| ६ | कक्षोन्नति दर | प्रतिशत | ७७.५६% | ९२ | ८० | ८३ | ८६ | ८९ | ९२ |
| ७ | दोहोऱ्याउने विद्यार्थी दर | प्रतिशत | १४.१०% | ६ | १३ | ११ | ९ | ७ | ६ |

| क्र. सं. | प्राथमिकता प्राप्त कार्यकलाप ( सुचक) | इकाइ | वर्तमान अवस्था | लक्ष्य | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | छाड्ने र स्थानान्तर दर | प्रतिशत | ८.३४% | २ | ७ | ६ | ५ | ४ | २ |
| ९ | शिक्षकको नियमितता | प्रतिशत | ८७.६ | ९४ | ९० | ९२ | ९४ | ९५ | ९६ |
| १० | विद्यार्थी नियमितता | | ८१.१९ | ९८ | ८४.५५२ | ८७.९१४ | ९१.३ | ९४.६३८ | ९८ |
| ११ | औसत शिक्षण सिकाई समय तहगत | समय | ४ | १२ | ३ | ३ | २ | २ | २ |
| १२ | शिक्षक ब्यवस्थापन अनुदान | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| १३ | विद्यालय बाहिर रहेका बालबाललिकाको तथ्यांक संकलन गर्ने | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| १४ | भर्ना अभियान सञ्चालन गर्ने | पटक | १ | ५ | १ | १ | १ | १ | १ |
| १५ | जोखिममा रहेका बालबालबालिकाहरूलाई शैक्षिक सामग्री (छात्रवृत्तिको) सहयोग गर्ने | जना | ० | २०० | ४० | ४० | ४० | ४० | ४० |
| १६ | शिक्षक तथा जनप्रतिनिधीद्वारा घरदैलो कार्यक्रम गर्ने | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| १७ | सरोकारवालाहरू संग बैठक तथा अन्तरक्रियात्मक कार्यक्रम सञ्चाल गर्ने | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| १८ | ७ देखि १३ वर्षका विद्यालय बाहिर रहेका बालबालिकालाई वैकल्पिक कक्षा तथा घुम्ती कक्षा सञ्चालन गरी विद्यालयमा भर्ना गर्ने | पटक | ० | ५ | १ | १ | १ | १ | १ |

| क्र. सं. | प्राथमिकता प्राप्त कार्यकलाप ( सुचक) | इकाइ | वर्तमान अवस्था | लक्ष्य | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| १९ | स्थानीय शैक्षिक सामग्रीहरूको निर्माण र प्रयोग | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| २० | सिकाई उपलब्धि न्यून रहेका विद्यार्थीका लागि अतिरिक्त सिकाई तथा कक्षाको व्यवस्था | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| २१ | शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने (विभिन्तामा आधारित तालिम,साक्षरता र गणित सिप, भयरहित शिक्षण, सक्रिय शिक्षण तालिम (ATL Training), | पटक | ० | १० | २ | २ | २ | २ | २ |
| २२ | स्थानीय शैक्षिक सामग्रीहरूको निर्माणका लागि कार्यशाला गोष्ठि सञ्चालन गर्ने | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| २३ | अभिभावकसँग अन्तर्क्रियात्मक बैठक सञ्चालन | पटक | २ | २५ | ५ | ५ | ५ | ५ | ५ |
| २४ | MSE सिकाई सामग्री | वटा | ५० | १००० | ० | २५० | २५० | २५० | २५० |
| २५ | अन्तर विद्यालय शैक्षिक तथा सिकाई अवलोकन भ्रमण | पटक | ० | ५ | १ | १ | १ | १ | १ |

| क्र. सं. | प्राथमिकता प्राप्त कार्यकलाप ( सुचक) | इकाइ | वर्तमान अवस्था | लक्ष्य | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| २६ | पाठ्यक्रम कार्यान्वयन योजना र मुल्याङ्कन | पटक | १ | ५ | १ | १ | १ | १ | १ |
| २७ | विद्यालय नियमित आउने विद्यार्थीलाई पुरस्कृत गर्ने | जना | ० | २०० | ४० | ४० | ४० | ४० | ४० |
| २८ | उत्कृष्ट शिक्षक प्रोत्साहन | जना | ० | २५ | ५ | ५ | ५ | ५ | ५ |
| २९ | अन्तर विद्यालय भ्रमण र सिकाईको आदानप्रदान गर्ने | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| ३० | अभिभावकसँग भेटघाट तथा अन्तक्रिया गर्ने | पटक | १ | १० | २ | २ | २ | २ | २ |
| ३१ | विद्यार्थी परामर्श र उपचारात्मक पद्धति | पटक | १ | १० | २ | २ | २ | २ | २ |
| ३२ | बयक्तिक घटना अध्ययन (Case Study) | जना | ० | ५०० | १०० | १०० | १०० | १०० | १०० |
| ३३ | शिक्षण सिकाईको लागि स्मार्टवोर्ड खरिद र जडान | वटा | ० | १० | २ | २ | २ | २ | २ |

| क्र. सं. | प्राथमिकता प्राप्त कार्यकलाप ( सुचक) | इकाइ | वर्तमान अवस्था | लक्ष्य | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| ३४ | देशका स्थापित नमूना विद्यालयहरूसँग सिकाईमा साझेदारी गर्न त्यहाँका विषयगत शिक्षकहरूलाई अथिति शिक्षकको रुपमा आमन्त्रण गरी शिक्षण कौशल तथा अनुभव आदान प्रदान गर्ने | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| ३५ | Question Bank स्थापना | वटा | ० | १ | १ | ० | ० | ० | ० |
| ३६ | विद्यार्थी अनियमितताको कारण पहिचान गरी योजना बनाउने | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| ३७ | आधारभूत तहका विद्यार्थीको Student Portfolio तयार गर्ने | वटा | ० | २० | २० | ० | ० | ० | ० |
| ३८ | विद्यालय परिसरको विपद् जोखिम मूल्याङ्कन र व्यवस्थापन | पटक | ० | ४ | ० | १ | १ | १ | १ |
| ३९ | विद्यालय सुरक्षा योजना तर्जुमा र कार्यान्वयन | पटक | ० | ४ | १ | १ | १ | १ | १ |
| ४० | प्राथमिक उपचार सामग्रीको व्यवस्था गर्ने | पटक | १ | ५ | १ | १ | १ | १ | १ |
| ४१ | योगा वा मनोपरामर्श | पटक | ० | ५ | १ | १ | १ | १ | १ |

| क्र. सं. | प्राथमिकता प्राप्त कार्यकलाप ( सुचक) | इकाइ | वर्तमान अवस्था | लक्ष्य | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| ४२ | बालक तथा बालिकाको छुट्टछुटै शौचालयको र साबुन पानीको व्यवस्था गर्ने (WASH facilities) | पटक | - | ५ | १ | १ | १ | १ | १ |
| ४३ | ICT सामग्री ब्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | १ |
| ४४ | प्रयोक विद्यालयमा एक-एक वटा Internet को व्यवस्था र सञ्चालन गर्ने | पटक | १ | ५ | १ | १ | १ | १ | १ |
| ४५ | शिक्षक कर्मचारीलाई ICT प्रयोग सम्वन्धि तालिम | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| ४६ | शिक्षक तथा विद्यार्थीका लागि विषयगत विद्युतीय सिकाइ स्रोत तथा सामग्रीको विकास तथा वितरण गर्ने | पटक | ० | ४ | ० | १ | १ | १ | १ |
| ४७ | विज्ञान प्रयोगशाला सामग्री खरिद | वटा | ० | १००० | २०० | २०० | २०० | २०० | २०० |
| ४८ | खेलकुद सामग्रीको खरिद तथा ब्यवस्थापन | पटक | १ | ५ | १ | १ | १ | १ | १ |
| ४९ | संगीत तथा कलाका सामग्रीहरूको खरिद | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| ५० | शैक्षिक कार्यशाला सञ्चालन र सामान खरिद | पटक | ० | ५ | १ | १ | १ | १ | १ |

| क्र. सं. | प्राथमिकता प्राप्त कार्यकलाप ( सुचक) | इकाइ | वर्तमान अवस्था | लक्ष्य | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | भवन तथा छाना मर्मत | वटा | ० | १५ | ३ | ३ | ३ | ३ | ३ |
| २ | खेल मैदान मर्मत | वटा | ० | ५ | १ | १ | १ | १ | १ |
| ३ | हरित पर्खाल तथा वाल उद्यान | वटा | ० | २ | ० | १ | १ | ० | ० |
| ४ | खानेपानी धारा | वटा | ० | १० | २ | २ | २ | २ | २ |
| ५ | बालमैत्री, अपांगमैत्री फर्निचर निर्माण र बसाइ व्यवस्थापन | वटा | ० | १५० | ३० | ३० | ३० | ३० | ३० |
| ६ | Wash facilities सहितको छात्रामैत्री शौचालय (Girls Toilet) | वटा | ० | २ | ० | १ | ० | १ | ० |
| ७ | स्वच्छ खानेपानीको व्यवस्था (कक्षाकोठामा फिल्डर सहित) | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| ८ | सामुदायिक स्कुल बस सेवा | वटा | ० | ३ | १ | ० | १ | ० | १ |
| ९ | वैकल्पिक उर्जा (Watt) | वाट | ० | २४०० | १२०० | ० | ० | १२०० | ० |
| १ | अभिभावक भेला | पटक | २ | २५ | ५ | ५ | ५ | ५ | ५ |
| २ | विद्यालयको विनियम निर्माण,अध्यावधिक र कार्यान्वयन | पटक | - | - | समयानुकुल निन्तर सम्सोधन र अत्याध्यावधिक गरिने | - | - | - | - |
| ३ | सरोकारवालाहरूको समन्वय भेला | पटक | १ | २० | ४ | ४ | ४ | ४ | ४ |

| क्र. सं. | प्राथमिकता प्राप्त कार्यकलाप ( सुचक) | इकाइ | वर्तमान अवस्था | लक्ष्य | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | योजना तर्जुमा, कार्यान्वयन र समिक्षा | पटक | १ | १० | २ | २ | २ | २ | २ |
| ५ | विद्यालय वयवस्थापन समिति र शिक्षकबीच अन्तरक्रिया | पटक | | १ | १५ | ३ | ३ | ३ | ३ |
| ६ | प्रधानाध्यापकको ब्यवस्था | जना | विद्यालयहरूको आवश्यकता अनुसार | ० | ० | ० | ० | ० | ० |
| ७ | सहायक प्रधानाध्यापकको ब्यवस्था | जना | विद्यालयहरूको आवश्यकता अनुसार | ० | ० | ० | ० | ० | ० |
| ८ | शिक्षकहरूका नेतृत्व विकास तथा पेशागत दक्षता अभिबृद्धि तालिम | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| ९ | राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय ख्याती प्राप्त स्थानीय तहसंग सम्पर्क संजाल स्थापना | वटा | ० | २ | १ | ० | १ | ० | ० |
| १० | वार्षिक उत्सव तथा समारोह | पटक | १ | ५ | १ | १ | १ | १ | १ |
| ११ | पूर्व शिक्षक तथा पूर्व कर्मचारी, समाजसेवीहरूको अन्तरक्रिया कार्यक्रम | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| १२ | सफ्टवेयरको ब्यवस्था | वटा | ० | ५ | १ | १ | १ | १ | १ |
| १३ | गुरुयोजना अभिमुखिकरण | पटक | ० | ५ | १ | १ | १ | १ | १ |

## १६. वजेट अनुमान

माथि उल्लेखित लक्ष्य हासिल गर्नका लागि तपसिल वमोजिमका वजेट अनुमान तथा प्रक्षेपण तालिका तयार गरिएको छ। सघींय सरकार, प्रदेश सरकार, रोल्पा नगरपालिकाबाट प्राप्त स्रोतको अग्रिम जानकारी प्राप्त भए पश्चात् वडा तहको वजेट सिलिङका आधारमा हरेक वर्षबजेट तथा कार्यक्रम स्वीकृत गरिनेछ।

## १७. अनुगमन मुल्याङ्कन योजना :

योजनालाई वडा शिक्षा समितिले हरेक वर्षउपलव्धि समीक्षा तथा सघन अनुगमन गर्नेछ । वर्तमान सूचकका आधारमा प्रक्षेपित लक्ष्यहरू के कति मात्रामा हासिल भए भनि नतिजामूलक अनुगमन गरिनेछ । अनुगमनको ढाचाँ राम्रो गर्ने विद्यालय, शिक्षकलाई प्रोत्साहन र उत्प्रेरणात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ । अनुगमनको कार्ययोजना लगायत अन्य प्राविधिक सहजीकरणको लागि नगर शिक्षा शाखासँग समन्वय सहकार्य गरिनेछ । योजनालाई मध्यवर्षमा मध्यावधि समीक्षा गरी उद्धेश्यसँग तालमेल मिलाई अघि वढिनेछ । अनुगमन योजनाको ढाचाँको नमूना देहायवमोजिम हुनेछ ।

तालिका : अनुगमन योजना (नमूनाको रुपमा)

| **क्र.स** | **कार्यकलाप (के)** | **अनुगमन तथा कार्यान्वयन प्रक्रिया (कसरी)** | **जिम्मेवारी (कसले)** | **समयावधि** | | **अनुगमन सुचक** |
|---|---|---|---|---|---|---|
| | | | | **देखि** | **सम्म** | |
| १ | विद्यालय नियमित सञ्चालन अनुगमन | स्थलगत अनुगमन<br>आकस्मिक निरीक्षण | नगरपालिका, वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति | निरन्तर | | विद्यालयको अभिलेख<br>शिक्षक विद्यार्थी हाजिरी |
| २ | Teacher time and task Monitaring | कक्षा अवलोकन<br>शिक्षकको कार्यसम्पादन र प्राप्त उपलव्धिको मूल्याङ्कन | नगर शिक्षा कार्यालय<br>विद्यालयको प्रधानाध्यापक<br>विषयगत रोष्टर शिक्षक | आवश्यकता अनुसार | | शिक्षकको विद्यालयको हाजिरी र कक्षामा विताएको समयको अभिलेख<br>शिक्षक डायरी |

# रोल्पा नगरपालिका

## ३ नं वडाको वडा शिक्षा योजना

**३ नं वडा शिक्षा समितिका पदाधिकारीहरूको नामावली**

| | | |
|---|---|---|
| १. | इन्द्र बहादुर थापा | - अध्यक्ष |
| २. | गणपति केसी | - सदस्य |
| ३. | अमृत थापा | - सदस्य |
| ४. | महेन्द्रराज रोका | - सदस्य |
| ५. | खिमराज कवर | - सदस्य सचिव |

## खण्ड क

# वडाको सामान्य परिचय

१. **भौगोलिक अवस्था :**

- क्षेत्रफल : वर्ग कि.मि.
- जनसंख्या :२४२३ जना महिला :१३४० पुरुष :१०४३
- हावापानी : उष्ण, समशितोष्ण र शित
- उचाई : समुद्री सतह  ८०० मिटर देखि २२९१ टिर सम्म
- तापक्रम : ३.० देखि ३३ डिग्री सेल्सियस सम्म
- वर्षा :औषत  १५.८८ देखि २०.३६ मिलिमिटर
- नदि,खोला : पात्लो खोला, जुगेना खोला
- धार्मिक तथा पर्यटकीय क्षेत्रः ढुङ्गे बगैचा, गुफा, टावर क्षेत्र, लाकुरी डाँडा, नेपालको अग्लो भ्यू टावर,
- व्यापारीक स्थान : सातदोबाटो बजार, खुमेल पोखरा बजार, लम्पूजा बजार
- विद्यालय : ५ वटा (१ मा.वि.१ आ.वि.र २ प्रा.वि. १ बालविकास)
- स्वास्थ्य चौकी :१ वटा स्वासथ्य चौकी र २ वटा गाँउ घर क्लिनिक
- सामुदायिक वन : २५ वटा सामुदायिक वन

२. **सामाजिक अवस्था :**

रोल्पा जिल्लाकै पूर्व दक्षिण तिर पर्ने रोल्पा नगरपालिका वडा नं.३ खुमेलको आफ्नै ऐतिहासिक, भौगोलिक, सामाजिक, धार्मिक, सास्कृतिक महत्त्व र विशेषताले भरिपूर्ण रहेको छ । यहाँ जनजाति क्षेत्री दलित जातिहरूको बाहुल्यता रहेको भएता पनि छिटपुट रुपमा सन्यासी, योगीहरू रहेका छन् । यस वडामा हिन्दु  धर्मालम्वीहरूको  वाहुल्यता रहेको छ । विभिन्न पूर्वाधारहरूबाट

पछडी परेको यस वडामा सदरमुकाम लिबाङसँग यातायातको सडक संजाल जोडिएको छ । पर्याप्त मात्रामा कृर्षि योग्य जमिन रहेता पनि सिचाई तथा अन्य सुविधाहरूको कारणबाट पर्याप्त मात्रामा खेति गर्न सकिएको छैन । सामान्य आफ्नै परम्परा तथा संस्कृती अनुसार विवाह, जन्म, मृत्यु लगायतका संस्कारहरू मनाउने यस वडामा जातीय सहिष्णुता रहेको पाईन्छ ।

यो वडाको भू-भाग अधिकांश पहाडी पाखा पखेरा रहेको छ । प्राकृतिक श्रोत साधनले भरिपूर्ण यो वडामा शिक्षा, स्वास्थ्य, यातायात, विद्युत, सञ्चार, खानेपानी तथा सरसफाई आदिका पूर्वाधारमा तुलनात्मक रुपमा केहि हदसम्म मात्र पछाडी छ । यहाँ विभिन्न खनिज जन्य पदार्थ जडिवुटी अर्गानिक अन्न उत्पादन हुन्छ । यस वडा अन्र्तगत सूचना तथा सञ्चारको माध्यममा नजिकै टावरहरू र विभिन्न सामुदायिक रेडियोहरूको राम्रो पहुँच रहेको छ ।

३. **आर्थिक अवस्थाः**

यस रोल्पा नगरपालिका वडा नं. ३ को आर्थिक अवस्था अन्र्तगत कृषि तरकारी खेती, ज्याला मजदुरी पशुपालन, वैदेशिक रोजगारी, नोकरी र व्यापार रहेका छन् । परम्परागत निर्वाहमुखी कृषि प्रणाली अधिकांस मानिसहरूको जीवननिर्वाहको स्रोत वनेको छ ।

४. **प्रशासनिक अवस्थाः**

रोल्पा न.पा. ३ नं. वडा कार्यालय जनतालाई दैनिक प्रशासनको अनुभूति प्रदान गर्न तथा प्रशासनिक कार्यलाई जनमुखि बनाउनका लागि सक्रिय रहेको छ। वडाको प्रशासनिक केन्द्र वडा कार्यालय खुमेलमा रहेको छ। यस वडा अन्तर्गत एक स्वास्थ्य चौकी, २ गाँउघर क्लिनिक, एक अतिरिक्त हुलाक कार्यालय, एक मा.वि गरी जम्मा ५ वटा विद्यालय रहेका छन् ।

खण्ड ख

# वडा शिक्षा योजनाको परिचय र औचित्य

**क) वडा शिक्षा योजनाको परिचय :**

विकेन्द्रित योजना निर्माणको अभ्याससँगै हरेक विद्यालयहरूले ५ वर्षे विद्यालय सुधार योजना निर्माण गर्ने कार्यको थालनी भएको छ । वडाभित्र रहेका विद्यालयहरूको शैक्षिक, भौतिक, आर्थिक, मानवीय पक्षहरूको सुधार र रुपान्तरण गर्दै शिक्षा प्रदायक यस्ता निकायहरूको प्रभावकारी नियमन गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्ने निकायको रुपमा वदल्नुपर्नेछ । जननिर्वाचित प्रतिनिधिहरूको पहिलो कार्यकालको शैक्षिक हवको रुपामा रोल्पा नगरपालिकालाई विकास गर्ने प्रतिवद्धतालाई व्यवहारिक रुपमा रुपान्तर गरी गुणस्तरीय शिक्षाको योजनावद्ध विकास, वडाभित्रका विद्यालयहरूमा सञ्चालन हुने शैक्षिक क्रियाकलाप, गतिविधिहरूमा एकरुपता र पारदर्शिका कायम गरी अभिभावकहरूको रोजाईका केन्द्र सामुदायिक विद्यालयहरू बनाउन यो योजना तर्जुमा गरिएको छ ।

**ख) वडा शिक्षाको योजनाको औचित्य**

- ❖ वडाभित्र रहेका विद्यालय उमेर समूहका सवै बालबालिकाहरूलाई शिक्षाको मूलधारमा ल्याउन,
- ❖ वडाभित्र रहेका विद्यालयहरूको समग्र शैक्षिक सुधार र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी जनशक्ति तयार गर्ने,
- ❖ बालश्रममा परेका बालबालिका, बालविवाह, विचैमा विद्यालय छाडेका बालबालिकाहरूलाई शिक्षाको पहुँचमा ल्याउन,
- ❖ शिक्षा प्राप्त गरेका दक्ष जनशक्तिहरूले आ-आफ्नो जीवन निर्वाह गर्नका लागि शैक्षिक व्यवस्थापन गर्न,
- ❖ विद्यालय विचैमा छोड्ने, श्रम गर्न बाहिर जाने, बालविवाह, ५ वर्ष देखि

१२ वर्ष उमेर समूहका बालबालिकाहरूमा आएको बिभिन्न समस्याहरू न्यूनिकरण गर्न ,

- ❖ अपांगता भएका, असाहय, जोखिममा परेका बालबालिकालाई आत्मसम्मानका साथ क्षमता अनुसार समावेशी र समाहित शिक्षाको व्यवस्था मिलाउने,
- ❖ विद्यालयको भौतिक, शैक्षिक, मानवीय र वित्तिय अवस्थामा सुधार गर्न,
- ❖ प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरी शैक्षिक गुणस्तर कायम गर्न ।

**ग) योजनाका मार्गदर्शन र निर्माण प्रक्रिया :**

विद्यालय शिक्षा क्षेत्रमा हाल कार्यन्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम, पन्ध्रौ योजना, नेपालको संविधान र दिगो विकासका लक्ष्य जस्ता राष्ट्रिय एवंम् अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता रोल्पा नगरपालिकालाई शैक्षिक हव बनाउने चुनावी घोषणापत्र र शिक्षा पाउने नागरिकको मौलिक हक जस्ता पक्षहरूलाई हाम्रो सापेक्षतामा स्थानीयकरण गर्न प्रयास गरिएको छ। विद्यालयहरूले तयार गरेको ५ वर्षे विद्यालय सुधार योजनाको आधारमा वडाभेला, प्रधानाध्यापकहरूको बैठक वसी प्राप्त सुझाव र सल्लाहलाई समेटी योजना निर्माण कार्यदल गठन गरी योजना बनाइएको छ। योजना वडा समितिले स्वीकृत गरेपछि कार्यन्वयमा आउनेछ।

## ६. योजनाको समयावधि

विकेन्द्रित स्वरुपको यो योजना शिक्षा क्षेत्रको सुक्ष्म योजनाको अभ्यास अन्तर्गत पर्नेछ । नतिजामा आधारित यो योजनाका क्रियाकलापहरू आगामी ५ वर्षसम्ममा हासिल हुने गरी तयार गरिएको छ। यस योजनामा प्रस्तुत क्रियाकलापहरू आ.व.२०७६/०७७ देखि २०८०/०८१ सम्ममा पूरा हुने अपेक्षाका साथ योजना तर्जुमा गरिएकोछ।

खण्ड ग

# शिक्षाको वर्तमान अवस्था

**क) वर्तमान शैक्षिक अवस्था (विद्यालयगत विद्यार्थी विवरण अंग्रेजी प्रणाली)**

(थप गर्ने)

**ख) विद्यार्थीहरूको विषयगत औसत सिकाई उपलब्धि २०७६**

| क्र.स. | औसत कक्षा | गणित | अंग्रेजी | सामाजिक | विज्ञान | स्वा.ज.वा. | इउत |
|---|---|---|---|---|---|---|---|
| १ | औसत कक्षा १-५ | ४५.३१ | ५१.६८ | ५६.९३ | ५०.०३ | | ५३.६२ |
| २ | औसत कक्षा ६-८ | ३७.५७ | ५१.६८ | ४९.२३ | ४१.६१ | ४४.३६ | ५१.३८ |
| ३ | औसत कक्षा ९-१० | ४१.५ | ५०.७५ | ५५.५९ | ५२.२७ | ५८.९९ | ७१.०२ |

**ग) विद्यार्थीहरूको तहगत र विषयगत औसत सिकाई उपलब्धि :**

| क्र.स. | विद्यालयको नाम | प्राथमिक तह १–५ | आधारभुत तह ६–८ | माध्यमिक तह | कैफियत |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय मा.वि. | ५०.०९ % | ४७.९९ | ५५.५२ | |
| २ | जनसुधार आ. वि. | ५२.६३ % | ४३.६० | | |
| ३ | गणेश प्रा.वि. | ५७.४९% | | | |
| ४ | लालिगुरास प्रा.वि. | ४१.७२% | | | |

# शैक्षिक समस्या पहिचान कारण र संम्भावित समाधानका उपायहरूको पहिचान

| क्र.सं. | सूचक | मुख्य समस्या | समस्याको कारण | समाधानका उपाय |
|---|---|---|---|---|
| १ | सिकाई उपलब्धी न्यून भएको अवस्था | अंग्रेजी, गणित, विज्ञानमा नतिजा कमजोरी देखिनु | योग्य र तालिम प्राप्त जनशक्तिको अभाव र पेशाप्रति वफादार नहुनु | योग्य तथा तालिम प्राप्त जनशक्तिको व्यवस्थापन गर्ने । |
| २ | वालमैत्री पूर्वाधार | कक्षाकोठा भवन शौचालय खानेपानी बालमैत्री नभएको | योजना निर्माण बजेट विनियोजनमा समस्या | भौतिक पूर्वाधार बालमैत्री पूर्वाधारको योजना निर्माण तथा बजेट विनियोजन गर्ने |
| ३ | शिक्षक दरबन्दि | प्रस्तावित विद्यालय सञ्चालन गर्दा आवश्यक दरवन्दीको अभाव | दुरदृष्टि,योजना निर्माण नगरी विद्यालय अनुमति दिने र सञ्चालन गर्ने | सम्वन्धित निकायमा योजना निर्माण गरि शिक्षक दरवन्दी प्रबन्ध गर्ने । |
| ४ | भौतिक पूर्वाधार | प्रविधि मैत्री भौतिक पूर्वाधारको अभाव | भौगोलिक विकटताको कारण दक्ष कालिगढको अभाव | भौगोलिक अवस्थाको पहिचान गरी समताको आधारमा वजेट विनियोजन |

| क्र.सं. | सूचक | मुख्य समस्या | समस्याको कारण | समाधानका उपाय |
|---|---|---|---|---|
| ५ | आर्थिक अवस्था | विद्यालयको आन्तरिक श्रोत नहुँदा निःशुल्क तथा अनिवार्य शिक्षा लागु नभएको | आर्थिक ऐन नियम बाधक बन्नु | आर्थिक ऐन नियममा संशोधन गरि कार्यान्वयन गर्ने |

## २. आगामी ५ वर्षका लक्ष्य तथा कार्यक्रम निर्धारण

| क्र. सं | क्षेत्र | सूचक | वर्तमान अवस्था | वर्षगत लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोश्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
| १ | आन्तरिक सक्षमताको विषय | सहजै देखिने भर्नादर | १२० | ११५ | ११२ | ११० | १०५ | १०० |
| | | खुद भर्नादर | ९० | ९२ | ९५ | ९८ | १०० | १०० |
| | | विद्यालय छोड्ने दर | १४ | १२ | १० | ५ | ०२ | ० |
| | | कक्षा दोहोर्‍याउने दर | १२ | १० | ९ | ६ | ३ | ० |
| | | टिकाउ दर | ८६ | ९० | ९२ | ९५ | ९८ | १०० |
| | | उत्तीर्ण दर | ७९ | ८४ | ८८ | ९२ | ९६ | १०० |
| | | बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना | ६७ | ७० | ७२ | ७३ | ७५ | ७८ |

| क्र. सं | क्षेत्र | सूचक | वर्तमान अवस्था | वर्षगत लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोश्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
| २ | विद्यार्थी सिकाई उपलब्धी विवरण | १-५ को औसत प्राप्ताङ्क | ५२ | ५५ | ५६ | ५८ | ६० | ६२ |
| | | १-८ को औसत प्राप्ताङ्क | ५० | ५२ | ५४ | ५६ | ५८ | ६० |
| ३ | विद्यालय संञ्चालन अवस्था | शै.स.मा विद्यालय खुल्ने दिन | २२० | २२० | २२० | २२० | २२० | २२० |
| | | पढाई हुने दिन | १९२ | १९२ | १९२ | १९२ | १९२ | १९२ |
| | | शिक्षक उपस्थिति प्रतिशत | ९१ | ९३ | ९५ | ९७ | ९९ | ९९.५० |
| | | विद्यार्थीको उपस्थिति प्रतिशत | ८६ | ८८ | ९० | ९७ | ९८ | ९९.५० |
| ४ | सिकाइमैत्री कक्षाकोठा व्यवस्थापन | | २१ | योजना अवधिभरमा सवै विद्यालयका कक्षाकोठा सिकाई मैत्री ढँगले भौतिक, शैक्षिक र मनोबैज्ञानिक रूपले व्यवस्थित भएका हुने । | | | | |
| ५ | सुरक्षित विद्यालय भवन | | ९ | योजना अवधिभरमा वडाका सबै विद्यालयहरु सुरक्षित रूपमा संरचना, घेरावार व्यवस्थापन भएका हुने । | | | | |
| ६ | सफा खानेपानीको व्यवस्था | | ५ | सवै विद्यालयहरुमा सफा पिउने पानी र वालमैत्री धाराको व्यवस्था भएको हुने । | | | | |
| ७ | छात्रामैत्री शौचालयको अवस्था | | २ | सवै विद्यालयहरुमा स्यानेटरी प्याडको लागि चेन्जिङ्ग रूम सहितको इन्सिनेटर, र दुई युनिट शौचालयको व्यवस्था भएको हुने । | | | | |
| ८ | शौचालय | | ७ | | | | | |

| क्र. सं | क्षेत्र | सूचक | वर्तमान अवस्था | वर्षगत लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोश्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
| ९ | खेलमैदान घेरावार | | २ | सवै विद्यालयहरु घेरावार र जग्गाको अवस्थानुसार सवै विद्यार्थी एकैपटक लाइन लाग्न मिल्ने र आधारभूत खेलहरु खेल्न मिल्ने खेलमैदान निर्माण | | | | |
| १० | आइ.सी.टि.युक्त कक्षाकोठा | | १ | हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको माध्यमले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सक्ने गरी साधन तथा क्षमता विकास भएको हुनेछ। | | | | |

# रोल्पा नगरपालिका

## ४ नं वडाको वडा शिक्षा योजना

**४ नं वडा शिक्षा समितिका पदाधिकारीहरूको नामावली**

| | | |
|---|---|---|
| १. | नवराज आचार्य | - अध्यक्ष |
| २. | केवल प्रसाद आचार्य | - सदस्य |
| ३. | मीना आचार्य | - सदस्य |
| ४. | लालबहादुर सेन | - सदस्य |
| ५. | धर्मराज डाँगी | - सदस्य सचिव |

परिच्छेद १

# वडा शिक्षा योजनाको अवधारणा:
## (Concept of Ward Education Plan)

१.१ **पृष्ठभूमि :**

नेपालमा वि.सं. २०१३ सालदेखि योजना निर्माणको सुरुवात भएको पाइन्छ। योजना निर्माणको क्रमलाई हेर्दा हालसम्म १५ औं योजना कार्यान्वयनमा रहेको छ। योजना प्रकारमध्ये नेपालमा सबैभन्दा बढी प्रयोगमा आएको दीर्घकालीन योजना ५ वर्ष भन्दा बढिको रहेको पाइन्छ।

योजना विनाको कुनैपनि कार्यले सफलता प्राप्त गर्न सक्दैन । त्यसैले समाजको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक तथा भौतिक जुनसुकै कुराको क्रमिक विकास गर्नका लागि योजनाको आवस्यकता पर्दछ। त्यसैले योजना निर्माण गर्दा त्यसको वर्तमान अवस्थाको विष्लेषण तथा भविष्यमा प्राप्त गर्न खोजिएको लक्ष्य र लक्ष्य प्राप्त गर्नकालागि लाग्ने समय, स्रोत, साधन तथा गरिने क्रियाकलापको स्पष्ट विष्लेषण गरिएको हुनु पर्दछ। योजना भन्नाले अपेक्षित लक्ष्य, उद्देश्य निर्धारण गरी उद्देश्य प्राप्तिकालागि भविष्यमा गरिने उपयुक्त कार्यहरूको छनोट गर्ने प्रक्रिया नै योजना निर्माण हो ।

१.२ **शैक्षिक विकेन्द्रिकरण:**

नेपालमा वि.सं २००७ सालमा प्रजातन्त्रको प्रादुर्भाव भएपछि विकेन्द्रिकरणको अभ्यासको रुपमा नेपालमा शैक्षिक योजनाको सुरुवात वि.सं २०११ मा राष्ट्रिय शिक्षायोजना आयोगको गठन गरी शिक्षा सम्वन्धि योजनाबद्ध कार्य सुरु गरेको थियो। त्यस पछि वि.सं २०१८ मा सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति वि सं २०२८ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना वि.सं २०४९ मा राष्ट्रिय शिक्षा आयोग वि.सं २०५५ मा उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग जस्ता विभिन्न आयोगहरू गठन भई विभिन्न चरणमा शिक्षा विकास हुँदै आइरहेको छ। राष्ट्रिय स्तरमा गठन भएका वा तयार

पारिएका आयोगले स्थानीय सरकार मार्फत सम्पूर्ण आवस्यकताहरूलाई समेट्न नसकेको अवस्थामा नेपाल सरकारले स्थानीय तहमा विकेन्द्रित स्वरुप अन्तरगत विभिन्न शिक्षा योजना निर्माणको अवधारणा र कार्यान्वयन पक्षलाई अघि सारेको छ। वि.सं २०५६ मा शिक्षा विभागको स्थापनापश्चात् शिक्षामा विकेन्द्रिकरणको पूर्वाभ्यास गरिएको पाइन्छ। त्यसको उदाहरण स्वरुप आ.व २०५६ /०५७ देखि शिक्षा विभागले नेपालका ७५ वटै जिल्लामा जिल्ला शिक्षा योजना निर्माण गर्ने कार्यक्रमको थालनी गरेको थियो। यसका साथै हरेक विद्यालयले विद्यालय सुधार योजना समेत निर्माण गर्ने परिपाटीको थालनी गरियो। त्यसका अलावा स्थानीय सरकाले पनि आ-आफ्नो वडामा वडा शिक्षा योजना निर्माण गर्न लागिएको छ।

## १.३ वडा शिक्षा योजनाको पृष्ठभूमिः

वडा शिक्षा योजना विकेन्द्रीकरणको सिद्धान्तमा आधारित योजना हो। विकेन्द्रिकरणको सिद्धान्तले स्थानीय जनताहरूलाई आफ्नो शैक्षिक लक्ष प्राप्तिका लागि आवस्यक रणनीति तथा कार्यक्रम तय गर्ने अधिकार प्रदान गर्दछ। वडा शिक्षा योजना सम्वन्धित सरोकारवालाहरूको सक्रिय सहभागितामा तयार हुने योजना हो। वडा शिक्षा योजना विद्यालय स्तरमा निर्माण हुने विद्यालय सुधार योजना (SIP) मा आधारित हुन्छ। तसर्थ वडा शिक्षा योजनाले विद्यालय सुधार योजनाले राखेका लक्ष्य पूरा गर्ने तर्फ उन्मूख हुनु पर्दछ।

त्यसैले बदलिंदो परिस्थिति र समाज परिवर्तनको विकास क्रमसँगै शैक्षिक समस्या आवश्यकता, संरचना र रणनीति तथा कार्यनीतिमा परिमार्जन भएअनुरुप वडा शिक्षा योजना निर्माण गर्नुपर्ने मुख्य ध्येय यस वडामा शिक्षाको पूर्व अवस्था देखि हालसम्म यस क्षेत्रमा भएका उपलब्धिहरूको जानकारी तथा लिपिबद्ध गर्दै यसको विष्लेषणबाट शिक्षाक्षेत्रमा वडाले भविष्यमा प्राप्त गर्न खोजेको लक्ष तथा उद्देश्य निर्धारण गर्नु नै वडा शिक्षा योजना निर्माणको मूख्य धारणा रहेको छ।

## १.४ वडा शिक्षा योजना निर्माणको औचित्यः

वडाको शैक्षिक क्षेत्रमा गरिने लगानीलाई एकीकृत र योजनाबद्ध ढंगले आवश्यकताको प्राथमिकताको आधारमा गरिनु पर्दछ दिगो तथा स्थायी विकासका लागि योजनाबद्ध लगानी अवश्यक छ। यसैलाई मध्यनजर गरि वडाको शैक्षिक

क्षेत्रको विकासका लागि वडा शिक्षा योजना निर्माण गरिएको छ। त्यसका साथै वडाको शिक्षा क्षेत्रको समग्र विकास गर्न प्रस्तुत वडा शिक्षा योजना निर्माण गर्नुपर्ने अपरिहार्य भएकोले आफ्नै भौगोलिक विविधता, उपलब्ध स्रोतसाधनलाई हेरी शिक्षा क्षेत्रको राष्ट्रिय लक्ष्यलाई पूरा गर्नका लागि एवं शैक्षिक विकेन्द्रिकरणको अवधारणालाई कार्यान्वयनमा ल्याउनकालागि वडाले आफ्नै वडा शिक्षा योजना निर्माण गर्न लागेको छ। वडा शिक्षा तथा विद्यालयहरू स्वयंले आ-आफ्नो भौगोलिक अवस्था स्रोत, साधन तथा आवश्यकतालाई हेरी अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन शिक्षा योजना निर्माण गर्नुपर्ने हुन्छ। यति मात्र नभई नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक हकका रुपमा लैङ्गिक समानता, समावेशी, समता जस्ता प्रमुख नीतिगत लक्ष्य तथा मूल्य मान्यताले पनि वडा शिक्षा योजना निर्माण गर्नुपर्ने अपरिहार्य अवस्थाको सिर्जना गरेको छ।

विकेन्द्रिकरणको माध्यमबाट शिक्षालाई सरल तथा सहज रुपमा सबैले उपयोग गर्ने अवस्था सृजना गर्नका लागि विद्यालय स्तरमा विद्यालय ब्यवस्थापन समिति, शिक्षक–अभिभावक संघ, बालमैत्री स्थानीय शासन वडा शिक्षा समिति एवं नगर स्तरमा नगर शिक्षा समितिको ब्यवस्था गरेको छ। साथै शिक्षा क्षेत्रमा भावि दिनमा शिक्षाको लक्ष्य तथा उद्देश्य प्राप्ती र त्यसका लागि गर्नुपर्ने क्रियाकलापलाई लिपिबद्ध गर्ने उद्देश्यले प्रस्तुत योजना बनाउनु पर्ने आवश्यकता महसुस गरिएको हो।

## १.५ वडा शिक्षा योजनाको सोच (Vision)

“गुणस्तरीय शिक्षाको माध्यमले समुन्नत र समृद्ध वडा बनाउने।

## १.६ वडा शिक्षा योजनाको लक्ष्य (Goal)

वडा क्षेत्रका सबै बालबालिका भर्ना, गुणस्तरीय शिक्षण सिकाई, विद्यार्थी सिकाई उपलब्धि बढोत्तरी गरी अभिभावक र विद्यार्थीको रोजाइ बनाउने।

## १.७ वडा शिक्षा योजनाको उद्देश्य

- ❖ विद्यालय उमेर समूहका सबै बालबालिबालाई शिक्षाको मूलधारमा ल्याउने।
- ❖ शैक्षिक सुधार र गुणस्तर अभिवृद्धि गरी सक्षम प्रतिस्प्रधि जनशक्ति तयार गर्ने।

- बाल विवाह, बालश्रम तथा आर्थिक विपन्नताका कारण विचैमा विद्यालय छोड्ने बालबालिकाहरूलाई शिक्षाको पहुँचमा ल्याउने।
- वडा भित्र सामुदायिक माध्यमिक विद्यालय गुणस्तरीय रुपमा सञ्चालन गर्ने ।
- विचैमा पढ्न छोडेकाहरूलाई सीपमूलक तालिम प्रदान गर्ने ।
- अपाङ्गता, असहाय, जोखिमममा परेका बालबालिकालाई शैक्षिक मुलधारमा ल्याउने ।
- विद्यालयको भौतिक अवस्था सुधार गर्ने ।
- संस्थागत विद्यालयहरूको नियमन र सेवामूलक बनाउने ।
- वडा क्षेत्रभित्रका नवसाक्षरहरूलाई साक्षरोत्तर र निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गरी जीवनोपयोगी सीप सिकाउने ।
- विद्यालयको प्रभावकारी अनुगमन र नियमन गरी शैक्षिक गुणस्तर कायम गराउने

### १.८ अपेक्षित उपलब्धि

- विद्यालय उमेर समूहका सवै बालवालिकाहरू विद्यालयमा भर्ना भएका, विद्यालयले भौतिक शैक्षिक मानवीय जनशक्तिका दृष्टिकोणले पूर्वाधार सम्पन्नता हासिल गरेका, विषयगत दरबन्दी, प्रौढका लागी निरन्तर सिकाई अवसरको माध्यमले गुणस्तरीय शिक्षाको केन्द्रविन्दुको रुपमा रहेको हुनेछ।

परिच्छेद २

# वडाको सामान्य परिचय

## २.१ सामान्य परिचयात्मक अवस्था

- जनसंख्या : ५ सय १० घरधुरी संख्या
- महिला : १३६२
- पुरुष : १३३७
- तेश्रो लिँगी : २
- हावापानी : उष्ण, समशितोष्ण र शित
- उचाई : समुद्री सतहदेखी १२ सय मिटर
- नदी/खोला : लहरी खोला, पधेंरी खोला, धाङ्सी खोला
- धार्मिक तथा पर्यटकीय क्षेत्र : शिव मन्दिर, देवि मन्दिर, हनुमान मन्दिर, होमस्टेक गुरुङ गाउँ, ईश्वरीय विश्व विद्यालय (ॐ शान्ति) ग्रिनपार्क टुडिखेल, सहीद स्मारक आदि
- व्ययापारिक स्थान : लिबाङ बजार र लहरी खोला बजार
- विद्यालय संख्या : ७ वटा
- सामुदायिक : २
- संस्थागत : ३
- बालविकास : २
- स्वास्थ्य चौकी : १ वटा स्वास्थ्य चौकी, १ वटा जिल्ला आयूर्वेदिक औषधालय, १ वटा प्राइभेट हस्पिटल

## २.२ सामाजिक अवस्था :

रोल्पाको सदरमुकाम लिबाङ्ग, रोल्पाको केन्द्र अर्थात मुटुको रुपमा मानिन्छ । बहुजाति, बहुधर्म र संस्कार संस्कृतिले भरिएको र ब्यापारिक थलोको

रुपमा प्रख्यात मानिएको यस क्षेत्रमा जिल्लाका विभिन्न कुना कन्दराबाट मात्रै नभएर देशका विविन्न जिल्लाबाट बसाई सराई गरेर आएका समुदायहरूको बसाई हुने गर्दछ । ब्राह्मण, क्षेत्री, गुरुङ, दलित, मगर, ठकुरी, नेवार लगायत विभिन्न जातजातिका बासिन्दाहरूको यहाँ बसोबास रहेको छ । आ-आफ्नै संस्कृति र संस्कारसँगै बहुधार्मिक र बहुसांस्कृतिक समुदायहरूको बाहुल्यता यहाँ छ। विभिन्न पूर्वाधारले भरिपूर्ण मानिएतापनि यस वडामा बाह्रै महिना चल्ने सडकहरू छैन् । शुद्ध खानेपानीको प्रर्याप्तता छैन् । कृषियोग्य जमिन भएतापनि सिंचाईको सुविधा छैन् । यो वडाको भू-भाग अधिकांश पहाडी पाखा पखेरा र ब्यापारिक स्थलहरूमा रहेका छन् । यो वडामा शिक्षा, स्वास्थ्य, यातायात, बिद्युत, सञ्चार, खानेपानी तथा सरसफाई आदिका पूर्वाधारमा तुलनात्मक रुपमा राम्रो रहेता पनि विद्यालयसम्म पुग्ने बाटोको समस्या कठिन छ। साना बालबालिकाहरूलाई प्रर्याप्त मात्रामा खानेपानी पुग्न सकेको छैन भने शुद्धपानीको झनै समस्या रहेको छ। धेरै कार्यालयहरू बस्ने स्थानको रुपमा रहेतापनि विद्यालय पहुँचमा नेट र विद्युतको समेत जडान हुन सकेको छैन। ब्यापारिक र सरकारी तथा गैरसरकारी कार्यालयहरू रहने थलोको रुपमा यो वडा रहेको छ।

## २.३ **आर्थिक अवस्था** :

यस रोल्पा नगरपालिका वडा नं ४ लिबाङको आर्थिक अवस्था अन्र्तगत कृषि, तरकारी खेती, ज्याला मजदुरी, पशुपालन, बैदेशिक रोजगार, नोकरी र ब्यापार रहेका छन् । लिबाङ्ग पुरानै सदरमुकाम भएकोले व्यापारिक केन्द्र रहेको छ।

# परिच्छेद ३

## ३.१ वडा भित्रका शिक्षा क्षेत्रका समस्या समस्याको कारण र समाधानका उपायहरू

| क्र.सं. | सूचक | मुख्य समस्या | समस्याको कारण | समाधानका उयाय |
|---|---|---|---|---|
| १ | बालमैत्री पूर्वाधार | ▪ बालबालिकाको पहुँचमा खानेपानी धारा, शौचालय र बसाइ व्यवस्थापन नहुनु<br>▪ बालबालिकाको स्तर अनुसार बुक कर्नर, पुस्तकालय, शैक्षिक र खेलकुद सामग्रीहरू नहुनु | ▪ भौगोलिक विकटता<br>▪ आर्थिक अभाव<br>▪ जनचेतानाको कमी | ▪ उपयुक्त साधन स्रोतको परिचालन<br>▪ बालमैत्री पूर्वाधार निर्माणमा छुट्टै बजेटको व्यवस्था<br>▪ सरोकारवालाहरू बीच अन्तरक्रिया<br>▪ अपाङ्गतामैत्री भौतिक संरचनाको निर्माण |
| २ | सिकाई उपलब्धि बृद्धि | ▪ राष्ट्रिय मापदण्ड अनुसारको न्यूनतम ६० अंक नहुनु<br>▪ शिक्षक र विद्यार्थीहरूमा नियमितता र शैक्षिक सामग्री निर्माण र प्रयोगमा कमी<br>▪ विद्यार्थीहरूको पठन क्रियाकलापमा अभिरुची साथै अभिभावकहरूको बालबालिका प्रतिको जिम्मेवारीमा कमी | ▪ शिक्षक दरबन्दी अभाव<br>▪ सामाजिक रहन सहन र मूल्य मान्यता<br>▪ उपयुक्त शिक्षण सिकाई बातावरणको अभाव<br>▪ बालमैत्री पूर्वाधार तथा शिक्षण शिकाइहरूमा कमी<br>▪ अभिभावकहरूको शिक्षा प्रतिको चेतनामा कमी | ▪ कक्षगत अभिभावक भेला<br>▪ उत्कृष्ट विद्यालय शिक्षक विद्यार्थीलाई पुरस्कारको व्यवस्था<br>▪ वडा स्तरीय पढाई, शैक्षिक मेला सञ्चालन<br>▪ नमूना विद्यालय निर्माण<br>▪ एक घर एक शैक्षिक सामग्री निर्माण<br>▪ सूचना तथा प्रविधिबाट शिक्षण सिकाईको लागि विद्यालयलाई श्रव्य, दृश्य सामग्री वितरण<br>▪ शिक्षकको क्षमता वृद्धि तालिम |

| क्र.सं. | सूचक | मुख्य समस्या | समस्याको कारण | समाधानका उपाय |
|---|---|---|---|---|
| | | ■ शिक्षकहरूलाई पेशागत क्षमता अभिवृद्धि तालिम तथा प्रोत्साहनमा कमी<br>■ सरोकारलालाहरूको अनुगमन र सुपरिवेक्षणमा कमी भएमा पनि फितलो हुनु<br>■ आधुनिक प्रविधिहरूको दुरुपयोग | ■ सरोकारवालाहरूले जिम्मेवारीको बोध नगर्नु<br>■ शिक्षामा लगानीको कमी | ■ शैक्षिक गुणस्तर बृद्धिका क्रियाकलाप सम्पन्न गर्न वडाको अनिवार्य २०% बजेट छुट्याउनु पर्ने<br>■ असाहय तथा विपन्न अभिभावकहरूलाई व्यवसायमूलक सीप प्रदान तथा आर्थिक सहयोग र बालबालिकालाई शैक्षिक सहयोग<br>■ वडा स्तरीय प्र.अ. तथा शिक्षकको वैठक<br>■ शैक्षिक सामग्री निर्माण खरिद संरक्षण र प्रयोग<br>■ स्वयम् सेवक शिक्षक परिचालन<br>■ सेवा निवृत शिक्षक, कर्मचारी प्रयोग<br>■ सहभागीतामूलक उपस्थिति परीक्षण प्रणालीको कार्यान्वयनका लागि निरन्तरता दिने साथै रजिष्टर र स्मरण पत्र उपलब्ध गराउने वडा मार्फत<br>■ सरोकारवालाहरूबाट विद्यालयको प्रभावकारी अनुगमन र पृष्ठपोषण<br>■ मूल्याङ्कन प्रणालीको एकरुपता<br>■ मौका परीक्षा तथा उपचारात्मक र अतिरिक्त कक्षा सञ्चालन |
| ३ | विद्यार्थी संख्यामा कमी | ■ सामुदायिक विद्यालयलाई हेर्ने दृष्टिकोण<br>■ देखासिखीको अभिवृद्धि<br>■ वसाई र सरसफाई | ■ अंग्रेजी भाषाको मोह<br>■ रोजगारीको प्रभाव<br>■ आत्मविश्वास नहुनु<br>■ सुविधाको उपमाग | ■ बालविकास केन्द्रमा सन्दर्भ सामग्रीहरू उपलब्ध र वितरण<br>■ नयाँ भर्ना विद्यार्थीमा विद्यालय स्वागत कार्यक्रम<br>■ घरदैलो, भर्ना अभियान, अन्तरक्रिया<br>■ अंग्रेजी भाषामा समयानुकूल कक्षा सञ्चालन<br>■ बालबालिकाहरूलाई पौष्टिक खाजा व्यवस्था र निःशुल्क पोशाक, झोला वितरण |

| क्र.सं. | सूचक | मुख्य समस्या | समस्याको कारण | समाधानका उपाय |
|---|---|---|---|---|
| ४ | आन्तरिक सक्षमताको अवस्था | ▪ तल्लो कक्षामा कक्षा दोहोऱ्याउने दर बढी र माथिल्लो कक्षामा कक्षा छोड्ने दर बढी हुनु | ▪ कमजोर आर्थिक अवस्था<br>▪ बाल बिबाह<br>▪ शिक्षाप्रतिको सकारात्मक भावना नहुनु<br>▪ रोजगारीको सम्भावना कमी हुनु<br>▪ बालबालिकाहरूको उमेर खर्च र क्षमता अनुसारको बाताबरण नहुनु (विद्यालय तथा घर) | ▪ पूर्व प्राथमिक कक्षालाई थप व्यवस्थित गर्ने<br>▪ तल्लो कक्षामा उपचारात्मक कक्षा सञ्चालन गर्ने<br>▪ माथिल्लो कक्षामा बालविवाह, बालश्रम सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने<br>▪ किशोरकिशोरी शिक्षा सञ्चालन |
| ५ | विद्यालयको आम्दानी स्रोत | ▪ विद्यालयको आन्तरिक स्रोत नहुनु | ▪ विद्यालयको स्वामित्वमा रहेको चल अचल सम्पत्ति नहुनु<br>▪ स्रोत संकलन र व्यवस्थापनमा कमी | ▪ अक्षयकोष, शिक्षा/विद्यालय विकास कोष निर्माण गर्ने<br>▪ आर्थिक संकलन गर्ने<br>▪ सरोकारलालाको सहभागीतामा आम्दानीका स्रोत पहिचान गर्ने र सही ढंगले परिचालन गर्ने |
| ६ | विद्यालय सुशासन अवस्था | ▪ भेला र वैठकमा अर्थपूर्ण सहभागीताको कमी<br>▪ विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयन नहुनु<br>▪ सामाजिक परीक्षण मर्म र भावना अनुरुप नहुनु | ▪ वि.व्य.स., शि.अ.संघ तथा अभिभावकहरूबीच अभिमूखिकरण र सचेतना कार्यक्रम सञ्चालनमा कमी<br>▪ आर्थिक अभाव<br>▪ अपनत्वको कमी | ▪ अनिवार्य उपस्थित हुने नियम बनाउने<br>▪ सामाजिक परीक्षण मर्म र भावना अनुसार गर्ने<br>▪ विद्यालय र सरोकारवाल बीच मैत्रीपूर्ण भावना कायम गर्ने<br>▪ विद्यालयको हरेक गतिविधिमा सरोकारवालाहरूको उपस्थिति सहकार्यमा बढावा दिने<br>▪ आमा भेला गर्ने |

| क्र.सं. | सूचक | मुख्य समस्या | समस्याको कारण | समाधानका उयाय |
|---|---|---|---|---|
| | | ▪ विद्यालयका हरेक गतिविधिमा सरोकारवालाहरू - वि.व्य.स. शि.अ.संघ, अभिभावक र स्थानीय तहको सहकार्यमा कमी<br>▪ आचार संहिताको प्रभावकारी कार्यान्वयन नहुनु<br>▪ मनोविज्ञानको ज्ञान नहुनु | ▪ विद्यालयलाई प्राथमिकतामा नपार्नु<br>▪ मनोवैज्ञानिक विशेषज्ञबाट तालिम तथा गोष्ठी नलिइनु | ▪ विभिन्न संघ सस्था वा नगरपालिका तथा वडा मार्फत मनोवैज्ञानिक विशेषज्ञबाट तालिम तथा गोष्ठी लिने व्यवस्था भएमा |
| ७ | भौतिक अवस्था | ▪ विद्यालय जाने बाटो सुलभ नभएको<br>▪ उपयुक्त खेल मैदानको अभाव<br>▪ विद्यालय भवन भू-क्षय देखि जोखिम<br>▪ भवनको अभाव<br>▪ फर्निचरको कमी<br>▪ शौचालय मर्मत<br>▪ पुस्तकालय नहुनु<br>▪ खानेपानी नियमित बनाउने | ▪ भौगोलिक वनावट<br>▪ स्तरवृद्धि तथा कक्षा थपको आवश्यकता भएकोले<br>▪ जीर्ण भएकोले<br>▪ मानव शक्ति र अभाव<br>▪ रिजर्भ ट्याङ्की नभएको | ▪ सडक निर्माण तथा विस्तार गरी पक्की बनाउने<br>▪ खेल मैदान विस्तार गर्ने<br>▪ भू-क्षय नियन्त्रण गर्ने<br>▪ नगरपालिका, प्रदेश र संघमा समन्वय गरी नयाँ भवन निर्माण र पुराना भवन मर्मत गर्ने<br>▪ पानी रिजर्भको लागि हील ट्याङ्कीको व्यवस्था |
| ८ | विपद् व्यवस्थापन | ▪ विद्यालय, सडक बाटो तथा घरमा हुने बाढी, पहिरो करेन्ट, चट्याङ, भूकम्प जस्ताबाट बच्ने उपाय बारे जानकारी गराउने | ▪ विशेषज्ञको कमी | ▪ रेडक्रस, नेपाली सेना, नेपाल प्रहरी र वडाको पहलमा तालिम तथा जानकारी गराउने |

### ३.२. आवश्यकताको पहिचान तथा प्राथमिकिकरण

१) भौतिक पूर्वाधारको विकास
२) शिक्षक व्यवस्थापन (विषयगत)
३) विद्युत लाईन तथा इन्टरनेट जडान
४) श्रव्य, दृश्य सामग्री खरिद तथा वितरण
५) पौष्टिक खाजाको व्यवस्था
६) सिकाई उपलब्धी वृद्धि गर्न (उपचारात्मक तथा अतिरिक्त कक्षा सञ्चालन)
७) सामुदायिक विद्यालयमा भर्ना अभिवृद्धि गर्न निःशुल्क विद्यालय पोशाक, झोला वितरण
८) पाठ्यक्रम र शिक्षक निर्देशिकाको व्यवस्था
९) घुम्ती वैठक,पढाई मेला तथा शैक्षिक मेला सञ्चालन
१०) सबै बाल विकास केन्द्रहरूलाई सन्दर्भ सामग्री खरिद र वितरण प्रयोग
११) उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थीहरूलाई पुरस्कृत
१२) निरन्तर मूल्याङ्कनमा एकरुपता
१३) गुणस्तरीय शिक्षण सिकाई क्रियाकलापको लागि कूल बजेटको २० प्रतिशत बजेट विनियोजन
१४) शैक्षिक स्वयम सेवकको रुपमा वडा भित्रका जनशक्ति परिचालन
१५) पूर्व विद्यार्थीहरूसँग समन्वय र सहकार्य
१६) फिल्ड विस्तार
१७) पूर्ण घेराबार
१८) शिक्षकको पेशागत क्षमता अभिवृद्धि तालिम
१९) विद्यार्थी क्षमता अभिवृद्धि कार्यक्रम
२०) अभिभावक सचेतना कार्यक्रम (आमा शिक्षा कार्यक्रम)
२१) स्थानीय शैक्षिक सामग्री निर्माण खरिद संरक्षण र प्रयोग
२२) विद्यालय स्तरवृद्धि मा.वि.सम्म सञ्चालन
२३) विद्यालय जाने बाटो पक्की बनाउने
२४) पुस्तकालय, कम्प्यूटर तथा विज्ञान प्रयोगशालाको व्यवस्था
२५) विपन्न, असहाय, अपाङ्गता बालबालिकाहरूलाई शैक्षिक सहयोग वितरण
२६) खानेपानीको निरन्तरता
२८) पूर्ण भर्ना घोषणाको निरन्तरता कार्यक्रम
२९) जंकफूट निषेधित क्षेत्र घोषणा
३०) विद्यालय स्वास्थ्य कार्यक्रम (अनमी/सि.एम.ए.) को व्यवस्था
३१) लैङ्गिक सचेतना र समान सहभागीतामूलक कार्यक्रम कार्यान्वयन
३२) विपत व्यवस्थापन तथा जोखिम न्यूनिकरण
३३) बालक्लब, जु.रे.स.गठन र परिचालन
३४) विद्यालयमा एक कर्मचारी र एक कार्यालय सहयोगीको व्यवस्था
३५) वि.व्य.स. र शि.अ.संघ अभिमुखिकरण कार्यक्रम
३७) लेखा तथा जिन्सी अभिलेखीकरण तालिम

## ३.३. सामूदायिक विद्यालयको हालको भौतिक अवस्था

| क्र. सं. | विद्यालयको नाम | भवन संख्या | जम्मा कोठा संख्या | कार्यालय कोठा | कक्षा कोठा | कम्प्यूटर संख्या | टि.भी. | खानेपानी | पुस्तकालय | शौचालय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री वागेश्वरी आधारभुत विद्यालय त्रितिकोट | ३ | ८ | १ | ६ | ३ डेक्सटप | | धारा, ट्याङ्की फुटको | बुक कर्नर र बुकऱ्याक | ३ वटा जिर्ण अवस्था | स्टोर र पुस्तकालयको छुटटै कोठा नभएको |
| २ | श्री बालमन्दिर आधारभुत विद्यालय सोलाबाङ, लिबाङ | ४ | ९ | १ | ७ | ६ डेक्सटप | ३ | धारा, ट्याङ्की जोखिममा | बुक कर्नर र बुकऱ्याक | ४ वटा जिर्ण अवस्था | |
| ३ | श्री लाली गूरांस बालविकास | १ | ४ | १ | १ | - | - | - | - | १ | |

## ३.४. लक्ष्य तथा कार्यक्रम निर्धारण

| क. सं. | सुचक | कार्यक्रम | वर्तमान अवस्था | लक्ष्य | वर्षगत लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | आन्तरिक सक्षमता | कूल भर्नादर | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| | | खूद भर्ना दर | ८५ | १०० | ८७ | ९० | ९२ | ९५ | १०० | |
| | | विद्यालय छोड्ने दर | ३% | ० | १% | १% | १% | ०% | ०% | |
| | | विद्यालय दोहोऱ्याउने दर | ६% | ० | ५% | ४% | ३% | २% | ०% | |

| क्र. सं. | सुचक | कार्यक्रम | वर्तमान अवस्था | लक्ष्य | वर्षगत लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| | | बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना | ८६% | १००% | ९०% | ९२% | ९६% | ९८% | १००% | |
| २ | विद्यार्थी सिकाइ उपलब्धि विवरण | १-५ औसत प्राप्ताङ्क | ५५% | ७० | ५८% | ६०% | ६२% | ६५% | ७०% | |
| | | ६-८ औसत प्राप्ताङ्क | ६९ | ७८ | ७२% | ७४% | ७६% | ७७% | ७८% | |
| | | ९-१० औसत प्राप्ताङ्क | ६६ | ७५ | ६८% | ७०% | ७२% | ७४% | ७५% | |
| ३ | विद्यालय सञ्चालन अवस्था | शैक्षिक सत्रमा विद्यालय खुल्ने दिन | २३६ | २३६ | २३६ | २३६ | २३६ | २३६ | २३६ | |
| | | पढाइ हुने दिन | १९४ | १९८ | १९५ | १९६ | १९७ | १९८ | १९८ | |
| | | शिक्षक औषत उपस्थिति प्रतिशत | ९०% | ९६ | ९१% | ९२% | ९३% | ९६% | ९६% | |
| | | विद्यार्थी औषत उपस्थिति प्रतिशत | ९०% | १०० | ९२% | ९४% | ९६% | ९८% | १००% | |
| ४ | भौतिक व्यवस्थापन | नयाँ भवन निर्माण | ८ वटा | २ वटा | १ | - | १ | - | - | |
| | | भवन मर्मत | ६ वटा | ६ वटा | - | २ | २ | २ | - | |
| | | छात्रामैत्री शौचालय निर्माण | १ वटा | १ वटा | १ | - | - | - | - | |
| | | शौचालय मर्मत | ५ वटा | ५ वटा | - | - | २ | २ | १ | |
| | | खानेपानी ट्याङ्कीको व्यवस्था | | २ वटा | - | १ | १ | - | - | |
| | | खेल मैदान विस्तार | उपयूक्त नभएको | उपयूक्त बनाउने | - | १ | १ | - | - | |
| | | घेराबार | अधूरो | पूरा बनाउने | - | - | - | १ | १ | |

| क. सं. | सुचक | कार्यक्रम | वर्तमान अवस्था | लक्ष्य | वर्षगत लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| | | | | | | | | | | |
| | | एक विद्यालय एक बगैचा | सुरुवात | | निरन्तरता | | | | | |
| | | वडा भित्रका विद्यालय भवनहरूको रंगमा एकरुपता | अपूरो | पुरा बनाउने | | ३ | | | | |
| | | सूलभ बाटोको व्यवस्था (पक्की बाटो) | हिड्न कठिन | पक्की बाटो | | | ३ | | | |
| ५ | बालमैत्री पूर्वाधारनिर्माण | बसाइ व्यवस्थापन | कक्षा ३ सम्म भएको | कक्षा ५ सम्म | | | | ३ | | |
| | | धारा, शौचालय | सूधार गर्नू पर्ने | बालमैत्री बनाउने | निरन्तर | | | | | |
| | | अपाङ्गमैत्री पूर्वाधार निर्माण | सूधार गर्नू पर्ने | निरन्तर | | | | | | |
| ६ | सिकाई उपलब्धि वृद्धि | अभिभावक सचेतना कार्यक्रम | मध्यम | वार्षिक २ पटक | २ | २ | २ | २ | २ | |
| | | कक्षागत अभिभावक भेला | मध्यम | २ मासिक | ५ | ५ | ५ | ५ | ५ | |
| | | उत्कृष्ट विद्यालय, शिक्षक विद्यार्थी र अभिभावक पूरस्कृत | मध्यम | प्रत्येक वर्ष | ३ | ३ | ३ | ३ | ३ | |
| | | वडा स्तरीय पढाइमेला तथा शैक्षिक मेला | भैरहेको | निरन्तरता दिने | | | | | | |
| | | उपचारात्मक तथा अतिरिक्त कक्षा सञ्चालन | मध्यम/ सुरुवात | | ३ | ३ | ३ | ३ | ३ | दुई पटक |

| क. सं. | सुचक | कार्यक्रम | वर्तमान अवस्था | लक्ष्य | वर्षगत लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| | | श्रव्य, दृश्य सामग्री खरिद वितरण (ICT) र प्रयोग | सुरुवात/ १ वटा | सबै विद्यालय | १ विद्यालय | १ निरन्तर | ३ | ३ | ३ | |
| | | शिक्षकको क्षमता अभिवृद्धि तालिम | सुरुवात | विषयगत | गणित | अंग्रेजी | विज्ञान | कम्प्यूटर | नेपाली | पुर्नताजगी निरन्तर |
| | | शिक्षण सिकाइ क्रियाकलापमा कुल बजेटको २० प्रतिशत विनियोजन गर्ने | छैन (७.२५) | २० प्रतिशत | निरन्तर | ३ | ३ | ३ | ३ | |
| | | आर्थिक विपन्न, असाय र अपाङ्गता बालबालिकाहरूलाई शैक्षिक सहयोग | सुरुवात | वार्षिक २० जना | २० जना | २० जना | २० जना | २० जना | २० जना | कम्तिमा |
| | | शिक्षक कार्यसम्पादन सम्झौताको प्रभावकारी कार्यान्वयन | सुरुवात | निरन्तर | निरन्तर | ३ | ३ | ३ | ३ | |
| | | शैक्षिक सामग्री खरिद निर्माण संरक्षण र प्रयोग | सुरुवात | निरन्तर | निरन्तर | ३ | ३ | ३ | ३ | |
| | | सहभागितामुलक हाजिरी परीक्षण प्रणालीको कार्यान्वयनका लागि रजिष्टर र स्मरण पत्र उपलब्ध (वडा मार्फत) | मध्यम | निरन्तर | निरन्तर | ३ | ३ | ३ | ३ | |
| | | सरोकारवालाबाट विद्यालयको अनूगमन र पृष्ठपोषण | सुरुवात | निरन्तर | निरन्तर | ३ | ३ | ३ | ३ | |

| क. सं. | सुचक | कार्यक्रम | वर्तमान अवस्था | लक्ष्य | वर्षगत लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| ७ | विद्यार्थी संख्या वृद्धि गर्न | मुल्याङ्कन प्रणालीको एकरुपता | शूरुवात तर अन्यौल | सबै विद्यालय | ३ | ३ | ३ | ३ | ३ | |
| | | भर्ना अभियान, घरदैलो | राम्रो | विद्यार्थी संख्या वृद्धि | निरन्तर | ३ | ३ | ३ | ३ | |
| | | भर्ना भएका विद्यार्थीलाई विद्यालय निःशूल्क पोशाक, झोला वितरण | छैन | सबै विद्यालय | सुरुवात | निरन्तर | ३ | ३ | ३ | |
| | | बाल विकासको सन्दर्भ सामग्री वितरण | सामान्य | सामग्री दिने | सुरुवात | ३ | ३ | ३ | ३ | |
| | | अंग्रेजी भाषाको कक्षा शूरुवात | छैन | शूरुवात | सुरुवात | ३ | ३ | ३ | ३ | |
| ८ | विद्यालयको स्रोत वृद्धि | अक्षय कोष स्थापना | छैन | २५००००० | सुरुवात | ३ | ३ | ३ | ३ | |
| | | आर्थिक संकलन | मध्यम | | निरन्तर | ३ | ३ | ३ | ३ | |
| | | सरोकारवालाहरूको सहभागितामा आम्दानी स्रोत पत्ता लागने सही ढँगले परिचालन गर्ने | सुरुवात | स्रोतवृद्धि गर्ने | निरन्तर | ३ | ३ | ३ | ३ | |

| क. सं. | सुचक | कार्यक्रम | वर्तमान अवस्था | लक्ष्य | वर्षगत लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| ९ | विद्यालय सूधार कायम गर्ने (वडा वासी सबैको ध्यान गूणस्तरीय शिक्षा हाम्रो अभियान) | वि.व्य.स., शि.अ.संघ गठन र निरन्तर वैठक | मध्यम | नियमित | निरन्तर | ३ | ३ | ३ | ३ | |
| | | वडा स्तरीय विषयगत संजाल बनाउने | सुरुवात | सञ्चालन गर्ने | निरन्तर | ३ | ३ | ३ | ३ | |
| | | बाल क्लव र जू.रे.स. गठन र परिचालन | सुरुवात | तालिम | सक्रिय बनाउने | ३ | ३ | ३ | ३ | |
| | | समयमै सामाजिक आर्थिक लेखा परीक्षण गर्ने | ५ | | निरन्तर | ३ | ३ | ३ | ३ | |
| | | वि.व्य.स., शि.अ.संघ, शिक्षकको नियमित वैठकमा बाल सहभागिता सुनिश्चित गर्ने | मध्यम | | निरन्तर | ३ | ३ | ३ | ३ | |
| | | शैक्षिक अध्ययन अवलोकन भ्रमण गराउने | मध्यम | वार्षिक १ पटक | निरन्तर | ३ | ३ | ३ | ३ | |
| | | शैक्षिक स्वयम् सेवकको रुपमा वडा भित्रका शैक्षिक जनशक्ति परिचालन गर्ने | छैन | आवश्यकता अनुसार | सुरुवात | ३ | ३ | ३ | ३ | |
| | | राष्ट्रिय उत्सव तथा पूर्ण भर्ना, विद्यालयको वार्षिक उत्सव, शूरु गर्ने | मध्यम | | निरन्तर | ३ | ३ | ३ | ३ | |

| क. सं. | सुचक | कार्यक्रम | वर्तमान अवस्था | लक्ष्य | वर्षगत लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| | | नमूना विद्यालय निर्माण | छैन | १ विद्यालय | सुरुवात | ३ | ३ | ३ | ३ | |
| | | अ.न.मी., सि.एम.ए.को विद्यालयमा व्यवस्था गर्ने | छैन | स्वास्थ्य कर्मी १ जना | पाँच वर्ष भित्र गरिसक्नू पर्ने | | | | | |
| | | विद्यालय सूधार योजना, वार्षिक शैक्षणिक योजना निर्माण तथा अध्यावधिक | राम्रो | | निरन्तर | ३ | ३ | ३ | ३ | |
| | | विपत व्यवस्थापन तथा जोखिम न्यूनीकरण कार्यक्रम | मध्यम | अन्रक्रिया नाटक | निरन्तर | ३ | ३ | ३ | ३ | |
| | | लैङ्गिक समता र समानता सम्वन्धि अभिमुखिकरण | छैन | | सुरुवात | ३ | ३ | ३ | ३ | |
| | | वडा स्तरीय प्र.अ. वै७क | सुरुवात | वार्षिक ४ पटक | वार्षिक चार पटक | निरन्तर | | | | |
| | | आचार संहिताको प्रभावकारी कार्यान्वयन | मध्यम | | निरन्तर | ३ | ३ | ३ | ३ | |
| | | वि.व्य.स., शि.अ.संघको क्षमता अभिवृद्धि तालिम | छैन | वार्षिक १ पटक | सुरुवात | ३ | ३ | ३ | ३ | |

## ३.५. आगामी ५ वर्षका लागि वजेट तथा प्रस्तावित योजना

| क्र. सं. | कार्यक्रम | लक्ष्य | अनुमानित बजेट | वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | **भौतिक निर्माण** | | | | | | | | |
| | - विद्यालय भवन | २ वटा | २ करोड | १ करोड | २० लाख | ३० लाख | - | - | संघ, प्रदेश, नगरपालिका तथा दातृ निकायमा समन्वय |
| | - विद्यालय भवन तथा शौचालय मर्मत | भवन ३ शौचालय ४ | ७० लाख | २० लाख | २० लाख | १५ लाख | - | १५ लाख | ” |
| | - छात्रामैत्री शौचायलय निर्माण | २ वटा | १५ लाख | ७ लाख | - | ८ लाख | - | - | ” |
| | - खेलमैदान विस्तार | १ वटा | ४ लाख | - | - | - | २ लाख | २ लाख | ” |
| | - पर्खाल र तारबार | १ वटा | १५ लाख | - | - | १० लाख | ३ लाख | २ लाख | ” |
| | - रंगरोगन | सबै विद्यालय | ५ लाख | ५ लाख | | | | | ” |
| | - सुलभ बाटो विस्तार पीच गर्ने | स्कुल सम्म | ५० लाख | - | - | २५ लाख | २५ लाख | - | ” |
| २ | बालमैत्री पूर्वाधार निर्माण | सबैमा | २ लाख | १ लाख | ३० हजार | ३० हजार | २० हजार | २० हजार | ” |
| ३ | सिकाई उपलब्धि बृद्धि | सबैमा प्रत्येक वर्ष | ५० लाख | १० लाख | १० लाख | १० लाख | १० लाख | १० लाख | वडा कार्यालय |
| ४ | विद्यार्थी संख्या वृद्धि | सबैमा | १० लाख | ४ लाख | २ लाख | २ लाख | १ लाख | १ लाख | ” |
| ५ | विपद् व्यवस्थापन | | ३ लाख | ५० हजार | ५० हजार | १ लाख | ५० हजार | ५० हजार | सबैसँग समन्वय गर्ने |
| ६ | स्रोत वृद्धि | अक्षयकोष निर्माण | २५ लाख | ५ लाख | ५ लाख | ५ लाख | ५ लाख | ५ लाख | सबैसँग समन्वय गर्ने |
| ७ | विद्यालय सुशासन कायम | सबैमा | २० लाख | ४ लाख | ४ लाख | ४ लाख | ४ लाख | ४ लाख | सबैसँग समन्वय गर्ने |

| क्र. सं. | कार्यक्रम | लक्ष्य | अनुमानित बजेट | वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| ८ | फर्निचर व्यवस्थापन | | ३ लाख | ५० हजार | ५० हजार | १ लाख | ५० हजार | ५० हजार | |
| ९ | विषयगत शिक्षक व्यवस्थापन | ३ जना | ५४ लाख | ७ लाख | १० लाख | १० लाख | १२ लाख | १५ लाख | |
| | जम्मा | | ५ करोड २६ लाख | | | | | | |

## अनुसूचीहरू

### १. उमेरगत विद्यार्थी विवरण शैक्षिक सत्र २०७६

| क्र. सं. | विद्यालयको नाम | २–४ वर्ष | | | ५–९ वर्ष | | | ९–१२ वर्ष | | | १२–१६ वर्ष | | | १६ वर्ष माथि | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| ज्ञ | श्री बालमन्दिर आ.वि. सोलाबाङ लिबाङ | ६ | ७ | १३ | २६ | ३१ | ५७ | २१ | २२ | ४३ | ३ | ३ | ६ | ० | ० | ० | ५६ | ६३ | ११९ |
| द्द | श्री बालसंगठन लिबाङ | २२ | १३ | ३५ | ० | ० | ० | ० | ० | ० | ० | | ० | | | ० | २२ | १३ | ३५ |
| घ | श्री लालीगुँरास प्रा.वि. बाइगाउँ | ६ | ४ | १० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ६ | ४ | १० |
| द्ध | श्री तुल्सी आ.वि. लिबाङ | १५ | ६ | २१ | १०३ | ८० | १८३ | ७१ | ४३ | ११४ | ५१ | ४७ | ९८ | ५ | ६ | ११ | २४५ | १८२ | ४२७ |
| छ | श्री होलिभिजन आ.वि. लिबाङ | ८० | ६१ | १४१ | ६० | ४९ | १०९ | ७४ | ७८ | १५२ | ९७ | ५५ | १५२ | ५ | १ | ६ | ३१६ | २४४ | ५६० |
| ट | श्री स्टार आ.वि. | ७ | ५ | १२ | ३२ | ३२ | ६४ | १७ | १५ | ३२ | ० | १ | १ | ० | ० | ० | ५६ | ५३ | १०९ |
| ठ | श्री वागेश्वरी आ.वि. तित्रिकोट | ६ | ७ | १३ | २५ | २२ | ४७ | ५ | ९ | १४ | १ | १ | २ | ० | ० | ० | ३७ | ३९ | ७६ |
| जम्मा | | १४२ | १०३ | २४५ | २४६ | २१४ | ४६० | १८८ | १६७ | ३५५ | १५२ | १०७ | २५९ | १० | ७ | १७ | ७३८ | ५९८ | १३३६ |

## २. जातीगत विद्यार्थी विवरण शैक्षिक सत्र २०७६

| क्र. सं. | विद्यालयको नाम | दलित | | | मधेशी | | | जनजाती | | | खस आर्य | | | अन्य | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | केटा | केटी | जम्मा |
| १ | श्री बालमन्दिर आ.वि. सोलाबाङ लिबाङ | १८ | १९ | ३७ | ० | ० | ० | १९ | २४ | ४३ | १९ | २० | ३९ | ० | ० | ० | ५६ | ६३ | ११९ |
| २ | श्री बालसंगठन लिबाङ | ३ | १ | ४ | ० | ३ | ३ | ११ | ८ | १९ | ८ | १ | ९ | ० | ० | ० | २२ | १३ | ३५ |
| ३ | श्री लालीगुँरास प्रा.वि. बाइगाउँ | ० | ० | ० | ० | ० | ० | २ | २ | ४ | ४ | २ | ६ | ० | ० | ० | ६ | ४ | १० |
| ४ | श्री तुल्सी आ.वि. लिबाङ | २४ | १३ | ३७ | ३ | २ | ५ | १३५ | १०४ | २३९ | ७९ | ६० | १३९ | ५ | ३ | ८ | २४६ | १८२ | ४२८ |
| ५ | श्री होलिभिजन आ.वि. लिबाङ | ३८ | २३ | ६१ | २ | ४ | ६ | १५७ | १०४ | २६१ | १३४ | १०३ | २३७ | ७ | ८ | १५ | ३३८ | २४२ | ५८० |
| ६ | श्री स्टार आ.वि. | १५ | १६ | ३१ | ० | ० | ० | ३५ | १८ | ५३ | १५ | ११ | २६ | ० | ० | ० | ६५ | ४५ | ११० |
| ७ | श्री वागेश्वरी आ.वि. तित्रिकोट | ३ | ० | ३ | ० | ० | ० | १७ | १५ | ३२ | १७ | २४ | ४१ | ० | ० | ० | ३७ | ३९ | ७६ |
| **कुल जम्मा** | | १०१ | ७२ | १७३ | ५ | ९ | १४ | ३७६ | २७५ | ६५१ | २७६ | २२१ | ४९७ | १२ | ११ | २३ | ७७० | ५८८ | १३५८ |

## ३. सामुदायिक विद्यालयको विषयगत औषत अंक २०७५ (कक्षा १–५)

| क्र.सं. | विद्यालयको नाम | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | विद्यालयको सिकाइ उपलब्धि |
|---|---|---|---|---|---|---|---|
| १ | श्री बालमन्दिर आ.वि. सोलबाङ लिबाङ | ५९.३ | ५४.८ | ५७.१ | ६२.१ | ६१.३ | ५८.७ |
| २ | श्री वागेश्वरी आ.वि. तित्रिकोट लिबाङ | ५३.१ | ४९.३ | ४१.५ | ५२.२ | ५६.९ | ५५.९ |

## ४. वडा नं. ४ स्थितसामुदायिक विद्यालयमा गठन भएको बाल क्लबको विवरण २०७६

| क्र. सं. | बाल क्लवको नाम ठेगाना | नाम, थर | पद | क्र. सं. | बाल क्लवको नाम ठेगाना | नाम, थर | पद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | त्रिशक्ति बाल क्लब | तिर्सना डाँगी | अध्यक्ष | १ | बालमन्दिर बाल क्लब, | मीन बहादुर विष्ट | अध्यक्ष | |
| २ | वागेश्वरी आ.वि. | समीर पुनमगर | सचिब | २ | बालमन्दिर आ.वि. | विनिता रोका | उपाध्यक्ष | |
| ३ | तित्रिकोट | मेलिना विष्ट | सह सचिब | ३ | लिबाङ | सन्दिप परियार | सचिब | |
| ४ | | भगवती गुरुङ | कोषाध्यक्ष | ४ | | मनिका वली | कोषाध्यक्ष | |
| ५ | | निर्मला विष्ट | सदस्य | ५ | | हुकुम वि.क. | सदस्य | |
| ६ | | थामबहादुर परियार | सदस्य | ६ | | कविता वली | सदस्य | |
| ७ | | विष्णु गुरुङ | सदस्य | ७ | | सुवास विष्ट | सदस्य | |
| ८ | | चन्द्रप्रकाश घले | सदस्य | ८ | | निर्मला वि.क. | सदस्य | |
| ९ | | टोपेन्द्र घले | सदस्य | ९ | | सुनिल सुनार | सदस्य | |
| १० | | अस्मिता विष्ट | सदस्य | १० | | समु रोका | सल्लाहकार | |
| ११ | | आरती गुरुङ | सदस्य | ११ | | भगवती मल्ल | बाल क्लब फोकल पर्सन | |
| १२ | | सुशान्त गुरुङ | सदस्य | १२ | | | | |
| १३ | | नवीन विष्ट | सदस्य | १३ | | | | |

# रोल्पा नगरपालिका

## ५ नं वडाको वडा शिक्षा योजना

**वडा शिक्षा समितिका पदाधिकारीहरू**

| | | |
|---|---|---|
| १. | श्री टोपबहादुर नेपाली | संयोजक |
| २. | श्री वेलमती नेपाली | सदस्य |
| ३. | श्री कर्ण बहादुर पुन | आमन्त्रित सदस्य (शिक्षा अधिकृत ) |
| ४. | श्री दुज बहादुर ओली | सदस्य(वुद्धिजिवी ) |
| ५. | श्री भीम बहादुर ओली | सदस्य सचिव (वडा सचिव) |

**वडा शिक्षा योजना निर्माणमा विशेष भूमिका निर्वाह गर्ने शिक्षकहरू**

१. श्री मगंलसिंह थारु कुमाल श्री सिद्ध मावि, जगतिपोखरा

२. श्री शुकलाल परियार श्री प्रभुकुटी प्रा.वि, पाँचपोखरी

३. श्री गिरीराज भण्डारी श्री बालहित प्रावि,लाल्टिवाड.

४. श्री बलभद्र महरा श्री बालप्रकाश आ.वि, कोछाप

५. श्री गन वहादुर बाठाँ श्री सिद्ध मावि, जगतिपोखरा

# मेरो भनाइ

योजना भन्नाले कुनै पनि कार्य सफलतापूर्वक कार्यान्वयन गर्नका लागि कार्यको थालनी गर्नु पूर्व साधन र स्रोतको व्यवस्थापन कसरी गर्ने र कहाँबाट वजेट जुटाउने जिम्मेवारीको बाँडफाँड कसरी गर्ने आदिको विस्तृत खाका भन्ने बुझिन्छ। योजना बिना कुनै पनि कार्य असम्भव हुन्छ। विकासको मुख्य आधार भनेकै शिक्षा भएकोले यसको योजना तय गर्दा धेरै सावधानी अपनाउनु पर्ने देखिन्छ। यो हाम्रो वडा भौगोलिक बनावटका कारण पिछडिएको वडा हो। तसर्थ शिक्षाको विकास गरी नगरपालिकाकै नमूना वडा निर्माण गर्न यहाँका सरोकारवाला सबैको अहम भूमिका रहन्छ। यो योजना ५ वर्ष अवधिको लागि निर्माण गरिएको आवधिक योजना हो। यस योजनाभित्र वडा नं ५ अन्तर्गत रहेका ८ ओटा विद्यालयहरूको समग्र शैक्षिक समस्याहरूको पहिचान गरी समस्याका कारणहरू पत्ता लगाइ ती आवश्यकताहरूलाई प्राथमिकिकरण गरी आगामी दिनहरूमा सूचकहरूको अधारमा यस वडाको शैक्षिक अवस्थाको उजागर गरी नमूना वडा निर्माण गर्ने दिर्घकालीन सोच गरेको छु। यस वडा शिक्षा योजना निर्माण गर्न अहोरात्र खट्नु हुने कार्यदलका सम्पूर्ण सदस्य ज्यूहरू, कार्यशालामा उपस्थित भइ आफ्नो महत्त्वपूर्ण सल्लाह सुझाव दिनु हुने सबै विद्यालयका विव्यस. अध्यक्ष, प्र.अ.र शिक्षक तथा अभिभावक प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

अन्त्यमा, आगामी दिनहरूमा जनप्रतिधी म रहुला या नरहुला तर यस वडाको स्थायी बासिन्दा भएको नाताले यस वडाको समग्र शैक्षिक प्रगति र उन्नतिको लागि सदैव तत्पर रहने प्रतिवद्धता जनाउँदै यस योजनामा रहेका त्रुटि तथा कम्जोरीहरूलाई औल्याई सकरात्मक सुझाव तथा प्रतिक्रिया दिई सहयोग गरिदिनु हुनेछ भन्ने पूर्ण आशा लिएको छु। धन्यवाद।

**टोपबहादुर नेपाली**
**संयोजक**

खण्ड क

# परिचय

## १. पृष्ठभूमि

आजको विश्व नयाँ खोज अनुसन्धान र त्यसको प्रतिफलको सुनिश्चिता आश्यकताको विषय बनेको छ। यसै अनुरुप शिक्षाको समग्र स्थितिको पहिचान गरी शैक्षिक विकास चेतनाको विस्तार र हस्तान्तरण आजको प्रमुख मुद्दा बन्न गएको छ। यो प्रतिस्प्रर्धात्मक समयमा हाम्रो गाउँ वस्तीहरूलाई शिक्षाको गतिशिल अवस्थामा पुऱ्याउन नितान्त आवश्यक देखिन्छ । तसर्थ यहाँ रहेका प्रशस्त सम्भावना बोकेर आधुनिक समाजको निमार्णमा जुट्नु पर्ने हुन्छ र त्यस कारण सबै सम्भावनाहरूलाई सम्वोधन गर्ने एक मात्र माध्यम शैक्षिक विकास हो । शैक्षिक विकासको नेतृत्व गर्ने मुख्य अङ्गहरू शैक्षिक संस्थाहरू हुन् । योग्य, दक्ष्य र सक्षम मानव तथा शैक्षिक जनशक्तिको उचित व्यवस्थापनमा ध्यान दिनु अत्यन्त जरुरी हुन्छ। शिक्षा विकास तथा परिवर्तनको मेरुदण्ड मानिन्छ। शिक्षा विना कुनै पनि व्यक्ति, समाज र राष्ट्रको विकास योजना अधुरो हुन्छ। शिक्षाले गाउँ टोलको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। विकासको योजना निर्माण भएका योजनाहरूको संरक्षणमा टेवा दिने काम शिक्षाले नै गरेको हुनुछ। त्यति मात्र नभएर हाम्रो समाजमा भएका अपाङ्गता, अशक्तता बालबालिकाहरूलाई पनि शिक्षाको मुलधारमा ल्याउनको लागि सोही अनुरुप भौतिक निर्माण, शैक्षिक वातावरण र पठन पाठनकोलागि राज्यबाको सहुलियत सेवा पनि उपलब्ध गराउनु आवश्यक छ। साथै यस रोल्पा नगरपालिका वडा नं. ५ को शिक्षाको गुणस्तर वृद्धिका लागि प्रशासनिक व्यवस्थापनमा सुधार गर्न जरुरी छ। त्यसका लागि महत्त्वपूर्ण विद्यालयको सेवाक्षेत्रका सवद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अभिभावक, समाजसेवी, राजनैतिक दल, बुद्धिजीवी र अन्य सरोकारवाला व्यक्तिहरूलाई विद्यालयमा समावेश गरी सचेतना कार्यक्रम गर्ने गरी यस वडाले पञ्चवर्षीय वडा शिक्षा योजना तयार गरी कार्यान्वयनमा ल्याउन प्रयास

गरेको छ। यस वडा शिक्षा योजनामा वडाभित्रका सम्पूर्ण विद्यालय उमेर समूहका बालबालिकाहरूलाई पहुँचमा ल्याई गुणस्तरीय शिक्षा प्रदान गरी बालबालिकाहरूको चौतर्फी विकास गर्ने र त्यसको लागि विद्यालयमा सूचना सञ्चार प्रविधि ICT लाई भित्राउने लगायतका प्रमुख लक्ष्य राखिएकोछ।

## २. भौगोलिक अवस्था

नेपाल सरकार लुम्बिनी प्रदेश अन्तर्गत १२ जिल्लाहरू मध्ये पहाडी जिल्लामा पर्ने विकट रोल्पा जिल्लाको रोल्पा न. पा. अन्तर्गत पर्ने १० वडा मध्ये अति विकट वडा ५ नम्बर वडा हो। जुन माडी खोलाको तीरमा अवस्थित छ। यो समुद्री सतह देखि २३०० मि. सम्मको उचाइमा रहेको छ। यो ठूलाठूला डाँडाकाडाहरूले ढाकिएको, गाउँबस्तीहरू छरिएर रहेको र विद्यालयमा आइपुग्न करिव २ घण्टा लाग्नु यस वडाको प्रमुख समस्या रहेको छ। सबै गाउँवस्ती तथा विद्यालयहरूसम्म मोटर बाटो नपुग्नु अर्को जलदोबल्दो समस्या हो। यस वडाभित्र पुरानागाऊँ, जगतिपोखरा, भलवाङ, पाँचपोखरी, मजुवा, छाप, कोछाप, जेदवाङ, लाल्तिवाङ, बाजावाङ, कल्लेरी र धनडाँडा गरी जम्मा १२ टोल वस्तीहरू रहेका छन्। यस वडाको पूर्वमा सुनिलस्मृति गापाको वडा नं १ र २, पश्चिममा त्रिवेणी गापाको वडा नं १, उत्तरमा रोल्पा नपाको वडा नं १ र दक्षिणमा रुन्टिगडी गापाको वडा नं १ पर्दछ।

## ३. शैक्षिक तथा सामाजिक अवस्था

भौगोलिक विविधता भएको रोल्पा नगरपालिकाको वडा नं ५ पिछडिएको वडाको रुपमा परिचित छ। स्वभाविक रुपमा यस वडा शैक्षिक तथा सामाजिक दृष्टिकोणले पनि कमजोर मानिन्छ। विकासको क्रममा रहेको यस वडामा विकासका सबै पूर्वाधारहरू पुग्न सकेका छैनन्। विकाशका पूर्वाधारहरू मध्ये शिक्षाको पहुँच सबै क्षेत्रमा आवश्यक मात्रामा पुगेका छैनन्। यस वडाको पुराना गाउँ भन्ने गाउँमा मात्र माध्यमिक विद्यालय (कक्षा १-१०) सम्म सञ्चालनमा रहेको छ भने कोछाप गाउँमा आधारभूत तह (कक्षा १-८) सम्म सञ्चालनमा छ। भौगोलिक विकटताको कारणले गर्दा सबै गाउँ टोलका बालबालिकाहरू माध्यमिक तहको शिक्षा लिन यसै वडामा रहेको सिद्ध मा.वि.मा जान नसकी २/३ घण्टाको पैदल बाटो हिडेर छिमेकी गाउँपालिकाका विद्यालयहरू सुनिल स्मृति, रुन्टिगडी र त्रिवेणीमा जान बाध्य छन्। यस वडाभित्र माध्यमिक विद्यालय (कक्षा १-१०) १ ओटा, आ.वि. (कक्षा १-८)

१ ओटा, आ.वि.(कक्षा १ – ५) ३ ओटा, आ.वि. (कक्षा १ – ३ ) ३ ओटा गरी जम्मा ८ ओटा विद्यालयहरू रहेका छन् । उपर्युक्त कारण यस वडाका अधिकांश बालबालिकाहरू माध्यमिक तहको शिक्षा हासिल नगरी बिचमै पढाइ छाड्ने समस्या जल्दोबल्दो रुपमा रहेको पाइन्छ ।

शिक्षा जस्तैः स्वास्थ्यको पनि पहुँचबाट यहाँका जनताहरू बञ्चित छन् । यस वडामा १ ओटा मात्र उप स्वास्थ्य चौकी रहेको र भौगोलिक विकटताको कारणले उप स्वास्थ्य चौकीको सेवा लिन केहि गाउँटोलबाट २/३ घण्टाको पैदल बाटो हिड्नु पर्ने वाध्यता छ । सबै टोलहरूमा यातायात र विद्युतको सुविधा अझै पुग्न नसकेको कारण यहँाका जनताहरू प्रत्यक्ष रुपमा बञ्चित छन् । शिक्षा चेतनाका कमजोर अवस्था, परम्परागत कृषि प्रणालीमाथिको अत्याधिक निर्भरता र भारत लगायका अन्य मूलुकहरूको न्यून वेतनको बैदेशिक रोजगारी युवाहरूको वाध्यता नै बनेको छ ।

## ४ प्रशासनिक अवस्थिति

यस वडामा प्रशासनिक कार्य गर्नका लागि वडा कार्यालय जेदवाङमा अवस्थित छाजसबाट वडा नं ५ का जनताले आधारभूत सेवाहरू पाइरहेका छन् भने गोगनपानी गाउँमा एउटा अस्थायी प्रहरी चौकीले आवश्यक सेवा प्रवाह गर्दै आएको छ । वडा कार्यलयबाट उपलब्ध हुन नसकेका बाँकि सेवा सुविधाहरूको लागि नगरपालिकाको प्रशासकिय केन्द्रमा पुग्न झण्डै ५ घन्टाको पैदल दुरीको यात्रा गर्नुपर्ने अवस्था छ ।

## ५. योजनाको औचित्य

वडाभित्रका सबै विद्यालयल उमेर समूहका बालवालिकाहरूलाई विद्यालयमा ल्याई गुणस्तरीय शिक्षाको व्यवस्था मिलाउने । शिक्षा प्रदायक सामुदायिक विद्यालयहरूलाई स्रोत, साधन र पूर्वाधार (भौतिक, मानवीय र सूचना प्रविधि)ले सम्पन्न वनाई शिक्षाको योजनावद्ध विकासको लागि मार्गदर्शकको रुपमा यो योजना तयार पारिएको छ । योजनाले नगरपालकाले तयार गरेको नगर शिक्षा योजना तथा विद्यालयले तयार पारेको विद्यालय सुधार योजनाका पुलको रुपमा समन्वयकारी भूमिका निर्वाह गर्नेछ ।

## ६. योजनाको अवधि

विकेन्द्रित स्वरुपको यो योजना शिक्षा क्षेत्रको सुक्ष्म योजनाको अभ्यास अन्तर्गत पर्नेछ। नतिजामा आधारित यो योजनाका क्रियाकलापहरू आगामी ५ वर्षसम्ममा हासिल हुने गरी तयार गरिएकोछ। यस योजनामा प्रस्तुत क्रियाकलापहरू आ.व.२०७७/०७८ देखि २०८१/०८२ सम्ममा पूरा हुने अपेक्षाका साथ योजना तर्जुमा गरिएकोछ।

## ७. योजनाका मार्गदर्शन र निर्माण प्रक्रिया

शिक्षा क्षेत्रमा हाल कार्यन्वयमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम, पन्ध्रौ योजना, नेपालको संविधान र दिगो विकासका लक्ष्य जस्ता राष्ट्रिय एवंम् अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता रोल्पा नगरपालिकालाई शैक्षिक हव बनाउने चुनावी घोषणापत्र र शिक्षा पाउने नागरिकको मौलिक हक जस्ता पक्षहरूलाई हाम्रो सापेक्षतामा स्थानीयकरण गर्न प्रयास गरिएको छ। विद्यालयहरूले तयार गरेको ५ वर्षे विद्यालय सुधार योजनाको आधारमा वडाभेला, प्रधानाध्यापकहरूको बैठक वसी प्राप्त सुझाव र सल्लाहलाई समेटी योजना निर्माण कार्यदल गठन गरी योजना बनाइएको छ। योजना वडा समितिले स्वीकृत गरेपछि कार्यन्वयनमा आउनेछ।

खण्ड ख

# वडाको वर्तमान अवस्था

## १. जनसांख्यिक अवस्था

रोल्पा नगरपालिका वार्ड नं ५ को सामुदायिक बनोट मिश्रित खालको छ। मगर जातीको वाहुल्यता रहेको यस वडामा क्षेत्री, ब्राहमण, दलित आदि समुदायको उल्लेख्य उपस्थिति रहेको पाइन्छ।

## २. शिक्षा र साक्षरताको अवस्था

साक्षरताको दृष्टिकोणले यो वडा रोल्पा नगरपालिकाको पिछडिएको वडा मानिन्छ। भौगोलिक विकटताको कारणले गर्दा सबै गाउँ टोलका बालबालिकाहरू माध्यमिक तहको शिक्षा लिन भौगोलिक विकटताको कारण यसै वडामा रहेको सिद्ध मा.वि. मा जान नसकी २ /३ घण्टाको बाटो हिडेर अन्य गापा सुनिलस्मृति, रुण्टिगडी र त्रिवेणीमा जान बाध्य छन्। यस वडाभित्र माध्यमिक विद्यालय (कक्षा १-१०) १ओटा, आ.वि.(कक्षा १-८) १ ओटा, आ.वि.(कक्षा १-५) ३ ओटा, आ.वि. (कक्षा १-३) ३ ओटा गरी जम्मा ८ ओटा विद्यालयहरू रहेका छन् । अझैपनि झण्डै १० प्रतिशतको हाराहारीमा निरक्षरहरू रहेका पाइन्छन।

## ३. कक्षागत विद्यार्थी विवरण

यस वडाका सम्पूर्ण ८ ओटा विद्यालयहरूको विद्यार्थी संख्या शैक्षिक सत्र २०७७ को विद्यार्थी भर्ना अभिलेख अनुसार जम्मा ६२५ जना विद्यार्थीहरू विद्यालय तहमा भर्ना भएका छन्। छात्राहरूको उपस्थिति उल्लेख्य रुपले बढेको छ। दलित बालवालिकाहरूको पहुँच बढ्दै गएतापनि टिकाउदर र शैक्षिक उपलब्धि कमजोर देखिन्छ।

**४. शिक्षक विद्यार्थी अनुपात**

यस वडाका सम्पूर्ण विद्यालयहरूको विद्यमान शिक्षक विद्यार्थी अवस्थालाई अध्ययन गर्दा (वा.वि., स्वयम् सेवक, राहत, अस्थायी र स्थायी) शिक्षक विद्यार्थी अनुपात १:२२ रहेको छ। यस वडामा यस्तो समस्या हुदाहुदै पनि पर्याप्त तहगत र विषयगत दरबन्दी नहुनु मूल समस्या रहको पाइन्छ।

**५. विद्यालय सञ्चालको वित्तिय प्रवन्ध :**

विद्यालय सञ्चालनको लागि नेपाल सरकारको शसर्त अनुदान, प्रदेश सरकारबाट प्राप्त अनुदान, रोल्पा नगरपालिकाको अनुदान नै प्रमुख स्रोतका रुपमा रहेका छन । अधिकांस विद्यालयहरूको आर्थिक अवस्था दयनिय रहेको छ । नीजि शिक्षकहरूको तलव भत्तामा ठूलो रकम समुदायले उठाउने गरेको छ । अभिभावकहरू विद्यालय जेनतेन सञ्चालन गर्न निःशुल्क शिक्षा भनेपनि शुल्क तिर्न वाध्य छन।

## खण्ड ग

# प्रमुख शैक्षिक समस्याहरूको पहिचान र समाधानका उपायहरू

### १. **समस्याको पहिचान**

यस वडाको शैक्षिक, भौतिक, तथा व्यवस्थापकीय पक्षहरूमा विद्यमान मुख्य समस्या, कारण र समाधानका उपायहरू यस प्रकार रहेका छन् :–

| क्र.स. | सूचक | मुख्य समस्या | समस्याका कारण | समधानका उपाय |
|---|---|---|---|---|
| १ | कक्षागत विद्यार्थी विवरण | विद्यालयगत रुपमा विद्यार्थी संख्या असमान हुनु | व्यवस्थापन र भौगोलिक बनावटको कारण | समन्वय, व्यवस्थापन र दरवन्दी मिलान |
| २ | शैक्षिक जनशक्ति विवरण | विद्यालयगत रुपमा शिक्षक विद्यार्थी अनुपात असमान हुनु | शिक्षक कर्मचारी दरबन्दीको अभाव | विषयगत शिक्षक तथा दरवन्दी मिलान र व्यवस्थापन |
| ३ | आन्तरिक सक्षमताको अवस्था | सिकाई उपलब्धि कमी हुनु, विद्यार्थी नियमितता नहुनु, उमेर नपुगी विवाह गर्ने | शैक्षिक सामग्री र ICT प्रयोगमा कमी अभिभावकहरूको कमजोर सचेतना | शैक्षिक सामग्री निर्माण कार्यशाला,तालिम र उपलब्धता गराउने अभिभावक शिक्षा र सचेतनाका कार्यहरू |
| ४ | विद्यालय सञ्चालन अवस्था | विद्यालय र पढाइ हुने दिनको कमी | बन्द हड्ताल र वार्षिक विदा बढी हुनु | विदालाई व्यवस्थापन गरी पढाइ सञ्चालन गर्ने |
| ५ | भौतिक सुविधाको अवस्था | भौतिक संरचनाको अभाव र अपर्याप्तता | निर्माणको लागि पर्याप्त जग्गा र स्रोतको अभाव | स्रोतको उचित व्यवस्था गर्ने |
| ६ | ICT प्रयोगको अवस्था | ICT सम्बन्धी सामग्री र दक्ष जनशक्तिको अभाव | दक्ष जनशक्तिको अभाव हुनु | सीपमूलक तालिमको सञ्चालन गर्ने |

| क्र. स. | सूचक | मुख्य समस्या | समस्याका कारण | समधानका उपाय |
|---|---|---|---|---|
| ७ | विद्यालय सुशासन | विव्यस,शिअसं, अभिभावक र जनप्रतिनिधि बिच समन्वयको कमी | चेतना र समन्वयात्मक कार्यको अभाव | चेतनामूलक कार्यक्रम र सहकार्य गर्ने |
| ८ | शैक्षिक समग्रीको अवस्था | स्थानीय शैक्षिक सामग्रीको निर्माण र प्रयोगमा कमी | शैक्षिक सामग्री निर्माण र प्रयोगमा अभाव | स्थानीय शै. सा. निर्माण र प्रयागमा जोड दिने |
| ९ | आम्दानी र खर्चको विवरण | दोहोरो लेखा प्रणालीमा समस्या र दक्ष जनशक्तिको अभाव | सम्वन्धित सीपमा दक्षता नहुनु | सीपमूलक तालिम सञ्चालन |

## २. आवश्यकताको प्राथमिकिकरण

उद्देश्यलाई प्राप्त गरी लक्ष्य हासिल गर्नका लागि सरोकारवाला सबै पक्षहरूसँग विभिन्न छलफल परामर्श तथा कार्यशाला सञ्चालन गरी वडालाई अझ राम्रो बनाउन के के गर्नुपर्ला ? यस कार्यमा आउने प्रमुख समस्या तथा चुनौति के कस्ता छन् ? भन्ने आदि विषयमा आधारभूत समस्याको पहिचान र निराकरणका उपायहरू संश्लेषण गरी आगामी ५ वर्षे रणनीति निर्धारण गरेर लक्ष्य प्राप्तिका निम्ति गर्नु पर्ने शैक्षिक, भौतिक तथा व्यवस्थापकीय पक्षका आवश्यकता पहिचान गरेर त्यसलाई प्राथमिकिकरणका आधारमा प्रस्तुत गरिएको छ।

### अ. प्राथमिकता प्राप्त क्रियाकलापहरू

| क्षेत्र | प्राथमिकताका आधारमा गर्न सकिने कार्यहरू |
|---|---|
| शैक्षिक | क. सिकाई उपलब्धि दर बृद्धि गर्ने<br>ख. शैक्षिक सामग्रीको निर्माण र प्रयोग<br>ग. वाल मैत्री शिक्षण सिकाई वातावरण सिर्जना गर्ने<br>घ. विद्यार्थीको शैक्षिक ज्ञानको अभिवृद्धि गर्न शैक्षिक भ्रमणमा जोड दिने<br>ङ. पुनर्ताजकिय तथा व्यवस्थापकीय कौशल अभिवृद्धि तालिमको व्यवस्था गर्ने<br>च. शिक्षण सिकाई क्रियाकलापमा ICT को प्रयो गरी प्रविधिमैत्री सिकाइमा जोड दिने<br>छ. बालवालिकाहरूको विद्यालयमा नियमितता र उपस्थिति दर वढाउने<br>ज. अभिभावक र समुदाय सचेतीकरणका माध्यमले बालविवाहलाई न्यूनिकरण गर्ने |

| क्षेत्र | प्राथमिकताका आधारमा गर्न सकिने कार्यहरू |
| --- | --- |
| भौतिक | क. आधुनिक र अपाङ्गमैत्री भवन तथा पूर्वाधार निर्माण<br>ख. विद्यालय परिसरमा उचित फूलवारी सहितको घेरावार निर्माण<br>ग. वालमैत्री खेल मैदान निर्माण<br>घ. लाइब्रेरी र बुक कर्नरको व्यवस्थापन<br>ङ. विज्ञान, कम्प्युटर र ICT का प्रयोगशालाको व्यवस्था<br>च. मैत्रीपूर्ण फर्निचर र बसाइ व्यवस्थापन<br>छ. मैत्रीपूर्ण शौचालयको व्यवस्थापन<br>ज. प्राथमिक उपचार कक्षको व्यवस्था<br>झ. स्वच्छ पिउनेपानीको प्रवन्ध<br>ञ. स्वस्थ्यकर दिवा खाजाको व्यवस्थापन<br>ट. विद्यालयसम्म सडक बाटोको व्यवस्था |
| व्यवस्थापकीय | क. शिक्षा नियामावलीले तोकेको मापदण्ड पूरा गरेका कुशल शैक्षिक प्रशासनको व्यवस्था<br>ख. विद्यालय सञ्चालनमा पारदर्शीता र जवाफदेहिता<br>ग. आपसी सम्बन्ध विस्तार गर्न अन्तर समन्वयात्मक कार्यक्रमको आयोजना<br>घ. वार्षिक कार्ययोजना तथा कार्यतालिका निर्माण गरी सोहि अनुसार कार्य सञ्चालन गर्ने<br>ङ. शिक्षक विद्यार्थी अनुपात मिलाउन दरबन्दी मिलान तथा मर्जको व्यस्था<br>च. सम्पूर्ण सम्वन्धित सरोकारवाला सबैलाई “विद्यालय मेरो होइन, हाम्रो हो” भन्ने कुराको सामुहिक अपनत्व गराउने<br>छ. विद्यालयमा कार्यरत सवै प्रकारका जनशक्तिलाई क्षमता विकास, सवलीकरण तथा नेतृत्व क्षमताको विकास गराउने<br>ज. शिक्षकको पेशागत विकासमा अभिवृद्धि गर्न नवीनतम कार्यक्रम तथा समय समयमा पुनर्ताजगी तालिम सञ्चालन गर्ने |
| विविध | क. विद्यार्थीहरूको सक्रियतामा विद्यालयमा बालक्लव, रेडक्रश, युवा सर्कल जस्ता स्यंमसेवी सस्थाहरूको अभ्यास मार्फत नेतृत्व लिने समाजसेवा गर्ने सीप विकास गर्ने,<br>ख. विपद् जोखिम न्यूनिकरणका कार्यक्रमहरूको ज्ञान, न्यूनिकरण कार्यमा सहभागिता र विपद् प्रतिकार्यका बारेमा सुरक्षित विद्यालय अवधारणा कार्यन्वयमा ल्याउने |

## खण्ड घ

# शैक्षिक सूचकहरुको वर्तमान अवस्था र आगामि प्रक्षेपण

### १. वर्तमान प्रमुख शैक्षिक सूचकहरू र आगामी प्रक्षेपण

यस वडाको शैक्षिक सत्र २०७६ देखि २०८० सम्मको पाँच वर्षे शैक्षिक, भौतिक र व्यवस्थापकीय पक्षको लक्ष्य तथा कार्यक्रम यस प्रकार रहेको छ।

| क्र.स. | प्राथमिकता प्राप्त कार्यकलाप | इकाइ | वर्तमान अवस्था | लक्ष्य | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | खुद भर्ना दर | प्रतिशत | ९४ | ९९ | ९५ | ९६ | ९७ | ९८ | ९९ |
| २ | कुल भर्ना दर | प्रतिशत | १३० | ११० | १२७ | १२३ | ११८ | ११४ | ११० |
| ३ | विद्यार्थीको सिकाइ उपलब्धि (प्रा.वि.तह ) | प्रतिशत | ४५.६० | ७० | ५० | ५५ | ६० | ६५ | ७० |
| ४ | सिकाइ उपलब्धि (नि.मा.वि. तह ) | प्रतिशत | ४०.५० | ६५ | ४५ | ५० | ५५ | ६० | ६५ |
| ५ | सिकाइ उपलब्धि (मा.वि. तह ) | जी.पी.ए. | २.४ | ३.४ | २.६ | २.८ | ३.० | ३.२ | ३.४ |
| ६ | कक्षोन्नति दर | प्रतिशत | ७५ | ९० | ७७ | ८० | ८३ | ८५ | ९० |
| ७ | कक्षा दोहोर्‍याउने दर | प्रतिशत | १० | ० | ८ | ६ | ४ | २ | ० |
| ८ | कक्षा छोड्ने दर | प्रतिशत | १५ | ४ | १२ | १० | ८ | ६ | ४ |
| ९ | शिक्षकको नियमितता | प्रतिशत | ९० | ९७ | ९२ | ९३ | ९४ | ९५ | ९७ |
| १० | विद्यार्थी नियमितता | प्रतिशत | ८५ | ९६ | ८७ | ९० | ९२ | ९४ | ९६ |

## २. नतिजा हासिलका लागि प्रमुख क्रियाकलापहरू वित्तिय स्रोत

| सि.न | मुख्य मुख्य क्रियाकलापहरू | वित्तिय स्रोत व्यवस्थापन |
|---|---|---|
| १ | विद्यालय सुधार र विद्यार्थी आर्कषण कार्यक्रम | विद्यालय, समुदाय |
| २ | विद्यालय स्वागत तथा भर्ना अभियान सञ्चालन | विद्यालय, शिक्षक र समुदाय |
| ३ | जेखिम बालबालिकालाई शैक्षिक सामग्री र छात्रवृत्ति | विद्यालय, वडा कार्यालय, नगरपालिका |
| ४ | अभिमावक भेटघाट तथा घर दैलो कार्यक्रम | विद्यालय, वडा कार्यालय, नगरपालिका |
| ५ | पढाई मेला महोत्वसहरूको आयोजना | विद्यालय, वडा कार्यालय, नगरपालिका |
| ६ | वैकल्पिक तथा अतिरिक्त कक्षाको व्यवस्थापन | विद्यालय, वडा कार्यालय, नगरपालिका |
| ७ | स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोग | शिक्षक, विद्यालय, वडा कार्यालय |
| ८ | विद्यार्थी प्रतिभा पहिचान र सह क्रियाकलाप सञ्चालन | विद्यालय, वडा कार्यालय, विद्यार्थीहरू |
| ९ | शिक्षक क्षमता विकास र पुनर्ताजकी तालिम सञ्चालन | नगरपालिका, वडा कार्यालय र विद्यालय |
| १० | विद्यालय, अभिभावक र विद्यार्थीहरूको सहभागितामा विद्यालय सुधारको लागि अन्तरक्रिया | विद्यालय, समुदाय, वडा कार्यालय र नगरपालिका |
| ११ | बालबालिकाहरूको प्रगति सम्प्रेषण (आमा) अभिभावक भेला सञ्चालन | विद्यालय, समुदाय, वडा कार्यालय र नगरपालिका |
| १२ | अन्तर विद्यालय शैक्षिक अवलोकन तथा भ्रमण | वडा कार्यालय र नगरपालिका |
| १३ | स्थानीय पाठयक्रम कार्यान्वयन | नगरपालिका र विद्यालय |
| १४ | उत्कृष्ट शिक्षकलाई पुरस्कारको व्यवस्था | वडा कार्यालय र नगरपालिका |
| १५ | वैयक्तिक घटना अध्ययन | विद्यालय |
| १६ | प्रश्नपत्र संग्रह स्थापना र अभ्यास (गिड्ढ) | विद्यालय |
| १७ | विद्यार्थी अनुपस्थितिको कारण खोजी र नियमितताका लागि अभिभावक परामर्श | विद्यालय, विद्यालय व्यवस्थापन समिति |
| १८ | प्रत्येक विद्यार्थीको निरन्तर विद्यार्थी मूल्याङ्कन र व्यक्तिगत पोर्टफोलियो तयार | शिक्षक |
| १९ | हरित विद्यालय र विपद जोखिम न्यूनिकरण कार्ययोजना निर्माण र ड्रिल | शिक्षक, विद्यालय, अभिभावक र वडा |

| सि.न | मुख्य मुख्य क्रियाकलापहरू | वित्तिय स्रोत व्यवस्थापन |
|---|---|---|
| २० | विद्यालय सुरक्षा योजना तर्जुमा र कार्यान्वयन | नगरपालिका, वडा कार्यालय र विद्यालय |
| २१ | प्राथमिक उपचार कक्ष र अत्यावश्यक औषधिजन्य सामग्रीको व्यवस्था गर्ने | नगरपालिका र विद्यालय |
| २२ | ICT सामग्री व्यवस्थापन | सघं, प्रदेश र स्थानीय सरकार |
| २३ | प्रयोग विद्यालय एक एक वटा क्ष्लतभचलभत को व्यवस्था र सञ्चालन | नगरपालिका र वडा कार्यालय |
| २४ | खेलकुद सामग्रीको खरिद तथा व्यवस्थापन | नगरपालिका, वडा कार्यालय र विद्यालय |
| २५ | वडाभित्रका विद्यालय, शिक्षक, विव्यसहरूको मूल्याङ्कन, अनुगमन र उत्प्रेरणाका कार्यक्रम | नगरपालिका, वडा शिक्षा समिति र रोष्टर शिक्षक समूह |

## ३. स्रोत साधन अनुमान

वडा कार्यालयले सघीय सरकार, प्रदेश सरकार र नगरपालिकाको नियमित अनुदानका अतिरिक्त योजना तर्जुमाको आधार वर्षमा शिक्षा क्षेत्रमा रु विनियोजन गरेको छ । योजनाका क्रियाकलापहरू पूरा गर्नका लागि आगामी ५ वर्षका लागि देहायबमोजिम रकम विनियोजन गर्ने छ । अपुग स्रोत अभिभावक, चन्दादाता, शिक्षाप्रेमीहरूसँगबाट समेत जुटाइनेछ । विद्यालयहरूमा शिक्षा विकास कोषको सुरुवाती गरिनेछ ।योजना कार्यान्वयनका लागि वित्तिय रुपमा माथिल्लो निकायमा वढि भरपर्नु परेको वर्तमान अवस्था रहेकोले बजेट खण्डलाई हरेक वर्षप्राप्त अनुदानसँग तादम्यीकरण गर्दै लगिनेछ । न्यून स्रोत साधनलाई अधिक नतिजा हासिल हुने क्षेत्रमा खर्च गर्ने र low cost no cost का क्रियाकलापहरूमा जोड दिदै Do more with less नै हाम्रो ध्येय रहनेछ ।

### क) प्रक्षेपित वडा तर्फको (शिक्षा) बजेट :

| आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|
| | | | | | |

## ४. अनुगमन मुल्याङ्कन योजना :

योजनालाई वडा शिक्षा समितिले हरेक वर्षउपलब्धि समीक्षा तथा सघन अनुगमन गर्नेछ। वर्तमान सूचकका आधारमा प्रक्षेपित लक्ष्यहरू के कति मात्रामा हासिल भए भनि नतिजामूलक अनुगमन गरिनेछ। अनुगमनको ढाचाँ राम्रो गर्ने विद्यालय, शिक्षकलाई प्रोत्साहन र उत्प्रेरणात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ। अनुगमनको कार्ययोजना लगायत अन्य प्राविधिक सहजीकरणको लागि नगर शिक्षा शाखासँग समन्वय सहकार्य गरिनेछ। योजनालाई मध्यवर्षमा मध्यावधि समीक्षा गरी उद्देश्यसँग तालमेल मिलाई अघि वढिनेछ।

# रोल्पा नगरपालिका

## ६ नं वडाको वडा शिक्षा योजना

**६ नं वडा शिक्षा समितिका पदाधिकारीहरूको नामावली**

| | | |
|---|---|---|
| १. | तुलबहादुर घर्तीमगर | - संयोजक |
| २. | दामोदर बुढामगर | - सदस्य |
| ३. | कृष्णबहादुर पुन | - सदस्य |
| ४. | कृष्ण घर्तीमगर | - सदस्य |
| ५. | इन्द्रबहादुर परियार | - सदस्य |
| ६. | विद्यादेवी घर्तीमगर | - सदस्य |
| ७. | मनप्रसाद बि.क | - सदस्य सचिब |

खण्ड क

# परिचय

## १.१ भौगोलिक अवस्था

रोल्पा जिल्लाको एक मात्र नगरपालिकामा जम्मा १० वटा वडाहरू रहेका छन् । जस अन्तर्गत वडा नं. ६ साविक कोटगाउँ गा.वि.स.का २,३,४,५,६, ७ र ९ नं. वडाहरूलाई समेटी निर्माण गरिएको छ। यस वडा पूर्वमा रोल्पा नगरपालिका वडा नं २ पश्चिममा वडा नं ७ र माडिँ गाउँपालिका, उत्तरमा वडा नं ७ र दक्षिणमा त्रिवेणी गाउँपालिका वडा नं ७ रहेको छ । यस वडाको कुल क्षेत्रफल २२.६७ वर्ग कि.मि. रहेको छ । यहाँ माडीखोलाको आस-पासको क्षेत्रमा साल, सिसौ, चिउरी आदि वोटविरुवाहरू पाइन्छन् भने मध्ये क्षेत्रमा खोटे सल्ला, लालीगुँरास आदि वोटविरुवाहरू पाइन्छन् । त्यसैगरी उपल्लो क्षेत्रमा (दार्बोट-झुलावाङ-गोरुवारे-वासथला) बाँज, खर्सु, थिन्के, काफल, ओखर लगायतका विभिन्न जातका वोटविरुवाहरू पाइन्छन् साथै यहाँको जङ्गलमा सोमाया, जटमसी, चुत्रा, ओखर, काउला आदि थुप्रै जडिवुटीहरू प्रशस्त मात्रामा पाईन्छन् । तसर्थ यहाँको हावा-पानी सम-शितोष्ण हावापानी रहेको पाइन्छ।

## १.२ सामाजिक अवस्था

रोल्पा नगरपालिका वडा नं. ६ को कूल जनसंख्या ४३१४ रहेको छ। जस अन्तर्गत २१२९ महिला र २१८५ पुरुष रहेको छन् । यस वडामा जम्मा ८०७ घरधुरी रहेका छन् । यस वडामा मुख्य गरी जन-जाती, दलित र क्षेत्री जातिहरूको वसोवास रहेको पाइन्छ । घरधुरीलाई जातिगत आधारमा हेर्दा जनजाति ३६२ (४४.९%), दलित ३३६ (४१.६%) र क्षेत्री १०९ (१३.५%) रहेको पाइन्छ जस मध्ये २६० जना रोजगारीको सिसिलामा बिदेशमा छन । जनजातिको वाहुल्यता रहेको यस वडामा

सामाजिक रीतिरिवाज प्राय मिल्दो जुल्दो नै देखिन्छ। यहाँका वासिन्दाहरूको सम्पर्क भाषाको रुपमा नेपाली भाषा बोल्ने गरे तापनि मगरहरूले आफ्नै मातृभाषा खाम (पाङ) भाषालाई अङ्गाल्दै आएका छन् । यस वडामा दशै, तिहार, माघे सक्रान्ती, सावने सक्रान्ती, नयाँ वर्ष आदि पर्वहरू मनाउने गरेको पाइन्छ।

## १.३ आर्थिक अवस्था

यस वडाका वासिन्दाहरूको प्रमुख पेशा भनेको कृषि नै हो तर रोजगारीको लागि देशको अन्य भागमा गई व्यापार व्यवसाय गर्ने र रोजगारीको लागि विदेशिनेको संख्या उल्लेख्य रहेको पाइन्छ । यसका साथै पछिल्लो चरणमा शिक्षण पेशा, सुरक्षाकर्मी र निजामति सेवामा पनि सहभागी भएको देखिन थालेको छ । कृषि अन्तर्गत यस वडाका अधिकांस भू-भागमा गहुँ, धान, मकै, खेती गरिन्छ भने नगदे वाली अन्तर्गत अदुवा, बेसार, खेती गरिन्छ साथै तरकारी वाली खास गरी आलु, काउली, बन्दा, सिमी, बोडी, भान्टा, भटमास, टमाटर, प्याज आदि खेती गरिन्छ। साथै केही मात्रामा सुन्तला, स्याँउ, कागति, मौसम खेती पनि गर्ने गरिन्छ।

पशु पालन तर्फ गाई, भैसी, बाख्रा, बंगुर र भेडा पाल्ने गर्दछन् । साथै परम्परागत तरिकाले कुखुरा पालन पनि गर्दै आएको पाइएतापनि अहिले आएर व्यावसायिकरुपमा बाख्रा पालन कुखुरा पालन पनि गरेको पाइन्छ।

कृषि उपजहरूलाई संकलन गरी उचित तरिकाले व्यापारिक केन्द्रसम्म लगेर उचित मुल्यमा विक्रि गर्न नसक्दा यहाँका वासिन्दाहरूको सोचेजस्तो आर्थिकस्तरमा वृद्धि हुन सकि रहेको छैन। समग्रमा हेर्दा यस वडाका वासिन्दाको आर्थिक स्थितिमा सुधार ल्याउने प्रमुख आधार भनेको वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्स नै देखिन्छ।

## १.४ प्रशासनिक अवस्था

वडाको शैक्षिक गुणस्तर बृद्धिका लागि वडाले अभिभावकको भूमिका खेलिरहेको जग जाहेरनै छ । यहाँ १ माध्यमिक विद्यालय, ७ वटा आधारभूत विद्यालय र १० वटा बालविकास केन्द्र रहेका छन। विद्यालयमा कक्षा १ देखि १० सम्म दूरीको हिसाबले विद्यालयहरू पहँचमा नै छन, तर बालविकास केन्द्रमा आउने बालबालिकाहरूका लागि केन्द्र सम्म पुग्न कठिन रहेको छ। साथै अस्थाई प्रहरी

चौकि दार्बोट, १ वटा स्वास्थ्य चौकि, २ वटा गाउँघर क्लिनिक, जिल्ला आयूर्बेदिक अस्पताल मार्फत घुम्ति शिविर सञ्चालन, १ वटा अतिरिक्त हुलाक कार्यालय, ५ वटा सहकारी संस्था, ४ वटा यूवा क्लब दर्ता भएको र टोलहरूमा अन्य क्लबहरू, ११ वटा बन उपभोक्ता समूह, टोल टोलमा आमा समूह, कृषक समूहहरू सक्रिय रहेका छन ।

## १.५ योजनाको औचित्य

वडा शिक्षा योजनाको औचित्य बालबालिकाको सर्बाङ्गिण विकास गर्दै समग्र शैक्षिक गुणस्तर बृद्धि गर्नु हो । विद्यालय उमेर समूहका बालबालिका, अपाङ्ग, बिपन्न, अभिभावक विहिन लगायत सबैलाई भर्ना गरी बालबालिकाको पढन पाउने नैशर्गिक अधिकार स्थापित गरी उनिहरूलाई सक्षम बनाउनु हो । भबिष्यका कर्णधार, आशा र भरोशाका केन्द्र बालबालिकालाई बिश्व परिबेश अनुसार प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति निर्माण गर्न महत्त्वपूर्ण दस्ताबेजका रुपमा मार्गदर्शक हुनेछ ।

## १.६ योजना अवधि

यस पञ्चवर्षिय योजनाका अवधि आ.व. २०७७/०७८ देखि २०८१/०८२ सम्म रहेको छ ।

## १.७ योजना निर्माण प्रकृया

रोल्पा नगरपालिका वडा नं ६ कोटगाउँको वडा शिक्षा योजना विद्यालय सुधार योजनाको आधारमा Bottom up Approach मा आधारीत भएर निर्माण गरिएको छ । यस योजनाले विद्यार्थीको सार्बाङ्गिण पक्षको विकास गर्न वडा शिक्षा समितिले दिगो विकास लक्ष्य, विद्यालयले पूरा गर्ने Minimum Enabling Condition लाई समेत आधार लिएको छ । वडाका सबै विद्यालयको विद्यालय सुधार योजनाको आधारमा यस वडा शिक्षा योजना तयार पारिएको छ । वडा शिक्षा समितिका सम्पूर्ण पदाधिकारी, अभिभावक, शिक्षक, बालक्लब सदस्य, शिक्षाप्रमीहरूसँगको छलफल र सहभागितामा ५ वर्षे वडा शिक्षा योजना निर्माण गरिएको छ ।

## खण्ड ख

# वडाको वर्तमान अवस्था विश्लेषण

## २.१ उमेरगत बालबालिकाको विवरण

| विद्यार्थी विवरण | | | | | | | | | | जम्मा संख्या | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ वर्षमुनि | | १ देखि ४ वर्षसम्र्म | | ५ देखि ९ वर्ष | | १० देखि १४ वर्ष | | १५ देखि १८ सम्म | | | | |
| छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | |
| ३८ | ३५ | १६० | १३४ | १९९ | १५८ | २७३ | २७० | १८५ | १९८ | ८५५ | ७९५ | १६५० |
| स्रोतः रोल्पा नगरपालिका २०७६/०७७ | | | | | | | | | | | | |

## २.२ कक्षा १ देखि ५ सम्मको औसत सिकाई उपलब्धी विवरण

| सि.न | बिषय | हालको अवस्था वि.स २०७६ | प्रक्षेपित लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | वि.स २०७७ | वि.स २०७८ | वि.स २०७९ | वि.स २०८० | वि.स २०८१ |
| १ | नेपाली | ६० | ६२ | ६४ | ६६ | ६८ | ७० |
| २ | अङ्ग्रेजी | ५६ | ५८ | ६० | ६१ | ६३ | ६५ |
| ३ | गणित | ५३.१ | ५५ | ५७ | ५९ | ६१ | ६३ |
| ४ | विज्ञान | ५६.१ | ५८ | ६० | ६२ | ६३ | ६५ |
| ५ | सामाजिक शिक्षा | ५८.९ | ६० | ६१ | ६३ | ६५ | ६८ |
| ६ | इच्छाधीन | ५८.३ | ६० | ६२ | ६४ | ६६ | ७० |
| जम्मा | | ५७.१ | ५९ | ६१ | ६३ | ६५ | ६८ |

स्रोतः विद्यालय सुधार योजना २०७६

## २.३ कक्षा ६ देखि ८ सम्मको औसत सिकाई उपलब्धी

| सि. न | विषय | हालको अवस्था वि.स २०७६ | प्रक्षेपित लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | वि.स २०७७ | वि.स २०७८ | वि.स २०७९ | वि.स २०८० | वि.स २०८१ |
| १ | नेपाली | ५७.४३ | ५९ | ६१ | ६३ | ६५ | ६८ |
| २ | अङ्ग्रेजी | ५५.१३ | ५७ | ५९ | ६१ | ६३ | ६६ |
| ३ | गणित | ४२.७ | ४४ | ४६ | ४८ | ५० | ५५ |
| ४ | विज्ञान | ६०.३ | ६२ | ६४ | ६६ | ६८ | ७२ |
| ५ | सामाजिक शिक्षा | ५५.६७ | ५७ | ५९ | ६१ | ६३ | ६६ |
| ६ | स्वास्थ्य तथा जनसंख्या | ३२.५ | ३४ | ३६ | ३८ | ४० | ४५ |
| ७ | नैतिक शिक्षा | ३१.०७ | ३३ | ३५ | ३७ | ३९ | ४५ |
| ८ | पेशा | ५८.१७ | ६० | ६२ | ६४ | ६६ | ७० |
| ९ | कम्प्यूटर | ६०.९ | ६२ | ६४ | ६६ | ६८ | ७२ |
| | जम्मा | ५८ | ६० | ६२ | ६३ | ६४ | ६९ |
| स्रोतः विद्यालय सुधार योजना २०७६ | | | | | | | |

## २.४ कक्षा ९ देखि १० सम्मको औसत सिकाई उपलब्धी

| सि. न | विषय | हालको अवस्था | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | वि.स २०७७ | वि.स २०७८ | वि.स २०७९ | वि.स २०८० | वि.स २०८१ |
| १ | नेपाली | ६५.७ | ६७ | ६९ | ७१ | ७३ | ७६ |
| २ | अङ्ग्रेजी | ५८.२ | ६० | ६२ | ६४ | ६६ | ७० |
| ३ | गणित | ३७ | ३९ | ४१ | ४३ | ४५ | ५० |
| ४ | विज्ञान | ५४.२ | ५६ | ५८ | ६० | ६२ | ६५ |
| ५ | सामाजिक शिक्षा | ५७ | ५९ | ६१ | ६३ | ६५ | ६८ |
| ६ | स्वा.ज वा | ६१.५ | ६३ | ६५ | ६७ | ६९ | ७२ |
| जम्मा | | ५५.६५ | ५७ | ५९ | ६१ | ६३ | ६६ |

स्रोतः विद्यालय सुधार योजना २०७६

## २.५ शिक्षक सम्वन्धि विवरण (तहगत र विद्यालयगत)

| क्र स | विद्यालयको नाम | स्थायी | राहत | अनुदान | निजी | कर्मचारी | का.स | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाल मा.वि कोटगाउँ | ९ | ६ | ० | ३ | १ | २ | २१ |
| २ | नेपाल राष्ट्रिय आ.वि दार्बोट | ४ | ० | ० | ४ | ० | १ | ९ |
| ३ | आधारभूत विद्यालय धाबाङ | ४ | ० | ० | ५ | ० | १ | १० |
| ४ | शिक्षाकिरण प्रा.वि रिमसक | २ | ० | ० | ३ | ० | ० | ५ |
| ५ | बालविकास प्रा.वि क्वाङा | २ | ० | ० | २ | ० | १ | ५ |
| ६ | जनजागरण प्रा.वि जिबाङ | ० | ० | ० | २ | ० | ० | २ |
| ७ | ठुलोपोखरा प्रा.वि कोजक | १ | ० | ० | ३ | ० | १ | ५ |
| ८ | जनज्योति प्रा.वि दिगा | १ | ० | ० | २ | ० | ० | ३ |
| ९ | कोपिला बालविकास केन्द्र खोलाबाङ | १ | ० | ० | ० | ० | ० | १ |
| १० | स्यारुङ्गा बालविकास केन्द्र | १ | ० | ० | ० | ० | ० | १ |

# वडाका प्रमुख शैक्षिक समस्या, समस्याका कारणहरू र समाधानको उपायहरू

## ३.१ प्रमुख शैक्षिक समस्याहरूको पहिचान

| क्रस | सूचक | मुख्य समस्या | समस्याको कारण | समाधानको उपाय |
|---|---|---|---|---|
| १ | बालमैत्री पूर्वाधार | ■ बालबालिकाको पहुँचमा धारा तथा स्वस्थ पिउने पानीको ब्यवस्था नहुनु ।<br>■ बालिका मैत्री र बालबालिकाको संख्याको अधारमा शौचालयको अभाब हुनु ।<br>■ बालबालिकाको संख्या र क्षमताका आधारमा बसाइ ब्यवस्थापनको नहुनु ।<br>■ बालबालिकाको स्तर अनुसार किताबहरूको व्यवस्था नहुनु र भएको विद्यालयमा उचित प्रयोग नगरिनु, किताबको अभाब हुनु ।<br>■ अपाङ्ग बालबालिकाहरूलाई विद्यालय भर्ना गर्न उचित वातावरणको निर्माण नहुनु ।<br>■ बालबालिकाले सुरक्षित वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुन घेराबारको व्यवस्था नहुनु । | ■ शिक्षा भन्दा विकासका अन्य बिषय प्राथमिकतामा पारिनु ।<br>■ भौगोलिक विकटता ।<br>■ स्रोतको अभाव।<br>■ विद्यालयलाई बालमैत्री बनाउन तत्परताको कमि ।<br>■ विद्यालयलाई बेवास्ता गर्नु । | ■ बालमैत्री पूर्बाधार निर्माणका लागि पर्याप्त बजेट बिनियोजन हुनुपर्ने ।<br>■ साधन र स्रोतको खोजी र पहिचान तथा परिचालन गर्ने ।<br>■ अपाङ्गमैत्री भौतिक संरचना निर्माण गरी विद्यलायमा भर्ना गर्न पहल गर्ने ।<br>■ बाल उद्यानको निर्माण गरी सिकाइमैत्री भौतिक पूर्बाधार निर्माण गर्ने ।<br>■ प्राविधीक डिजाईन र मापदण्ड बिपरित भवनहरू नबनाउने । |

| क्रस | सूचक | मुख्य समस्या | समस्याको कारण | समाधानको उपाय |
|---|---|---|---|---|
| २ | विद्यालय सञ्चालनको अवस्था | ■ शिक्षाको महत्त्वका बिषयमा अभिभावक सचेत नहुनु र बालबालिकाको शिक्षा प्रर्ति बेवास्ता गर्नु ।<br>■ सामुदायिक विद्यालयलको बिश्वासनीयतामा ह्रास आउनु ।<br>■ बालबिबाह र बाल श्रमका कारण विद्यालयमा भर्ना भए पनि पुनः बाहिरिनु ।<br>■ विद्यालयमा बालमैत्री वातावरणको अभाव हुनु ।<br>■ पढाइलाई सिक्ने थलाको रुपमा नलिइ बोझको रुपमा लिनु ।<br>■ अनिबार्य तथा निःशुल्क शिक्षा लागु नहुनु ।<br>■ विद्यालय छाड्ने र दोहऱ्याउनेदरमा बृद्धि हुनु । | ■ शिक्षक तालिमको कार्यान्वयन नहुनु ।<br>■ शिक्षक केन्द्रित शिक्षण गरिनु ।<br>■ बालबालिको क्षमताको पहिचान गर्न नसक्नु ।<br>■ निजी विद्यालयको अंग्रेजी भाषा आकर्षण हुनु ।<br>■ सामुदायिक विद्यालयमा राजनितीक गर्ने थलो हुनु ।<br>■ अभिभावक र विद्यालय बीचको समन्वयको अभाव हुनु । | ■ शिक्षकले बालबालिकाको क्षमताको पहिचान गरी शिक्षण गर्ने ।<br>■ तालिमको प्रभाबकारी कार्यान्वयन गर्ने ।<br>■ शिक्षक र बिद्यार्थीबीच नजिकको सम्बन्ध स्थापित गर्ने ।<br>■ अभिभावक र विद्यालयबीच पनयपमत समन्वय र अन्तक्रिया गर्ने ।<br>■ सकारात्मक बिभेदको वातावरण निर्माण गर्ने ।<br>■ बालबिबाह र बालश्रमलाई निरुत्साहन गर्ने ।<br>■ शिक्षण क्रियापलापका समयमा पर्याप्त शैक्षिक सामग्रीको प्रयोग गर्ने ।<br>■ बालमैत्री वातावरणको सृजना गर्ने ।<br>■ बालबालिकाहरूको समस्या पहिचान गरी सम्वोधन गने ।<br>■ बिभिन्न निकाय सँग समन्वय गरी असनबार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन गर्नुपर्ने । |
| ३ | सिकाई उपलब्धी बृद्धि | ■ सिकाइ उपलब्धी राष्ट्रिय मापदण्ड अनुसारको न्यूनतम ६० अंक भन्दा कमी हुनु । | ■ शिक्षक दरबन्दिको अभाव ।<br>■ बालबालिकाको क्षमता अनुसार शिक्षण सिकाइ नहुनु ।<br>■ शिक्षकको क्षमता विकास नगरिनु र तालिम लिएका शिक्षकहरूले शिक्षण सीपको प्रभावकारी कार्यान्वयन गर्न नसक्नु । | ■ बालबालिकाको क्षमताको पहिचान गरी शिक्षण गर्ने ।<br>■ शिक्षकलाई प्रदान गरिएको तालिमको कक्षामा प्रभावकारी कार्यान्वयन गर्ने, |

| क्रस | सूचक | मुख्य समस्या | समस्याको कारण | समाधानको उपाय |
|---|---|---|---|---|
| | | | ▪ दण्ड र पुरस्कारको अभाव ।<br>▪ शिक्षामा लगानीको कमी ।<br>▪ शिक्षकले सरकारले बनाएको निती तथा कार्यक्रमको मर्म अनुसार कार्यान्वयन नगरिदिनु ।<br>▪ शैक्षिक सामग्रीको निर्माण र प्रयोग नहुनु । | ▪ विद्यालयमा दण्ड र पुरस्कारको ब्यवस्था गर्ने ।<br>▪ शिक्षक कार्यसम्पादन मूल्याङ्कनको प्रभाकारी कार्यान्वयन गने ।<br>▪ शिक्षामा लगानी बृद्धि गर्ने ।<br>▪ सुचना र प्रविधिको प्रयोग गरी शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्ने ।<br>▪ बिषयगत शिक्षक तथा प्र.अको बैठक नियमित सञ्चालन गर्ने ।<br>▪ सम्वन्धित निकायबाट नियमित अनुगमन र पृष्ठपोषण दिने ।<br>▪ निरन्तर मूल्याङ्कन लगायत अन्य नितीगत कार्याकलापहरूको मर्म अनुसार कार्यान्वयन गर्ने ।<br>▪ शिक्षण सिकाइ र सिकाइ उपलब्धीको त्रैमासिक रुपमा समिक्षा गरी सुधार गर्नुपर्ने भए कार्ययोजना बनाई तुरुन्त कार्यान्वयन गर्ने । |
| ४ | विद्यालय ब्यवस्थापन र सुशासनको अवस्था | ▪ विद्यालयको प्रशासन कम्जोर हुनु ।<br>▪ वि.ब्य.स, शिक्षक र अभिभावक बीच त्रिपक्षिय समन्वय नहुनु ।विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन प्रभावकारी नहुनु । | ▪ वि.ब्य.स, शि.अ. संघको ज्ञानको कमि तथा समय समयमा अभिमुखिकरण नदिनु ।<br>▪ विद्यालयलाई अपनत्वको कमि हुनु । | ▪ बि.ब्य.स र शि.अ. संघले सक्रियता पूर्बक विद्यालय सुधारका लागि कार्य गर्ने ।<br>▪ नियमित बैठकमा विद्यालयको गुणस्तर सुधारका लागि नियमित छलफल गरी कार्यान्वयन गर्ने । |

| क्रस | सूचक | मुख्य समस्या | समस्याको कारण | समाधानको उपाय |
|---|---|---|---|---|
| | | ■ विद्यालयमा भेला र बैठकहरूमा अर्थपूर्ण सहभागिता नहुनु ।<br>■ विद्यालय, अभिभावक तथा शि.अ संघबीच समन्वय नहुनु ।<br>■ विद्यालयमा भएका शि.अ. संघ, वि.ब्य.स सक्रिय नहुनु ।<br>■ वार्षिक आय र ब्ययको पारदर्शि तरिकाले सार्वजनिक नगर्नु ।<br>■ शैक्षिक गुणस्तर बृद्धि गर्न समिक्षा नगर्नु र गरे पनि नाम मात्रको गर्नु । | ■ स्रोत साधनको कमि ।<br>■ सरकारी नियमनकारी निकायको बेवास्ता ।<br>■ विद्यालयले शिक्षा निती बिपरित गर्नु र आफ्नै निती नियम नहुनु ।<br>■ प्रर्याप्त ज्ञानको कमि।<br>■ चासो नलिनु ।<br>■ स्रोत साधनको अभाव ।<br>■ विद्यालयमा राजनिती हाबि हुनु । | ■ सामाजिक परिक्षण, समिक्षा नियमित रुपमा प्रक्रिया पुऱ्याएर गर्ने ।<br>■ विद्यालयल प्रर्ति अभिभावकलाई जिम्मेवार बनाउने ।<br>■ सरकारले जारी गरेको ऐन, नियमावली, निर्देशिका तथा कार्य बिधीको अक्षरस पालना गर्नुपर्ने ।<br>■ विद्यालयमा सक्षम शिक्षकलाई प्र.अको जिम्मेबारी दिएर तालिम दिनु पर्ने ।<br>■ बि.ब्यसलाई तालि दिएर जिम्मेबार बनाउने र नियमित विद्यालय अनुगमन र सहयोग गर्ने ।<br>■ सम्वन्धित निकायले नियमित अनुगमन तथा पृष्ठपोषण दिनु पर्ने ।<br>■ विद्यलायमा राजनैतिक हस्तक्षेप बन्द गर्नुपर्ने ।<br>■ बालक्लब गठन गरी सक्रिय बनाउनु पर्ने । |
| ५ | आन्तरिक सक्षमताको अवस्था | ■ कक्षा छाद्ने र कक्षा दोहऱ्याउनेदरमा बृद्धि हुनु ।<br>■ सिकाइ उपलब्धीमा कमि हुनु ।<br>■ विद्यार्थी केन्द्रित शिक्षण सिकाइ नहुनु ।<br>■ विद्यार्थी नियमित उपस्थीत नहुनु ।<br>■ शिक्षकले तालिममा सिकेको ज्ञान सीपको पैयोग कक्षामा नगर्नु । | ■ विद्यालयले चासो नगर्नु ।<br>■ अभिभावक र विद्यालयबीच समन्वय नहुनु ।<br>■ स्रोत साधानको अभाव ।<br>■ विद्यालय तथा घरमा बालबालिकालाई पढने वातावरण नहुनु ।<br>■ बैदेशिक रोजगारीको आकर्षण हुनु । | ■ अभिभावक तथा विद्यालय बीच नियमित छलफल गरी कक्षा दोहऱ्याउने र छाद्नेदरमा कमि ल्याउन पलह गर्ो ।<br>■ शिक्षण सिकाइ बाल केन्द्रित बनाउने र बिषय बस्तु अनुसार शैक्षिक सामग्रीको प्रयोग गर्ने ।<br>■ उपचारात्मक कक्षा सञ्चालन गरी विद्यार्थी टिकाउन पहल गर्ने ।<br>■ उत्कृष्ट विद्यार्थी तथा शिक्षकलाई पुरस्कारको व्यवस्था गर्ने । |

| क्रस | सूचक | मुख्य समस्या | समस्याको कारण | समाधानको उपाय |
|---|---|---|---|---|
| | | | ■ सरकारको शिक्षामा लगानी नगर्नु ।<br>■ शिक्षकले बालबालिकाको क्षमता पहिचान नगरी शिक्षण गर्नु । | ■ निरन्तर विद्यार्थी मूल्याङ्कनको मर्म अनुसार कक्षामा लागु गर्ने ।<br>■ विद्यालयमा अतिरिक्त, शुक्रबारीय कार्यक्रम सञ्चालन गर्ने ।<br>■ बालविवाह र बालश्रम न्यूनिकरण सम्वन्धि सचेतना कार्यक्रम बाल क्लब मार्फत सञ्चालन गर्ने ।<br>■ किशार किशोरी कक्षा सञ्चालन गर्ने । |
| ६ | बिपद् ब्यबवस्थापन | ■ विद्यालयमा बिपद् न्यूनिकरण पूर्ब तयारी नहुनु । | ■ बिपद् जोखिम न्यूनिकरण योजना बनाउने र कार्यान्वयन सम्वन्धि ज्ञान नहुनु । | ■ विद्यालयमा तालिम प्राप्त बिषेशज्ञ बोलाई तालिम बिपद् जोखिम न्यूनिकरण सम्बन्ध योजना निर्माण र सिमुलेसन गर्ने ।<br>■ कक्षामा बिपद् सम्वन्धि कक्षा सञ्चालन गर्ने । |
| ७ | आम्दानी र खर्च | ■ विद्यालय सुधारका लागि पर्याप्त बजेट नहुनु । | ■ शिक्षक अभावका कारण विद्यलाय सुधारका लागि आएको बजेट शिक्षक तलबमा खर्च हुनु । | ■ विद्यालयलाई पर्याप्त बजेट बिनियोजन गर्नु पर्ने।<br>■ विद्यालयमा भएका आम्दानी र खर्च पारदर्शि तरिकाले प्रस्तुत गरी अभिलेखिकरण गर्नुपर्ने।<br>■ विद्यालय प्रशासनले स्रोत साधनको भरपुर खाजी गर्नुपर्ने । |
| ८ | सिकाइ वातावरण | ■ सिकाइ उपलब्धीमा कमि हुनु ।<br>■ बालबालिकाले विद्यालय छाड्नेदरमा बृद्धि हुनु । | ■ स्रोत र साधनको अभावका कारण सिकाइ वातावरण बालमैत्री नहुनु ।<br>■ शिक्षकले तालिमको ज्ञान र सीपको प्रयोग नगर्नु । | ■ वि.ब्य.स र विद्यलाय प्रशासनले स्रोत र साधनको खाजी गरी विद्यालय र कक्षाकोठा सिकाइमैत्री बनाउने ।<br>■ तालिको सीप कक्षाकोठामा लागु गर्न शिक्षकलाई उत्साहित बनाउने । |

| क्रस | सूचक | मुख्य समस्या | समस्याको कारण | समाधानको उपाय |
|---|---|---|---|---|
| | | | ■ विद्यालयको भौतिक संरचना र कक्षा कोठा सिकाइमैत्री नहुनु ।<br>■ शिक्षण गर्दा बालबालिकाको क्षमता पहिचान नगरी सिकाउनु । | ■ शिक्षण गर्नु पूर्ब बालबालिकाको क्षमता पहिचान गरी शिक्षण गर्ने ।<br>■ सुचना र प्रविधिको भरपुर प्रयोग गरी सिकाइका बिभिन्न बिधीहरू कक्षाकोठामा लागु गर्ने । |
| ९ | विद्यालय स्वास्थ्य र पोषण | ■ विद्यार्थीको स्वास्थ्य समस्या पहिचान र उपचारमा | ■ विद्यालयमा प्राथमिक बाकस औषधी नहुनु ।<br>■ प्राथमिक उपचार तालिम प्राप्त शिक्षक नहुनु ।<br>■ विद्यालय देखि स्वास्थ्य संस्था टाढा हुनु । | ■ स्वास्थ्य संस्था सँग समन्वय गरी विद्यालयमा प्राथमिक उपचार बाकसको व्यवस्था गर्ने ।<br>■ शिक्षकलाई प्राथमिक उपचार तालिमको व्यवस्था गर्ने ।<br>■ स्वास्थ्य संस्था सँग समन्वय गरी स्वास्थ्य शिविर सञ्चालन गर्ने ।<br>■ कक्षा र समुदायमा स्वास्थ्य, सरसफाइ सम्वन्धि कक्षा सञ्चालन गर्ने । |
| १० | अभिलेखिकरण | ■ विद्यालयले कार्यान्वयन गरेका कार्यक्रम, चल अचल सम्पति तथा अन्य महत्त्वपूर्ण कार्यको अभिलेख नहुनु । | ■ आबश्यक ज्ञानको कमि र विद्यालय प्रशासनले चासो नगर्नु । | ■ सम्वन्धित निकायले अभिलेख चुस्तदुरुस्त राख्न तालिम प्रदान गर्ने ।<br>■ अभिलेख भएनभएको नियमित अनुगमन तथा पृष्ठपोषण गर्ने . |

## ३.२ स्रोतको आँकलन, पहिचान र विश्लेषण

| सि.न | सुधारको क्षेत्र | सुधार कार्यकलाप | अनुमानित बजेट | सरकारी निकाय | गैर सरकारी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पूर्बाधार विकास | २ कोठे, ४ कोठे र ८ कोठे आरसिसि भवन निर्माण - मा.वि. कोटगाउँ, दार्बोट, क्वाङा, दिगा, धाबाङ र कोजक) | २,००,००,०००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | नगरपालिकामा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था सँग समन्वय गर्ने । | |
| | | विद्यालय घेराबार निर्माण तथा मर्मत आबश्यकता अनुसार सबै विद्यालय) | १५०००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | नगरपालिकामा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था सँग समन्वय गर्ने । | |
| | | बालमैत्री खानेपानी निर्माण तथा मर्मत | ५०००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | नगरपालिकामा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था सँग समन्वय गर्ने । | |
| | | बाल उद्यान | ५०००००.०० | नगरपालिका र वडा कार्यालय | | |
| | | खेल मैदान निर्माण मा.वि. र नि.मा.वि.) | १५०००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | नगरपालिकामा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था सँग समन्वय गर्ने । | |
| | | कक्षाकोठा तथा झ्याल ढोका मर्मत( जिबाङ, दार्बोट, धाबाङ, खोलाबाङ, क्वाङा, रिमसक) | २००००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | | |

| सि.न | सुधारको क्षेत्र | सुधार कार्यकलाप | अनुमानित बजेट | सरकारी निकाय | गैर सरकारी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | पुस्तकालय र कम्प्यूटर कक्ष व्यवस्थापन | १०००००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | | |
| | | हात धुने बेसिन सहित छात्रा शौचालय निर्माण तथा मर्मत | १६०००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | | |
| | | विद्यालय रंगरोगन | ७०००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | | |
| २ | शैक्षिक गुणस्तर बृद्धि | शैक्षिक सामग्री खरिद | ६०००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | | |
| | | बसाई व्यवस्थापन | ५०००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | | |
| | | खेलकुद सामग्री खरिद | ३०००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | | |
| | | पढाइ मेला सञ्चालन | ६०००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | | |
| | | वडा स्तरीय शुक्रबारीय क्रियाकलाप | २०००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | | |
| | | उत्कृष्ट शिक्षक र विद्यार्थी प्रोत्साहन | ५०००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | | |
| | | वडा शिक्षा योजना अद्यावधिक | १५००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | | |

| सि.न | सुधारको क्षेत्र | सुधार कार्यकलाप | अनुमानित बजेट | सरकारी निकाय | गैर सरकारी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | वडा शिक्षा समितिको बैठक, समिक्षा तथा अनुगमन | ३५००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | | |
| | | नमूना विद्यालय तथा अन्तर विद्यालय शैक्षिक भ्रमण | ५०००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | | |
| | | उपचारात्मक शिक्षण सिकाइ क्रियाकलाप | २५००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | | |
| | | बाल क्लब अभिमुखिकरण | १५००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | | |
| | | अभिभावक सचेतना कार्यक्रम | १०००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | | |
| | | वि.व्या.स. क्षेमता अभिबृद्धि कार्यक्रम | २५००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | | |
| | | प्र.अ र बिषयगत शिक्षक बैठक तथा तालिम | १००००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | | |
| | | विद्यालयमा इन्टरनेट, कम्प्युटर, स्मार्ट बोर्ड र LED TV जडान | १५०००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | नगरपालिकामा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था सँग समन्वय गर्ने । | |
| | | तहगत शिक्षक नियमित बैठक | १५००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | | |

| सि.न | सुधारको क्षेत्र | सुधार कार्यकलाप | अनुमानित बजेट | सरकारी निकाय | गैर सरकारी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | मौलिक बाजा र संस्कृतिको जर्गेनाका लागि मा.बि र नि.मा.वि.मा पञ्चेबाजा व्यवस्थापन | १५००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | | |
| | | बालविकास केन्द्रमा पिङ, ढिकिच्याउ, चिप्लेटी व्यवस्थापन | १००००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | नगरपालिकामा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था सँग समन्वय गर्ने । | |
| | | शैक्षिक संग्रहालय निर्माण | १००००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | | |
| | | विद्यालयमा बालबालिकालाई ब्यबसायिक सीप अभिबृद्धिका लागि पाक शिक्षा, बृक्षारोपण, फलफूल तथा तरकारी खेति सञ्चालन | २०००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | | |
| | | गुणस्तरीय शिक्षा सुनिश्चितका लागि सर्बोत्कृष्ट विद्यालयका बालबालिका र शिक्षकसँग समन्वय तथा अन्तरक्रिया, | २०००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | | |
| | | बिज्ञान प्रयोगशाला | १२०००००.०० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | | |

| सि.न | सुधारको क्षेत्र | सुधार कार्यकलाप | अनुमानित बजेट | सरकारी निकाय | गैर सरकारी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | बिपत् न्यूनिकरण तथा सिमुलेसन | ३००००० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | नगरपालिकामा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था सँग समन्वय गर्ने । | |
| | | सुशासन प्रबर्धन सम्वन्धि अभिमुखिकरण | १५०००० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | | |
| | | भर्ना अभियान सञ्चालन | २५०००० | संघ, प्रदेश, नगरपालिका र वडा कार्यालय | | |
| | | जम्मा | ४,०८,५०,०००.०० | | | |

# लक्ष्य तथा कार्यक्रम निर्धारण

## ४.१. शैक्षिक सूचकहरूको वर्तमान अवस्था र आगामी लक्ष्य

| क्र.सं. | सुधार कार्यकलाप सूचक | सूचकहरू | वर्तमान अवस्था | वर्षगत लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
| १ | आन्तरिक सक्षमताको अवस्था | सहजै देखिने भर्नादर | ११२ | ११० | १०८ | १०५ | १०३ | १०० |
| | | खुद भर्नादर | ९६.७८ | ९८ | ९९ | १०० | १०० | १०० |
| | | विद्यालय छोड्ने दर | ५.४७ | ०.५ | १ | ० | ० | ० |
| | | कक्षा दोहोऱ्याउने दर | ५ | ४ | ३ | २ | १ | ० |
| | | बालविकास अनुभव सहित कक्षा १ मा भर्ना | ७२ | ७५ | ७८ | ८० | ८२ | ८५ |
| | | उत्तीर्णदर | ८७.३३ | ८० | ८२ | ८५ | ८७ | ९० |
| २ | विद्यार्थी सिकाइ उपलब्धि विवरण | १–५ को औसत प्राप्ताङ्क | ४९.८३ | ५४.८३ | ५८.८३ | ६२.८३ | ६६.८३ | ७०.८३ |
| | | ६–८ को औसत प्राप्ताङ्क | ५२.९४ | ५७.९४ | ६१.९४ | ६५.९४ | ६९.९४ | ७३.९४ |
| | | ९–१० को औसत प्राप्ताङ्क | ४८.६३ | ५३.६३ | ५७.६३ | ६१.६३ | ६५.६३ | ६९.६३ |
| | | जम्मा औषत प्राप्ताङ्क | ५०.४६ | ५५.४६ | ५९.४६ | ६३.४६ | ६७.४६ | ७१.४६ |

| क्र.सं. | सुधार कार्यकलाप सूचक | सूचकहरू | वर्तमान अवस्था | वर्षगत लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
| ३. | विद्यालय सञ्चालन अवस्था | शैक्षिक सत्रमा विद्यालय खुल्ने दिन | २२३ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| | | पढाइ हुने दिन | २१० | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| | | शिक्षकको औषत उपस्थिति दिन | ९१.१८ | ९२ | ९३ | ९३ | ९५ | ९८ |
| | | विद्यार्थीको औषत उपस्थिति दिन | ८७ | ८० | ८१ | ८४ | ८५ | ९० |
| ४. | भौतिक सुविधाको अवस्था | कक्षाकोठा व्यवस्थापन | मध्यम | १० | २० | ३० | ४० | ५० |
| | | सुरक्षित विद्यालय भवन तथा कक्षाकोठा | मध्यम | ५ | १० | १५ | २० | २५ |
| | | सफा खानेपानीको व्यवस्था | मध्यम | ५ | १० | १५ | २० | २५ |
| | | विद्यालय भवन रङ्गरोगन एकै किसिमको बनाउने | नभएको | २५ | ५० | ७५ | १०० | १०० |
| | | छात्रामैत्री शौचालयको व्यवस्था | मध्यम | २० | ३० | ४० | ५० | ६० |
| | | खेल मैदान र घेरावार | मध्यम | ४० | ५० | ६० | ७० | ८० |
| | | आई.सी.टी. युक्त कक्षाकोठा | नभएको | ५ | १० | १५ | २० | २५ |
| | | तल्ला कक्षामा टि.भि.को व्यवस्था | २० | २५ | ३० | ३५ | ४० | ४५ |
| | | पुस्तकालयको व्यवस्था | १० | १५ | २० | २५ | ३० | ३५ |
| | | बुककर्नरको व्यवस्था | मध्यम | २० | ३० | ४० | ५० | ६० |
| | | विज्ञान प्रयोगशालाको व्यवस्था | १ वि | २ | – | – | – | – |
| | | वार्षिक कार्ययोजना निर्माण तथा कार्यान्वयनको अवस्था | ६० | ७० | ८० | ९० | १०० | |

| क्र.सं. | सुधार कार्यकलाप सूचक | सूचकहरू | वर्तमान अवस्था | वर्षगत लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
| ५ | विद्यालयको व्यवस्थापकीय प्रबन्ध | वि.व्य.स. र शि.अ.संघको गठन | ८ विद्यालय | सवै विद्यालयहरूमा तोकिएको समयमै तोकिएवमोजिम हुन | | | | |
| | | समितिको नियमित बैठक | नियमित | तोकिएवमोजिम बैठक वसेको हुने र हरेक वैठकमा शैक्षिक गुणस्तर सुधारका एजेण्डाहरू उठान भएका हुने । | | | | |
| | | विद्यालय अनुगमन | सामान्य (प्रतिशतमा) | २० | ४० | ६० | ८० | १०० |
| | | अभिभावक भेला | सामान्य | वार्षिक रुपमा कम्तिमा ३ पटक सञ्चालन भएका हुने | | | | |
| | | वि.सु.यो. निर्माण र कार्यान्वयन | सहभागितामूलक तरिकाले निर्माण हुन नसकेको कारण कार्यान्वयनमा कमी | २० | ४० | ६० | ८० | १०० |
| | | सेवाक्षेत्र भित्र विद्यालय वाहिर रहेका वालवालिकाको संख्या | २९ | ४ | १५ | १० | – | – |
| | | वालसहभागिता | | | | | | |
| | | कक्षागत अभिभावक र शिक्षकको संयुक्त बैठक | २० | ३० | ४० | ५० | ६० | ७० |

| क्र.सं. | सुधार कार्यकलाप सूचक | सूचकहरू | वर्तमान अवस्था | वर्षगत लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
| ५. | सिकाई वातावरण | शिक्षकको पाठको तयारी अवस्था | अनियमित | | | | | |
| | | वालकेन्द्रित शिक्षण सिकाइ | आंशिक | ८० | १०० | | | |
| | | शिक्षक निर्देशिकाको व्यवस्था | भएको तर खासै प्रयोगमा नआएको | ८० | १०० | | | |
| | | पाठ्यपुस्तक | १०० प्रतिशत | | | | | |
| | | शैक्षिक सामग्री निर्माण र प्रयोग | आंशिक | ७० | ९० | १०० | | |
| | | खेल सामग्रीको प्रयोग | भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| | | विषयगत रुपमा वार्षिक कार्ययोजना निर्माण र प्रयोग | प्रत्येक विषय शिक्षकले | | | | | |
| ६. | आम्दानी खर्चको विवरण | छात्रवृत्ति वितरण | नियमानुसार भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| | | लेखापरिक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ | निर्देशन अनुसार हुने गरेको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| | | स्रोत, बजेट संकलन | स्थानीय तह, गै.स.स. तथा समुदायबाट हुने गरेको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| | | समुदायको योगदान सहयोग | जनश्रमदान, अभिभावक सहयोग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| क्र.सं. | सुधार कार्यकलाप सूचक | सूचकहरू | वर्तमान अवस्था | वर्षगत लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
| ७. | विद्यालय स्वास्थ्य र पोषण | प्राथमिक उपचार वाकसको व्यवस्था | सबै विद्यालयमा भएको तर अध्यावधिक नगरिएको | अद्यावधिक गरी प्रयोग गर्ने | अद्यावधिक गरी प्रयोग गर्ने | अद्यावधिक गरी प्रयोग गर्ने | अद्यावधिक गरी प्रयोग गर्ने | अद्यावधिक गरी प्रयोग गर्ने |
| | | विद्यालय स्वास्थ्य फोकल शिक्षकको व्यवस्था | मध्यम | २० विद्यालय | ८ विद्यालय | ८ विद्यालय | ८ विद्यालय | ८ विद्यालय |
| | | शौचालय र धारामा साबुन सहितको हात धुने व्यवस्था | मध्यम | १० | २० | ३० | ४० | ५० |
| | | जुकाको औषधि, आइरन फोलिक वितरण | नियमित | निरन्तरता दिने | निरन्तरता दिने | निरन्तरता दिने | निरन्तरता दिने | निरन्तरता दिने |
| ८. | विपद् जोखिम न्यूनीकरण | विद्यालयमा विपद जोखिम न्यूनीकरण फोकल शिक्षक | नभएको | व्यवस्थापन | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |
| | | विपद जोखिम व्यवस्थापन समिति गठन | नभएको | गठन गर्ने | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |
| | | विद्यालय सुरक्षा योजना तर्जुमा | नभएको | निर्माण गर्ने | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |
| | | विपद जोखिम न्यूनीकरण सम्वन्धि सिमुलेशनको अभ्यास | नभएको | २० | ४० | ६० | ८० | १०० |
| ९. | अभिलेखिकरण | भेला, बैठकको अभिलेखिकरण | सबै विद्यालयमा | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |

| क्र.सं. | सुधार कार्यकलाप सूचक | सूचकहरू | वर्तमान अवस्था | वर्षगत लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
| | | शिक्षक कर्मचारीको फाईलिङको व्यवस्था | सबै विद्यालयमा भएको | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |
| | | स्वास्थ्य तथा पोषण सम्वन्धि अभिलेख | नभएको | गर्ने | गर्ने | गर्ने | गर्ने | गर्ने |
| | | विद्यार्थी विवरण | भएको | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |
| | | सिकाइ उपलब्धि विवरण | भएको | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |
| | | निरीक्षण अनुगमन पुस्तिकाको व्यवस्था | भएको | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |
| | | आर्थिक तथा जिन्सि खाताको व्यवस्था | भएको | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |
| | | चन्दादाता तथा सहयोगी दाताको सूची | भएको | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |

## ४ .२ कार्यक्रम निर्धारण

| क्र.स | सूधार कार्यकलाप सूचक | विस्तृत विवरण |
|---|---|---|
| १ | बालमैत्री पूर्वाधार | ■ भुकम्प प्रतिरोधी भवन निर्माण<br>■ छात्रामैत्री शौचालय निर्माण<br>■ बालमैत्री धारा<br>■ अपाङ्गमैत्री विद्यालय भवन (र्‍याम्प) निर्माण<br>■ विद्यालयलाई घेराबार निर्माण<br>■ बाल उद्यान<br>■ खेल मैदान र पर्याप्त खेल सामग्रीको व्यवस्था<br>■ बालविकास देखि कक्षा ३ सम्म बसाई व्यवस्थापन र माथिल्लो कक्षामा बालबालिकाको उचाई अनुसार र संख्याको अधारमा फर्निचरको व्यवस्था<br>■ खेल मैदान<br>■ प्रयोगशाला |
| २ | विद्यालय सञ्चालनको अवस्था | ■ विद्यार्थीको हाजिरी बिश्लेषण र बिद्यार्थी नियमिततामा सुधार<br>■ भर्ना अभियान सञ्चालन<br>■ घरदैलो कार्यक्रम<br>■ शिक्षकको नियमित उपस्थिती<br>■ बिद्यार्थीको उपस्थितीदरमा बृद्धि |
| ३ | सिकाइ उपलब्धी बृद्धि | ■ विद्यार्थी केन्द्रित शिक्षण सिकाइ<br>■ विषयगत शिक्षक तालिम<br>■ शैक्षिक सामग्री निर्माण र प्रयोग<br>■ उपचारात्मक कक्षा सञ्चालन<br>■ पढाइ मेला<br>■ नमूना विद्यालय अवलोकन भ्रमण |
| ४ | आन्तरिक सक्षमताको अवस्था | ■ विद्यालयमा आवश्यक शिक्षक दरबन्दीको व्यवस्थापन<br>■ विद्यालय छाड्ने र कक्षा दोहर्‍याउनेदरमा कमि ल्याउने<br>■ बालमैत्री वातावरण निर्माण गर्ने<br>■ वर्षमा कम्तिमा दुई पटक अभिभाक भेला गर्ने<br>■ कक्षागत अभिभाकसँग नियमित छलफल गर्नेनिरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको मर्म अनुसार कार्यान्वयन गर्ने<br>■ सबै अभिभावकले घरमा सिकाइ वातावरण निर्माण गर्ने<br>■ शिक्षकले कक्षामा दैनिक पाठ योजना अनुसारको शैक्षिक सामग्री निर्माण र प्रयोग गर्ने<br>■ शिक्षकले सुचना र प्रविधिको प्रयोग गरी कक्षा शिक्षण गर्ने<br>■ विद्यालयले विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने |

| क्र. स | सूधार कार्यकलाप सूचक | विस्तृत विवरण |
|---|---|---|
| ५ | बिपद् ब्यबवस्थापन | ▪ बिपद् जोखिम न्यूनिकरण सम्वन्धि तालिम र सिमुलेसन सञ्चालन<br>▪ विद्यालयमा जोखिम क्षेत्र र सुरक्षित क्षेत्र पहिचान गरी जानकारी दिने<br>▪ बिपद् जोखिम न्यूनिकरण योजना निर्माण<br>▪ विपद् जोखिम प्रतिकार्य समूह गठन र तालिम प्रदान |
| ६ | विद्यालय व्यवस्थापन तथा सुशासन | ▪ विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको नियमित बैठक बस्ने<br>▪ बाार्षिक आय ब्यय सार्वजनिक गर्न सामाजिक परिक्षण गर्ने, लेखापरिक्षण गर्ने<br>▪ विद्यालय सँग सम्वन्धित सम्पूर्ण खरिदका काम अग्रिम दरभाउँ माग गरी मात्र खरिद गर्ने<br>▪ कार्ययोजना निर्माण गरी विद्यालय अनुगमन र पृष्ठपोषण दिने<br>▪ विद्यालयमको अभिलेख चुष्टदुरुस्त बनाउने<br>▪ विब्यस, शिक्षक र अभिभावक बीचको समन्वयलाई अफ्र बढाउने<br>▪ वार्षिक कार्ययोजना निर्माण गरी कार्यान्वयन<br>▪ नियमित वि.व्या.स. र शिअसंको बैठक सञ्चालन<br>▪ नियमित विद्यालय अनुगमन र पृष्ठपोषण<br>▪ विद्यालय विकासका लागि नियमित अन्तक्रिया र समिक्षा<br>▪ सामाजिक परिक्षण तथा सुनुवाई सञ्चालन<br>▪ अभिलेख चुष्ट बनाउने<br>▪ बालक्लव र किशोरी समूह निर्माण गरी सक्रिय बनाउने<br>▪ गुनासो बाकसको व्यवस्थापन गरी गुनासो सुनुवाई समिति निर्माण र कार्यान्वयन<br>▪ वार्षिक र अर्ध वार्षिक आय ब्ययको समिक्षा |
| ७ | सिकाइ वातावरण | ▪ कक्षाकोठा छापामय बनाउने<br>▪ कक्षाकोठामा बसाई व्यवस्थापन गर्ने<br>▪ विद्यलायको हाता भित्र बाल उद्यान निर्माण गर्ने<br>▪ कक्षाकोठामा सुचना र प्रविधिको भरपुर प्रयोग गर्ने<br>▪ कक्षाकोमा उपचारात्मक शिक्षण विधी अपनाउने<br>▪ पाठ अनुसारको शैक्षिक सामग्री नियमित प्रयोग गर्ने<br>▪ बिद्यलार्थी सँग बामैत्री ब्यबहार गर्ने |

| क्र.स | सूधार कार्यकलाप सूचक | विस्तृत विवरण |
|---|---|---|
| ८ | विद्यालय स्वास्थ्य र पोषण | ▪ विद्यालयमा प्राथमिक उपचार बाकसको व्यवस्था गर्ने<br>▪ प्राथमिक उपचारका लागि एक शिक्षकलाई तालिम दिएर जिम्मा दिने<br>▪ कक्षामा समय समयमा स्वास्थ्य तथा सरसफाई शिक्षा दिने<br>▪ स्वास्थ्य संस्थासँग समन्वय गरी विद्यलायमा स्वास्थ्य शिविर सञ्चालन गर्ने<br>▪ बालबालिकाले भिटामिन ए र जुकाको औषधी खाए नखाएको एकिन गर्ने र नखाएमा खुवाउने<br>▪ बालविकास केन्द्रमा बालबालिकाको स्वास्थ्य अवस्थाको त्रैमासिक रुपमा अभिलेखिकरण गर्ने |
| ९ | अभिलेखिकरण | ▪ विद्यालयमा प्रत्येक विद्यार्थीको ब्यक्तिगत फाइलको व्यवस्था गर्ने<br>▪ बालविकास केन्द्रमा त्रैमासिक रुपमा सर्वाङ्गिण पक्षको मापन हुने फारमको अद्यावधिक गरी अभिभावकलाई जानकारी दिने<br>▪ विद्यलायमा शिक्षक तथा कर्मचारी छनौटका सम्पूर्ण चरणका अभिलेख राख्ने<br>▪ खरिद प्रक्रियाका सम्पूर्ण निर्णय, दरभाउँ लगायत सम्पूर्ण कागजात चुष्त बनाइ राख्ने<br>▪ शिक्षक तथा कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन अद्यावधिक गरी राख्ने |

## ४.३ आवश्यकता प्राथमिकताका आधारमा तय गरिएका विद्यालयगत योजनाहरू

| क्र.स | विद्यालयको नाम | कार्यक्रम | कैफियत |
|---|---|---|---|
| १. | नेपाल मा.वि. कोटगाँउ | ▪ विद्यालयमा पर्खाल निर्माण गर्ने<br>▪ भूकम्प प्रतिराधात्मक ८ कोठे आर सि सि भवन निर्माण गर्ने<br>▪ आवासिय भवन निर्माण गर्ने<br>▪ सुचना तथा प्रविधि कक्ष निर्माण गर्ने<br>▪ शैक्षिक संग्रहालय निर्माण गर्ने<br>▪ कक्षाकोठा मर्मत, फर्निचर निर्माण<br>▪ मा.वि. तर्फ साधारण शिक्षासँगै प्राबिधिक शिक्षा सञ्चालन गर्ने<br>▪ खेल मैदान निर्माण गर्ने<br>▪ विद्यालयको यातायातको साधनको व्यवस्था गर्ने<br>▪ बालविकास केन्द्रमा पिङ, चिप्लेटी लगायत अन्य खेल सामग्री | |

| क्र.स | विद्यालयको नाम | कार्यक्रम | कैफियत |
|---|---|---|---|
| २. | राष्ट्रिय आधार भूत विद्यालय दार्बोट | ▪ घेराबार निर्माण<br>▪ बालमैत्री खानेपानी<br>▪ शिक्षक दरबन्दी<br>▪ खेलमैदान मर्मत<br>▪ कम्प्यूटर खरिद<br>▪ शैक्षिक सामग्री खरिद<br>▪ पुस्तकायल तथा कम्प्युटर कक्ष<br>▪ छात्रा शौचालय निर्माण<br>▪ फर्निचर मर्मत<br>▪ बालविकास केन्द्रमा पिङ, चिप्लेटी लगायत अन्य खेल सामग्री | |
| ३. | आधारभूत विद्यालय धाबाङ | ▪ २ कोठे भवन निर्माण<br>▪ बालमैत्री खानेपानी<br>▪ छात्रा शौचालय निर्माण<br>▪ लेखनपाटिको व्यवस्था<br>▪ शैक्षिक सामग्री खरिद र निर्माण<br>▪ बालविकास केन्द्रमा पिङ, चिप्लेटी लगायत अन्य खेल सामग्री | |
| ४ | शिक्षाकिरण प्रा.वि रिम्सक | ▪ बालविकास केन्द्रमा पिङ, चिप्लेटी लगायत अन्य खेल सामग्री | |
| ५ | बालविकास प्रा.वि क्वाङा | ▪ २ कोठे भवन निर्माण<br>▪ बालमैत्री खानेपानी<br>▪ छात्रा शौचालय निर्माण<br>▪ घेराबार<br>▪ खानेपानी धारा निर्माण<br>▪ कम्प्यूटर कक्ष<br>▪ बालविकास केन्द्रमा पिङ, चिप्लेटी लगायत अन्य खेल सामग्री | |
| ६. | जनज्योति प्रा.बि दिगा | ▪ ४ कोठे भवन निर्माण<br>▪ शौचालय मर्मत<br>▪ शैक्षिक सामग्री निर्माण र खरिद<br>▪ बाल उद्यान<br>▪ खानेपानी व्यवस्थापन<br>▪ कक्षाको व्यवस्थापन<br>▪ बालविकास केन्द्रमा पिङ, चिप्लेटी लगायत अन्य खेल सामग्री | |

| क्र.स | विद्यालयको नाम | कार्यक्रम | कैफियत |
| --- | --- | --- | --- |
| ७. | जनजागरण प्रा.वि जिबाङ | ■ २ कोठे भवन निर्माण<br>■ भवन मर्मत<br>■ शैक्षिक सामग्री निर्माण र खरिद<br>■ बाल उद्यान<br>■ खानेपानी व्यवस्थापन<br>■ बालविकास केन्द्रमा पिङ, चिप्लेटी लगायत अन्य खेल सामग्री | |
| ८. | ठुलोपोखरा प्रा.वि कोजक | ■ २ कोठे भवन निर्माण<br>■ भवन मर्मत<br>■ शैक्षिक सामग्री निर्माण र खरिद<br>■ बाल उद्यान<br>■ खानेपानी व्यवस्थापन<br>■ बालविकास केन्द्रमा पिङ, चिप्लेटी लगायत अन्य खेल सामग्री | |

खण्ड ङ

# अनुगमन तथा मूल्याङ्कन योजना

## ५.१ अनुगमन तथा मूल्याङ्कन

योजनाको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन तथा पृष्ठपोषण भयो भने लक्ष्य हासिल गर्न सहज हुन्छ। योजनाले राखेको अपेक्षा अनुसार कार्यक्रम कार्यान्वयन भयो वा भएन सो को एकिन गर्न र कार्यको गुणस्तरीयता जाँच गर्न साथै वडाको समग्र योजनाको सफताका लागि अनुगमन गर्न नितान्त जरुरी हुन्छ। अतः वडाको शिक्षा अनुगमन समितिले कसरी कार्यक्रमको अनुगमन गर्ने भन्ने बिषयमा उल्लेखित कार्यक्रम अनुगमन योजना बनाइएको छ।

| क्र स | कार्यक्रम | कहिले ? | कहाँ ? | कस्ले गर्ने ? |
|---|---|---|---|---|
| १ | विद्यालयको व्यवस्थापकीय पक्षको अनुगमन | बैशाख र कार्तिक | सबै विद्यालयहरूमा | वडा शिक्षा समिति |
| २ | कक्षा शिक्षण अनुगमन र पृष्ठपोषण | प्रत्यक महिना | सबै विद्यालयहरूमा | वडा शिक्षा समिति |
| ३ | विद्यालयको आय ब्ययको अनुगमन | बैशाख | सबै विद्यालयहरूमा | वडा शिक्षा समिति |
| ४ | विद्यालयको खरिद प्रक्रियाको अवलोकन | त्रैमासिक | सबै विद्यालयहरूमा | वडा शिक्षा समिति |
| ५ | विद्यालयको आचारसंहिता, विद्यार्थीको सिकाई उपलब्धी र विद्यार्थीको ब्यक्तिगत फाइल अवलोकन | सबै विद्यालयहरूमा | सबै विद्यालयहरूमा | वडा शिक्षा समिति |

| क्र स | कार्यक्रम | कहिले ? | कहाँ ? | कस्ले गर्ने ? |
|---|---|---|---|---|
| ६ | शिक्षकको कार्य सम्पादन मूल्याङ्कनको अद्यावधिक गरिए नगरिएको अबलोकन | बैशाख र कार्तिक | सबै विद्यालयहरूमा | वडा शिक्षा समिति |
| ७ | Teacher time and task को परिपालना अवलोकन | निरन्तर | सबै विद्यालयहरूमा | प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति |
| ८ | योजना कार्यान्वयनको प्रगति अनुगमन | वार्षिक रुपमा | सवै विद्यालयहरूमा | वडा शिक्षा समिति |

# रोल्पा नगरपालिका

## ७ नं वडाको वडा शिक्षा योजना

**७ नं वडा शिक्षा समितिका पदाधिकारीहरूको नामावली**

| | |
|---|---|
| श्री गनसिंह पुन | - संयोजक |
| श्री कृष्ण वहादुर पुन | - सदस्य |
| श्री तुल वहादुर वि.क | - सदस्य |
| श्री दिपेन्द्रराज आचार्य | - सदस्य |
| श्री शालिकराम पुन | - सदस्य |
| श्री सोम वहादुर घर्तीमगर | - सदस्य |
| श्री चमारसिंह घर्तीमगर | - सदस्य |
| श्री कमला डाँगी | - सदस्य सचिव |

## खण्ड क :

# वडाको सामान्य परिचय

१.१ **पृष्ठभूमि**

एक्काईसौ शताब्दिको यो विश्व नविनतम खोज अनुसन्धान र त्यसको प्रतिफल स्वरुप चमत्कारी विकास र अग्रगामि परिर्वतनको सम्वाहकको रुपमा मानिने मानविय चेतनाको विकास, पहुँच र क्रियासिलता प्रमुख आधारहरु हुन । पृथ्वीलाई अवको युगमा नयाँ ग्रह वनाईदै गर्दा त्यसको अनिवार्य सर्तको रुपमा शैक्षिक विकास, चेतना विस्तार र हस्तान्तरण प्रमुख मुद्दाहरु हुन यीनै सवालहरुलाई पुरा गर्नको निम्ती संसार तिव्र प्रतिस्पर्धाको होडवाजिमा रहिरहेको वेला हाम्रो नगर हाम्रो गाँऊ र वस्तीहरु यथास्थीती मै रहनु पक्कै पनि गतिशिल मानव र समुदायको निम्ती सन्तोषको विषय हुन सक्दैन । संसार अघिअघि लम्किरहदा हामी पनि तिव्र महत्वकाङ्क्षा, दृढ अठोट र गन्तब्य निर्धारण गरेर उठ्ने अनि दैडने प्रयास गरेनौ भने धर्तिमा मानव अस्थित्व लिएर जन्मनुको  सार्थकता हुदैन । तसर्थ प्रसस्त सम्भावना वोकेर आधुनिक समाजको निम्ती हामी जुट्नु पर्छ । ती सवै सवालहरुलाई सम्वोधन गर्ने एकमात्र र अनिवार्य माध्यम भनेको शैक्षिक विकास हो ।

शैक्षिक विकासको सन्दर्भ उठिरहदा, त्यसको नेतृत्व गर्ने अंग भनेका हाम्रा शैक्षिक संस्थाहरु हुन । सक्षम, दक्ष र योग्य मानव तथा शैक्षिक जनशक्तिको माध्यमवाट शैक्षिक विकासको सपना पुरा हुन सक्छ । जसकालागी Better School - Better Learning and Better Teaching आधारभुत सर्तहरु हुन । अहिलेको नयाँ युगमा युगमैत्री शिक्षाको प्रत्यानुभुत गर्न पनि यि अवधारणा अनिवार्य छन । युगमैत्री शिक्षा भन्नाले सिप सहितको शिक्षा, ज्ञान सहितको शिक्षा तथा जिवन सहितको शिक्षालाई जनाउँछ । हातमा सीप, काँधमा रोजगार र मस्तिष्कमा विवेक युक्त शिक्षा नै आजको वास्तविक युगमैत्री शिक्षा हो । यो अभिभारा पुरा गर्नका लागि हाम्रा शिक्षण संस्था सवल र सक्षम हुन जरुरी छ । विद्यालय तहको शिक्षाको सम्पूर्ण जिम्मेवारी र जवाफदेहिता स्थानीय तहमा आयसंगै हाम्रो जिम्मेवारी निकै

गहन भएको छ। विद्यालय तहको शिक्षा सुधार गर्नको लागी समन्वय र लगानि आजको प्रमुख कार्यभार हो।

### १.२ **भौगोलिक अवस्था**

भौगोलिक रुपमा दुर्गम मानिने रोल्पा जिल्ला अन्तर्गत रोल्पा नगरपालिका वार्ड नं. ७ समुन्द्रि सतहवाट औषत ९९५ मिटर उचाईमा अवस्थित छ। विश्वमान चित्रमा २८०१८'२६.७०" उत्तरी अक्षांश र ८२०३०' ५७.६८" पुर्वि देशान्तरमा अवस्थित छ। समशितोष्ण हावापानी पाईने यस ठाँऊमा मानव सभ्यताको विकास आदिम कालदेखि नै भएको तथ्य भेटिन्छ।

### १.३ **शैक्षिक तथा सामाजिक अवस्था**

भौगोलिक रुपले पिछडिएको र शैक्षिकरुपले अल्पविकासमा रहेको रोल्पा जिल्लाको मध्य भागमा अवस्थित रोल्पा न.पा. र यस अन्तरगत वार्ड नं. ७, रोल्पाको सन्दर्भमा शैक्षिक विकासको नेतृत्व र पहलकदमि लिनसक्ने क्षेत्रको रुपमा लिन सकिन्छ। हामीले संसार जित्ने अभिलाषा लिनुपर्छ भन्दै गर्दा हाम्रै नेपाली समाजको वस्तुगत धरातलमा टेकेर हाम्रो औषत सामाजिक अवस्थालाई परिवर्तन गराउन पहलकदमि लिन पनि कन्जुस्याँई गर्यौ भने त्यसले जन्म सार्थक हुन सक्दैन। तसर्थ पनि हाम्रो वडा शैक्षिक, सामाजिक, स्वास्थ्य सरसफाई आदि सवै पक्षवाट हेर्दा अव्वल छ भन्न सकिन्छ। किनभने यि दाविहरुका पछाडि ठोस आधारहरु छन्। रोल्पा नगरपालिकाले आफनो नितिमा यस नगरलाई रोल्पाकै शैक्षिक हवको रुपमा विकास र पहिचान दिलाउने भन्ने अवधारणा लिईरहदा उक्त अवधारणालाई सार्थक तुल्याउन र कार्यन्वयन गर्ने सन्दर्भको केन्द्र भागमा यो वडा रहेको छ। कृषि तथा वन विश्व विद्यालय रामपुर चितवनबाट प्राप्त नेपालका सात वटा प्राकृतिक स्रोत व्यवस्थापन कलेजहरु मध्ये एक आंगिक कलेज प्राकृतिक स्रोत व्यवस्थापन कलेज माडिचौर रोल्पा हाम्रो वडामा सञ्चालित छ। साथै टोलटोलमा रहेका प्राथमिक तथा आधारभुत विद्यालयहरुको स्तर सुधार र पूर्ण साक्षर अभियानले यो वडा शैक्षिक हवको पनि केन्द्र वन्न सक्छ।

### १.४ प्रशासनिक अवस्थिति

रोल्पा न.पा. वार्ड नं. ७ जिल्ला सदरमुकाम संगै जोडिएकोले जिल्लावाट सेवा प्रवाह हुने सम्पूर्ण प्रशासनिक कार्यहरुमा कुनै दुर्गमता छैन । वडा कार्यालय सदरमुकामवाट १० कि.मी.को दुरिमा अवस्थित छ । माडिचौर मुकाम रहेको यो वडामा प्राकृतिक स्रोत व्यवस्थापन कलेज, माडिचौर रंगशाला, व्यावसायिकखेती प्रणाली, बढ्दो व्यावसायिकगतिविधिका कारण आर्थिक केन्द्रविन्दुको रुपमा विकास हुदै गइरहेको छ ।

### १.५ जनसाङ्खिकिय अवस्था

रोल्पा नगरपालिका वार्ड नं. ७ को सामुदायिक बनोट मिश्रित खालको छ। मगर वाहुल्य जातिगत विवरण रहेको यो वडामा क्षेत्री, ब्राहमण, दलित समुदायको उल्लेख्य उपस्थिति छ । जातिय तथा सामुदायिक सहिष्णुता कायम रहेको यस वडाको जनसंख्या २९८७ जना रहेको छ ।

### १.६ साक्षरता अवस्था

साक्षरताको दृष्टिकोणले यो वडा पूर्ण साक्षर घोषणा भैसकेकोले निरक्षर जनसंख्या ज्यादै न्यून छ । नगरक्षेत्र र बाहिरका अन्य व्यक्तिहरु वसाईसराई गरी यहाँ आउने भएकोले साक्षरता पछिका निरन्तर शिक्षाका कार्यक्रमहरुको माध्यमले नवसाक्षरहरुलाई जीवनपर्यन्त शिक्षाका अवसरहरु उपलव्ध गराउनुपर्ने देखिन्छ ।

खण्ड ख

# वडा शिक्षा योजनाको परिचय

## २.१ ) **वडा शिक्षा योजनाको परिचय :**

रोल्पा नगरपालिका वडा नं ७ को अगुवाईमा यो ५ बर्षे वडा शिक्षा योजना तर्जुमा गरिएको छ । वडा भित्रका सवै सामुदायिक विद्यालयहरुले तयार पारेको पाँच बर्षे विद्यालय सुधार योजनाको आधारमा यो योजनालाई निर्माण गरिएको हो । रोल्पा नगरपालिकाले नगरपालिकालाई शैक्षिक हवको रुपमा विकास गर्ने सोच अनुरुप आगामी ५ बर्षभित्र वडाभित्रका सवै विद्यालयहरुको शैक्षिक सुधारलाई केन्द्रविन्दुमा राखी तयार गरिएको यो योजनाले विद्यालय उमेर समूहका सवै बालवालिकाहरुको विद्यालयमा समतामूलक पहुँच स्थापना, सिकाईमैत्री कक्षकोठा, आर्थिक, भौतिक र मानविय संशाधनले स्रोतपूर्ण विद्यालयको अपेक्षा राखेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारलाई तोकेको क्षेत्राधिकार सघं, प्रदेश र स्थानीय तहको समन्वय, सहकार्य र समन्वयमा सम्पूर्ण अभिभावक, गैसस र सरोकारवालाहरुको सकरात्मक सहयोग र सहकार्यले योजनाका अपेक्षित लक्ष्यहरु हासिल गर्न सकिनेछ । योजनाले नेपालको संविधान, निःशुल्क अनिवार्य शिक्षासम्वन्धी कानुन, पन्ध्रौ योजना, नगर शिक्षा ऐन नियमावली जस्ता कानुनी प्रावधानहरुलाई आधार वनाउदै हाम्रो सन्दर्भमा गुणस्तरीय शिक्षाको परिकल्पना गरेको छ ।

## २.२) **वडा शिक्षाको योजनाको औचित्य :**

यस योजनाको मुल औचित्य देहायवमोजिम रहेका छन :

क) विद्यालय उमेर समूहका सवै बालवालिकाहरुलाई विद्यालयमा भर्ना मार्फत समतामूलक पहुँच (Equtable Acccess) कायम गर्ने ,

ख) विद्यालय तहको शिक्षामा खस्किदो गुणस्तर सुधार (Quality improvement) गरी आम अभिभावक विद्यार्थीहरुको आकर्षण र रोजाईको केन्द्रको रुपमा सामुदायिक विद्यालयहरुलाई स्थापित गराउने,

ग) विद्यालयहरुमा नवीनतम शिक्षण विधि, सूचना प्रविधिको उपयोग र उपलव्ध स्रोत साधनको कुशलतापूर्वक व्यवस्थापन गरी विद्यालयमा शैक्षिक सुशासन (Good School Goverance ) कायम गर्ने ,

घ) विद्यालयको भौतिक, आर्थिक र मानविय संशाधनको सुधार गर्दै न्यूनतम पूर्वाधार (PMEC) हरुको सुनिश्चितता गर्दै बालमैत्री शिक्षण सिकाईमा जोड दिने,

ङ) वडा शिक्षा समितिको भूमिकालाई थप क्रियाशिल तुल्याउदै प्रभावकारी अनुगमन मूल्यांकन र सहायता प्रदान गर्ने ।

२.३) **योजनाका मार्गदर्शन र निर्माण प्रक्रिया :**

विद्यालय शिक्षा क्षेत्रमा हाल कार्यन्वयमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम, प्रन्धौ योजना, नेपालको संविधान र दिगो विकासका लक्ष्य जस्ता राष्ट्रिय एवंम् अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता रोल्पा नगरपालिकालाई शैक्षिक हव बनाउने चुनावी घोषणापत्र र शिक्षा पाउने नागरिकको मौलिक हक जस्ता पक्षहरुलाई हाम्रो सापेक्षतामा स्थानीयकरण गर्न प्रयास गरिएको छ। विद्यालयहरुले तयार गरेको ५ बर्षे विद्यालय सुधार योजनाको आधारमा वडा भेला, प्रधानाध्यापकहरुको बैठक वसी प्राप्त सुझाव र सल्लाहलाई समेटी योजना निर्माण कार्यदल गठन गरी योजना बनाइएको छ। योजना वडा समितिले स्वीकृत गरेपछि कार्यन्वयमा आउनेछ। नगर शिक्षा समिति र शिक्षा, युवा तथा खेलकुद शाखाले योजना निर्माणको लागि गरेको प्राविधिक सहायता योजना निर्माणको लागि मार्गदर्शन सावित भएको छ।

२.४ **योजनाको समयावधि र स्रोत साधनको प्रक्षेपण :**

विकेन्द्रित स्वरुपको यो योजना शिक्षा क्षेत्रको सुक्ष्म योजनाको अभ्यास अन्तर्गत पर्नेछ । नतिजामा आधारित यो योजनाका क्रियाकलापहरु आगामी ५ बर्षसम्ममा हासिल हुने गरी तयार गरिएकोछ। यस योजनामा प्रस्तुत क्रियाकलापहरु

आ.व.२०७६/०७७ देखि २०८०/०८१ सम्ममा पुरा हुने अपेक्षाका साथ योजना तर्जुमा गरिएको छ। तीनै तहका सरकार, अभिभावकहरु योजनाका उद्देश्य हासिलका लागि वित्तीय साधनको जोहो गर्ने प्रमुख स्रोत अनुमान गरिएको छ। आवधिक बजेट पूर्वनिर्धारित नभएकोले प्राथमिकता प्राप्त कार्यक्रम र क्षेत्रमा उपलब्ध स्रोत साधनलाई व्यवस्थापन गर्दै लगिनेछ।

## २.५ योजना कार्यन्वयन अवधि :

वडा शिक्षा योजना ५ बर्षको हुनेछ। योजनामा प्रस्तावित कार्यकलापहरु आ.व. २०७६/०७७ देखि सुरु भै आ.व. २०८०/०८१ मा पुरा हुनेछन्।

खण्ड ग

# विद्यालयहरुको वर्तमान अवस्था र सिकाई उपलब्धि

## ३.१. कक्षागत विद्यार्थी विवरण

यस वडाका सम्पूर्ण विद्यालयहरुको शैक्षिक सत्र २०७७ को विद्यार्थी भर्ना अभिलेख अनुसार जम्मा ५६७ जना विद्यार्थीहरु विद्यालय तहमा भर्ना भएका छन । जसको विवरण यस प्रकार रहेको छ ।

| सि.न | कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|---|
| १ | वालविकास | २७ | ३४ | ६१ |
| २ | १ | १९ | २१ | ४० |
| ३ | २ | २५ | २१ | ४६ |
| ४ | ३ | २६ | १९ | ४५ |
| ५ | ४ | ३० | ३० | ६० |
| ६ | ५ | ३२ | ३५ | ६७ |
| ७ | ६ | २४ | २० | ४४ |
| ८ | ७ | ३१ | २२ | ५३ |
| ९ | ८ | २५ | २३ | ४८ |
| १० | ९ | ३१ | १८ | ४९ |
| ११ | १० | २६ | २८ | ५४ |
| | कुल जम्मा | २८४ | २६३ | ५६७ |

### ३.२ शैक्षिक जनशक्ति विवरण

यस वडाका सम्पूर्ण विद्यालयहरुमा कार्यरत शैक्षिक जनशक्ति विवरण यस प्रकार रहेको छ।

| सि. न | विद्यालयको नाम | मा.वि. तह | नि.मा. वि. तह | प्रा.वि. तह | वाल विकास | निजि | सरकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | बाल उदय मा.वि. माडिचौर | ३ | ४ | ३ | १ | ३ | १३ | कर्मचारी, का.स. २ जना |
| २ | बाल हित आ.वि.घापा | - | ३ | ३ | १ | २ | ८ | का.स. १ जना |
| ३ | सल्लाघारी प्रा.वि.जंगा | - | - | ३ | १ | | ४ | का.स. १जना |
| ४ | जन किरण प्रा.वि.तल्लो घापा | - | - | १ | १ | २ | ३ | का.स. १जना |

### ३.३ वालविकास केन्द्र

यस वडाका विभिन्न विद्यालय मातहत संचालन हुनेगरि ४ वटा वालविकास केन्द्रहरु संचालनमा रहेका छन। ति केन्द्रहरुमा वालविकास सहजकर्ता मार्फत प्रारम्भिक बालविकास कक्षाहरु संचालन भैरहेका छन्।

### ३.४ शिक्षक विद्यार्थी अनुपात

यस वडाका सम्पूर्ण विद्यालयहरुको विद्यमान शिक्षक विद्यार्थी अवस्थालाई अध्ययन गर्दा शिक्षक विद्यार्थी अनुपात १:४४ रहेको छ। माध्यमिक विद्यालयमा विषयगत दरवन्दीको अभाव रहेको छ भने अन्य विद्यालयहरुमा कतै विद्यार्थी संख्याका आधारमा न्यून दरवन्दी त कतै विद्यालयमा न्यून विद्यार्थीका कारण विद्यालयको पुर्ननक्सांकन गर्न जरुरी देखिएको छ।

**३.५ विद्यार्थीहरुको सिकाई उपलब्धि विवरण :**

| सि.न | विद्यालयको तह | सिकाई उपलब्धि प्रतिशतमा | कैफियत |
|---|---|---|---|
| १ | विद्यार्थीको सिकाइ उपलब्धि (प्रा. वि. तह) | ६१ | |
| २ | सिकाई उपलब्धि (नि. मा. वि. तह) | ५४ | |
| ३ | सिकाई उपलब्धि (मा. वि. तह) | ५१ | |

# प्रमुख समस्याहरुको पहिचान, कारण र समस्या समाधानको उपायहरु

**४.१ प्रमुख समस्याहरु, कारण र समाधानका उपायहरुको खोजी :**

| सि.न | समस्याका क्षेत्र | समस्याका प्रमुख कारणहरु | समस्या समाधानका उपायहरु |
|---|---|---|---|
| १ | कमजोर शैक्षिक उपलब्धि | • विद्यालयहरुमा न्यूनतम विष( यगत शिक्षक दरवन्दीको कमी,<br>• सिकाईमैत्री कक्षाकोठाको वातवरण र बालमैत्री प्रविधिमैत्री शिक्षण सिकाईको कमी<br>• बालबालिकाहरुको सिकाई प्रति अभिभावकहरुको कम चासो र संलग्नता<br>• शिक्षकहरुमा नतिजा प्रति जवाफदेहिता, पेशागत प्रतिवद्धता, क्षमता विकास र अद्यावधिकताको कमी | ✓ विद्यार्थी संख्याका आधारमा आधारमा विद्यालयहरुको पुर्नमिलान गर्ने, आधार भूत तहसम्म भूगोल र विद्यार्थी सख्या तथा माध्यमिक तहमा विषयगतरुमा योग्यता प्राप्त शिक्षकहरुको व्यवस्था गर्ने सघींय दरवन्दी प्राप्त नहुन्जेल स्यंम् सेवक र अनुदान शिक्षकहरुको व्यवस्थापन गर्दै जाने,<br>✓ विषयगत शिक्षक समूह गठन र सिकाई उपलब्धि वृद्धिका लागि सहकार्य र पेशागत सहायता प्रदान,<br>✓ शिक्षक व्यवस्थापन गर्दा उच्च योग्यता भएका शिक्षकहरुलाई उच्च तहको विद्यालयमा पदस्थापन, सरुवामा प्राथमिकता प्रदान गर्ने,<br>✓ विद्यालयहरुलाई बार्षिक शैक्षिक उपलब्धिको समीक्षा र प्रक्षेपण गर्न लगा( उने सोहि आधारमा बार्षिक कम्तिमा ५ प्रतिशत विषयगत नतिजा सुधार गर्ने विषय शिक्षक,विद्यालय र प्रधानाध्यापकलाई सम्मान, र नतिजाका आधारमा थप प्रोत्साहन अनुदानको व्यवस्था गर्ने, |

| | | | |
|---|---|---|---|
| | | | ✓ कक्षाकोठालाई सिकाई थलोको रुपमा रुपान्तरण गर्न शैक्षिक सामग्री, बुक कर्नर स्थापना गरी प्रविधिमैत्री शिक्षण सिकाईमा जोड दिने,<br>✓ बालवालिकाहरुको सिकाइप्रति अभिभावकहरुको चासो र सहभ(ागिता वढाउन अभिभावक भेटघाट, अभिभावक शिक्षा जस्ता सहभागितामूलक र सचेतनामूलक कार्यक्रमहरु विद्यालयस्तरवाट सुरुवाती गर्ने,<br>✓ नतिजाका आधारमा शिक्षकहरुको कार्यसम्पादनको मूल्यांकन गर्ने, प्रधानाध्यापकले विषयगत शिक्षकहरुसँग कार्यसम्पादन गर्ने,<br>✓ विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याव र पुस्तकालयको सवै विद्यालयहरुमा व्यवस्थापन गर्दै जाने,<br>✓ शिक्षकहरुको नविनतम विधि र प्रविधिका बारेमा क्षमता विकास गर्ने, विद्यालयमा शिक्षक व्यवस्थापन गर्दा अंग्रेजी विज्ञान र गणित विषयलाई प्राथमिकतामा राख्ने । |

| | | | |
|---|---|---|---|
| २ | **विद्यालयको कमजोर भौतिक संरचना** | ● विद्यालयहरुमा न्यूनतम कक्षाकोठा, शौचालय, खेलमैदान र सड्क पूर्वाधारको कमी,<br>● निर्माण भएका संरचनाहरु जिर्ण र बालमैत्री नभएका,<br>● विद्यालयहरुको पुननिर्माण, प्रवलीकरण र स्तरउन्नती समय समयमा नहुनु, | ✓ सवै विद्यालयहरुको भौतिक अवस्थाको अद्यावधिक विवरण तयार गरी उच्च विद्यार्थी संख्याको आधारमा प्राथमिकता निर्धारण गरिनेछ,<br>✓ ससाना मर्मतका कार्यहरुमा वडा तथा समुदायस्तरवाट सहयोग संकलन गरिनेछ । प्रदेश, सघं र नगरक्षेत्रवाट सहयोग आवश्यक पर्ने विद्यालयहरुलाई समन्वय गरिनेछ ।<br>✓ संरचना निर्माण गर्दा भवन निति अनुसार वढाइनेछ ,<br>✓ विद्यालयहरुलाई एउटै कलरमा रगंरोगन गरिनेछ । कक्षाकोठाको व्यवस्थापन, सरसफाईमा विशेष जोड दिइनेछ ।<br>✓ नयाँ संरचना तयार गर्दा विद्यार्थीको चाप, वसाई सराईको अवस्था लगायतका पक्षहरुलाई समेत मध्यनजर गरिनेछ ।<br>✓ दिवा खाजा व्यवस्थापनको लागि अलग्गै पाकघरको व्यवस्था गरिनेछ । |

| | | | |
|---|---|---|---|
| ३ | **व्यवस्थापकीय** | • विद्यालयको व्यवस्थापकिय पक्षमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सघंको कम चासो र सहभ(ागिता,<br>• योग्यता प्राप्त प्रधानाध्यापकको व्यवस्थापन हुन नसक्नु,<br>• अभिभावक र समुदायको चासो र संलग्नता अभिवृद्धि हुन नसक्नु,<br>• कमजोर वित्तिय अवस्थाका कारण विद्यालय सञ्चालनमा स्रोतको कमी, | ✓ विद्यालय सुसञ्चालनका लागि तीनै तहका सरकार अभिभावक, समुदाय सवैको सहभागितामा स्रोत साधनको व्यवस्थापन र वित्तिय सुशासन कायम गर्ने ,<br>✓ विद्यालय विकास कोषको स्थापना र अक्षयकोषको सुरुवाती गर्ने,<br>✓ विद्यालयमा गठन हुने विभिन्न समितिहरुलाइ क्रियाशिल बनाउने<br>✓ अभिभावकहरुको भेटघाट, विद्यालयमा विभिन्न कार्यक्रमको आयोजना गरी विद्यालयप्रति चासो र अपनत्व सृजना गराउदै जाने,<br>✓ विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सघंलाई कानुनी र नीतिगत विषयमा क्षमता विकास र जिम्मेवारीको वोध गराउने,<br>✓ विद्यालयहरुमा उपलव्ध भएसम्म योग्यता प्राप्त शिक्षकहरुलाई प्रधानाध्यापकको जिम्मेवारी प्रदान गर्ने । |

| | | | |
|---|---|---|---|
| ४ | **समन्वय र सहकार्य** | ● विद्यालयको विकास र शैक्षिक सुधारका लागि समन्वय सहकार्यको कमी,<br>● अगुवा विद्यालय र फिडर विद्यालयवीच पेशागत विकास र सहायतामा साझेदारी अभ्यासको कमी,<br>● विद्यालयभित्रै रहेका जन( शक्तिकावीच शिक्षण सिकाईमा सुधारका लागि सहकार्य र सामुहिक अभ्यासको न्यून उपयोग, | ✓ दरवन्दी, भौतिक पूर्वाधारका लागि संघीय सरकार, पुस्तकालय प्रयोगशाला ससाना निर्माण र मर्मत कार्यका लागि प्रदेश सरकार र अन्य भैपरी कार्यका लागि स्थानीय सरकारसँग समन्वय र सहकार्य गर्ने,<br>✓ अगुवा विद्यालयले फिडर विद्यालयका शिक्षकहरुका लागि अुनगमन र पेशागत सहायता प्रदान,<br>✓ विद्यालयको विकास र शैक्षिक उपलब्धि सुधारका लागि वडा कार्यालयको पहलमा अन्य निकायहरुसँग समन्वय र सहकार्यको वातावरणको सृजना,<br>✓ विद्यार्थीको स्वास्थ्य परीक्षण, बालविवाह न्यूनिकरण, किशोरी शिक्षा, सीपमूलक तालिम जस्ता विषयमा स्वास्थ्य शाखा, महिला शाखा, कृषि शाखा जस्ता विषयगत कार्यालयसँग समन्वय सहकार्य गरिनेछ । |

| | | | |
|---|---|---|---|
| ५ | **अनुगमन र मूल्यांकन र पेशागत सहायता प्रदान** | • वडा शिक्षा समितिको क्रियाशिलताको कमी,<br>• विद्यालयको अनुगमन र पेशागत सहायताका लागि दक्ष जनशक्तिको अभाव,<br>• अनुगमनका लागि विभिन्न निकायहरुका वीचमा समन्वय र जिम्मेवारी वाडफाडको कमी, | ✓ वडा शिक्षा समितिलाई विद्यालयको शैक्षिक विकास र गुणस्तर सुधारका लागि जिम्मेवार बनाउदै लैजाने,<br>✓ अनुभवी र उच्च योग्यता भएका विषयगत शिक्षकहरुलाई रोष्टर सूचिमा सुचिकृत गरी विद्यालय अनुगमन र पेशागत सहायता प्रदान गर्ने प्रणालीको विकास गरिनेछ,<br>✓ प्रधानाध्यापकलाई शिक्षकको समय र कार्य (Time and Task) को परिपालना अनुगमन, विव्यसलाई भौतिक, शैक्षिक र मानविय स्रोत साधनको व्यवस्थापन, रेखदेखको पाटोमा नतिजामूलक अनुगमन कार्ययोजना तय गरी कार्यन्वयन गरिनेछ। |

खण्ड ङ

# लक्ष्य तथा कार्यक्रम निर्धारण

## ५.१ लक्ष्य तथा कार्यक्रम निर्धारण

यस वडाको शैक्षिक सत्र २०७७ देखि २०८१ सम्मको पाँच वर्षे शैक्षिक, भौतिक र व्यवस्थापकीय पक्षको लक्ष्य तथा कार्यक्रम यस प्रकार रहेको छ ।

| क्र सं. | प्राथमिकता प्राप्त कार्यकलाप | इकाइ | वर्तमान अवस्था | जम्मा लक्ष्य | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कुल भर्ना दर | प्रतिशत | १२० | ११० | ११९ | ११५ | ११२ | १११ | ११० |
| २ | विद्यार्थीको सिकाइ उपलब्धि (प्रा. वि. तह) | प्रतिशत | ६१ | ७० | ६२ | ६५ | ६७ | ६९ | ७० |
| ३ | सिकाई उपलब्धि (नि. मा. वि. तह) | प्रतिशत | ५४ | ७० | ६४ | ६६ | ६८ | ७० | ७० |
| ४ | सिकाई उपलब्धि (मा. वि. तह) | प्रतिशत | ५१ | ७० | ५५ | ६० | ६५ | ६८ | ७० |
| ५ | कक्षोन्नति दर | प्रतिशत | ८० | ९२ | ८० | ८३ | ८६ | ८९ | ९२ |
| ६ | दोहोऱ्याउने विद्यार्थी दर | प्रतिशत | १० | ५ | ९ | ८ | ७ | ६ | ५ |
| ७ | शिक्षकको नियमितता | प्रतिशत | ९० | ९६ | ९० | ९२ | ९३ | ९५ | ९६ |
| ८ | विद्यार्थी नियमितता | | ८२ | ९८ | ८२ | ८८ | ९२ | ९६ | ९८ |
| ९ | शिक्षक व्यवस्थापन अनुदान | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| १० | विद्यालय बाहिर रहेका बालबालिकाको तथ्यांक संकलन गर्ने | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| ११ | भर्ना अभियान संचालन गर्ने | पटक | १ | ५ | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | जोखिममा रहेका बालबालबालिकाहरुलाई शैक्षिक सामग्री (छात्रवृत्तिको) सहयोग गर्ने | जना | ० | ५० | १० | १० | १० | १० | १० |
| १३ | शिक्षक तथा जनप्रतिनिधी द्वारा घरदैलो कार्यक्रम गर्ने | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| १४ | सरोकारवालाहरुसंग बैठक तथा अन्तरक्रियात्मक कार्यक्रम संचाल गर्ने | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| १५ | स्थानीय शैक्षिक सामग्रीहरुको निर्माण र प्रयोग | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| १६ | सिकाई उपलब्धि न्यून रहेका विद्यार्थीका लागि अतिरिक्त सिकाई तथा कक्षाको व्यवस्था | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| १७ | शिक्षकहरुको क्षमता अभिवृद्धि गर्ने (विभिन्तामा आधारित तालिम,साक्षरता र गणित सिप, भयरहित शिक्षण, सक्रिय शिक्षण तालिम (ATL Training), | पटक | ० | १० | २ | २ | २ | २ | २ |
| १८ | स्थानीय शैक्षिक सामग्रीहरुको निर्माणका लागि कार्यशाला गोष्ठि संचालन गर्ने | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| १९ | अभिभावकसँग अन्तरक्रियात्मक बैठक संचालन | पटक | २ | २५ | ५ | ५ | ५ | ५ | ५ |
| २० | अन्तर विद्यालय शैक्षिक तथा सिकाई अवलोकन भ्रमण | पटक | ० | ५ | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २१ | पाठ्यक्रम कार्यन्वयन योजना र मुल्याङ्कन | पटक | १० | ५ | १ | १ | १ | १ | १ |
| २२ | सिकाई उपलब्धि उच्च भएका शिक्षकहरुलाई सम्मान | जना | ० | २५ | ५ | ५ | ५ | ५ | ५ |
| २३ | अन्तर विद्यालय भ्रमण र सिकाईको आदानप्रदान गर्ने | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| २४ | विद्यार्थी परामर्श र उपचारात्मक पद्धति | पटक | ० | १० | २ | २ | २ | २ | २ |
| २५ | वैयक्तिक घटना अध्ययन (Case Study) | जना | ० | ५० | १० | १० | १० | १० | १० |
| २६ | शिक्षण सिकाईको लागि स्मार्टवोर्ड खरिद र जडान | वटा | १० | २ | २ | २ | २ | २ | २ |
| २७ | अनुभवी शिक्षक तथा नमूना विद्यालयहरुसँग शैक्षिक विकास र सुधारका लागि अन्तरक्रिया | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| २८ | Item Bank स्थापना र विश्लेषण | वटा | ० | १ | १ | ० | ० | ० | ० |
| २९ | विद्यालय परिसरको विपद् जोखिम मूल्याङ्कन र व्यवस्थापन | पटक | ० | ४ | ० | १ | १ | १ | १ |
| ३० | विद्यालय सुरक्षा योजना तर्जुमा र कार्यान्वयन | पटक | | ४ | | १ | १ | १ | १ |
| ३१ | प्राथमिक उपचार सामग्रीको व्यवस्था गर्ने | पटक | १ | ५ | १ | १ | १ | १ | १ |
| ३२ | योग वा मनोपरामर्शका कक्षाहरु सञ्चालन | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| ३३ | ICT सामग्री व्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३४ | प्रत्येक विद्यालयमा Internet को व्यवस्था र प्रविधिमैत्री शिक्षण | पटक | १ | ५ | १ | १ | १ | १ | १ |
| ३५ | शिक्षक कर्मचारीलाई ICT प्रयोग सम्वन्धि तालिम | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| ३६ | शिक्षक तथा विद्यार्थीका लागि विषयगत विद्युतीय सिकाइ स्रोत तथा सामग्रीको विकास तथा वितरण गर्ने | पटक | ० | ४ | ० | १ | १ | १ | १ |
| ३७ | विज्ञान प्रयोगशाला स्थापना | वटा | ० | ५ | १ | १ | १ | १ | १ |
| ३८ | खेलकुद सामग्रीको खरिद तथा व्यवस्थापन | पटक | १ | ५ | १ | १ | १ | १ | १ |
| ३९ | संगीत तथा कलाका सामग्रीहरुको खरिद | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| ४० | शिक्षकहरुको विषयगत क्षमता विकास र सकरात्मक सोच विकासका लागि क्षमता विकास कार्यशाला सञ्चालन | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| ४१ | भवन तथा छाना मर्मत | वटा | ० | १० | २ | २ | २ | २ | २ |
| ४२ | खेल मैदान मर्मत | वटा | ० | ५ | १ | १ | १ | १ | १ |
| ४३ | हरित पर्खाल तथा वाल उद्यान | वटा | ० | २ | ० | ० | ० | १ | १ |
| ४४ | खानेपानी धारा | वटा | ० | ४ | ० | १ | १ | १ | १ |
| ४५ | बालमैत्री, अपांगमैत्री फर्निचर निर्माण र बसाइ व्यवस्थापन | वटा | ० | १०० | २० | २० | २० | २० | २० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४६ | Wash facilities सहितको छात्रामैत्री शौचालय (Girls Toilet) | वटा | ० | २ | ० | १ | ० | १ | |
| ४७ | स्वच्छ खानेपानीको व्यवस्था (कक्षाकोठामा फिल्टर सहित) विद्यालय | पटक | ० | ५ | १ | १ | १ | १ | १ |
| ४८ | सामुदायिक स्कुल बस सेवा | वटा | ० | १ | ० | ० | ० | ० | १ |
| ४९ | वैकल्पिक उर्जा जडान सोलर पाता (Watt) | वाट | ४ | ४ | ० | ० | ० | २ | २ |
| ५० | विद्यालयमा गुनासो पेटिका स्थापना, दिवा खाजा घर र स्यानेटरी प्याड व्यवस्थापनका लागि भेन्डिग मेसिनको व्यवस्थापन | सुरुका २ बर्षभित्रमा दिवा खाजा पकाउने घरको निर्माण र माध्यमिक तहका विद्यालयहरुबाट स्यानेटरी प्याडको लागि भेन्डिग मेसिनको प्रयोग अन्य विद्यालयहरुमा लैगिंक सर्म्पक शिक्षक मार्फत व्यवस्थापन । | | | | | | | |

## ५.२ योजनाको कार्यन्वयन, अनुगमन तथा मूल्यांकन :

सहभागितामूलक ढँगले तय गरिएको रोल्पा नगरपालिका वडा नं ७ को वडा शिक्षा योजना कार्यन्वयन, अनुगमन र मूल्यांकनको प्रमुख जिम्मेवारी वडा शिक्षा समितिको रहनेछ । विद्यालयगत रुपमा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सघंको जिम्मेवारी रहनेछ। समग्र वडाभित्रका विद्यालयहरुको गुणस्तर सुधार र समन्वयको पाटोमा वडाअध्यक्ष लगायत वडाका सम्पूर्ण जनप्रतिनिधिहरुको भूमिका अपेक्षा गरिएको छ। नगर शिक्षा समिति र शिक्षा शाखाले आवश्यकता अनुसार योजना कार्यन्वयनको सन्दर्भमा आइपरेका समस्याहरुको सहजिकरण गरिदिनेछ । योजनालाई कार्यक्रमगतरुपमा बार्षिक रुपमा आवधिक समीक्षा र कार्यन्वयनको तेस्रो बर्षमा अपेक्षित शैक्षिक उपलव्धि र वित्तिय उपलव्धताका आधारमा मध्यावधि समीक्षा गरी अघि वढ्दै गरी नतिजामूलक अनुगमन मूल्यांकन खाका तयार गरिनेछ।

# रोल्पा नगरपालिका

## ८ नं. वडाको वडा शिक्षा योजना

**८ नं वडा शिक्षा समितिका पदाधिकारीहरूको नामावली**

| | | |
|---|---|---|
| १. | सनसिंह बुढामगर | - अध्यक्ष |
| २. | नोख बहादुर के.सी. | - सदस्य |
| ३. | पूर्ण प्रकाश पुन | - सदस्य |
| ४. | अम्मर बहादुर घर्ती | - सदस्य |
| ५. | हरि प्रसाद डाँगी | - सदस्य |
| ६. | कर्णसिंह घर्तीमगर | - सदस्य |
| ७. | दिपेन्द्र वि.क. | - सदस्य सचिव |

# हाम्रो भनाई

शिक्षा विकास तथा परिवर्तनको मेरुदण्ड मानिन्छ। शिक्षा विना कुनै पनि व्यक्ति, समाज र राष्ट्रको विकास योजना अधुरो हुन्छ । शिक्षाले गाउँ टोलको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । विकासको योजना निर्माण भएका योजनाहरूको संरक्षणमा टेवा दिने काम शिक्षाले नै गरेको हुन्छ। त्यति मात्र नभएर हाम्रो समाजमा भएका अपाङ्गता, असक्तता बालबालिकाहरूलाई पनि शिक्षाको मुलधारमा ल्याउनको लागि सोही अनुरुप भौतिक निर्माण, शैक्षिक वातावरण र पठन पाठनको लागि राज्यबाटको सहुलियत सेवा पनि उपलब्ध गराउनु आवश्यक छ। साथै यस रोल्पा नगरपालिका वडा नं. ८ जंकोटको शिक्षाको गुणस्तर वृद्धिका लागि प्रशासनिक व्यवस्थापनमा सुधार गर्न जरुरी छ । त्यसका लागि महत्त्वपूर्ण विद्यालयको सेवाक्षेत्रका विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अभिभावक, समाजसेवी, राजनैतिक दल, बुद्धिजीवी र अन्य सरोकारवाला व्यक्तिहरूलाई विद्यालयमा समावेश गरी सचेतना कार्यक्रम गर्ने गरी यस वडा ले ५ (पञ्चवर्षीय) वर्षे वडा शिक्षा योजना तयार गरी कार्यान्वयनमा ल्याउन शुरु गरिएको छ। यस वडा शिक्षा योजनाले यस वडाको सम्पूर्ण विद्यालय उमेर समूहका बालबालिकाहरूलाई पहुँचमा ल्याई गुणस्तरीय शिक्षा प्रदान गरी बालबालिकाहरूको चौतर्फी विकास गर्ने र त्यसको लागि विद्यालयमा सूचना सञ्चार प्रविधि ICT युक्त बनाउने लक्ष्य ल्याइएको छ।

**क) रोल्पा नगरपालिका वडा नं. ८ जंकोटको संक्षिप्त परिचय**

रोल्पा जिल्लाको एक मात्र नगरपालिका अन्तर्गत पर्ने वडा नं. ८ जंकोट ५ नं. प्रदेश अन्तर्गत पर्ने माडि गाउँपालिका वडा नं. ५ सँग सीमाना पश्चिममा जोडिएको छ भने पूर्वमा नगरपालिकाकै वडा नं.९ ह्वामा, दक्षिणमा रोल्पा न.पा. ६र७ माडिचौर, कोटगाउँ र घापा रहेको छ भने उत्तरमा परिवर्तन गा.पा. १ कुरली थवाङ गा.पा. वडा नं ३ मिरुलको सीमाना रहेको छ। देश राज्य पुनर्संरचना पछि रोल्पा जिल्ला १० स्थानीय तह र ७२ वटा वडामा रुपान्तरण रहेको छ। सो वडा मध्येको

रोल्पा नगरपालिका अन्तर्गतको जंकोट सदरमुका लिवाङ देखि ८ कोष टाढा पर्दछ ।

### ख) वडा शिक्षा योजनाको समितिको औचित्य

- वडाभित्र रहेका वालवालिकाहरूलाई शिक्षाको मुलधारमा ल्याउन र वालवालिकाहरूलाई शिक्षाबाट वञ्चित हुन नदिनु,
- वडा भित्र रहेका विद्यालयहरूको समग्र शैक्षिक सुधार र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी जनशक्ति तयार गर्ने ।
- वबालश्रममा परेका बालबालिका, बालविवाह, आर्थिक विपन्नताका कारण बिचैमा विद्यालय छाडेका बालबालिकाहरूलाई शिक्षाको पहुँचमा ल्याउन ।,
- अपाङ्गता, असहाय, जोखिममा परेका बालबालिकाहरूलाई शैक्षिक मुलधारमा ल्याउन,
- बिचैमा विद्यालय छोड्ने, इट्टाभट्टामा श्रम गर्न जाने, बालविवाह, आर्थिक कमजोर र ५ वर्ष देखि १८ वर्ष उमेर समूहका बालबालिकाहरूमा आएको विभिन्न समस्याहरू न्यूनीकरण गर्न,
- विद्यालयको भौतिक अवस्थाका सुधार ल्याउन,
- शैक्षिक विकासको लागि विभिनन कार्यक्रम समयमा कार्यान्वयन र सम्पन्न गर्न ।

### ३. भौगोलिक अवस्था

रोल्पा जिल्लाको सदरमुकाम लिवाङ देखि करिब १५ कि.मी.टाढा उत्तर पश्चिममा अवस्थित रोल्पा न.पा. वडा नं. ८ जंकोट भिरालो जमिन डाँडा, खोला र जंगल भएको ठाउँ हो । समुद्री सतह देखि १००० मिटर देखि २२०० मिटर उचाइमा रहेको छ। यहाँको जमिन भीरालो र डाँडा पाखा, भीर सुख्खा खोला बढी भएकोले खेती योग्य जमिन थोरै छ। यस वडामा पशुपालन र माथिल्लो भेगतिर फलफुल खेतीको सम्भावना बोकेको ठाउँ हो। लिवाङ कुरेली, थवाङ मोटरबाटो यसै वडाको जंकोट, नम्ली, घरबासा हुलै जाने भएको र अन्य शाखा मोटर बाटोहरू पनि खुलेकोले यातायातको सुविधा शिउदमा सन्तोषजनक छ तर वर्षायाममा भने केही समस्या आउने गर्छ ।

### ४) सामाजिक अवस्था

रोल्पा न.पा. वडा नं. ८ जंकोट आफेनै ऐतिहासिक, भौगोलिक, सामाजिक, धार्मिक, साँस्कृतिक महत्त्व र विशेषताले भरिपूर्ण छ। याँ जनजाति, क्षेत्री र दलित जातिको बसोबास रहेका छ।

यस वडामा हिन्दु धर्मालम्बीहरूको बाहुल्यता रहेको छ। पछिल्लो अवस्थामा इसाई धर्म मान्ने मान्छेहरूको संख्या बढ्दो क्रममा छ। परापूर्वकालमा बाइसे चौबिसे राज्य अन्तर्गत यस क्षेत्रमा राजाको बसोबास भएको भन्ने भनाई छ। यस वडामा बसोबास गर्ने बासिन्दाहरूमा जात अनुसार आ आफ्नै चालचलन र सँस्कृति परम्परा छ। धेरै जसोले विवाह र मृत्यु हुँदा दमाह बजाएर सबैको जमघट हुन्छ। यसका सथै अभौली उद्यौली पुजा गर्ने, माघी, दशै, तिहार, बाह्रभदौ, राँके संक्रान्ती कात्तिके पूर्णिमा विशेष रुपले पर्व मनाउने चलन छ। हरेक वर्ष विवाह, भोज भतेर, मृत्यु हुँदा एक आपसमा सहयोग आदान प्रदान हुने गर्छ। धार्मिक र जातिगत रुपमा कुनै विविधता पाइदैन।

### ५) आर्थिक अवस्था

यस रोल्पा न.पा. वडा नं. ८ जंकोटमा बसोबास गर्ने अधिकांश मानिसहरूको मुख्य पेशा कृषि हो। तर भौगोलिक बनौट भिरालो र सिंचाइको अभावले पर्याप्त अन्न बाली उत्पादन नभएकोले यहाँको प्रतिव्यक्ति आय न्यून छ। छिटफुट रुपमा सरकारी जागिरे र व्यापारीहरू छन्। यसका साथै ज्याला मजदुरी, इट्टाभट्टा, वैदेशिक रोजगारीबाट आफ्नो जिविका चलाउदै आएका छन्। केही मात्रामा भारतीय सेना र नेपाली सेना तथा प्रहरीमा पनि जागिरे छन्। आर्थिक रुपमा सम्पन्न व्यक्तिहरूको बसाँइ सराँइ गर्ने प्रवृति बढ्दो छ।

### ६) प्रशासनिक अवस्था

यस रोल्पा न.पा.वडा नं. ८ जंकोटको विभिन्न कार्यालयहरूले जनतालाई दैनिक सेवाको अनुभुति प्रदान गर्न प्रशासनिक कार्यलाई जनमुखी बनाउन सक्रिय रहेका छन्। यस वडा अन्तर्गत ८ वटा विद्यालयहरू (२ वटा आधारभूत विद्यालय र ६ वटा प्राथमिक विद्यालय) छन्। १ स्वास्थ्यचौकी, १ अतिरिक्त हुलाक कार्यालय २ वटा सामुदायिक स्वास्थ्य इकाई रहेको छ। स्थानीय सरकार वा वडा कार्यालयबाट प्रभावकारी रुपमा जनतालाई प्रत्यक्ष रुपमा सेवा प्रदान भइरहेको छ।

## ७) रोल्पा नगरपालिका जंकोटको जनसंख्या वितरण

| जम्मा घरधुरी | दलित | जनजाति | अन्य | जम्मा महिला | जम्मा पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|
| ४७० | ४४२ | १०३८ | १३६२ | १४३५ | १४०७ | २८४२ |

## ख) प्रमुख शैक्षिक समस्या, आवश्यकता र स्रोतको विश्लेषण

| क्र. सं. | सूचक | मूख्य समस्या | समस्याको कारण | समाधानका उपायहरू |
|---|---|---|---|---|
| १ | बालमैत्री पूर्वाधार | • शौचालयमा बालमैत्री चुकुल, प्याड डिस्पोजल किट र पर्याप्त पानी नहुनु,<br>• कक्षाकोठामा बालबालिकाको स्तर, उमेर र संख्याा अनुसार बसाइ व्यवस्थापन नहुनु,<br>• बालबालिकाको स्तर अनुसार बुक कर्नर पुस्तकालय, शैक्षिक र खेल सामग्रीको पहुँच नहुनु । | ➢ बजेट अभाव<br>➢ सचेतनाको कमी<br>➢ भौगोलिक विकटता | ➢ विद्यालय सुधार योजनामा बालमैत्री पूर्वाधारलाई पहिलो प्राथमिकतामा राख्ने ।<br>➢ बालमैत्री पूर्वाधार निर्माण गर्न सरोकारवालासंग पहल गर्ने ।<br>➢ छात्रामैत्री शौचालयको निर्माण गरी पानीको सुनिश्चितता गर्ने । बालमैत्री बसाई र पर्याप्त खेल सामग्रीको व्यवस्थापन गर्न अभिभावक, वडाकार्यालय नगरपालिका र अन्य सरोकारवाला कार्यालयहरूसंग समन्वय गर्ने । |

| क्र.सं. | सूचक | मूख्य समस्या | समस्याको कारण | समाधानका उपायहरू |
|---|---|---|---|---|
| २ | सिकाई उपलब्धि वृद्धि | • विद्यालयमा शिक्षक विद्यार्थी नियमिततामा कमी<br>• शिक्षकको पूर्व तयारी नहुनु<br>• शैक्षिक सामग्रीको निर्माण र प्रयोग नगर्नु ,<br>• बालबालिकाको पढाइप्रति अभिभावकको वेवास्ता ,<br>• न्यूनतम मापदढड अनुसार सिकाई उपलब्धि हासिल नहुनु,<br>• विद्यार्थीमा पठन संस्कृतिको कमी,<br>• शिक्षकहरूमा अनुभव तथा सिकाइ आदान प्रदान गर्ने प्रवृत्तिको कमी हुनु । | ➢ पर्याप्त शिक्षक दरबन्दीको अभाव हुनु ,<br>➢ भौगोलिक विकटता ,सामाजिक संस्कार,<br>➢ शिक्षक आफ्नो पेशाप्रति उत्तरदायी नहुनु ,<br>➢ कक्षागत अभिभावक भेला नहुनु ,<br>➢ बालमैत्री शिक्षणमा कमी हुनु ।<br>➢ उदार कक्षान्नोति प्रणालीको उचित बुझाइ नहुनु ,<br>➢ फितलो अनुगमन प्रणाली | ➢ सहभागितामूलक हाजिरी परीक्षण प्रणालीको प्रभावकारी प्रयोग गर्ने ।<br>➢ लगबुकको प्रभावकारी प्रयोग गर्ने ।<br>➢ कक्षा शिक्षकलाई कक्षा इन्चार्ज बनाउने व्यवस्था गर्ने ।<br>➢ वि.व्य.स., अभिभावक र अन्य सरोकारवालाका प्रभावकारी अनुगमन तथा पृष्ठपोषण प्रदान गर्ने ।<br>➢ उत्तरदायित्व र जवाफदेहिता कायम गर्ने ।<br>➢ शिक्षक कार्यसम्पादन सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने ।<br>➢ उपलब्ध सामग्रीको अनिवार्य प्रयोग गर्ने ।<br>➢ कक्षागत रुपमा मासिक अभिभावक भेला गर्ने<br>➢ नगरपालिका वा वडा स्तरीय विषयगत शिक्षकहरूको बैठक गर्ने ।<br>➢ सूचना सञ्चार प्रविधिलाई सिकाईसंग जोड्ने ।<br>➢ दण्डरहित र बालमैत्री वातावरणमा शिक्षण गर्ने ।<br>➢ बुक कर्नरलाई व्यवस्थित बनाउने । |
| ३ | शिक्षक विद्यार्थीको विवरण | अपेक्षित सिकाई उपलब्धि हासिल नहुनु | ➢ शिक्षक विद्यार्थीको वितरणको अनुपात नमिल्नु । | ➢ शिक्षक दरबन्दी मिलान गर्नुपर्ने । |

| क्र. सं. | सूचक | मूख्य समस्या | समस्याको कारण | समाधानका उपायहरू |
| --- | --- | --- | --- | --- |
| ४ | आन्तरिक सक्षमताको अवस्था | तल्लो कक्षामा कक्षा दोहोर्‍याउने दर बढी र माथिल्लो कक्षामा कक्षा छोड्ने दर बढी हुनु । | ➢ कमजोर आर्थिक अवस्था हुने बालबालिका अभिभावकसंगै रोजगारको सिलसिलामा बाहिर जानु ,<br>➢ बालविवाह र शिक्षाप्रतिको सकारात्मक भावना नहुनु ,<br>➢ रोजगारीको संभावना नहुनु । | ➢ बालकक्षालाई थप व्यवस्थित गर्ने ।<br>➢ तल्ला कक्षामा उपचारात्मक कक्षा सञ्चालन गर्ने ।<br>➢ माथिल्ला कक्षाहरूमा बालविवाह, बालश्रम सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । |
| ५ | विद्यालय सञ्चालनको व्यवस्था | राष्ट्रिय मापदण्ड अनुसार विद्यालय खुल्ने औषत दिनहरूमा कमी | ➢ विद्यालयमा आचारसहिंताको पूर्ण पालनामा कमी | ➢ राष्ट्रिय मापदण्डलाई सम्मान गर्दै विद्यालय खुल्ने दिन वृद्धि गर्न सुनिश्चित गर्ने । |
| ६ | विद्यालयको आम्दानी खर्चको विवरण | विद्यालयको आन्तरिक स्रोत न्यून हुनु । | ➢ विद्यालयको आन्तरिक स्रोत संकलन र व्यवस्थापनमा कमी | ➢ विद्यालयको आम्दानीको स्रोतहरू सबै सरोकारवालाहरूको सहभागितामा पहिचान गर्ने, उपलब्ध स्रोतहरूको व्यवस्थित ढंगले परिचालन गर्ने र वडा कार्यालय र नगर पालिका र अन्य सरोकारवालाहरूसंग सम( न्वय गर्ने । |

| क्र. सं. | सूचक | मूख्य समस्या | समस्याको कारण | समाधानका उपायहरू |
|---|---|---|---|---|
| ७ | विद्यालय सुशासनको अवस्था | विद्यालयमा आवश्यक समितिहरू समयमा गठन नहुनु ,<br>नियमित बैठक नहुनु ,<br>भेला र बैठकमा अर्थपूर्ण सहभागितामा कमी,<br>विद्यालय सुधार योजना अध्याबधिक र कार्यान्वयनमा कमी ,<br>सामाजिक परीक्षण सबैको मर्म र भावना अनुसार नहुनु ,<br>विद्यालयको हरेक गतिविधिमा बालबालिकाको सक्रिय सहभागितामा कमी । | ➢ अभिभावकको विद्यालयप्रतिको चासोमा कमी<br>➢ चेतनाको अभाव र विषयवस्तु बारे जानकारी नहुनु , | ➢ विद्यालयमा गठन गर्नुपर्ने सबै समितिहरू नियम अनुसार गठन गर्ने ।,<br>➢ सबै समितिका पदाधिकारीहरूलाई अर्थपूर्ण सहभागिताको ागि सचेत बनाई बैठकमा अनिवार्य उपस्थित हुने नियम बनाउने ।,<br>➢ सरोकारवालाहरूको सहभागितामा विद्यालय सुधार योजना अध्याबधिक र कार्यान्वयनमा जोड दिने ।<br>➢ सामाजिक लेखा परीक्षण सबै सरोकारवालाहरूको सहभागितामा गर्ने ।<br>➢ बालक्लवलाई सक्रिय बनाई विद्यालयको हरेक गतिविधिमा अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने । |

## ५) यस वडाको विद्यालय अनुसारको विद्यार्थी विवरण

| विद्यालय | बालविकास | | | कक्षा १ | | | कक्षा २ | | | कक्षा ३ | | | कक्षा ४ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| वागेश्वरी प्रा.वि. | ६ | ५ | ११ | १ | ३ | ४ | १ | १ | २ | १ | ३ | ४ | २ | २ | ४ |
| ने.रा.आ. वि. | १२ | १० | २२ | ७ | ३ | १० | ८ | ३ | ११ | ५ | १० | १५ | १२ | १३ | २५ |
| जनज्योती प्रा.वि. | ७ | ३ | १० | ४ | ५ | ९ | ५ | ३ | ८ | २ | ७ | ९ | | | |
| जनजागृति प्रा.वि. | ६ | ४ | १० | २ | २ | ४ | २ | ४ | ६ | ४ | २ | ६ | २ | २ | ४ |
| सुर्यदय प्रा.वि | ४ | ३ | ७ | १ | ६ | ७ | २ | ४ | ६ | ४ | ४ | ८ | २ | ३ | ५ |
| सहिद स्मृति | ५ | ६ | ११ | ३ | २ | ५ | ४ | ५ | ९ | ३ | ५ | ८ | ४ | ४ | ८ |
| नम्ली आ.वि. | १० | ६ | १६ | ५ | ८ | १३ | ७ | ५ | १२ | ३ | ७ | १० | ८ | ७ | १५ |
| लालीगुँरास प्रा.वि | ५ | ५ | १० | १ | ३ | ४ | २ | ३ | ५ | ५ | २ | ७ | | | |
| **जम्मा.** | **५२** | **४२** | **९७** | **२४** | **३२** | **५६** | **३१** | **२८** | **५९** | **२७** | **४०** | **६७** | **३०** | **३२** | **६२** |

| विद्यालय | कक्षा ५ | | | कक्षा ६ | | | कक्षा ७ | | | कक्षा ८ | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| वागेश्वरी प्रा.वि. | ५ | २ | ७ | | | | | | | | | | १७ | १३ | ३० |
| ने.रा.आ. वि. | ९ | १० | १९ | १६ | ९ | २५ | १६ | ९ | २५ | २० | १५ | ३५ | १०० | ८२ | १८२ |
| जनज्योती प्रा.वि. | | | | | | | | | | | | | १८ | १८ | ३६ |
| जनजागृति प्रा.वि. | ३ | २ | ५ | | | | | | | | | | २१ | १८ | ३९ |
| सुर्यदय प्रा.वि | २ | २ | ४ | | | | | | | | | | १४ | २० | ३४ |
| सहिद स्मृति | २ | ४ | ६ | | | | | | | | | | २७ | ३० | ५७ |
| नम्ली आ.वि. | ४ | ७ | ११ | ९ | १० | १९ | ७ | ८ | १५ | २ | १२ | १४ | ५५ | ३८ | १४३ |
| लालीगुँरास प्रा.वि | | | | | | | | | | | | | १३ | १३ | २६ |
| **जम्मा.** | **२५** | **२७** | **५२** | **२५** | **१९** | **४४** | **२३** | **१७** | **४०** | **२२** | **२७** | **४९** | **२६५** | **२६२** | **५२७** |

### ६) यस वडा भित्र रहेका बालक्लव विवरण :

| क्र.स. | बाल क्लवको नाम | विद्यालयको नाम | अध्यक्षको नाम | संपर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | जन ज्योति बालक्लव | जनजागृति प्रा.वि. | रुकमान के.सी. | | |
| २ | सिर्जनशील बालक्लव | नम्ली आ.वि. | भरत वली | | |
| ३ | शिक्षा सुधार बालक्लव | ने.रा.आ.वि. जंकोट | मतिकला वि.क. | | |
| ४ | नमूना बालक्लव | सूर्योदय प्रा.वि. | राजकुमार महरा | | |
| ५ | सुनौलो बालक्लव | सहिद स्मृति प्रा.वि. | तिलक डाँगी | | |
| ६ | माडिखोला बालक्लव | बागेश्वरी प्रा.वि. | नम्रता घर्ती मगर | | |

### ७) यस वडा भित्रका विद्यार्थीहरूको संख्या विवरण :

| सि.न | विद्यालयको नाम | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|
| १ | सूर्योदय प्रा.वि.चङ्लिङ् | २० | १४ | ३४ |
| २ | जनज्योती प्रा.वि.वनहर | १८ | १८ | ३६ |
| ३ | जनजागृति प्रा.वि. कुदहर | १८ | २१ | ३९ |
| ४ | लालीगुराँस प्रा.वि.दमाकुर | १३ | १३ | २६ |
| ५ | सहिद स्मृति प्रा.वि.घरबासा | ३० | २७ | ५७ |
| ६ | नम्ली आ.वि.नम्ली | ६८ | ५५ | १४३ |
| ७ | नेपाल राष्ट्रिय आ.वि.जंकोट | ८२ | १०० | १८२ |
| ८ | वागेश्वरी प्रा.वि.माथला | १३ | १७ | ३० |
| **जम्मा** | | २६२ | २६५ | ५२७ |

### ८) विद्यालयगत विद्यार्थी सिकाइ उपलब्धी र शिक्षक विवरण :

श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयको सिकाइ उपलब्धी र शिक्षक विवरण :

विद्यार्थीको सिकाई उपलब्धी विवरण :(१-५)

(वार्षिक परीक्षा २०७५ को प्राप्ताङ्कको आधारमा)

| कक्षा | विषयगत औषत सिकाई उपलब्धी % (=विषयगत ज.प्रा. /जम्मा वि.सं.×१००) | | | | | | कक्षागत औषत उपलब्धी % ( = ज.वि.औ / ज. विषय १००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | ऐ. अंग्रेजी | | |
| १ | ४८.२२ | ६१.३३ | ५८.३३ | ५५.८८ | ५५.८८ | ५६.३३ | ४६.६८ | |
| २ | ५७.५५ | ५६ | ५०.५० | ५३.१८ | ५३.०९ | ५३.०९ | ५४.१७ | |
| ३ | ६५.६७ | ७२.१३ | ५८ | ७४ | ७२.३३ | ६९.८६ | .६८.६७ | |
| ४ | ५४ | ५०.६८ | ५१.२४ | ५३.६४ | ५२.९६ | ४९.९२ | ५२.०७ | |
| ५ | ५९.५६ | ४७.९२ | ५९.५६ | ५६.७५ | ५०.१३ | ५९.९५ | ५५.६५ | |
| जम्मा औ.उ. | ५२.८४ | ५१.५६ | ५३.८० | ५३.५८ | ५३.२२ | ५५.८७ | ५३.८० | |

९) **विद्यार्थीको सिकाई उपलब्धी विवरण** ( ६–८ )

(वार्षिक परीक्षा २०७५ को प्राप्ताङ्कको आधारमा)

| कक्षा | विषयगत औषत उपलब्धी | | | | | | | | | कक्षागत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | नैतिक | स्वास्थ्य | पेशा | कम्प्युर | औ.उ. | |
| ६ | ५८.०८ | ४५.६६ | ४६.७० | ५४.३३ | ५६.९१ | २८.३७ | २९.३७ | ५५.४५ | ५८ | ४८.१६ | |
| ७ | ६३.५० | ५१.१६ | ५३.९ | ६२.३ | ६२.३५ | ३१.८५ | ३१.७५ | ६२.३ | ६४.९ | ५३.७८ | |
| ८ | ५३.५ | ५० | ५० | ५२ | ५० | २८ | २८ | ६५.५ | ६८ | ४९.४ | |
| वि.ज.अ | ५८.३६ | ४८.९२ | ५०.२ | ५६.२१ | ५६.४२ | २९.४१ | २९.७१ | ६१.०८ | ६३.६३ | ५०.४५ | |

१०. **जनज्योति प्रा.वि. वनहरका विद्यार्थी सिकाइ उपलब्धी र शिक्षक विवरण :**

विद्यार्थीको सिकाई उपलब्धी विवरण :( १-३)

(वार्षिक परीक्षा २०७५ को प्राप्ताङ्कको आधारमा )

| कक्षा | विषयगत औषत सिकाई उपलब्धी % (=विषयगत ज.प्रा. /जम्मा वि.सं.१००) | | | | | | कक्षागत औषत उपलब्धी % (=ज.वि.औ / ज.विषय १००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | ऐ.अंग्रेजी | | |
| १ | ६२ | ५३ | ४५ | ६५ | ६६ | ४९ | ५७ | |
| २ | ६८ | ४५ | ४७ | ६४ | ६६ | ६५ | ५९ | |
| ३ | ६५ | ३९ | ५२ | ६१ | ६१ | ५५ | ५६ | |
| जम्मा औ.उ. | | | | | | | | |

११. **श्री नम्ली आधारभूत विद्यालयको सिकाइ उपलब्धी र शिक्षक विवरण :**

विद्यार्थीको सिकाई उपलब्धी विवरण :( १-५ )( वार्षिक परीक्षा २०७५ को प्राप्ताङ्कको आधारमा )

| कक्षा | विषयगत औषत सिकाई उपलब्धी %(=विषयगत ज.प्रा. /जम्मा वि.सं.१००) | | | | | | कक्षागत औषत उपलब्धी % (=ज.वि.औ/ज. विषय १००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | ऐ.अंग्रेजी | | |
| १ | ५० | ४५ | ४६.४५ | ५१.९१ | ५२.८ | ४०.९० | ४८.१ | |
| २ | ५३.३४ | ४६.५ | ४६.५९ | ५२.९ | ५४.१२ | ५१ | ५०.७९ | |
| ३ | ५३.७० | ३६.५ | ३३ | ४७.६२ | ४८.४५ | ३९ | ४३.३६ | |
| ४ | ५०.४३ | ४७.५८ | ५६.२६ | ६३.३५ | ७२.३० | ५७.५९ | ६० | |
| ५ | ५६.९२ | ५७.७२ | ५० | ५०.८१ | ५१.५ | ४३.३७ | ५२.१५ | |
| जम्मा औ.उ. | | | | | | | | |

१२. **नम्ली आ.वि.को विद्यार्थीको सिकाई उपलब्धी विवरण** (६–८ )

(वार्षिक परीक्षा २०७५ को प्राप्ताङ्कको आधारमा )

| कक्षा | विषयगत औषत उपलब्धी | | | | | | | | | कक्षागत औ.उ. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नेपाली | अंग्रेजी | गणित | सामाजिक | विज्ञान | श्वा.शा. | नैतिक | पेशा | कम्प्युर | | |
| ६ | ५१.३१ | ४७ | ४९ | ४७ | ५८.१६ | ३३.३३ | २७.४ | ४६.१५ | ४२.३ | ४०.२७ | |
| ७ | ४८.१८ | ४५.४ | ३९.४३ | ५५.७५ | ४७.८६ | ३३.३३ | २६.६४ | ५१.५ | ४०.४ | ४९.३५ | |
| ८ | ४६.९७ | ४७.४ | ३०.८३ | ३६.५५ | ४१.६१ | २८.३५ | ३० | ६४.२५ | ५० | ४६.९ | |
| विषयगत औं | ४७.६ | ४७.९० | ३८.७ | ४६.७ | ४९.४ | ३०.६ | २७.९१ | ५२.८६ | ४६.९६ | ४८.५९ | |

**१३. सहिद स्मृति प्राथमिक विद्यालयको सिकाइ उपलब्धी र शिक्षक विवरण :**

विद्यार्थीको सिकाई उपलब्धी विवरण :( १-५ ) (वार्षिक परीक्षा २०७५ को प्राप्ताङ्कको आधारमा )

| कक्षा | विषयगत औषत सिकाई उपलब्धी % (=विषयगत ज.प्रा. /जम्मा वि.सं. ×१००) | | | | | | कक्षागत औषत उपलब्धी % (=ज.वि.औ/ज.विषय १००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | ऐ.अंग्रेजी | | |
| १ | ५९ | ६९ | ७० | ५४ | ५५ | ४९ | ५७ | |
| २ | ५७ | ६२ | ५५ | ५५ | ५५ | ४८ | ५६.४ | |
| ३ | ५५ | ५३ | ५४ | ५२ | ५५ | ४४ | ४९ | |
| ४ | ५१ | ५२ | ४५ | ५३ | ४५ | ४५ | ५१ | |
| ५ | ५१ | ५४ | ४८ | ५२ | ४८ | ५३ | ५७ | |
| जम्मा औ.उ. | | | | | | | | |

**१४.जन जागृति प्राथमिक विद्यालयको सिकाइ उपलब्धी र शिक्षक विवरण :**

विद्यार्थीको सिकाई उपलब्धी विवरण :( १-५ ) (वार्षिक परीक्षा २०७५ को प्राप्ताङ्कको आधारमा )

| कक्षा | विषयगत औषत सिकाई उपलब्धी %(=विषयगत ज.प्रा. /जम्मा वि.सं.×१००) | | | | | | कक्षागत औषत उपलब्धी % (=ज.वि.औ/ज.विषय १००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | नेपाली | गणित | अंग्रेजी | सामाजिक | विज्ञान | ऐ.अंग्रेजी | | |
| १ | ५५ | ५३ | ५४ | ५३ | ४८ | ४९ | ५३.६६ | |
| २ | ५८ | ५० | ५२ | ६० | ५६ | ५३ | ५४.८३ | |
| ३ | ४९ | ५३ | ५६ | ६२ | ६४ | ५० | ५६ | |

| कक्षा | विषयगत औषत सिकाई उपलब्धी %(=विषयगत ज.प्रा. /जम्मा वि.सं.X१००) | | | | | | कक्षागत औषत उपलब्धी % (=ज.वि.औ/ज.विषय १००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | नेपाली | गणित | अंग्रेजी | सामाजिक | विज्ञान | ऐ.अंग्रेजी | | |
| ४ | ५५ | ५० | ५२ | ६० | ५९ | ५१ | ५४.५ | |
| ५ | ५६ | ५२ | ५० | ५८ | ६२ | ४८ | ५४.३३ | |
| जम्मा | ५४.६ | ५१.६ | ५२.८ | ५८.६ | ५९.८ | ५०.२ | ५४.६६ | |

**१५. लालीगुँरास प्राथमिक विद्यालयको सिकाइ उपलब्धी र शिक्षक विवरण :**

विद्यार्थीको सिकाई उपलब्धी विवरण :( १-५ )

(वार्षिक परीक्षा २०७५ को प्राप्ताङ्कको आधारमा )

| कक्षा | विषयगत औषत सिकाई उपलब्धी %(=विषयगत ज.प्रा./जम्मा वि.सं.१००) | | | | | | कक्षागत औषत उपलब्धी % (=ज.वि.औ/ज.विषय१००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | नेपाली | गणित | अंग्रेजी | सामाजिक | विज्ञान | ऐ.अंग्रेजी | | |
| १ | ६५ | ६४ | ६३ | ६६ | ६५ | ७९ | ६७ | |
| २ | ७५ | ७१ | ६० | ७५ | ६३ | ६८ | ६९ | |
| ३ | ५६ | ६२ | ६१ | ६१ | ६५ | ७० | ६२ | |
| **जम्मा औ.उ.** | ६५ | ६४ | ६३ | ६६ | ६५ | ६९ | ६६ | |

**१६. वागेश्वरी प्राथमिक विद्यालयको सिकाइ उपलब्धी र शिक्षक विवरण :**

विद्यार्थीको सिकाई उपलब्धी विवरण :( १-५ ) (वार्षिक परीक्षा २०७५ को प्राप्ताङ्कको आधारमा )

| कक्षा | विषयगत औषत सिकाई उपलब्धी %(=विषयगत ज.प्रा. /जम्मा वि.सं.१००) | | | | | | कक्षागत औषत उपलब्धी % (=ज.वि.औ/ज.विषय १००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | नेपाली | अंग्रेजी | गणित | सामाजिक | विज्ञान | ऐ.अंग्रेजी | | |
| १ | ६१ | ५७ | ६३ | ५६ | ६८ | ५७ | ६० | |
| २ | ८२ | ६५ | ७३ | ७७ | ७८ | ५२ | ७१ | |
| ३ | ४८ | ४८ | ४८ | ५५ | ५७ | ४९ | ५१ | |
| ४ | ५२ | ४३ | ४५ | ५३ | ४५ | ३९ | ४६ | |
| ५ | ५२ | ४३ | ४५ | ५३ | ४५ | ३९ | ४६ | |
| **जम्मा औ.उ.** | ६१ | ५३ | ५६ | ६० | ५९ | ५० | ५६ | |

**१७. सुर्योदय प्राथमिक विद्यालयको सिकाइ उपलब्धी र शिक्षक विवरण :**

विद्यार्थीको सिकाई उपलब्धी विवरण :( १-५ )(वार्षिक परीक्षा २०७५ को प्राप्ताङ्कको आधारमा )

| कक्षा | विषयगत औषत सिकाई उपलब्धी % (=विषयगत ज.प्रा. /जम्मा वि.सं.१००) | | | | | | कक्षागत औषत उपलब्धी % (=ज.वि.औ/ज.विषय १००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | नेपाली | गणित | अंग्रेजी | सामाजिक | विज्ञान | ऐ.अंग्रेजी | | |
| १ | ५७ | ७१ | ५८ | ६५ | ६९ | ६५ | ६५ | |
| २ | ५९ | ४५ | ४२ | ६८ | ६३ | ५७ | ५६ | |
| ३ | ५७ | ५० | ४२ | ६७ | ७० | ५८ | ५७ | |

| कक्षा | विषयगत औषत सिकाई उपलब्धी % (=विषयगत ज.प्रा. /जम्मा वि.सं.१००) | | | | | | कक्षागत औषत उपलब्धी % (=ज.वि.औ/ज.विषय १००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | नेपाली | गणित | अंग्रेजी | सामाजिक | विज्ञान | ऐ.अंग्रेजी | | |
| ४ | ५९ | ५८ | ५३ | ५५ | ६१२ | ५७ | ५७ | |
| ५ | ५३ | ५३ | ५० | ५५ | ५७ | ५९ | ५५ | |
| जम्मा औ.उ. | ५७ | ५६ | ४९ | ६२ | ६४ | ५८ | ५८ | |

## १८. वडा भित्रका विद्यालयहरूको वर्तमान अवस्था :

| क्र.स. | विद्यालयको नाम | भवन संख्या | कक्षाकोठा संख्या | कार्यालय कोठा | कम्प्युटर | टेलिभिजन | खानेपानी ट्यांकी | पुस्तकालय | शौचालय | घेराबार | खेलमैदान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नम्ली आ.वि | ३ | ९ | १ | १ | ० | १ | ० | १ | ० | ० |
| २ | ने.रा.आ.वि. | ६ | १० | १ | १ | ० | १ | ० | २ | ० | १ |
| ३ | वागेश्वरी | ३ | ७ | १ | १ | ० | ० | ० | १ | ० | ० |
| ४ | लालीगुँरास | १ | ४ | १ | १ | ० | ० | ० | १ | ० | ० |
| ५ | सुर्योदय | ३ | ६ | १ | १ | ० | ० | ० | १ | ० | १ |
| ६ | जनजागृति | २ | ६ | १ | १ | ० | ० | ० | १ | ० | ० |
| ७ | सहिद स्मृति | २ | ६ | १ | ० | ० | ० | ० | १ | ० | ० |
| ८ | जनज्योति | ३ | ५ | १ | ० | ० | ० | ० | १ | ० | १ |

## १९. वडास्तरको तहगत र विषयगत औषत सिकाइ उपलब्धी :

| क्र.स. | औषत कक्षा | नेपाली | गणित | अंग्रेजी | सामाजिक | विज्ञान | इच्छाधिन | श्वा.शा. | नैतिक | पेशा | कम्प्युटर | औं उ. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कक्षा १,३ | ५५ | ५३ | ५३ | ६० | ६२ | ५३ | | | | | ५६ |
| २ | कक्षा ४, ५ | ५५ | ५० | ५० | ५४ | ५५ | ५१ | | | | | ५२.५ |
| ३ | कक्षा ६,८ | ५३ | ४४ | ४९ | ५१ | ५२ | | ३० | २९ | ५६ | ५४ | ४६.४४ |
| **कक्षागत औं.उ.** | | | | | | | | | | | | |

## २०. हालको उपलब्धी र अपेक्षित उपलब्धी :

| क्र.स. | विद्यालयको नाम | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | विद्यालयगत औ.उ. | कु.उ. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नम्ली आ.वि | ४९ | ५१ | ४३ | ४७.५ | ४७.८२ | ५०.११ | ४९.३५ | ४६.४९ | ४७.७५ | ६४ |
| २ | ने.रा.आ.वि. | ४६.६८ | ५४.१७ | ६८.६७ | ५२.७ | ५५.६५ | ४८ | ५३ | ४९ | ५२ | |
| ३ | वागेश्वरी | ६० | ७१ | ५१ | ५६ | ४६ | | | | ५६ | |
| ४ | लालीगुँरास | ६७ | ६९ | ६२ | | | | | | ६६ | |
| ५ | सुर्योदय | ६५ | ५६ | ५७ | ५७ | ५५ | | | | ५८ | |
| ६ | जनजागृति | ५३ | ५४.४८ | ५६ | ५४.५ | ४५.३३ | | | | ५२ | |
| ७ | सहिद स्मृति | ५७ | ५६ | ४९ | ५१ | ५७ | | | | ६८ | |
| ८ | जनज्योति | ५७ | ५९ | ५६ | | | | | | ५७ | |

**ग) विद्यालयहरूको शैक्षिक आवश्यकता र प्राथमिकता :**

| विद्यालयको नाम | प्राथमिकता १ | प्राथमिकता २ | प्राथमिक ३ | प्राथमिकता ४ | प्राथमिकता ५ | कैफियत |
|---|---|---|---|---|---|---|
| **नम्ली आ.वि.** | निमावि तहमा थप शिक्षक व्यवस्थापन | विज्ञान सामग्री र कम्प्युटर ल्याव विद्युतीय प्रणालीबाट हाजिरी उपकरण जडान | आर सी सी ४ कोठे भवन र भूकम्प प्रतिरोधी भवन ४ वटा | खानेपानी | आन्तरिक सक्षमताको अवस्था सुधार | |
| नेपाल राष्ट्रिय आ.वि. | नि.मा.तहमा शिक्षक व्यवस्थापन र विद्युतीय हाजिरी उपकरण जडान | विज्ञान सामग्री ल्याव र कम्प्युटर ल्याव | खानेपानी, श्रव्य दृश्य सामग्रीको आवश्यक | फिल्ड मर्मत, २ कोठे ब्लक निर्माण, फर्निचर खरिद | आन्तरिक सक्षमताको अवस्था सुधार, शैक्षिक सामग्री निर्माण गर्न बजेट आवश्यक, तालिम | |
| **वागेश्वरी प्रावि** | भुकम्प प्रतिरधी भवन निर्माण ३ वटा र फिल्ड निर्माण | विद्युतीय सामग्रीबाट श्रव्य दृश्यबाट पठन पाठन | छात्र, छात्रा शौचालय निर्माण | घेराबार निर्माण | आन्तरिक सक्षमतामा सुधार गर्न शिक्षक तालिम | |
| **जनज्योती** | भुकम्प प्रतिरोधी भवन निर्माण | फिल्ड मर्मत, शिक्षक दरबन्दी | घेराबार | खानेपानी | शौचालय निर्माण | |
| **जनजागृती** | भुकम्प प्रतिरोधी ५ कोठे भवन निर्माण | कम्प्युटर, घेराबार | खानेपानी | शौचालय निर्माण | विद्यार्थीको सिकाइ उ. वृद्धि गर्न उपचारात्मक कक्षा | |
| **सुर्योदय** | बालमैत्री, अपाङ्गमैत्री विद्यालय वातावरण निर्माण | विद्यालय रङ्गरोगन | फर्निचर खरिद | खेलकुद सामग्री खरिद | घेराबार | |
| **सहिद स्मृति** | विद्यालय भवन निर्माण, शिक्षक दरबन्दी | घेराबार | खेलमैदान निर्माण | फर्निचर खरिद | खानेपानी शौचालय | |
| **लालीगुँरास** | २ कोठे भवन निर्माण र शिक्षक दरबन्दी | शौचालय निर्माण, खानेपानी मुहान मर्मत | शैक्षिक सामग्री निर्माण खरिद | पुनर्ताजगी शिक्षक तालिम | घेराबार खेल मैदान मर्मत र ढल निकास निर्माण | |

**घ) लक्ष्य तथा कार्यक्रम निर्धारण :**

| सुधार क्रियाकलाप सुचक | कार्यक्रम विवरण | वर्तमान अवस्था | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
| आन्तरिक सक्षमताको अवस्था | कुल भर्नादर | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | खुद भर्नादर | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | विद्यालय छोड्ने दर | १० | ८ | ६ | ४ | ३ | २ |
| | कक्षा दोहाऱ्याउने दर | १७ | १५ | १२ | ८ | ३ | २ |
| | टिकाउ दर | ९० | ९२ | ९४ | ९६ | ९८ | १०० |
| | उत्तीर्ण दर | ९२ | ९४ | ९५ | ९६ | ९८ | १०० |
| विद्यार्थी सिकाइ उपलब्धी | कक्षा १-५को औ.प्रा. | ५५ | ५७ | ५९ | ६० | ६५ | ७० |
| | कक्षा ६-८को औं.प्रा. | ४८ | ५० | ५५ | ५७ | ६० | ६५ |
| | जम्मा औषत | ५१ | ५३ | ५७ | ५८ | ६३ | ६८ |
| विद्यालय सञ्चालन अवस्था | शै.स.मा विद्यालय खुल्ने दिन | २२० दिन | २२५ | २२७ | २३० | २३२ | २३५ |
| | पढाइ हुने दिन | १९२ दिन | १९३ | १९४ | १९६ | १९८ | २०० |
| | शिक्षकको औं.उ.दिन | १९५ दिन | १९७ | २०० | २०५ | २१० | २१२ |
| | विद्यार्थीको औं. उ. दिन | १७० दिन | १७२ | १७५ | १७७ | १८० | १८५ |

ङ)	**विद्यालय सुधारका लागि गरिने कृयाकलापहरू :**

- विद्यार्थीको हाजिरी विश्लेषण र विद्यार्थी नियमिततामा सुधार ।
- सहभागितामूलक हाजिरी परीक्षण प्रणालीको प्रयोग ।
- शिक्षक नियमितता र मासिक बैठक गर्ने ।
- स्थानीय शैक्षिक सामग्रीको तयारी र प्रयोग गर्ने ।
- शैक्षणिक योजना निर्माण र प्रयोग (वार्षिक, दैनिक) गर्ने ।
- उत्कृट शिक्षक, विद्यार्थी, विद्यालय र अभिभावक सम्मान गर्ने ।
- उपचारात्मक कक्षा सञ्चालन गर्ने ।
- कक्षा १-३ सम्म नेपाली विषयको ९० मिनेट कक्षा सञ्चालनलाई निरन्तरता दिने ।
- सिकाइ उपलब्धीलाई वृद्धि गर्न ४ पटक परीक्षा सञ्चालन गर्ने ।
- मासिक परीक्षा गराइ श्रेणी अनुसार रोल्नं. कायम गर्ने ।
- शिक्षण सिकाइ कृयाकलाप सम्बन्धी प्र.अ.हरूको वडास्तरीय बैठक गर्ने ।
- वडास्तरीय विषयगत शिक्षक समिति गठन गरी त्रैमासिक रुपमा छलफल बैठक गर्ने ।
- प्रत्येक हप्ता विद्यालय वा कक्षामा स्वास्थ्य सरसफाई, पोषण र जोखिम न्यूनीकरणबारे छलफल गर्ने ।
- एक घर एक स्थानीय शैक्षिक सामग्री निर्माण र संकलन गर्ने ।
- विद्यालयमा बजारी खानालाई पूर्णरुपमा निषेध गरी घरायसी खाजामा प्रोत्साहन गर्ने ।
- पढाइ मेला आयोजना गर्ने ।
- शिक्षक कार्य सम्झौताको आधारमा शिक्षकलाई पुरस्कृत गर्ने ।
- निरन्तर विद्यार्थी मुल्याङ्कन प्रणालीलाई नियमित रुपमा अबलम्वन गर्ने ।
- विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन गर्ने ।
- बालविकास केन्द्रमा ५ सिकाई कुना सामग्रीको व्यवस्थापन र प्रयोग गर्ने ।
- बाल केन्द्रित शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्ने।
- शिक्षक तथा विद्यार्थी आचारसंहिता निर्माण र प्रभावकारी प्रयोग गर्ने ।
- नवीनतम शिक्षण विधि तथा प्रविधिको प्रयोग गरी शिक्षण गर्ने ।
- भवन निर्माण गर्दा भूकम्प प्रतिरोधी बनाउने ।
- बालमैत्री भौतिक संरचना निर्माण गर्ने ।

- विद्यालयमा एक पुस्तकालय र बुक कर्नरको व्यवस्था गर्ने ।
- पर्याप्त ,सुरक्षित र सफा खेल मैदान तथा न्यूनतम खेल सामग्रीको व्यवस्था गर्ने ।
- स्वच्छ ,सफा र पर्याप्त पानीको व्यवस्था गर्ने ।
- छात्र तथा छात्राको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गर्ने ।
- बालमैत्री बसाइ व्यवस्थापन गर्ने ।
- नियमित अभिभावक भेला गर्ने ।
- दण्ड र पुरस्कारको प्रभावकारी कार्यान्वयन गर्ने ।
- कक्षा छोड्ने र दोहोऱ्याउने दर घटाउने तथा उत्तीर्ण दर र टिकाउ दर बढाउने ।
- विद्यालय खुल्ने दिन र पठन पाठन हुने दिन वृद्धि गर्ने ।
- विद्यालयको विविध व्यवस्थापनको लागि वि.व्य.स.को सक्रियतामा वडा कार्यालय, नगरपालिका तथा अन्य गैरसरकारी कार्यालयमा माग पेश गर्ने ।
- नियमित रुपमा लेखापरीक्षण, सामाजिक लेखापरीक्षण र सार्वजनिक सुनुवाइ तथा छात्रवृत्ति वितरण गरी पारदर्शिता र सुशासन कायम गर्ने ।
- क्षमता विकासका लागि शिक्षक, वि.व्य.स., शि.अ.सं.र बालक्लवका पदाधिकारीहरूलाई तालिमको व्यवस्था गर्ने ।
- अभिभावक सचेतना कार्यक्रम नियमित रुपमा सञ्चालन गर्ने ।
- प्र.अ.ले वडा कार्यालयसँग, शिक्षकले प्र.अ. संग र विषयगत शिक्षकले विद्यार्थीहरूसँग कार्य सम्पादन सम्झौता गर्ने ।
- विद्यालयको मासिक बैठकमा कक्षागत शिक्षण सिकाइ कृयाकलापबारे छलफल गर्ने ।
- विद्यालय सुधार योजना SIP प्रत्येक वर्ष वैशाखको पहिलो हप्ता अनिवार्य अध्याबधिक गरी वडा कार्यालय र नगरपालिकामा बुझाउने ।
- सबै शिक्षक तथा विद्यार्थीहरू अनिबार्य ठिक १० बजे विद्यालय जानु पर्ने ।
- शिक्षकहरू विदामा बस्दा एक दिन अगाडि नै लिखित निवेदन प्र.अ.ले वि.व्य.स.अध्यक्ष वा वडा अध्यक्ष समक्ष र शिक्षकले प्र.अ.समक्ष पेश गर्ने ।
- विद्यालय व्यवस्थापन समितिको बैठक तथा स्टाफ बैठकमा विद्यार्थीहरूको सहभागितामुलक प्रतिनिधित्व गराउने ।
- विद्यार्थीको सिकाइ उपलब्धी विषयगत, कक्षागत जम्मा औषत उपलब्धी अनिवार्य राख्नु पर्ने ।
- विद्यालयमा स्यानेटरी प्याडको व्यवस्था गर्ने ।

- विद्यालयमा विहान प्रार्थनाको समयमा दैनिक रुपमा विभिन्न विषयवस्तुसंग सम्बन्धी प्रश्नोत्तर गर्ने ।
- त्रैमासिक परीक्षाको सबै विषयको नतिजा अभिभावक भेला गराई गराउने।
- सबै विषयको उत्तर पुस्तिका एक शैक्षिक सत्र भरी सम्वन्धित विषय शिक्षकले सुरक्षित राख्ने र आवश्यक परेको बेला अभिभावकहरूलाई देखाउनु पर्ने ।

**च)** **वडाको पञ्च बर्षीय आर्थिक योजना:**

| **कार्य विवरण** | **बजेट** |
|---|---|
| विद्युतीय हाजिरी मेसिन | १० लाख |
| कम्प्युटर | १५ लाख |
| विज्ञान प्रयोगशाला (ल्याव) | ७ लाख |
| सफा खानेपानी धारा | १० लाख |
| सफा चर्पी | १० लाख |
| विषयगत शैक्षिक सामग्री निर्माण सामग्री खरिद | १५ लाख |
| प्र.अ.बैठक | ५ लाख |
| विषयगत शिक्षक बैठक तथा तालिम | ५ लाख |
| अन्तर विद्यालय भ्रमण | ५ लाख |
| वि.व्य.स.बैठक तथा तालिम | ३ लाख |
| मेन्टर शिक्षक पुनर्ताजगी तालिम | ३ लाख |
| वडा स्तरिय पढाई मेला | ३ लाख |
| अन्तर विद्यालय परीक्षा | ५ लाख |
| उपचारात्मक कक्षा सञ्चालन | २ लाख ५० हजार |
| नमूना विद्यालय भ्रमण | १० लाख |
| बाल क्लव अभिमुखीकरण | २ लाख |
| विपन्न तथा जेहेन्दार विद्यार्थी शैक्षिक सामग्री सहयोग | ५ लाख |
| उत्कृष्ट विद्यार्थी पुरस्कृत | ३ लाख |
| उत्कृष्ट विद्यालय तथा शिक्षक पुरस्कृत | ३ लाख |

# रोल्पा नगरपालिका

## ९ नं वडाको वडा शिक्षा योजना

**९ नं वडा शिक्षा समितिका पदाधिकारीहरूको नामावली**

| | | |
|---|---|---|
| १. | मिमबहादुर घर्तीमगर | - अध्यक्ष |
| २. | ज्ञानबहादुर केसी | - सदस्य |
| ३. | पूर्ण विक्रम घर्तीमगर | - सदस्य |
| ४. | लक्ष्मी वुढामगर | - सदस्य |
| ५. | नारायण डाँगी | - सदस्य |
| ६. | नारायण बुढामगर | - सदस्य |
| ७. | कृष्ण गुरुङ | - सदस्य सचिव |

## खण्ड क

# परिचय

१) **रोल्पा नगरपालिका ९ नं. वडा ह्वामा रोल्पा**

योजना भन्नाले कुनैपनि कार्य सफलतापूर्वक कार्यान्वयन गर्नका लागि कार्यको थालनी गर्नु पूर्व साधन र स्रोतको व्यवस्थापन कसरी गर्ने, कहाँबाट बजेट जुटाउने, जिम्मेवारीको बाँडफााड कसरी गर्ने, कहिले थालनी गरी विस्तृत खाँका भन्ने बुझिन्छ । योजना विनाको कार्य लगाम विनाको घोडा जस्तै हुने भएकोले योजना निर्माणको बोध गर्न सकिन्छ। विकासको पहिलो पूर्वाधार शिक्षा भएकोले पनि शिक्षाको भूत र वर्तमानको समिक्षा गर्दै भविष्यको दिशा ठहर गर्न आगामी नीति तथा कार्यक्रम तयार गर्नुपर्ने हुन्छ देशको आमुल परिवर्तनको लागि लामो समयसम्म सशस्त्र र निशस्त्र संघर्ष भई दुई-दुई पटक संविधान सभाको चुनाव गरी दोस्रो पटकको संविधान सभाबाट संविधान जारी भई कार्यान्वयन भइरहेको अवस्था छ। नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक हक भित्र राखेको छ। प्रत्येक वालवालिकालाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क र माध्यमिक तह सम्मको शिक्षा निशुल्क पाउने हकको व्यवस्था गरेको छ तसर्थ प्रत्येक वालवालिकाहरूले शिक्षा पाउनु उनीहरूको संविधान प्रदत्त मौलिक हक भित्र पर्दछ। यस संवैधानिक व्यवस्थालाई समेत मध्यनजर गर्दै निर्माणगरिएको यस वडाको वडाशिक्षा योजनाले यहाँको शैक्षिक गुणस्तरको अवस्थामा गुणात्मक रुपमा अभिवृद्धि गरी आर्थिक, सामाजिक, राजनैतिक, धार्मिक लगायतको विविध क्षेत्रको विकासमा टेवा पुऱ्याइ सक्षम सुसंस्कृत, समालोचक र सकारात्मक सोच तथा चिन्तन भएको जनशक्ति निर्माण गर्ने छ भन्ने कुराको विश्वास लिएको छु।

यो योजना पाँच वर्ष अवधिको (२०७७ देखि २०८१ सम्मको) लागि निर्माण गरिएको आवधिक योजना हो । यस योजना भित्र ९ नं. वडा भित्र सञ्चालित

१० वटा विद्यालयहरू (मावि र आविहरू) को समग्र शैक्षिक समस्याहरूको पहिचान गरी समस्याका कारणहरू पत्ता लगाइ, आवश्यकताहरूको पहिचान गरी ती आवश्यकताहरूको पनि प्राथमिकिकरण गरी सुधार कार्यकलाप सुचकहरूको लक्षय निर्धारण गरी वर्तमान अवस्थाको विश्लेषण गरी आगामी ५ वर्ष सम्म विषयगत सुधारका लक्ष्यहरू निर्धारण गरी निर्धारित लक्ष्यहरू पूरा गर्न गराउन विस्तृत कार्यकलाप समेत तयार गरिएको छ। यसले पक्कै पनि यस वडाको शैक्षिक क्षेत्रको सुधारमा मार्ग निर्देशन गर्नेछ। यस रोल्पा नगरपालिका ९ नं. वडा ह्वामाको निर्माण प्रक्रियामा खट्नुहुने कार्यदलका सम्पूर्ण सदस्य ज्युहरू, कार्यशालामा उपस्थित भई आफ्नो महत्तवपूर्ण सल्लाह सुझाब दिनुहुने सम्पूर्ण विद्यालयका विव्यस अध्यक्ष र प्रअ हरू अन्य शिक्षक र सचेत अभिभावकहरू सबैमा हार्दिक कृतज्ञता तथा धन्यवाद ज्ञापन गर्न चाहन्छु।

अन्तमा, यस योजनाको गहिरो अध्ययन गरेर यसका सवल र दुर्वल पक्षहरू औल्याइ दुर्वल पक्षहरू सुधारको लागि सकारात्मक सल्लाह र सुझाव र प्रतिक्रिया दिनुहुनेछ भन्ने आशा राखेको छु। योजनलाई पूर्णता दिनको लागि सवैको साथ र सहयोग रहला भन्ने अपेक्षा राख्दै यस योजनाको सफल कार्यान्वयनको लागि सवै सरोकारवाला दृढ भएर लागौं। असम्भव कुनैपनि कुरा छैन, सवैकुरा सम्भव छ। धन्यवाद !

**मिमबहादुर घर्तीमगर**
वडा अध्यक्ष
तथा संयोजक
वडाशिक्षा समितिको कार्यालय
रोल्पा

खण्ड ख

# वडाको सामान्य परिचय

## १. **भौगोलिक अवस्था :**

लुम्बिनी प्रदेश अन्तर्गत रोल्पा जिल्ला, रोल्पा न.पा ९ ह्वामा ८२.३८ देशान्तर र २८.२१ अक्षांशमा अवस्थित छ। यो वडा समुद्र सतहदेखि १२००-३११५ मिटर सम्मको उचाईमा रहेको छ । यो वडा रोल्पा नगरपालिकाको कार्यालयदेखि १० कोष टाढा उत्तर पश्चिम दिशामा रहेको छ। यो वडा पहाडी भूभागमा पर्दछ। यस वडाको पूर्वमा १० नं. वडा धवाङ, पश्चिममा ८ नं. वडा जंकोट र ७ नं. वडा माडिचौर उत्तरमा थवाङ गापा अन्तर्गत पर्ने मिरुल र कुरेली र दक्षिणमा २ नं. वडा रेउघा पर्दछन्। यहाँ पहाड, डाँडाकाँडा, र बेशी पर्दछन्। लेकाली भेगमा कुवापातल, खर्केबाङ, जिलाधुरी, लिवन, सामेनी भाँडेधुरी पर्दछन्। पहाडी भेगमा कर्तम, ह्वामा, फाल्जा, लाटाबाङ, चोयबाङ, हाङबाङ, गोलबाङ, गुम्थाल, तमारी र भाबाङ पर्दछन्। बैंशीमा रिस्वाङ, गर्पा बेसराबाङ पर्दछन् । यस वडा प्राकृतिक स्रोत र साधनले पनि सम्पन्न रहेको छ। यस वडाको कर्तम टोलमा छाँयाछत्र झरना, छाँयाछत्रको नजिकैको भीरपहरामा भिरमौरीको बास स्थान, कुवापातल टोलमा बालुवा र कमेरो माटोको खानी हाङबाङ टोलमा जाँटो चाखी, सिलौता र घर छाउने ढुङ्गा खानी, फाल्जा, रिस्बाङ, ह्वामा टोलमा घर छाउने ढुङ्गा खानी रहेको छन् । बन सम्पदाको रुपमा बेशीमा साल, सिमल पहाडी भेगमा उत्तिस, सल्लो, चाँप, कतुस, चिलाउने आदि र लेकाली भेगमा धुपी, खर्सु, गुराँस आदि जस्ता वोटविरुवाहरू रहेको पाइन्छ । यस वडामा जलसम्पदाको रुपमा पूर्वमा फाल्जा खोला र दक्षिणमा हुङ्गी खोला रहेको छन् । हावापानीको हिसाबले यस वडाको लेकाली भेगमा बढी जाडो हुने, पहाडी भेगमा न धेरै जाडो न धेरै गर्मी हुने र बेशी भेगमा बढि गर्मी हुनेगर्दछ। खाद्यान्न वाली उत्पादनको हिसाबले यहाँ मकै, कोदो, गहुँ, जहुँ, आलु, फापर उत्पादन हुने गर्दछ। यस वडामा अल्लोको पनि राम्रै उत्पादन हुन्छ। सिस्नो पनि प्रशस्तमात्रामा पाईन्छ। दौडे, लिउरी पनि पाइनछ। जसको अर्गानिक तरकारीको रुपमा बजारमा धेरै

माग हुन्छ । यस वडाको वनजंगलमा बाघ, फ्याउरो, स्याल, चितुवा, रतुवा, घोरल, खरायो, बाँदर, गुनाँ, दुम्सी, बँदेल जस्ता जंगली जनावर र कालिज, ढुकुर, चाखुरा, तित्रा, सुगा जस्ता चराचुरुङ्गी पाइनछन् ।

## २. सामाजिक अवस्था

यस वडामा विभिन्न समुदायका मानिसहरूको बसोवास रहेको छ । जस अर्न्तगत मगर, क्षेत्री, दलित र दशनामी रहेका छन । यस वडामा जनजाति घरधुरी ५१९, दलित घरधुरी ११४, क्षेत्री र दशनामी घरधुरी १७४ गरी जम्मा कुल घरधुरी ८०७ रहेको छ। यस वडमा मगर जातिको बाहुल्यता छ। त्यसपछि क्षेत्री जातिहरूको बाहुल्यता रहेको छ । दलितहरूको संख्या पनि उल्लेख्य नै रहेको दखिन्छ । जातिगत विविधता भएको कारणले संस्कृतीमा पनि विविधता रहेको पाइन्छ। हरेक जातजातिका आ- आफनै रितिथिती चालचलन मुल्य मान्यता र परम्परा रहेको छ। तैपनि सबै जातजातिले दशैं, तिहार, माघे संक्राती, जेठ पुन्ही, ऋषी पुन्ही, साउने संक्राती, बाह्र भदौ, चैते दशैं, भुमे, तीज, हरेला संक्राती, देवाली आदि पर्व तथा पूजा आजा गर्ने तथा मनाउने गर्छन । यस वडामा बसोवास गर्ने विभिन्न समुदायका जातजातिहरूले आ- आफ्नै सामाजिक परम्परा अनुसार जन्म संस्कार, मृत्यु संस्कार र विवाह संस्कार गर्दै आइरहेको छन् । यस वडामा विभिन्न धर्म मान्ने मानिसहरूको बसोबास रहेको छ। हिन्दु, वौद्ध, क्रिष्चियन र प्रकृती धर्म मान्ने समुदायको बसोबास रहेको छ। यस वडामा विभिन्न जातजाति, धर्म मान्ने समुदायको बसोवास रहेतापनि एक आपसमा जातीय र धार्मिक रुपमा सहिष्णुता रहेको छ।

## ३. आर्थिक अवस्था

